# प्रेम कैदीको जीवनी, व्यक्तित्व र कृतित्व

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर दोस्रो वर्षको दसौं पत्रको
प्रयोजनको लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
सिर्जना पाण्डे
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौा
२०६७

# मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा श्री सिर्जना पाण्डेले **प्रेम कैदीको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । विषयवस्तुको गहन अध्ययन र विश्लेषण गरी निकै लगनशीलतापूर्वक तयार पारिएको उहाँको शोधपत्रसाग म पूर्णतः सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

शोधनिर्देशक

........................

(बालाकृष्ण अधिकारी)

सहायक प्राध्यापक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं

मितिः–

# कृतज्ञता ज्ञापन

प्रस्तुत **प्रेम कैदीको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको शोधपत्र मैले आदरणीय गुरु श्री बालाकृष्ण अधिकारीको कुशल निर्देशनमा तयार गरेको हुँ । यसको तयारीका क्रममा आएका समस्या र बाधाको निराकरण गर्न आफ्नो अति व्यस्त र मूल्यवान् समयको पर्वाह नगरी अमूल्य सुझाव, प्रेरणा र उत्तरदायित्वपूर्ण निर्देशन दिई ठूलो सहयोग गर्नुहुने श्रद्धेय शोधनिर्देशक गुरूप्रति म हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधपत्रका निम्ति झन्झट नमानीकन सूचनामूलक जानकारी तथा सन्दर्भसामग्री उपलब्ध गराई हृदयदेखि नै सहयोग गर्ने शोधनायक प्रेम कैदी, श्रीमती इन्दिरा शाह, बुबा कालीबहादुर शाही लगायतका व्यक्तिले लगाएको गुनको कदर गर्दै उहाँहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधपत्र लेख्न सुअवसर प्रदान गर्नुहुने विभागीय प्रमुखज्यूप्रति कृतज्ञ छु ।

यसका साथै यो शोधपत्र तयार पार्न झकझक्याइरहने श्रीमान् विष्णु चिलुवाल, घरपरिवार, बहिनी गंगा पाण्डे लगायतका आफन्तहरूप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु । यस शोधपत्रलाई शुद्धसाग टङ्कन गरी प्राविधिक सहयोग गरिदिनुहुने एकेडेमिक कम्प्युटर कीर्तिपुरलाई धन्यवाद दिन चाहन्छु ।

मेरो अध्ययनका क्रममा आइपरेका विविध समस्याहरूलाई हटाई मलाई निरन्तर अध्ययन र लेखनमै संलग्न हुने वातावरण मिलाइदिने र बेलाबेलामा मेरो कर्तव्य स्मरण गराइरहने दाजु राजेन्द्र चिलुवाल, काका लक्ष्मण पाण्डे लगायतका व्यक्तिप्रति म कृतज्ञ छु ।

अन्त्यमा प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि म त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग कीर्तिपुर समक्ष पेस गर्दछु ।

मितिः-

सिर्जना पाण्डे

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर ।

## विषयसूची


| | पृष्ठ |
|---|---|
| **पहिलो परिच्छेद : शोधप्रस्ताव** | **१-३** |
| १.१ विषय परिचय | १ |
| १.२ शोधसमस्या | १ |
| १.३ अध्ययनको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको विवरण | २ |
| १.५ शीर्षकको औचित्य र महत्व | |
| १.६ अध्ययनको क्षेत्र र सीमा | ३ |
| १.७ शोधपद्धति | ३ |
| १.८ शोधपत्रको सङ्गठन | ३ |
| **दोस्रो परिच्छेद : प्रेम कैदीको जीवनी** | **४-१३** |
| २.१ विषय प्रवेश | ४ |
| २.२ जन्म, जन्मस्थान र वंशवृत्त | ४ |
| २.३ बाल्यकाल | ६ |
| २.४ शिक्षादीक्षा | ७ |
| २.४.१ औपचारिक शिक्षा | ७ |
| २.४.२ अनौपचारिक शिक्षा र स्वाध्ययन | ७ |
| २.५ प्रेमप्रकरण र विवाहप्रस्ताव | ८ |
| २.६ पारिवारिक आर्थिक स्थिति | ८ |
| २.७ कार्यक्षेत्र र आजीविका | ९ |
| २.८ रुचि तथा स्वभाव | ९ |
| २.९ साहित्यिक गतिविधि | १० |
| २.९.१ लेखनका लागि प्रेरणा र प्रभाव | १० |
| २.९.२ लेखनको प्रारम्भ र प्रकाशनको थालनी | ११ |
| २.९.३ कृति र रचनाहरू | १२ |
| २.१० साहित्यिक अवधारणा र जीवनदर्शन | १२ |
| २.११ निष्कर्ष | १३ |
| **तेस्रो परिच्छेद : प्रेम कैदीको व्यक्तित्व** | **१४-२६** |
| ३.१ विषय प्रवेश | १४ |

| | |
|---|---|
| ३.२ व्यक्तित्वका विभिन्न पाटाहरू | १४ |
| ३.२.१ निजी व्यक्तित्व | १५ |
| ३.२.१.१ बाह्य व्यक्तित्व | १५ |
| ३.२.१.२ आन्तरिक व्यक्तित्व | १६ |
| ३.२.२ सार्वजनिक व्यक्तित्व | १६ |
| ३.२.३ साहित्यिक व्यक्तित्व | १७ |
| ३.२.३.१ कथाकार व्यक्तित्व | १७ |
| ३.२.३.२ उपन्यासकार व्यक्तित्व | १९ |
| ३.२.३.३ कवि व्यक्तित्व | २० |
| ३.२.३.४ लेखक/समालोक संस्थापक व्यक्तित्व | २० |
| ३.२.४ साहित्येत्तर व्यक्तित्व | २२ |
| ३.२.४.१ पत्रकार व्यक्तित्व | २२ |
| ३.२.४.२ राजनीतिक व्यक्तित्व | २३ |
| ३.२.४.३ समाजसेवी/प्रेरक व्यक्तित्व | २४ |
| ३.२.४.४ भाषा/संस्कृतिसेवी व्यक्तित्व | २५ |
| ३.२.४.५ बहुभाषी/कुशल वक्ता व्यक्तित्व | २५ |
| ३.२.४.६ शिक्षक व्यक्तित्व | २६ |
| ३.३ निष्कर्ष | २६ |
| **चौथो परिच्छेद : प्रेम कैदीको साहित्ययात्रा** | **२७-३५** |
| ४.१ विषय प्रवेश | २७ |
| ४.२ प्रकाशित कृति र रचनाहरूको सूची | २८ |
| ४.२.१ फुटकर कविता | २८ |
| ४.२.२ फुटकर कथा | २८ |
| ४.२.३ उपन्यास | २९ |
| ४.२.४ लेखहरू | २९ |
| ४.२.५ यात्रा स्मरण | ३० |
| ४.३ चरण विभाजन | ३० |
| ४.३.१ प्रथम चरण | ३० |
| ४.३.२ दोस्रो चरण | ३१ |
| ४.३.३ तेस्रो चरण | ३३ |
| ४.४ निष्कर्ष | ३५ |

**पाँचौ परिच्छेद : प्रेम कैदीको कृतित्वको अध्ययन** **३६-१०२**
५.१ विषय प्रवेश ३६
५.२ कैदीका उपन्यासहरूको अध्ययन
५.२.१ षडयन्त्रको जालो उपन्यासको अध्ययन ३६
५.२.२ नारायणगढ हत्याकाण्ड उपन्यासको अध्ययन ४३
५.३ प्रेम कैदीका फुटकर कथाहरूको अध्ययन ४८
५.३.१ नखेलिखएको कथाको अध्ययन ४९
५.३.२ एक जोर जुत्ता कथाको अध्ययन ५१
५.३.३ खिर खाने बिहान कथाको अध्ययन ५३
५.३.४ कुनिकी कथाको अध्ययन ५५
५.३.५ बाबाको सपना कथाको अध्ययन ५७
५.३.६ गल्ली नं ५ कथाको अध्ययन ५९
५.३.७ जालीदार ढोका कथाको अध्ययन ६०
५.३.८ धरातल कथाको अध्ययन ६२
५.३.९ कालादह कथाको अध्ययन ६४
५.३.१० व्यापार कथाको अध्ययन ६६
५.३.११ पानी कथाको अध्ययन ६७
५.३.१२ थप्पड कथाको अध्ययन ६९
५.३.१३ हाडखोर कथाको अध्ययन ७१
५.३.१४ सियो धागो कथाको अध्ययन ७२
५.३.१५ कुर्कुच्चाको घाउ कथाको अध्ययन ७३
५.३.१६ नेताजीको गिरफ्तारी कथाको अध्ययन ७५
५.३.१७ प्रेमपत्र कथाको अध्ययन ७६
५.३.१८ खोचरको इष्ट कथाको अध्ययन ७८
५.३.१९ वार्तालाप कथाको अध्ययन ७९
५.४ प्रेम कैदीका कविताहरूको अध्ययन ८३
५.४.१ मे की बजैको सेतो छ्याङ कविताको अध्ययन ८५
५.४.२ मन्नु तिमी अवश्य छद्नु काञ्जिरोवा कविताको अध्ययन ८७
५.४.३ मसानघाटमा रुमलिएको जिन्दगी कविताको अध्ययन ८८
५.४.४ त्रास कविताको अध्ययन ८९

५.४.५ पाँच टुका कविताको अध्ययन ९१
५.४.६ सहर कविताको अध्ययन ९३
५.५ विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका फुटकर लेखरचनाहरूको अध्ययन ९६
५.५.१ खससाम्राज्य र खसजातिको अध्ययन ९७
५.५.२ जगतजेष्ठ सिन्धु सभ्यता, त्यसको विश्वव्यापी विस्तार र सिन्तो
धर्मसाग त्यसको सम्बन्धको अध्ययन ९७
५.५.३ योगीजीको व्यक्तिगत होईन योद्धाको लगाईको वर्णन गर्न
खोजेको छु को अध्ययन। ९८
५.५.४ लेखकप्रति शुभेच्छाको अध्ययन ९९
५.५.५ इतिहासका निर्माताः नेपालका प्रथम पत्रकार रघुनाथ प्रसाद
रौनियारको अध्ययन १००
५.६ कैदीको जीवनी, व्यक्तित्व र कृतित्व बीचको अन्तरसम्बन्ध १०१
५.७ निष्कर्ष १०२

**छैटौ परिच्छेद : उपसंहार वा निष्कर्ष** **१०३**
**सन्दर्भ सामग्री सूची**

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग,**
**त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्रा सिर्जना पाण्डेले त्रि.वि. नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दशौं पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको साहित्यकार **प्रेम कैदीको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको शोधपत्र स्वीकृति गरिएको छ ।

शोध मूल्याङ्कन समिति

| क्र.सं. | नाम | | हस्ताक्षर |
|---|---|---|---|
| १. | प्राध्यापक डा. राजेन्द्र सुवेदी विभागीय प्रमुख | | ..................... |
| २. | उपप्राध्यापक बालाकृष्ण अधिकारी (शोधनिर्देशक | | ...................... |
| ३. | ........................... | (बाह्य परीक्षक) | .................... |

मितिः– ....................................

संक्षेपीकृत रुप

| | |
|---|---|
| संक्षिप्त रुप | पूर्ण रुप |
| गा.वि.स. | गाउा विकास समिति |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नं. | नम्बर |
| नि.मा.वि. | निम्न माध्यामिक विद्यालय |
| पृ | पृष्ठ |
| मा.वि. | माध्यामिक विद्यालय |
| सं | संवत् |
| स्व | स्वर्गीय |

सम्पा. सम्पादक

# परिच्छेद एक
# शोधप्रस्ताव

## १.१ विषय परिचय

नेपाली साहित्यको विविध विधामा कलम चलाएका प्रेम कैदीको जन्म सं. २००८ साउन महिनाको २४ गते बुधवारको दिन भएको हो । नेपाली भाषा संस्कृतिको मूलथलो कर्णाली अञ्चलको जुम्ला (हाल कालिकोट) जिल्लाको स्यूना गा.वि.स. वडा नं. ५ विजयपुर गाउामा जन्मिएका कैदीले सं. २०१८ बाट लेखनकार्य प्रारम्भ गरेको पाइन्छ । उनी सानैदेखि साहित्यलाई खुब मनपराउाने व्यक्ति थिए । त्यसैले उनी सानै उमेरमा लोकगीततर्फ ज्यादै आकर्षित भएका थिए । सं. २०२२ सालमा जब उनी काठमाडौं आए त्यसपछिका दिनहरूमा उनी फिल्मी पटकथाहरू लेख्न थाले । यस लेखनको कुनै उपलब्धी नभएको तथा फिल्म नबनी त्यसै लोप भएकाले पटकथा लेखनलाई पनि छोडी विभिन्न विषयका उपन्यासहरू पढ्न थाले । यसरी उपन्यासको अध्ययनतर्फ आकर्षित भएका कैदीले सुरुमा सामाजिक, ऐतिहासिक तथा जासुसी उपन्यास लेखे पनि उनको प्रथम प्रकाशित पुस्तककार कृति भने जासुसी उपन्यास नै हो । उनका सं. २०२७-२०३३ को बीचमा लिखित तथा प्रकाशित सबै उपन्यास जासुसी उपन्यास हुन् । ती उपन्यासहरुमा **षडयन्त्रको जालो** (२०२७), **नारायणगढ हत्याकाण्ड** (२०३०), तथा **यतिको आक्रमण** (२०३३) रहेका छन् ।

बहुव्यक्तित्व (साहित्यकार, पत्रकार, राजनीतिज्ञ) का धनी कैदीले प्रारम्भमा कविता, फिल्मी कथा, उपन्यास, आधुनिक गीत, लोकगीतको रचना गरे पनि उनको ख्यातिप्राप्त विधा भने कथा नै हो । तत्काल नेपाली पाठकहरू माझ अति लोकप्रिय साप्ताहिक **मातृभूमिमा** प्रेम कैदीको *नलेखिएको कथा* शीर्षकको कथा छापियो र अहिले पनि यदाकदा छापिने कैदीका कथाहरूले निकै चर्चा पाउने गरेकाले उनलाई धेरैले कथाकारकै रूपमा चिन्ने गर्छन् ।

## १.२ समस्याकथन

प्रस्तुत शोधमा प्रेम कैदीको जीवनी, व्यक्तित्वका साथै उनका कृतिहरूको अध्ययन समेत रहेकाले उनका विभिन्न प्राप्य कृतिहरूको अध्ययन विश्लेषण गरिएको छ । तिनै कृतिहरूको अध्ययन विश्लेषण तथा निम्नलिखित समस्यामा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

(क) प्रेम कैदीको जीवनका मोडहरू के कस्ता छन् ?

(ख) प्रेम कैदीको व्यक्तित्वका पाटाहरू के कस्ता छन् ?

(ग) प्रेम कैदीको जीवनी, व्यक्तित्व र कृतित्वका बीचको अन्तरसम्बन्ध के कस्तो छ ?

(घ) प्रेम कैदीको कृतित्व के कस्तो छ र उनी कस्ता कोटिका साहित्यकार हुन् ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य समस्याकथनमा उठाइएका शोधसमस्यासाग सम्बन्धित प्रश्नहरूको प्रामाणिक समाधान खोज्नु रहेको छ ।

(क) प्रेम कैदीको जीवनका मोडहरूको अध्ययन गर्ने

(ख) प्रेम कैदीको व्यक्तित्वका विभिन्न पाटाहरूको विश्लेषण गर्ने ।

(ग) प्रेम कैदीको जीवनी, व्यक्तित्व र कृतित्वको बीचको अर्न्तसम्बन्धको निरूपण गर्ने ।

(घ) प्रेम कैदीको प्रेम कैदीको कृतित्वको निरूपण गरी उनको मूल्याङ्कन गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

सं. २०१८ मा आफ्नो साहित्यिक लेखनकार्य आरम्भ गरेका कैदीले साहित्यका कविता, कथा, गीत, उपन्यास आदि विधामा कलम चलाएका छन् । वर्तमान समयमा पनि त्यस कार्यलाई निरन्तरता दिएका कैदीको हालसम्म पनि साहित्यिक व्यक्तित्व र कृतित्वको बारेमा ठोस अध्ययन हुन सकेको छैन । साहित्यिक कृतिहरू प्रकाशन गर्नभन्दा लेखनतिर बढी जोड दिने कैदीले फुटकर कविता, जासुसी उपन्यासका साथै कथाहरू लेखेका छन् ।

आफ्नो लेखनकार्यलाई अन्तर्राष्ट्रिय तहसम्म पुऱ्याउने उद्देश्य बोकेका कैदीका कृतिका बारेमा केही पूर्वकार्य वा टिकाटिप्पणी पनि भएका छन् । ती विविध कार्यको समीक्षा यसमा गरिएको छ–

सुमन सापकोटाले भावी नेपाल साप्ताहिक (२०६५) मा “कर्णालीको राजकुमारको समाचारले प्रधानमन्त्रीले राजीनामा दिए” शीर्षकको लेखमा कैदीलाई अत्यन्तै छिटो र सरल भाषामा कलम चलाउने व्यक्ति हुन र उनले २० घन्टामा एउटा उपन्यास नै तयार पार्थे भनेका छन् । यसका साथै दिनभरि कविता लेखेर एउटा कविता संग्रह नै तयार पार्ने तथा धेरै मेहनत र साधना गर्ने र विश्व साहित्यसम्मको स्तरमा आफ्नो कृति पुऱ्याउने योजनामा तल्लीन छन् भन्ने उल्लेख गर्दै कैदीको मूल्याङ्कन गरेका छन् ।

त्यस्तै सनत रेग्मीले सिर्जना त्रैमासिक (२०३३) मा कथाकारको संक्षिप्त परिचयमा कैदीका कथा थोरै भए पनि, नयाा कथाको वान्की लिएका छन् भनी उनका रचनाको मूल्याङ्कन गरेका छन् ।

यसका साथै प्रेम कैदीका बारेमा बृहत जुम्ला राज्यको इेतिहासिक विवेचना २०६० पृष्ठ ४० मा स्व. रत्नकार देवकोटाले मलाई मेरा सहकर्मी साथी, कर्णालीका सशक्त लेखक एवं वरिष्ठ पत्रकार प्रेम कैदीबाट मैले धेरै गहकिला कुरा पाएा भनेका छन् ।

यसका साथै प्रेम कैदीका बारेमा वासुदेव त्रिपाठीले मध्यपश्मिाञ्चल साहित्य विकास परिषदद्वारा प्रकाशित **मध्यपश्चिमाञ्चलका कविता** भन्ने लेखले समालोचनाको क्षेत्रमा नयाा कोसेढुङ्गाको निर्माण गरेको छ भनी उनको लेखको मूल्याङ्कन गरेका छन् ।

नेपाली साहित्यको विविध विधामा कलम चलाएका साहित्यकार, पत्रकार, शिक्षक, राजनितिक कार्यकर्ता प्रेम कैदी हालसम्म पनि ओझेलमा परेका छन् । उनको साहित्यिक व्यक्तित्व र कृतित्वका बारेमा उनको जीवनयात्राका हरेक पक्षसाग सम्बन्धित विद्धान, साहित्यकार, पत्रकार, राजनीतिज्ञ आदिले सामान्य रूपमा कलम चलाए पनि ठोस अध्ययन हुन सकेको छैन् । उनका कृतित्व, जीवनी र व्यतित्वबारे जे जति खोज, अनुसन्धान, अध्ययन, विश्लेषण, मूल्याङ्कन तथा समीक्षा गरिएका छन् । ती सबै सङ्क्षिप्त, एकपक्षीय, र सामान्य छन् । कैदीका बारेमा जे जति टिका टिप्पणी भएका छन त्यसबाट उनको जीवनी, व्यतित्व तथा कृतित्वको बारेमा थाहा पाउन सकिन्छ र यसको आधारमा अथवा अरु कृत्तित्वको आधारमा उनको जीवनी, व्यतित्व तथा कृतित्वको अध्ययन गर्न सकिन्छ ।

## १.५ शोधको औचित्य र महत्व

उपर्युक्त सामान्य चर्चा, समीक्षा आदिबाट न्यूनतम प्रयास वा औपचारिकता बाहेक प्रेम कैदीको जीवनी व्यतित्व र कृतित्वको समग्र खोजपरक विश्लेषणात्मक, समालोचनात्मक वा मूल्याङ्कनात्मक अध्ययन, विश्लेषण र मूल्याङ्कन भएको पाईदैन । त्यसैले उनका प्रकाशित, अप्रकाशित कृतिहरुको खोज सङ्गठन अध्ययन गर्नु आवश्यक देखिन्छ ।

नेपाली साहित्यका विविध विधा गीत, कथा, उपन्यास, कविता तथा पत्रकारिता आदि क्षेत्रमा कलम चलाउने प्रेम कैदीको बहुमुखी जीवन, बहुप्रतिभाशाली व्यक्तित्व तथा प्रकाशित अप्रकाशित रचनाहरूका आधारमा कृतित्वको खोजी, अध्ययन, अनुसन्धान, विश्लेषण तथा मूल्याङ्कन कार्यमा हालसम्म कुनै पनि शोधार्थीको ध्यान गएको देखिादैन । उनको जीवनी, व्यतित्व र कृतित्वको बारेमा सिङ्गो पुस्तकका कृतिको प्रकाशन र उनको बारेमा बिस्तृत शोधकार्य भएको पनि देखिदैन् । त्यसैले प्रस्तुत शोधपत्रमा मूलतः कैदीको जीवनी, उनको बहुमुखी बहुप्रतिभाशाली व्यक्तित्व साहित्ययात्राका अनुसन्धान विश्लेषण तथा मूल्याङ्कन गर्नु तथा साहित्यकार, पत्रकार र राजनीतिक कार्यकर्ता आदि बहुप्रतिभाका धनी प्रेम कैदीलाई समग्रतामा पाउनु नै यस शोधपत्रको मूल औचित्य रहेको छ ।

## १.६ अध्ययनको क्षेत्र र सीमा

प्रेम कैदी नेपाली साहित्यका मुख्य रूपमा कविता, कथा, उपन्यासलगायत फुटकर रचनाको क्षेत्रमा प्रतिष्ठित छन् । प्रस्तुत शोधपत्रमा कैदीका प्रकाशित/अप्रकाशित कृतिहरूको साथै उनका व्यक्तित्वको र जीवनीको अध्ययन गरिएको छ ।

## १.७ शोध विधि

प्रस्तुत शोधकार्यका आवश्यक सामग्री सङ्कलनका लागि पुस्तकालयीय र छलफल विधिको अनुसरण गरिएको छ । प्रस्तुत शोधकार्य प्रेम कैदीका जीवनका अनेक मोडहरुसाग सम्बन्धित हुनाको साथै उनका व्यतित्व र कृतित्वको अध्ययनसाग सम्बन्धित भएकाले जीवनीपरक समालोचना र कृतिपरक समालोचनाको सिद्धान्तलाई पनि आधार बनाइएको छ । यसका साथै उनका विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरु तथा लिखित मौखिक जानकारी र प्रकाशित अप्रकाशित कृतिहरुको विश्लेषणलाई पनि आधार मानिएको छ । यसरी सङ्कलित सामग्रीको विश्लेषणका लागि व्याख्यात्मक, विश्लेषणात्मक तथा मूल्याङकन विधिको प्रयोग गरिएको छ ।

## १.८ शोधपत्रको सङ्गठन

प्रस्तुत शोधपत्र जम्मा छ परिच्छेदमा विभाजन गरिएको छ । आवश्यकता अनुसार यसका प्रत्येक परिच्छेदलाई विविध शीर्षक र उपशीर्षकहरूमा समेत निम्नानुसार विभाजन गरिएको छ–

(क) परिच्छेद एक – शोधपरिचय

(ख) परिच्छेद दुई – प्रेम कैदीको जीवनी

(ग) परिच्छेद तीन – प्रेम कैदीको व्यक्तित्व

(घ) परिच्छेद चार – प्रेम कैदीको साहित्ययात्रा र चरणविभाजन

(ङ) परिच्छेद पाच – प्रेम कैदीको कृतित्वको अध्ययन

(च) परिच्छेद छ  – उपसंहार वा निष्कर्ष

प्रस्तुत शोध तयार पार्दा प्रयोग गरिएका सन्दर्भग्रन्थ सूची यस शोधपत्रको अन्तिम खण्डमा राखिएको छ । यस्तो सूची पुस्तकसूची, कार्यपत्रसूची र पत्रपत्रिकासूचीका रूपमा छुट्टाछुट्टै राखिएको छ ।

# परिच्छेद दुई
# प्रेमबहादुर शाहीको जीवनी

## २.१. विषय प्रवेश

प्रेम बहादुर शाहीको बारेमा वर्णण गरिएको यस परिच्छेदमा खासगरी उनको जीवनीसाग सम्बद्ध पक्षहरुलाई प्रस्तुत गयिरएको छ । जसमा उनी जन्मेको जन्मस्थान, उनको वाल्यकाल, शिक्षा दीक्षा, परिवारिक आर्थिक स्थिति तथा कार्यक्षेत्र र आजीविकाको वारेमा वर्णन गरिएको छ । यसका साथै उनको रुची तथा स्वभाव, साहित्यिक गतिविधि र उनलाई साहित्यमा लाग्नका लागि प्रेरणा दिने व्यक्ति तथा उनको साहित्यिक अवधारणा र जीवनदर्शनलाई पनि अभिव्यक्त गरिएको छ ।

## २.२ जन्म, जन्मस्थान र वंशवृत्त

प्रेमबहादुर शाहीको जन्म सं. २००८ साउन २४ गते बुधवारको दिन रासकोटको स्युना गा.वि.स. को वडा नं. ५ विजयपुर गाउामा भएको थियो । बुबा कालीबहादुर शाही र आमा स्व. लालपूरा शाहीको कोखबाट जन्मिएका प्रेमबहादुर शाही जेठा छोरा हुन् । प्रेमबहादुर शाहीको सम्बन्ध जुम्लाको राजखानदानसाग जोडिएको छ ।[१] नेपाली भाषा संस्कृतिको मूल थलो कर्णाली अञ्चलको जुम्ला (हाल कालीकोट) जिल्लाको ऐतिहासिक स्थल रासकोटमा जन्मिएका प्रेमबहादुर शाहीको पारिवारिक पुष्ठभूमि जुम्ला साम्राज्यसाग जोडिएको पाइन्छ ।

राणाकालमा जुम्लाका विशिष्ट कर्मचारीमध्ये एक शतधन शाही डिट्ठा भएका थिए । तिनै डिट्ठाका माहिला छोरा कालीबहादुर शाही हुन् ।[२] यिनको विवाह गुल्मीबाट कालीकोट आई बसेका गोर्खाली गााउका रणबहादुर शाहीकी छोरी लालपूरा शाहीसाग भएको थियो । यिनै जोडीका चार एक छोरीमध्ये जेठा छोरा प्रेमबहादुर शाही हुन् । सिन्जा साम्राज्यको पतनपछि जन्मिएका जुम्ला साम्राज्यका संस्थापक महाराज बलिराज शाही हुन् । यिनैका छोरा युवराज वत्सराज शाहीले विश्वविजेता तैमुरलुङ भन्ने बादशाहलाई जुम्लामाथि आक्रमण गर्न आउादा पश्चिमी सीमा हरिद्वारमा मार्न सफल भए । यसबाट विश्वव्यापी अधीनता प्राप्त गरेको जुम्ला साम्राज्यका शासकहरूको परिवारमा शाहीको जन्म भएको हो ।[३] यतिमात्र नभई दन्त्यकथाको विशेष पात्र तथा जुम्ला साम्राज्यका महाराज विक्रम शाही र महारानी सुनकेस्रासाग पनि प्रेमबहादुर शाहीको विगत जोडिएको छ भन्ने कुरा पारिवारिक वंशववृत्तबाट नै पुष्टि हुन्छ ।


---

[१] प्रेमबहादुर शाहीको व्रशवृत्तबाट प्राप्त लिखित जानकारी ॥

[२] प्रेमबहादुर शाहीका बाबु कालीबहादुर शाहीको मौखिक जानकारी अनुसार ।

[३] **ऐजन** ।

प्रेम बहादुर शाहीको वंशवृत्त




रत्नाकार देवकोटा, योगीनरहरिनाथ लगायतका पुस्तकहरुबाट प्राप्त लिखित जानकारी

## २.३ बाल्यकाल

पश्चिम पहाडको दुर्गम बस्तीमा जन्मेका प्रेमबहादुर शाहीको बाल्यकाल केही सुखद् एवं केही दुखद् क्षणहरूसाग बितेको पाइन्छ । उनी सानैदेखि जुनसुकै कार्य गर्न पनि अग्रसर हुनाका साथै परिवारका अरू सदस्यहरूको काममा सहयोग गर्ने गर्थे । उनी कान्छी आमासागै भेडीगोठ जाने र भेडाभेडी चराउने गर्थे । शाहीका काका विदेशमा बस्ने र कान्छी आमासाग खासै राम्रो सम्बन्ध नभएकोले उनीहरूका सन्तान थिएनन् । जसले गर्दा उनलाई कान्छी आमाले विशेष मन पराउाथिन् । उनले पनि कान्छी आमालाई आफ्नै आमालाई जस्तै माया गर्थे ।[४]

आफ्ना बुबा कर्णालीका प्रख्यात व्यक्ति, कर्णालीकै पहिलो ठेकेदार, मिल मालिक र भारतमा क वर्गको व्यापारी भएकोले शाहीलाई आर्थिक रूपमा खासै अप्ठ्यारो परेको थिएन । उनको परिवार ठूलो थियो जसमा जेठा बाबुका छोराहरू बाहिर पढ्न गएका र साना केटाकेटीमा उनी एक्लो भएकाले उनी सबैका प्रिय थिए ।[५]

सानै उमेरदेखि अरूको दुःखमा दुःखी बन्ने शाही कान्छी आमाको जीवन जिउने आधार र आडभरोसा दिने व्यक्ति थिए । सानैदेखि मेहनती लगनशील र सहयोगी प्रेमबहादुर शाहीको बाल्यकालमा केही अविस्मरणीय घटना पनि घटेको पाइन्छ । एकदिन घोडी दुहुन जाादा घोडीले लात्ताले हानी घाटी सड्केर एक महिनासम्म सुतेका थिए । त्यस्तै उनका पिताजीले ल्याइ दिएको रबरको चरालाई अर्काको लहलहैमा लागेर आगोमा हाल्दा चरा बिग्रेको घटनाले पनि उनको मन साह्रै दुखेको थियो ।[६]

बाल्यअवस्थामा पनि भगवानप्रति विश्वास गर्ने शाहीको बाल्यकाल केही धार्मिक कार्यहरूबाट पनि प्रभावित देखिन्छ । उनका घरमा पूजाआजा र अन्य धर्मकर्मका कार्यहरू बढी हुने भएकाले पर्वको बेलामा शिवनाथको मन्दिरमा खडाराती (मन्दिरमा) सुत्ने काममा रमाइलो मान्थे । त्यहाा उनी दमाहा बजाई नाचगान गर्ने गर्थे । यसका साथै उनका घरमा हरेक हिउादमा स्वस्थानी ब्रतकथा लगाउने गरिन्थ्यो । घरमा स्वस्थानी भन्न सक्ने अरू कोही नभएकोले स्वस्थानी वाचन पनि उनले नै गर्थे ।[७]

यसरी सानै उमरदेखि नााच्न गाउन मन पराउने, अरूको दुःखमा साथ दिने, मिलनसार र सहयोगी शाहीको बाल्यावस्थाको प्रभाव वयस्क अवस्थामा पनि पऱ्यो । जसले गर्दा उनी समाज सेवामा लागेको पाइन्छ । त्यस्तै सानै उमेरदेखि धार्मिक पुस्तकहरू वाचन गर्ने रुचिले शाहीको अहिलेको साहित्यकार व्यक्तित्वलाई पनि सहयोग पुऱ्याएको पाइन्छ । उनी सानै उमेरदेखि निडर र हक्की विचारका थिए । वास्तविक कुराहरू बोल्नलाई नडराउने शाही आफ्नो परिवारमा कसैमाथि अन्याय परेमा उनले त्यसको पक्षमा बोल्थे ।[८]

---

[४] प्रेमबहादुर शाहीका बुबा कालीबहादुर शाहीको मौखिक जानकारी अनुसार ।

[५] प्रेमबहादुर शाहीको मौखिक जानकारी अनुसार ।

[६] ऐजन ।

[७] बुबा कालीबहादुर शाहीको मौखिक जानकारी अनुसार ।

सानै उमेरदेखि धनी, गरिब, छुवाछूत आदि भेदभावबारे आफ्ना पिताजीसाग सोध्ने तथा इस्ता पक्षमा जिज्ञासु बन्ने शाही अरूलाई अन्याय परेको देख्न सक्दैनथे र परिवारका सबै सदस्यहरूलाई समान व्यवहार गर्थे ।[८]

## २.४ शिक्षा-दीक्षा

### २.४.१ औपचारिक शिक्षा

प्रेम बहादुर शाहीको औपचारिक शिक्षाको सुरुवात चार पााच वर्षको उमेरमा भएको थियो । श्री शम्भुनाथ निम्न माध्यामिक विद्यालयम कक्षा एकमा भर्ना भएका शाहीले कक्षा सातसम्मको अध्ययन उक्त विद्यालयमा पूरा गरे । त्यसपछिको अध्ययनका लागि उनी काठमाडौा आए र लैनचौरस्थित शान्ति विद्यागृहबाट माध्यामिक तहसम्मको शिक्षा पूरा गरे ।[९]

उक्त विद्यालयमा दश कक्षामा अध्ययनरत रहादा राज्यबाट व्यवस्था विरोधी वारेन्ट जारी भएकोले उनका पिताजी हिन्दुस्थान निर्वासित भए । जसले गर्दा शाहीको अध्ययनमा असर पर्न गई प्रवेशिका परीक्षाको नतिजा उनले चाहेजस्तो आउन सकेन । उनले प्रवेशिका परीक्षा तेस्रो श्रेणीमा सं. २०२६ सालमा उतीर्ण गरे ।

प्रवेशिका परीक्षा उर्त्तीण गरेपछि उच्च शिक्षा अध्ययन गर्नका लागी उनी त्रिचन्द्र क्याम्पसमा विज्ञान विषयमा प्रमाण पत्र तहमा भर्ना भए । सधैं हडताल र नारावाजीका कारण आफूले चाहेअनुसारको अध्ययन कार्य सम्पन्न हुन नसक्ने देखेर उनले त्यस क्याम्पसलाई छाडी पन्जाबको जालन्धर सहरमा भर्ना भए । त्यहााबाट लगातार दुई वर्षको अध्ययनपछि उनले रेडियो इन्जिनियरिङमा स्नातक तह उत्तीर्ण गरे ।

पन्जाबबाट नेपाल आएपछि मानविकी अन्तर्गत नेपाली र पत्रकारिता विषयमा सं. २०३० मा प्रमाण पत्र वक्तिगत प्रयासबाट उत्तीर्ण गरे । त्यसपछि त्रिचन्द्र क्याम्पसमा २०३१ मा स्नातक तहमा भर्ना भई उक्त क्याम्पसबाट उनले सं. २०३३ मा स्नातक तहको अध्ययन पूरा गरेको पाइन्छ । यसरी प्रवीणता प्रमाणपत्र तह र स्नातक तह उत्तीर्ण गरेपछि स्नातकोत्तर तहमा अध्ययन गर्नको लागी हिमाञ्चल विश्वविद्यालय र केही समय त्रिभुवन विश्वविद्यालयमा अध्ययन गरे । निरन्तर अध्ययन गर्न नपाएपछि त्रि.वि. बाट नेपाली विषयमा सं. २०३८ व्यक्तिगत प्रयासबाट स्नातकोत्तर तह उत्तीर्ण गरे ।

प्रेमबहादुर शाहीले मानविकी र इन्जिनियरिङको अध्ययन पूरा गरेपछि उनी कानूनतर्फ पनि आकर्षित भएको पाइन्छ । त्यसैले उनी कानूनमा सं २०४२ मा स्नातक तहको परीक्षा उत्तीर्ण गरेका थिए । अध्ययनको क्रममा विभिन्न क्षेत्र तथा तहको अध्ययन गरेका शाहीले सं. २०५९ मा ऊर्जा उपचार विधिमा विद्यावारिधि गरेका छन् ।

---

[८] ऐजन ।

[९] ऐजन ।

[१०] प्रेम बहादुर शाहीको मौखिक जानकारी अनुसार ।

### २.४.२ अनौपचारिक शिक्षा र स्वाध्ययन

प्रेम बहादुर शाही सानैदेखि धार्मिक एंव साहित्यिक विषयमा रुचि राख्नका साथै मार्क्सवादी साहित्य दर्शन, हिन्दी साहित्यको अध्ययन, नेपाली साहित्य तथा पत्रपत्रिकाको अध्ययन गर्न रुचाउाथे ।[११] यसका साथसाथै योगी नरहरीनाथ लगायतका अन्य विद्वानहरूबाट जडीबुटी, मणिक माणिक्य, तन्त्रमन्त्र आदि उपचारपद्धतिको अध्ययन, प्रयोग, विकास सम्बन्धिशिक्षा लिने कार्य गरेको पाइन्छ । त्यस्तै क्यानडाका वैज्ञानिक डा. ऋषि प्रभाकरबाट योगा तथा आहार सम्बन्धी अध्ययन अनुसन्धान, प्रशिक्षण तथा प्रयोग एवं शिक्षा लिनुका साथै जापानको टोकियो महानगरपालिका अन्तर्गतको हिनो सहरमा ३० औं वर्षदेखि ऊर्जाद्वारा उपचार गरिने उपचार पद्धति सम्बन्धी लेखरचनाको अध्ययनबाट प्रभावित भई उक्त उपचार पद्धतितर्फ अगाडि बढेको पाइन्छ । यसका साथै वर्तमान समयमा उनको आय आर्जन गर्ने माध्यममध्ये ऊर्जा पद्धति पनि रहेको छ ।[१२]

निजी पुस्तकालय र काठमाडौंका प्राय पुस्तकालयहरूका राजनीति, इतिहास, साहित्य र पत्रकारिता सम्बन्धी हजारौं पुस्तकहरूको अध्ययन गरेका शाहीले २०२५ सालमा लखिमपुर खिरिका एक जना पन्जाबी इलेक्ट्रिकल इन्जिनियरबाट माओ विचारसम्बन्धी शिक्षा लिएको पाइन्छ । यसका साथै २०२७ सालमा जालन्धरमा मार्क्सवादी कम्युनिस्ट पार्टीको कार्यलयमा सात महिनासम्म कमरेड कामेश्वर पण्डितबाट र कमरेड जोसेफ स्टालिनद्वारा लिखित द्वन्दात्मक नतथा ऐतिहासिक भौतिकवाद सम्बन्धी पुस्तकको अध्ययन गरेको पाइन्छ।[१३]

## २.५ प्रेम प्रकरण र विवाह प्रस्ताव

उच्च शिक्षा अध्ययन गरेका, पत्रकारितामा जल्दोबल्दो र नेतृत्व तहमा रहेको हुनाले प्रेमबहादुर शाहीलाई अनगिन्ती महिला मित्रहरूले प्रेम प्रस्ताव राख्ने गरेको पाइन्छ । त्यसमा पनि सबैसाग आत्मीय तथा सम्मानजनक व्यवहार गरेको कारणबाट धनी तथा उच्च योग्यता भएका दरबारिया सम्बन्धका युवतीहरू लगायत उनीहरूका परिवारजनबाट प्रेम र विवाहका प्रस्तावहरू आएको थियो । तर राजनीतिक कारणले गर्दा उनले सबैलाई अस्वीकार गरेका थिए ।[१४][१५] यसरी विवाहको क्रममा एकजना लेडी डाक्टरसाग विवाहको सहमति टुप्पोमा पुगिसकेको थियो । तर बीचमा एकजना पत्रकार साथीले मैले मिलाइदिएको केटी हो भनी शाहीका बाबु आमालाई बताएपछि उनले त्यस बिवाहलाई अस्वीकार गरेका थिए ।[१६]

शाहीको जीवनमा विवाह सम्बन्धी यी बिभिन्न घटना घटिसकेपछि पत्रकारिता र साहित्य अनि टाढाको नाता पर्ने राजधानीमा पढिरहेकी जाजरकोट निवासी बुवा केदारजङ शाह र आमा रमारानी शाहकी जेठी छोरी इन्दिरा शाहलाई उनले मागी विवाह गरेका थिए।[१७]

## २.६ पारिवारिक आर्थिक स्थिति

---

[११] ऐजन ।

[१२] प्रेमकैदी, **योगी नरहरिनाथः जीवन एवं कर्म**, झापाः गोविन्द काफ्ले, (२०५२), पृ. २७ ।

[१३] प्रेमबहादुर शाहीको मौखिक जानकारी अनुसार ।

[१४] प्रेमबहादुर शाहीका बाबु कालीबहादुर शाहीका अनुसार ।

[१५] ऐजन ।

[१६] ऐजन ।

[१७] ऐजन ।

कर्णाली अञ्चलको जुम्ला जिल्लाकै सबभन्दा धनी परिवार मध्येको एक परिवारमा प्रेमबहादुर शाहीको जन्म भएको थियो । उनका पिताजी कर्णालीकै सम्पन्न व्यक्ति भएकोले उनको पारिवारिक आर्थिक स्थिति सबल थियो । आर्थिक स्थिति सबल भएको कारणबाट नै उनले विभिन्न विषय तथा क्षेत्रमा अध्ययन गर्ने अवसर पाएका थिए । उनको जीवनमा अर्थको समस्या थिएन जसले गर्दा उनको कार्यक्षेत्रमा कुनै बाधा तथा अड्चन आएको थिएन ।

## २.७ कार्यक्षेत्र र आजीविका

प्रेम बहादुर शाही सानै उमेरदेखि, साहित्य, पत्रकारिता, समाजसेवा र राजनीतितिर अभिरुचि राख्ने व्यक्ति थिए । साहित्यलेखन, शिक्षण, राजनीति तथा पत्रकारिता आदि विविध क्षेत्रमा उनको कार्यक्षेत्र विभाजित छ ।

शाहीले स्कूलमा अध्ययन गर्दादेखि नै कविता लोकगीत, फिल्मी कथाहरू लेख्ने गरेको पाइन्छ । नेपाल श्रमजीविपत्रकार संघको अध्यक्ष समेत भैसकेका शाहीको जीवन चलाउने आधार पत्रकारिता नै बनेको छ । पत्रकारिताको माध्यमबाट उनले विभिन्न देश विदेशको भ्रमण गरेका छन । पत्रकारितामा प्रखर भएपनि वर्तमान समयमा भने उनी पत्रकारिताको साथसाथै राजनीतितिर पनि सक्रिय रहेको पाइन्छ । राजनीतितिर उनी नेपाल कम्युनिष्ट पार्टी (मसाल) का नीति नियम सिद्धान्त र कार्यक्रमको अनुसरण गर्ने व्यक्तिका रूपमा चिनिएका छन् । समग्रमा शाहीको कार्यक्षेत्र र आजीविकाको माध्यम राजनीति, साहित्य र पत्रकारिता हुन् ।[१८]

माथिका तीन वटा पक्षहरूले शाहीका जीवनमा कहिले कुनै पक्ष र कहिले कुनै पक्ष क्रियाशील हुादै बितेको पाइन्छ । उनको जीवनको पूर्वार्धका समयहरूमा जीविकोपार्जन गर्ने माध्यम रेडियो इन्जिनियर बनेको थियो । यसको साथै जीवनको मध्य भागमा, पत्रकारिता, लेखक तथा वर्तमान समयमा साहित्य र राजनीतिको साथै उनले इनर्जी हिलिफ्को काउन्सीलर भई विभिन्न रोगको उपचार गर्ने गरेको पाइन्छ शाहीको जीवन नै पत्रकारिता, साहित्य र राजनीतिसाग सम्बद्ध भएकाले त्यसबारे सम्बन्धीत शीर्षक र भिन्ना भिन्न बुादाहरूमा बिस्तृत चर्चा गर्नु उपयुक्त हुन्छ ।

## २.८ रुचि तथा स्वभाव

प्रेमबहादुर शाहीको रुचि साहित्यिक अध्ययन, लेखन तथा राजनीति अध्ययन र सङ्गठन निर्माण तथा सामाजिक चेतना अभिवृद्धिका क्षेत्रमा फैलिएको पाइन्छ । विश्वमा भएका नयाा नयाा घटनाको ज्ञान राख्नु, विभिन्न संस्थाहरूको स्थापना र सञ्चालन गर्नु जस्ता महत्वपूर्ण कार्याम उनी अग्रसर हुन्थे । खास गरेर उनी प्रगतीशील विचार, मार्क्सवादी साहित्य दर्शन आदिको अध्ययन, सङ्गठनका अनुशासनमा रही वैचारिक उत्थानका निम्ति क्रियाशील भएको पाइन्छ ।[१९]

शाही सानैदेखि अरूको सेवा गर्न मन पराउने समाजका लागि लड्ने, अन्याय, अत्याचार सहन नसक्ने व्यक्ति थिए । कोमल स्वभाव तथा साथीभाइसाग नम्र व्यवहार गर्ने

---

[१८] सुमन सापकोटा, “कर्णालीको राजकुमारको समाचारले प्रधानमन्त्रीले राजीनामा दिए”, **भावी नेपाल साप्ताहिक**, (अङ्क ४,८, २०६५ पुस, मंगलवार), पृ. ७ ।

[१९] प्रेमकैदी, “खोचरको इष्ट”, **खसानी,** (वर्ष १/अंक १ २०५६ असोज), पृ. ६० ।

र  अरूसाग कतिपय कुरामा झुक्ने शाही कुनै जाहेज कुरा हो भन्ने लागेमा आफ्नो अडान नछोड्ने र उग्र रूपमा पनि प्रस्तुत हुने गरेको पाइन्छ ।[20]

शाही मिलनसार, मृदुभाषी र शिष्ट स्वभावका छन् । शाही परिवारमा जन्मेर पनि साना र तल्ला जातका मानिस साग पनि हात मिलाउने, सबैलाई समान दृष्टिकोणले हेर्ने शाही राजपरिवार र जनसामान्यको बीचको दुरी, सामन्ती चिन्तन, व्यवहार संस्कार, विकृति तथा जातिहरूमा छुवाछूत र धाक रवाफको अन्त्य गर्न चाहन्छन् ।[21] प्रेमबहादुर शाही आफूलाई जिम्मा दिइएको काम समयमै पूरा गर्ने तथा आफूले लिएको काम पनि समयमै पूरा गर्ने र अरूलाई पनि त्यस्तै सल्लाह दिन्छन् । अत्यन्त सहज, स्वभाविक र नम्रबानीव्यवहारका कारण उनी सबैका बीच प्रिय छन् । उनको मन सधै आफ्ना कर्णालीका भीर पाखामा डुलिरहन्छन् । आफ्नो जन्मभूमिको माया अत्यधिक गर्ने शाहीका लेख, रचनाहरू पनि कर्णालीका सेरोफेरोलाई ध्यान दिएर रचिएका छन् । स्थान, गच्छे र योग्यता अनुसारको आङ ढाक्ने पहिरनहरू लगाउने शाही शाकाहारी खाना भोजन गर्छन् । जिज्ञासु र शान्त, स्वभाव भएका शाही 'सादा जीवन उच्च विचार' मा रुचि राख्ने व्यक्ति हुन् ।[22]

## २.९ साहित्यिक गतिविधि

### २.९.१ लेखनका लागि प्रेरणा र प्रभाव

प्रेमबहादुर शाहीको साहित्यिक जीवन निर्माणको प्रारम्भमा आफ्नै घरका सदस्यको प्रभाव परेको देखिन्छ । यसका साथै सानैदेखि रामायण, स्वस्थानी ब्रतकथा वाचन गर्ने शाहीलाई त्यहााका संस्कृतका श्लोक लय हालेर वाचन गर्दागर्दै भित्री हृदयमा कविताका भावहरू अङ्कुराउन थालेको पाइन्छ । उनका बाबु कालीबहादुर शाही शिक्षित व्यक्ति भएका, प्रशासनबाट राज्यव्यवस्था विरोधी भनेर आरोप लगाइएका व्यक्ति हुन् । त्यसैले प्रेमबहादुर शाहीको मनमा सानैदेखि समाजमा विद्यमान शोषण-दमन, जातिगत तथा पूाजीगत विभेद, थिचोमिचो, आफैमाथि ठालू र प्रशासनबाट भएको अन्याय-अत्याचार प्रति आकर्षित भई उनको मन जनपक्षीय साहित्य लेखनतिर आकर्षित र उत्प्रेरित भएको पाइन्छ ।[23] यसरी नै कर्णालीका वनपाखा, रमणीय बस्ती, त्यहााका महिला तथा बालबालिकाहरूको पीडा देखेर उनलाई केही लेख्ने चाहना बढ्यो । उनका धेरैजसो रचनाहरू कर्णालीकै सेरोफेरो, रहनसहन सस्कृति भाषा आदिबाट प्रभावित छन् ।

यसरी उनी साहित्यतिर आकर्षित भई लेखेका लेखमा सुरुमा उनले आफ्नो उपनाम दुःखी राखेका थिए । सो नाम सुन्दरप्रसाद शाह दुःखीको उपनामसाग मिल्न गएकाले उनले सो उपनाम बदली आफ्नो थर जनाउने शाही शब्दको सट्टा कैदी लेख्न सुरु गरेको पाइन्छ । यस नाम अनुसार नै सधै कैदखानामा पर्नु र जुनसुकै सत्तासाग पनि विद्रोह गरिरहनु उनको नियति बनेको छ ।[24]

---

[20] प्रेमबहादुर शाहीका साथी राजराम पाण्डेको मौखिक जानकारी अनुसार ।

[21] ऐजन ।

[22] सुमन सापकोटा, "कर्णलीको राजकुमारको समाजचारले प्रधानमन्त्रीले राजीनामा दिए" **भावी नेपाली, साप्ताहिक,** अङ्क ४, २०६५ पुस  मंगलबार) पृ. ८  ।

[23] प्रेम कैदी, "सार्क स्तरीय श्रमजीवि पत्रकारहरुको कोलोम्बो सम्मेलन", **युगसम्बाद साप्ताहिक,** (वर्ष ७ अंक २२, २०५१ मंसीर २०), पृ. ६ ।

[24] प्रेम कैदीको मौखिक जानकारी अनुसार ।

प्रेम कैदीले २०६५ फागुन ३ गते शनिवार ९:३० बजे प्रसारण भएको रेडियो नेपालको देउडा कार्यक्रममा आफ्नो पारिवारिक साहित्यिक पृष्ठभूमिको लामो व्याख्या गरेका छन् । यसै सन्दर्भमा उनका परिवारमा अनेकौ साहित्यिक व्यक्तित्वहरू जन्मेको दाबी गर्दै उनले जेठा बाबु क्षेत्रबहादुर शाही, बुवा कालीबहादुर शाही र साहिला बुवा गिरीराज शाही धाराप्रवाह लोकगीत रच्ने आसुकवि थिए भनेका छन् । त्यसमध्ये पनि गिरीराज शाही रासकोटका लोकगायक मध्येका स्वरसम्राट मानिन्थे ।

पारिवारिक वातावरणका कारणले कैदी बालअवस्थामा रासकोटमा सुरिलो स्वरका धनी बालगायक थिए । यस कुराको बिस्तृत चर्चा उनले २०२२ सालको दशैंतिहारमा स्व. नवराज शाहीसाग बालगीत लिएर रेडियो नेपालको बालकार्यक्रममा भाग लिन जाादा काठमाडौंमा पाएको सास्तीबारे लेखिएको एक लेखमा उल्लेख गरेको पाइन्छ ।[२५] प्रेम कैदीलाई प्रारम्भिक शिक्षा दिने, नाच्न, गाउन सिकाउने र आधुनिक साहित्यसाग परिचित गराउने उनका दाइ स्व. नवराज शाही नै हुन् ।

### २.९.२ लेखनको प्रारम्भ र प्रकाशनको थालनी

गीत र कविताबाट प्रारम्भ तथा प्रेरणा जे प्राप्त गरे पनि प्रेम कैदीको साहित्यिक यात्रा औंधी सिनेमा हेर्ने जस्ता कार्यबाट भएको पाइन्छ । त्यस समयमा  नेपाली सिनेमाको कमी भएकाले तत्काल सिनेमा बनाउने भन्ने धुनमा उनका कक्षा आठमा साागै पढ्ने मित्र विश्वराम टण्डनले गीत लेख्ने, अभिनय गर्ने र कैदीले पटकथा लेख्ने गरेका थिए । तर पटकथा लेखनको कुनै उपलब्धी नभएको तथा तत्काल हिन्दी र  नेपालीमा, अनूदित उपन्यासहरू अध्ययन गर्न थालेपछि दिनमा तीन वटा उपन्यास पढ्ने र कापी भेट्यो कि लेख्ने गर्थे । वि.सं. २०२६ प्रारम्भमा एक दुई जासुसी उपन्यास लेखी प्रकाशित गराएका कैदी आफ्नो प्रारम्भिक लेखनलाई स्वीकृति दिन चाहन्नन् । सं. २०२६ मा प्रकाशित भएको कथा *नलेखिएको कथा*बाट आफ्नो लेखनको प्रारम्भ मान्दछन् ।[२६]

कैदीले प्रारम्भमा फिल्मी कथा, उपन्यास, कविता र गीत रचना गरे पनि उनको प्रकाशित भई चर्चामा आएको पहिलो रचना चाहि कथा नै हो । तत्काल नेपाली पाठकहरू सामु अति लोकप्रिय साप्ताहिक **मातृभूमिमा** प्रेम कैदीको **नलेखिएको कथा** शीर्षकको कथा छापियो । अहिले पनि यदाकदा छापिने श्री कैदीका कथाहरूले निकै चर्चा पाउने गरेकोले उनलाई धेरैले कथाकारकै रूपमा चिन्ने गर्दछन् । कैदीका कथा थोरै भएपनि उनका कथाहरूले नयाा विषयवस्तुको बान्की लिएका छन् ।[२७]

सं. २०२७ मा **बेन्नु** सामुहिक सङ्कलनमा प्रकाशित **एक जोर जुत्ता** कथा जस्ता आञ्चलिक कथामा सामाजिक यथार्थ अनि मानवीय संवेदनाका पक्ष तीब्र रूपमा मुखरित भएको पाइन्छ । त्यस समयमा राजधानीबाट प्रकाशित हुने साप्ताहिकहरूमध्ये **युगधारा मालिका पाक्षिक पर्यवेक्षक किसान** आदि पत्रिकाको सम्पादन गरेका कैदीका सं. २०२८ मा **मधुपर्क** मासिकले छापेको **मन्नु तिमी अवश्य चढ्नु काञ्जिरवा** भन्ने कवितामा पनि शाहसिक यात्राको लागि आह्वान गरिएको पाइन्छ ।

---

[२५] ऐजन।

[२६] सनत रेग्मी “कथाकारको संक्षिप्त परिचय”, **सिर्जना त्रैमासिक**, अङ्क ८, २०३३ पौष), पृ. १३७ ।

[२७] ऐजन ।

यसरी उनका रचनाहरू प्रकाशित हुने क्रममा सं. २०५२ मा **बगर** साहित्यिक मासिकले वर्षको उत्कृष्ट छानेका दश कथा मध्ये कैदीका **कुनिकी** र **एक जोर जुत्ता** कथा परेको पाइन्छ ।

निरङ्कुश, तानाशाही पञ्चायती व्यवस्थाको अन्याय अत्याचार भित्र प्रगतिशील साहित्यको रचना गर्नु त्यस समयमा यातनाको सिकार बन्नु थियो । राजनीतिक पार्टीहरू, प्रगतिशील चिन्तन र मानवका हक अधिकारमाथि नै प्रतिबन्ध लगाइएको बेला पनि गाउाबस्ती र ओझेल परेका झुप्रा छाप्राहरूबाट बलीको प्रकाशका रूपमा प्रगतिशील रचनाहरू प्रकाशित भएका थिए । अत्याचार शासन विरोधी, मुक्ति उत्प्रेरित आवाजहरू उठिरहेका थिए र साहित्य सिर्जना भइरहेको थियो । अनि स्वतन्त्रता र समानताका पक्षमा, तानाशाही व्यवस्थाको अन्त्यपछिको सुनौलो आगमनको प्रतीक्षामा बसी अत्याचारविरुद्ध बिरोधको स्वर उराल्ने, कलम चलाउने, गिदी खियाउनेहरू मध्ये कैदी पनि थिए भन्ने कुरा उनको कविता **मन्नु तिमीले अवश्य चढ्नु काञ्जीरोवा** र कथा **वावाको सपना** जस्ता रचनाबाट प्रस्ट हुन्छ ।

## २.९.३ कृति र रचनाहरू

नेपाली साहित्यका क्षेत्रमा प्रेम कैदीको प्रवेश उनको बाल्यकालमा भएको भए तापनि साहित्यमा महत्व राख्ने खालका रचनाहरू भने किशोरावस्था सुरु भएपछि नै मौलाएको पाइन्छ । कैदीका सिर्जनामा सम्पूर्ण रचनाहरू फुटकर रूपमा नै रहेका पाइन्छन् भने छिटै नै एउटा कथासङ्ग्रह प्रकाशित हुने अवस्थामा रहेको छ । किशोरावस्थामै उपन्यास लेखन कार्य अगाडि बढाएका कैदीको प्रकाशित उपन्यासहरूमा **नारायणगढ हत्याकाण्ड यतिको आक्रमण** र **षडयन्त्रको जालो** रहेका छन् । त्यस्तै फुटकर कथाहरूमा **नलेखिएको कथा, खोचरको इष्ट एक जोर जुत्ता वावाको सपना सियो धागो कालादह कुनिकी** आदि प्रकाशित भएका छन् भने कवितामा **मेकी बजैको सेतो छ्याङ त्रास, सहर, मसानघाटमा रुमलिएको जिन्दगी, पााच टुक्रा** आदि हुन् । त्यस्तै उनका विभिन्न विषयका लेखहरूमा **खस साम्राज्य र खसजाती**, **जगतजेष्ठ सिन्धु सभ्यता, त्यसको विश्वव्यापी विस्तार** आदी रहेका छन् ।

## २.१० साहित्यिक अवधारणा र जीवनदर्शन

प्रेम कैदी मूल रूपमा मार्क्सवादमा आधारित प्रगतिशील जीवनदर्शनलाई आगालेका साहित्यकार हुन् । यसैअनुरूप उनको अवधारणा उनका रचनामा अभिव्यक्त भएको पाइन्छ । त्यसैले उनी विसफ्त, जटिल वर्तमानलाई चिर्दै नयाा संसारको सिर्जना गर्न तम्सने स्रष्टाहरूमध्येका एक हुन् । कैदीका विचारमा वर्तमानको चित्रण र विरोध गर्नु मात्र स्रष्टाको धर्म होइन, एउटा सच्चा स्रष्टामा नयाा समाजसम्म पुग्ने बाटोको जानकारी हुनु आवश्यक छ । स्रष्टाले बिगत र वर्तमानबाट पाठ सिक्दै भविष्यको नया र समाजसम्मको बाटो बनाउनुपर्छ । वर्गीय समाजमा साहित्य पनि वर्गीय हुने भएकाले स्रष्टा वर्गीय चिन्तनप्रति स्पष्ट हुन आवश्यक हुनछ । प्रगतिशील स्रष्टा भएका कारण कैदी शोषक र शोषित वर्गलाई प्रष्ट चिन्ने उनी मार्क्सवाद-लेनिनवाद-माओवाद तथा सर्वहारा सांस्कृतिक क्रान्तिप्रति अगाध विश्वास राख्थे ।

प्रेम कैदीको कलम अविरल रूपमा बहदा प्रगतिवादी साहित्य लेखनतिरै उन्मुख देखिन्छ । वर्गीय शोषण उत्पीडनको विरोध गर्दै श्रमिक वर्गको, शोषित वर्गको स्वतन्त्रता समानतामूलक समाज निर्माणका लागि नै उनको सर्जकत्व अग्रसर र समर्पित भएको भेटिन्छ । साहित्य सर्वहारा वर्गको मुक्ति र शोषकवर्गको अन्त्यका लागि लेखिनुपर्छ भन्ने मान्यता उनले लिएको देखिन्छ ।

## २.११ निष्कर्ष

पश्चिम पहाडको दुर्गम बस्तीमा जन्मिएका प्रेमबहादुर शाहीको जीवनी सु:ख तथा दु:ख दुवैलाई आत्मसाथ गरी बितेको पाइन्छ । कक्षा ७ सम्मको अध्ययन गााऊमा नै गरेका शाहीले विद्यार्थी जीवनदेखि नै साहित्यमा प्रवेश गरेका थिए । खास गरी मार्क्सवादी साहित्य पठन तथा लेखनमा रुचि राख्ने कैदीको साहित्य लेखनमा लाग्नको लागि घर परिवारको प्रभाव परेको देखिन्छ । आफ्ना लेख तथा रचनाहरु प्रकाशित गर्न भन्दा लेखनतिर ध्यान दिएका कैदीले बिभिन्न विधामा कलम चलाए पनि विशेषत: उनी आख्यानकारका रूपमा नेपाली साहित्यमा चिरपरिचित छन् ।

खासगरी उनको जीवनीबारे अध्ययन गरिएको यस परिच्छेदमा शाहीको जीवनका मोडहरू, उनको बाल्यकाल, शिक्षा दीक्षा, पारिवारिक पृष्ठभूमि, रूचि तथा स्वभाव र साहित्यिक अवधारणा तथा जीवनदर्शनको बारेमा जानकारी लिई उनको समग्र जीवनका पक्षहरूलाई भिन्नाभिन्नै शीर्षकमा विश्लेषण गरिएको छ ।

# परिच्छेद तीन

# प्रेम कैदीको व्यक्तित्व

## ३.१ विषय प्रवेश

प्रेम कैदीले आफ्नो जीवनमा व्यक्तित्वका विभिन्न पाटा निर्माण गरेका छन् । उनको व्यक्तित्वबारे चर्चा गर्नुअघि व्यक्तित्व आफैमा के हो भन्ने स्पष्ट हुनु उपयुक्त हुनेछ ।

व्यक्तिको जीवनमा बिभिन्न पक्षहरूले नै व्यक्तित्वको निर्माण गर्छन् । व्यक्तिलाई अर्थ्याउने क्रममा शाब्दिक अर्थमा **नेपाली बृहत शब्दकोश**ले व्यक्तित्वको अर्थ कुनै व्यक्तिका वैयक्तिक विशेषतालाई देखाउने गुण, व्यक्तिविशेषको निजीपन, व्यक्तिले अरूलाई प्रभावित पार्ने व्यक्तिविशेषमा निहित विशेषता भनेको छ ।[1]

सामान्य रूपमा व्यक्तित्वको अर्थ मानसिक प्रक्रियामा एकरूपता वा अनुरूपताको निर्माण हो । एकरूपताको अर्थ मानिस हरेक समय एउटै चिन्तन वा भावनामा अडिग रहोस. वा सधैं एकै किसिमको काम गरिरहोस् भन्ने होइन । वास्तवमा व्यक्तित्वको अभिप्राय व्यक्तिले आफ्नो आन्तरिक क्षमतालाई दृढ गराउनु/पहिचान कायम राख्नु हो । प्रत्येक अवस्थामा, प्रत्येक परिवर्तित स्थितिमा मानिसले आफ्नो प्रतिभाको एक स्पष्ट र निश्चित छाप छोड्न सक्नुपर्छ । व्यक्तित्वको अर्थ परिवर्तनशीलता होइन, प्रतिकुल स्थिति को अनुकूल चल्नसक्ने त्यो शक्तिसंज्ञा हो, जसले मानिसलाई प्रत्येक क्षणमा आफ्नो दृष्टिकोण देखाउन सक्षम रूपता प्रस्तुत गर्छ । शक्तिभित्र निहित परिस्थिति अनुकूल चल्न सक्ने शक्तिले प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्छ । व्यक्तिभित्र निहित प्रतिभा नै व्यक्तित्व हो ।[2]

व्यक्तित्वसम्बन्धी उपर्युक्त भनाइहरूलाई ध्यान दिदै प्रेम कैदीको व्यक्तित्वका विषयमा यहाा विवेचना गरिएको छ ।

## ३.२ व्यक्तित्वका विभिन्न पाटाहरू

कुनै मानिसका जीवन भोगाइमा आउने विविधखाले घटनाहरू, जीवनका चाप-प्रतिचाप, आरोह-अवरोह, घात-प्रतिघात, क्रिया-प्रतिक्रिया, सरसङ्गत, चिन्तन व्यवहार आदिले महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् ।

व्यक्तित्व निर्माणका लागि । यसका साथै व्यक्तिको व्यक्तित्व निर्माणमा ऊ बाचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक संस्कार राजनीतिक, आर्थिक र सांस्कृतिक अवस्था, रुचि, पेसा, शिक्षा, दीक्षा, बानी-व्यवहार तथा जीवनदर्शनले पनि उत्तिकै उल्लेखनीय र महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन ।[3] यी परिवेशबाट निर्माण भएको व्यक्तिको व्यक्तित्वलाई निजी र सार्वजनिक गरी दुई भागमा बिभक्त गरेर हेर्न सकिन्छ ।

---

[1] बालकृष्ण पोखरेल र अन्य, **नेपाली बृहत शब्दकोश**, (काठमाडौं नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान), पृ १२४५ ।

[2] ऐजन

[3] ऐजन ।

व्यक्तिका निजी व्यवहारसित सम्बद्ध कुरालाई निजी व्यक्तित्व भनिन्छ र यसलाई पनि अफ बाहृय र आन्तरिक गरी दुई भागमा बााडेर व्यक्तिको शारीरिक बनोट आकार-प्रकार र त्यसभित्र निहित शील स्वभाव, आनीबानी र आचरणलाई अध्ययन गर्न सकिन्छ । त्यस्तै सार्वजनिक व्यक्तित्व भन्नाले समाजमा रहेर समाजको परिवर्तन-विकासका लागि विभिन्न खाले कार्य गर्नु हो । साहित्यकारका सम्बन्धमा सार्वजनिक व्यक्तित्वलाई साहित्यिक र साहित्ये तर गरी दुई भागमा बााडेर अध्ययन गर्न सकिन्छ । राजनीतिक व्यक्तित्व लाई चाहि अलग्गै बुादामा अध्ययन गर्नुपर्ने हुन्छ ।

साहित्यका कविता, कथा, उपन्यास, गीत, समालोचना समीक्षा आदि विधामा जुन भूमिका वा योगदान रहन्छ त्यो साहित्यिक व्यक्तित्व हो । साहित्यिक कार्य वा साहित्यिसाग सिधै सम्बद्ध नरहेर समाजमा जुन समाजिक कार्य गरिन्छ, त्यसलाई साहित्येतर व्यक्तित्वभित्र राखेर हेरिन्छ ।

प्रेम कैदी नेपाली साहित्य, राजनीति साथै नेपाली समाजका एक सिर्जनशील व्यक्तित्व हुन् । उनले आफ्नो जीवनलाई सार्थक बनाउन शैक्षिक, सामाजिक र राजनीतिक क्षेत्रका साथै पत्रकारिता इनर्जी हेलिङ आदिमा क्रियाशील रहेर आफ्नो व्यक्तित्वको निर्माण गरको पाइन्छ ।

प्रेम कैदीका विभिन्न व्यक्तित्वलाई उपर्युक्त प्रक्रियाका आधारमा निजी र सार्वजनिक गरी मूलतः दुई भागमा बााडेर तिनलाई शीर्षक उपशीर्षक गरी छुट्टा छुट्टै अध्ययन गरिन्छ ।

### ३.२.१ निजी व्यक्तित्व

व्यक्तिका निजी आनीबानी र व्यवहारसाग सम्बन्धित व्यक्तित्व नै निजी व्यक्तित्व हो । व्यक्तिको सामुहिक सार्वजनिक व्यक्तित्वको निर्माणका लागि पनि उसका निजी व्यक्तित्वको महत्वपूर्ण भूमिका हुन्छ । र निजी व्यक्तित्वको चिनारी आवश्यक हुन्छ किनभने व्यक्तिको नितान्त आफ्नो निजी व्यक्तित्वको छवि सार्वजनिक व्यक्तित्वको नसानसामा सलबलाइरहेको हुन्छ । निजी व्यक्तित्वमा अन्तर्निहित हुने आन्तरिक तथा बाहृय पक्षको यथार्थ रूपमा सही ज्ञानका लागि व्यक्तिको बाहृय आकारप्रकार र उसको शीलस्वभाव, आचरण र प्रबृत्तिका सापेक्षतामा अवलोकन गर्नु उपर्युक्त हुने हुनाले यहाा सोही अनुरूप हेर्ने प्रयास गरिएको छ ।

#### ३.२.१.१ बाहृय व्यक्तित्व

प्रेम कैदी महिना पुगी जन्मेकाले उनको शरीर सानैदेखि स्वस्थ हृष्टपुष्ट खालको थियो । बालककालमा मफौलाखालको र किसोरावस्था पार गरिसकेपछि शरीर आकर्षक थियो ।[४] मुखाकृति गोलो, गोरो रङ्ग, चौडानिधार, चौडा पुष्ट छाती, ठूलाठूला आाखा, फुकेको नाक, कालो कपाल, सुगठित बनोट परेको शरीर, सधैं दाह्री जुागा काटेर अनुसार सफा राख्ने कैदी काम गरेर कहिले नथाक्ने र जतिखेर पनि अध्ययन गर्ने उनको बानी थियो ।[५] कविता, कथा, गीत, गजल तथा अन्य प्रकारका लेख लेख्ने कैदीको कोठा लाइब्रेरी जस्तै छ । उज्यालो अनुहार, जुनसुकै समय जिज्ञासु स्वभाव, विद्रोही मनस्थिति भएका कैदीको समय अध्ययन र लेखनमा केन्द्रित भएको पाइन्छ ।

#### ३.२.१.२ आन्तरिक व्यक्तित्व

[४] बुवा कालीबहादुर शाहीको मौखिक जानकारी अनुसार ।

[५] श्रीमती इन्दिरा शाहका मौखिक जानकारी अनुसार ।

प्रेम कैदीको आन्तरिक व्यक्तित्व खोज्दै-केलाउादै जाादा उनी सानै उमेरदेखि जिज्ञासु, मेहनती, जुझारु, आफू  र आफूजस्ता शोषित पीडित व्यक्तिमाथिको अन्यायको शिरो गर्ने प्रवृत्तिका थिए भन्ने बुझिन्छ । केटाकेटी उमेरदेखि ने उनी केहि लेखिरहने, पढिरहने, सहपाठीहरूलाई सहयोग गर्ने लेख्ने सिकाउने, छिमेकीहरूसाग सहयोगको भावना राख्ने व्यक्ति थिए । राजखानदानका व्यक्ति भएकाले उनका परिवारलाई तल्लो जाति मानिनेहरूले आदर गर्थे, कैदीको वावाआमालाई 'साहेब-दुल्साहेब' र 'प्रभु' प्रेम कैदीलाई 'राजासाहेब' भन्थे, उनी जात, सम्पत्ति खानदानले पारेको मान्छे मान्छेको बीचको फाटोका विरोधमा बोल्थे ।[६] कोही किन धनीको धनी, कोही किन गरिबको गरिब हुन्छ, काम गर्ने चााहि गरिब, नगर्ने चााहि धनी किन हुन्छ ? धनी, ठालु र प्रहरी प्रशासनले सामान्य श्रमिक जनतालाई किन सताइरहन्छन् ? उनी यसको खोजी गर्थे । विद्रोही भएपनि कसैलाई क्षुद्रवचन नबोल्ने गम्भीर, शान्त, शिष्ट, मृदुभाषी कैदीको मनभित्र सधै उठिरहने धनी-गरिब, जातजाति छुवाछूत आदिले उब्जाएको असमानताको विरोध र त्यसको जरो पत्ता लगाउन अन्तरमनले बारम्बार घचघच्याइरहन्थ्यो ।[७]

मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ विचारधारा र माओवाद तथा सर्वहारा सांस्कृतिक क्रान्तिप्रति खुलेरै लागेका कैदीले द्वन्दात्मक भौतिकवादलाई आफ्नो जीवनदर्शनका रूपमा आगालेको पाइन्छ । स्वाभिमानी र स्वाबलम्बी प्रवृत्तिले गर्दा उनी विद्यार्थी जीवनदेखि नै परिआउने आर्थिक, सामाजिक तथा राजनीतिक समस्यामा दृढ रही सङ्घर्ष गर्दै आएको बुझिन्छ । विभिन्न प्रकारका देशी-विदेशी शोषण, अन्याय, अत्याचार, व्यभिचारका विरुद्ध बैचारिक सङ्घर्ष गर्दै आएका कैदी महिलामाथिको दासताका कट्टर विरोधी भएको पाइन्छ ।[८] सामन्त, पूजीपतिले श्रमजीवी वर्गमाथि गर्दै आएको शोषण तथा थिचोमिचोको विरोध गर्दै आएका कैदी वर्गीय चिन्तनमा स्पष्ट देखिन्छन् । शिर ठाडो गर्दै रुढिग्रस्त अन्धविश्वासी संस्कारका विरुद्ध निरन्तर सङ्घर्ष गर्दै आएका कैदी नेपालमा नौलो जनवादी क्रान्ति भई किसान-मजदुरको राज्य स्थानपना गर्नुपर्छ भन्ने मान्यता राख्दै आएका व्यक्ति हुन भन्ने पुष्टि हुन्छ ।[९]

## ३.२.२ सार्वजनिक व्यक्तित्व

मानिस सामाजिक प्राणी हो । त्यसैले ऊ समाजबाट अलग्गिएर बस्न सक्दैन । एउटा सामाजिक प्राणीका हरेक क्रियाकलाप समाजभित्रै हुन्छन् र समाजकै लागि हुन्छन् । समाजमा रहेर नितान्त व्यक्तिगत स्वार्थभन्दा माथि उठी व्यापक समाजहितका लागि नौलो समाजको निर्मार्णार्थ जे जति घोषित-अघोषित प्रत्यक्ष-अप्रत्यक्ष कामहरू गरिन्छन् । व्यक्तिगतभन्दा फराकिलो उद्देश्य राखी गरिएका त्यस्ता असाधारण क्रियाकलाप नै व्यक्तिको सार्वजनिक व्यक्तित्व हो । व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सारा मानिसका सामु देश र जनताका लागि गरिने व्यावहार नै सार्वजनिक व्यक्तित्व हो । त्यसबाट समाज र व्यक्ति दुबैले अग्रगतिका पाठहरू सिकिरहेका हुन्छन् ।

शाहीको समय समाजका विभिन्न क्षेत्रहरू सङ्घसङ्गठन, संस्था, कार्यालय एंव समाजको प्रगति र समुन्नतिमा खर्चेको पाइन्छ । सहित्य, पत्रकारिता र राजनीतिक

---

[६] बुवा कालीबहादुर शाहीको मौखिक जानकारी अनुसार ।

[७] ऐ.ऐ ।

[८] श्रीमती इन्दिरा शाहको मौखिक जानकारी अनुसार ।

[९] ऐ.ऐ ।

गतिविधिमा अतिव्यस्त रहेर पनि शाहीले वर्गीय चेतना प्रवल भएका कारण शोषित-उत्पीडितवर्गको मुक्तिको खातिर निरन्तर साहित्यप्रति साधनारत रही धाराबाहिक रूपमा कलम चलाएका छन् ।[१०] अर्धसामन्ती-अर्धऔपनिवेशिक गरिब देश पूरातन, रूढिगत संस्कारग्रस्त समाज, असचेत जाति मातृभाषा र त्यसैको माध्यमबाट साहित्यलाई साधन बनाउादै उत्पीडित मेहनतकस वर्गको मुक्तिका लागि प्रतिबद्ध शाहीले आर्जन गरेका सार्वजनिक व्यक्तित्वका महत्वपूर्ण पक्षलाई साहित्यिक र साहित्येत्तर गरी दुई भागमा विभाजन गर्न सकिन्छ ।

प्रेमबहादुर शाहीको साहित्यिक व्यक्तित्वभित्र कवि व्यक्तित्व, कथाकार व्यक्तित्व, लेखक, समीक्षक/टिप्पणीकार व्यक्तित्व, उपन्यासकार व्यक्तित्व, सम्पादक व्यक्तित्व आदिलाई लिन सकिन्छ । त्यस्तै साहित्येतर व्यक्तित्वभित्र पत्रकार व्यक्तित्व, समाजसेवी व्यक्तित्व, भाषा संस्कृतिसेवी व्यक्तित्व, राजनीतिक व्यक्तित्व, बहुभाषी कुशल वक्ता व्यक्तित्व र शिक्षक व्यक्तित्वभित्र समेट्न सकिन्छ । शाहीका साहित्यिक र साहित्येत्तर व्यक्तित्वका विविध पक्षलाई स्पष्ट पार्नका निम्ति बेग्लाबेग्लै शीर्षकमा निम्नानुसार चर्चा गरिएको छ ।

### ३.२.३ साहित्यिक व्यक्तित्व

#### ३.२.३.१ कथाकार व्यक्तित्व

प्रेमबहादुर शाहीको साहित्यिक यात्राको प्रारम्भ कथा विधाबाट सं. २०२६ बाट सुरु भएको पाइन्छ । कैदीले प्रारम्भमा फिल्मीकथा, उपन्यास, गीत र लोकगीत रचना गरे पनि उनको औपचारिक  रूपमा प्रकाशित भई चर्चामा आएको पहिलो विधा चाहि कथा नै हो । तत्काल नेपाली पाठकहरू माझ अति लोकप्रिय साप्ताहिक मातृभूमिमा प्रेम कैदीको **'नलेखिएको कथा'** शीर्षकको कथा छापियो । अहिले पनि यदाकदा छापिने कैदीका कथाहरूले निकै चर्चा पाउने गरेकाले उनलाई धेरैले कथाकारकै रूपमा चिन्ने गर्दछन् ।

कैदीले विभिन्न पत्रपत्रिकामा अत्याधिक मात्रामा कथाहरू लेखेका छन् तर उनको अहिलेसम्म एउटा कथासंग्रह पनि छापिएको छैनभने हाल आएर कथासंग्रह छापिने तयारीमा छ । विभिन्न समयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका कथाका आधारमा र अप्रकाशित कथाहरूको अध्ययनबाट उनको कथाकार व्यक्तित्वलाई खोज्नु र मूल्याङ्कन गर्नुपर्ने हुन्छ । उनका विभिन्न पत्रिकामा प्रकाशित कथाहरू **कालादह (सिर्जना त्रैमासिक,** २०३३) **खिर खाने बिहान** (बेन्नु, आठौ टुसा, २०२६), **कुर्कुच्चाको घाउ** (पर्म, २०४४), **पानी** (गरिमा ५/७, २०४४) **सियो धागो,** (मदानी १३, २०३६), **हाडखोर** (अनुरमण, २०५०), **वार्तालाप** (१ प्राङ्गण २०३५), **थप्पड** (दायित्व ११/२९, २०५४),  **व्यापार** (महेन्द्र सौरभ, ११ २०३६), **कुनिकी** (समकालीन साहित्य, ४/१६, २०५१), **बावाको सपना** (समकालीन साहित्य, ८/२, ३०, २०५५), **नेताजीको गिरफ्तारी** (संचय, २/१, ७, २०२८), **धरातल** (पर्म, ९/१, २०४४), **जालीदार ढोका** (गरिमा, २०५५), **गल्ली नं. ५, प्रेमपत्र** (संरक्षक साप्ताहिक, ६/२१, २०३२), **एक जोर जुत्ता** आदि भेटिएका छन् भने विभिन्न शीर्षकका अप्रकाशित कथाहरू पाण्डुलिपिकै रूपमा रहेका पाइन्छन् ।

प्रेम कैदीका कथाहरूमा सामाजिक र राजनीतिक अवस्था प्रति तीव्र व्यङ्ग्य पाइन्छ । प्रेम कैदीलाई मूलतः आञ्चलिक कथाकारको रूपमा चिनिन्छ । उनका आञ्चलिक कथामा स्थानीय भाषा, स्थानीय राजनीतिक यथार्थघटनाक्रम, स्थानीय यथार्थपत्र, सामाजिक यथार्थको शसक्त अभिव्यक्ति गरिएको हुन्छ ।

---

[१०] प्रेम कैदीका रचनाहरूको अध्ययनबाट प्राप्त जानकारी

विश्वसाहित्यमा स्थानीय तहको जनजीवनलाई समेट्ने साहित्यिक कृतिहरूलाई आञ्चलिक रचनाको रूपमा लिने गरिन्छ । एउटा देशमा पनि धेरै स्थानीय वा आञ्चलिक क्षेत्रहरू हुन्छन त्यस्ता क्षेत्रको परिवेश, भाषा भेष वा मानसिकताले अन्य क्षेत्रसाग कतिपय कुरामा मौलिक भिन्नता राख्दछ । कुनै विशेष सभ्यता, संस्कृति अनि राजनीतिले आ-आफ्नो प्रकृतिको स्वरूप प्रदान गरेको हुन्छ त्यस्तो मौलिकता, भिन्नता र विशेषताका सुक्ष्म भेदहरूलाई लेखकले टिप्न सक्नुपर्दछ । म्याक्सिम गोर्को, ल्युसुन, प्रेमचन्द, रवीन्द्र ठाकुर आदिका कथाहरूको पृष्ठभूमि, कथ्य, भाषा र चरित्रले विश्वव्यापी रूपमा पश्चिमी कथा लेखनभन्दा मौलिक स्वरूप प्रदान गऱ्यो । भारतमा हुन्सी प्रेमचन्दबाट फणीनेस्वर हेनु, राजेन्द्र सिाह हाुदै वर्तमान अवस्थासम्म आइपुग्दा आञ्चलिक साहित्यले व्यापक क्षेत्र समेटेको पाइन्छ ।[११]

हाल नेपालमा समावेशी, जातीय, क्षेत्रीय राजनीतिका कुराहरू पनि केन्द्रभन्दा टाडा रहेको र राष्ट्रको मूल प्रवाहबाट उपेक्षा गरिएका अञ्चल वा क्षेत्रहरूलाई समेट्ने सवालहरूसाग जोडिएका छन् । यस्ता कुरामा राजनीतिक जागरुकताका साथ साहित्यिक, सांस्कृतिक पक्षबाट अगाडि ल्याउने क्रममा कैदीको भूमिका टड्कारो देखिन्छ । उनले कर्णालीबाट र कर्णालीका लागि साहित्यिक, राजनीतिक पुस्तिकाहरू लेखेको पत्रपत्रिकाहरू सम्पादन गरेको र त्यस क्रममा आफ्ना बाल्यकालका भोगाइहरूलाई आधार बनाएर कर्णालीका समाज, त्यसका दर्दहरूलाई अभिव्यक्ति दिएको पाइन्छ ।

आफूलाई अमेरिकी साहित्यकार अर्नेष्ट हैमिङ्गवेबाट प्रभावित र प्रेरित मान्ने प्रेम कैदीका कतिपय कथाहरू कर्णालीमा जनयुद्ध आरम्भ हुनुअघिको विद्रोह माथि केन्द्रित छन् । समकालीन राजनीतिलाई आफ्ना रचनाहरूमा अभिव्यक्त गर्ने हेमिङ्गवहेबाट प्रभावित भई लेखिएको प्रेम कैदीको कथा मध्ये **खोचरको इष्ट** महत्वपूर्ण कथा हो । यसमा चीनको क्रान्ति र त्यसको कर्णालीमा असर तथा नेपाल, भारत र जनवादी गणतन्त्र चीनको राज्यव्यवस्थाको तुलनात्मक तर जनजीविकाको सवालमा भएको अन्तरलाई छताछुल्ल पारिएको छ कैदीका कथा थोरै भएपनि नयाा कथाको बान्की लिएका छन् ।

समग्रमा प्रेम कैदीका कथाहरू मूल रूपमा सामाजिक यथार्थवादी घरातलमा लेखिएका छन् । ती कथाहरूमा समकालीन यथार्थ, महिला र उपेक्षित दुर्गम क्षेत्रका समसामहिक परिवेश एवं मानवीय संवेदनाका बेजोड अभिव्यक्ति पाइन्छ । त्यस्तै उनका कथाहरू आञ्चलिक हुनाका साथै क्रान्तितिर उन्मुख भएको पाइन्छ । उनका कथामा भाषिक भिन्नता, नारी र पुरुषबीचको लैङ्गिक विभेदता पाउनुको साथै कथामा निहित पात्रहरू जीवनका कठोर सङ्घर्ष पार गरेका तथा मौलिक धरातलमा उभिएका छन् ।

[११] रत्नाकार देवकोटा, **बृहत, जुम्ला राज्यको ऐतिहासिक विवेचना**, (ललितपुरः साझा प्रकाशन, २०६०), पृ. १०१-१०३ ।

### ३.२.३.२ उपन्यासकार व्यक्तित्व

सं. २०२२ मा पढ्नका निम्ति भनेर कर्णालीबाट काठमाडौा आएका प्रेम कैदीले विज्ञानका विद्यार्थी भएर पनि विभिन्न विधामा कलम चलाएर एउटा विशिष्ट साहित्यकार बन्न पुगेका छन् । हिन्दी चलचित्र हेर्दाहेर्दै त्यसैबाट प्रभावित भएर उनको रुचि दिन प्रतिदिन चलचित्रतिर ढल्कादै गयो । त्यसपछि हलमा पुगेर चलचित्र हेर्ने, घरमा गएर त्यहााका संवादहरूको अभ्यास गर्नु उनको दिनचर्या बन्दै गयो । निरन्तर साधनापछि उनले फिल्मका कथा, पटकथाहरू लेख्न थाले । पटकथा लेख्दालेख्दै त्यसको कुनै उपलब्धि नदेखेर पछि उनी उपन्यासतिर डोरिए । त्यसपछि उनले ६० वटा जति जासुसी उपन्यास लेखे । ती मध्ये **षड्यन्त्रको जालो**, **नारायणगढ हत्याकाण्ड** र **यतिको आक्रमण** प्रकाशित र चर्चित उपन्यास हुन् । [ञद]

जासुसी उपन्यासपछि उनले सामाजिक उपन्यास, सामाजिक कथा, कविता, नाटक लगायतका क्षेत्रमा कलम चलाएको पाइन्छ । अमेरिकी उपन्यासकार अर्नेष्ट हेमिङ्वेले आफ्नो जीवनमा अन्तिम समयमा लेखेका ३-४ वटा उपन्यास पढेपछि उनले आफ्नो जीवनको बाटो बदलेको पाइन्छ । लेखमा खारिएका अमेरिकी लेखनबाट कैदी अत्यन्त प्रभावित भए । उपन्यासकार हेमिङ्वेका अगाडि स्वर्गको बयान गरेको भन्ठानी अवका केही वर्षसम्म आफू नखारिउन्जेल कुनै विधामा कलम नचलाउने निधो गरेका छन् । [ञघ]

धेरै मेहनत र साधन गर्ने कैदी आफ्ना रचनालाई विश्व साहित्यसम्मको स्तरमा पुऱ्याउने योजनामा तल्लीन छन् । उनको सोच बरु आफ्नो जीवनकालमा एउटा मात्र कृति रचना गर्ने जुन सदाका लागि प्रभावित बनोस् भन्ने छ । कैदीका उपन्यासहरू समसामयिक हुन्छन् । कैदीले उपन्यास लेखनमा मात्र ध्यान दिई प्रकाशित गर्नतिर ध्यान नदिएकाले उनका कृतिहरू प्राप्त गर्न अप्ठ्यारो पर्छ ।

जीवनको सुरुका दिनहरू सामान्य रूपमा बिताएपनि सहर प्रवेशपछि उनले कैयौं ठूला युगान्तकारी काम गरे । विद्यार्थी नेताका रूपमा ठूला ठूला राष्ट्रव्यापी आन्दोलनको नेतृत्व गर्नु र पत्रकारको रूपमा राज्यलाई आतङ्कित पार्ने उनको शाहसपूर्ण चरित्र उनका जासुसी उपन्यासका नायकहरू मार्फत अभिव्यक्त भएको पाइन्छ । [ञढ]

प्रेम कैदीका प्रकाशित र जीवनको प्रारम्भमा लेखिएका प्रकाशित उपन्यासहरू सबै जासुसी उपन्यास हुन् । उनका यी उपन्यासहरूमा प्रगतिवादी सामाजिक यथार्थ पाइन्छ । उनका यी उपन्यासहरू रोमान्चकारी सनसनीपूर्ण, यौन उत्तेजना दिने, शाहसपूर्ण प्रवृत्तिका छन् ।  उनका उपन्यासहरूले विस्तृत क्षेत्र ओगटेको पाइन्छ । समग्रमा प्रेम कैदीलाई जासुसी उपन्यासकारको रूपमा चिनिन्छ । उनका सबै उपन्यासमा समकालीन हिन्दी र नेपाली सिनेमाका जस्ता नायक, नायिका, खलनायक र खलनायिकाको उपस्थिति पनि पाइन्छ ।

---

[१२] सुमन सापकोटा, "कर्णालीको राजकुमारको समाचारले प्रधानमन्त्रीले राजीनामा दिए", **भावी नेपाल साप्ताहिक**, (अंक ५, २०६५, ८ पुष मंगलवार), पृ. ९ ।

[१३] ऐजन ।

[१४] ऐजन ।

### ३.२.३.३ कवि व्यक्तित्व

साहित्यका विभिन्न विधामध्ये कविता विधामा पनि कलम चलाएका कैदीका कविताहरूमा मौलिक प्रयोग पाइन्छ । उनका कवितामा कुनै न कुनै प्रकारको सन्देश दिइरहेको पाइन्छ । कैदीका कविताहरू पनि सङ्ग्रहका रूपमा प्रकाशित नभई फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनका प्रकाशित कविताहरूमा **मेकी बजैको सेतो छ्याङ** (तन्नेरी, २०५४), **त्रास** (गरिमा, ११/४, २०४९), **सहर** (अनुरमण, २०४९), **मसानघाटमा रुमलिएको जिन्दगी** (विश्वदीप ४/१२, २०५०), **पााच टुक्रा** (जयन्ती, ३/४, २०३५), **मन्नु तिमी अवश्य काञ्जिरोवा चढ्नु** (गरिमा १०/१, २०४८) आदि हुन् । कैदीका कविताहरू प्रगतिवादी मान्यतामा आधारित भई सहज, सरल, र सुबोध गद्य भाषामा संरचित भएका छन् । उनका कविताहरूले सरल अभिव्यक्तिका माध्यमबाट वैचारिक खुराक प्रदान गर्छन् । बिम्ब, प्रतीक र अलङ्कारहरूका माध्यमबाट लेखिएका कैदीका कविताले वर्तमानप्रति असन्तोष व्यक्त गर्दै भविष्यको सुनौलो दिनको चाहना राख्छन् र आमपाठकहरूलाई उद्देश्यप्रति विश्वस्त पार्छन् । त्यस्तै उनका **मन्नु तिमिले अवश्य चढ्नु काञ्जिरोवा** भन्ने कवितामा समेत साहसिक यात्राका लागि आह्वान गरिएको छ ।

प्रेम कैदीका कविताहरू प्रगतिवादको उन्मुख रहेका छन् । उनका कवितामा सामाजिक यथार्थवादी प्रवृत्तिलाई आत्मसाथ गरिएको पाइन्छ । उनका कवितामा सङघर्ष र परिवर्तनको चाहना राख्नुका साथै राष्ट्रियताप्रति सचेत हुनको लागि आग्रह गरिएको छ । उनका कतिपय कविताहरू मानव जातिका आदर्श पीडा र सभ्यतालाई समेट्ने नेपाली संस्कृति र सोचलाई उजागर गर्ने खालका छन् । २०३२ पछि निराशाजनक प्रयोगवादी कवितातिर उन्मुख कैदीका २०३४ को सेरोफेरोमा लेखिएका कविताहरू भने क्रान्तिउन्मुख भएको पाइन्छ ।

### ३.२.३.४ लेखक/समालोचक संस्थापक व्यक्तित्व

कथा, कविता, र उपन्यासपछि कैदीको कलम चल्ने साहित्यिक विधा क्षेत्र लेख, समीक्षा तथा टिप्पणी लेखन हो । कैदीले राजधानीबाट प्रकाशित हुने विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका पत्रपत्रिकाहरूमा कहीा स्तम्भकारका रूपमा कहीा सम्पादकका रूपमा, कहीा विषयगत लेखकका रूपमा राष्ट्रिय तथा अन्तराष्ट्रिय विषयहरूमा निबन्धात्मक शैलीका लेख लेखेका छन् । प्रेम कैदीले अनेकौं कृतिहरूको पुस्तक परिचय भूमिका तथा कृति समीक्षा गर्दा कर्णालीको सभ्यता, संस्कृति र इतिहासलाई आधार बनाउादै नेपाली पाठकहरूलाई नवीन जानकारी र मौलिक पृष्ठभूमिसाग परिचित गराउने काम गरेको पाइन्छ ।

साहित्यिक क्षेत्रमा पञ्चायती सरकारले सं २०३२ मा कुठाराधात गर्दै सामहित संकलन प्रकाशनमाथि प्रतिबन्ध लगाएपछि त्यो अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने कदम विरुद्ध कैदी लगायत नारायण ढकाल, भाउपन्थी सन्तोष भट्टराई, कविताराम, शैलेन्द्र साकार आदि नौ जना साहित्यकारहरूले नयाा सडकको पीपलबोटमा बुटपालिस गरेपछि साहित्यमा एक नयाा आन्दोलनको सुरुवात गर्ने प्रखर व्यक्तित्वको रूपमा देखापरेको कैदीका थुप्रै साहित्यिक समालोचना सम्बन्धि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ । उनको साहित्यिक समालोचनामा सं २०५४ मा छापिएको मध्यपश्चिमका कविता संग्रहमा प्रकाशित कर्णालीको साहित्यिक इतिहास सम्बन्धी लेख नेपाली साहित्य विधामा एक कोसेढुङ्गा नै हो भन्ने भनाई प्रसिद्ध समालोचक वासुदेव त्रिपाठी, साहित्यकार स्वर्गीय रत्नाकर देवकोटा र दाहाल एकेनिधिले (रेडियो नेपालका कार्यक्रम संचालक) भन्नुभएको छ ।

कैदीले कर्णालीको साहित्यिक इतिहास लेखेपछि नेपाली भाषा संस्कृति र इतिहासले पूर्णता पाएको भन्दै रेडियो नेपालको साहित्यिक कार्यक्रममा **दाहाल एकेनिधिले** सम्पूर्ण कार्यक्रम कैदीकै लेखमाथि समर्पित गरेका थिए ।

मध्यपश्चिम साहित्य विकास परिषदले त्यस क्षेत्रको साहित्यिक इतिहास सम्बन्धि कृतिलाई कैदीको लेखले दिएको नयाा उचाई राष्ट्रव्यापी रूपमा तत्काल चर्चाको विषय बनेको उक्त पत्रिकाको सम्पादक मधुसुदन गिरीले बताउनु भएको छ । कैदीले कर्णालीका मात्र नभई राष्ट्रकै विशिष्ट विद्वान **योगी नरहरीनाथ** अनि अर्का लेखक स्व. **रत्नाकर देवकोटा** सरह नै विभिन्न पक्षबाट कर्णालीलाई उजागर गरेका छन् । सं २०४९ मा **कर्णालीमा स्वायत्त शासन** भन्ने पुस्तिकाले देशमा संघीयताको राजनीति चिन्तनका साथै सं २०४७ को वैधानिक व्यवस्थालाई खलबलाएको मानिन्छ । **कर्णालीमा स्वायत्तशासन** भन्ने पुस्तिकामा काठमाडौंले सं १८४६ मा जुम्ला कब्जा गरेपछि कर्णालीमा औपनिवेशिक उत्पीडन सुरु भएको ठहर गरेको छ ।

त्यस्तै कैदीले **खस साम्राज्य र खसजाति नामक नेवा** पत्रिकामा शभ्यता संस्कृतिका साथै सूर्यवंशी हिन्दूहरूको विशाल हिमाली साम्राज्यलाई बाह्य् उपनिवेशवादी चिन्तनले क्षत-विक्षत पार्ने कुराका विरुद्ध कर्णाली सभ्यताको झण्डा उचाल्ने काम गरेको वताएका छन् । नेपालका खस (बाहुन क्षेत्री, वैश्य, शूद्रमा थर वा वर्णविभाजन गरिएको) जातिलाई नेपालका मूल आदिवासी जाति हो भन्ने इतिहासलाई उनले अकाट्य रूपमा पुर्नस्थापित गरेका छन् । उनका लेख, व्यङ्ग्य र टिप्पणीहरूमा आफ्ना भोगाइका कटु अनुभवहरू, अनुसन्धानात्मक तथा आत्मानुभूतिका वस्तुपरक टिप्पणीयुक्त विश्लेषण, व्याख्या र विवेचना गरेका छन् । लक्षित पक्षलाई राम्रो पाठ सिकाएका छन् ।

यसरी प्रेम कैदीले स्रष्टा, द्रष्टा र भोक्ता पात्र रूपमा वर्तमान विसङ्गतिप्रति तीतो पोख्दै समाजलाई प्रगतितर्फ उन्मुख गराउन हरप्रयत्न गरेको पाइन्छ भने केही संस्थाहरूका संस्थापक भएर पनि सामाजिक गतिविधि संचालन गरेका छन् ।

वर्तमान पत्रकार महासंघलाई दरवारिया साङलोबाट मुक्त गराउादै २०४२ मा यसको विधान नै कैदीले बनाएका हुनभने २०२७ बाट चलेको श्रमिक पत्रकारहरूको आन्दोलको हालसम्म पनि नेतृत्व गर्दै छन् । कैदी नेपाल श्रमजीवि पत्रकार संघका अध्यक्ष रहेका छन् । यस्तै नेदरल्याण्डको **ग्लोबल ह्युमन राइटस डिफेन्स** भन्ने मानवअधिकारवादी संस्था **कर्णाली मुक्ति मोर्चा, कर्णाली विद्यार्थी समिति मध्यपश्चिमाञ्चाल साहित्य विकास परिषदका** पनी कैदी विशिष्ट सल्लाहकार रहेका छन् ।

उनका रचनामा कतै वैचारिक द्वन्द्व प्रबल हुादै पीडित पक्षको समर्थन गरिएको छ भने कतै विषयवस्तुको चिरफार गरी आलोचनात्मक टिप्पणी गरिएको छ । अत्यन्त सरल, सहज र सरस शैलीमा अभिव्यक्त भएका उनका लेख रचना सहजसंवेद्य, सुबोध र सुललित पाइन्छन् ।

कैदी विचारका हिसावले प्रगतिवादी कित्ताको भएपनि उनले विशेष रूपमा साहित्यिक इतिहासको पक्षमा योगदान दिएको कुरा उक्त लेखबाट पुष्टि हुन्छ । तर दीर्घबहादुर नेपालीको नाममा सं २०३७ सालमा **कटिबद्ध साहित्यिक पत्रिकामा** लेखेका साहित्यिक लेखले तत्काल नेपाली भाषामा ह्रस्व मात्र लेख्ने पातलो स मात्र लेख्ने प्रगतिवादी फाटका केही पत्रपत्रिकाहरू जनवादी भाषासाहित्यको आन्दोलनका नाममा चलेको रूपवादी

क्रियाकलाप स्थगित गराउन सफल भएको अनुभव उक्त पत्रिकाका सम्पादक सूर्यप्रकाश श्रेष्ठको पाइएको छ ।

### ३.२.४ साहित्येतर व्यक्तित्व

#### ३.२.४.१ पत्रकार व्यक्तित्व

पत्रकारिताको क्षेत्रमा प्रेम कैदीलाई एउटा कुशल र विशिष्ट पत्रकारको रूपमा चिनिन्छ । पत्रकारिताको माध्यमबाट देश विदेशको यात्रा गरेका कैदी श्रमजीवि पत्रकार संगठनको अध्यक्ष समेत भइसकेका छन् । आफ्नो जीवन चलाउने माध्यम नै पत्रकारिता भएकाले उनको साहित्य, राजनीति र अन्य व्यक्तित्व भन्दा पत्रकार व्यक्तित्व बढी प्रखर छ । पत्रकार सुमन सापकोटाका विचारमा कैदी आमा बाबुको इन्जिनियर बनाउने सपनाका विपरीत उनी एउटा प्रतिभावान पत्रकारका रूपमा चिरपरिचित छन् ।

त्यस्तै उनको पत्रकारिता बारे सुमन लेख्छन् पत्रकारिताको क्षेत्रमा सुरुमा विशेषत उनले भारतीयहरूको विरुद्धमा समाचार लेख्न थाले उनले लेखेका समाचारले त्यस पछिका दिनमा औधी चर्चा पाउन थालेपछि उनी कम्मर कसेर पत्रकारितामा होमिए । जुम्लाको समस्याको बारेमा उनले लेखेको समाचारले मातृभूमिको 'फ्रण्ट' पेजमा छापिएपछि क्रान्ति नै भयो र कविता लेख्ने मान्छे पत्रकारितामा लागेको पाइन्छ । सं २०४९ साल पछि उनले **युगान्तर, युगधारा, मालिक** लगायतका साप्ताहिक निकाले । त्यसबाहेक थुप्रै पत्रिकामा नाम नराख्ने शर्तमा सम्पादन गरी नै रहे । पछिल्लो समयमा उनलाई ठूला ठूला मिडिया हाउसले सम्पादनको लागि अफर गरे पनि उनको रुची राजनीतिमा भएकाले उनले त्यो अफरलाई नकारे ।[ञछ]

पछिल्लो समयमा उनको गोरखापत्रमा **'सिन्तो र हिन्दु धर्म एउटै हुन'** भन्ने लेख छापिएपछि अमेरिकाको एउटा संस्थाले उनलाई जयपुरमा भाषण गर्न बोलायो । त्यो अन्तराष्ट्रिय गोष्ठी अन्तर्गतको 'स्कूल कलेज भिजिट' थियो । त्यहाा बोल्ने थुप्रै दार्शनिकमध्ये सबैभन्दा राम्रो अनौठो र उत्कृष्ट कैदी नै ठहरिए । उनले त्यहाा ३५ मिनेट बोलेका थिए ।

सं २०३२ सालमा **जुम्ला चरेस काण्डमा' दैनिक समाज साप्ताहिक**मा उनले लेखेको समाचारले तत्कालीन प्रधानमन्त्री नगेन्द्रप्रसाद रिजालले राजीनामा दिएका थिए । सं २०३२ सालको ऐतिहासिक आन्दोलन र सिक्किमको नेतृत्व कैदीले नै गरेका थिए । उनले बेला बेलामा सीमा अतिक्रमण सार्वभौमसत्ताको रक्षा, जातीय समस्या, भाषिक सवाल लगायतका थुप्रै विषयहरूमा कलम चलाउादै आइरहेका छन् । जुम्ला जस्तो विकट ठााउबाट आए पनि पत्रकारितामा प्रर्खर कैदीको लेखमा सधैं कौतुहल्ता हुनेगर्छ । एकपटक सडकको बारेमा **'कष्ट' एण्ड बेनिफिट एप्रो**च मा मुनाफाको दृष्टिकोणले बन्थ्यो तर उनले मुनाफाको दृष्टिले सडक बनाउने कुरा औपनिवेशिक हो । सडक जीवन आधारको लागि बन्नुपर्छ भनेर हलुवा (नाम परिवर्तन) को नामबाट लेख लेखेपछि वीरेन्द्रले योजना आयोगको क्षेत्रीय बैठकमा प्रेम कैदीले बोले अनुसार गर्नु भनेर सिधै भनेछन् । यो कुरा कैदीले योजना आयोगका अध्यक्षबाट पछि थाहा पाए । कतिपय कुराहरूमा उनले गरेकै कामहरूबाट नै कीर्तिमान कायम गर्थे उनी ।

---

[१५] सुमन सापकोटा "कर्णालीको राजकुमारको लेखले प्रधानमन्त्रीले राजीनामा दिए", **भावी नेपाल साप्ताहिक,** (अंक ५, २०६५ पौष ८), पृ. ८ ।

त्यसैगरी उनी जापानमा भइरहेको विज्ञहरूको कन्फ्रेन्समा गए । त्यहााका एउटा जापनीज वैज्ञानिकले जापान न्यूक्लिएर बनाउने कुराको विरुद्ध छ भनेर भने । तर उनले ती वैज्ञानिकसाग प्रतिप्रश्न गरे । विश्वमै सबै भन्दा बढी र सबैभन्दा राम्रो गुणस्तरको सेमिकण्डक्टर बनाउने देश जापान अनि तपाइाहरू नै हामी न्यूक्लियरको बिरुद्ध छौं भनी कस्तो नाजायाज तरीका हो है? आफै अशान्ति निम्त्याउने काम गर्ने अनि हामी शान्तिको पक्षमा छौ भन्ने? भनेर उनले प्रश्न गरेपछि ती वैज्ञानिकले उनका प्रश्नको उत्तर दिन सकेनन् । जापान सरकारले उनको त्यो प्रश्नको उत्तर अहिलेसम्म पनि दिन सकेको छैन । त्यसैले अहिले उनलाई जापनिजहरूले मन पराउादैनन् ।[16]

पत्रकारिताको क्षेत्रमा उनले विभिन्न पत्र-पत्रिकामा लेख-रचनाहरू प्रकाशित गरेका छन् । यसरी लेखरचनाहरू प्रकाशित गर्नाको साथै केही पत्रपत्रिकाहरूको सम्पादन पनि गरेका छन् । २०३२ मा नेपालगञ्जबाट प्रकाशित हुने पर्यवेक्षक साप्ताहिकको उनले पहिलोपटक सम्पादन गरेका थिए भने यसै क्रममा २०३७ मा **मालिका पाक्षिक**, २०३८ बाट बाािकेबाट प्रकाशित हुने **युगधारा** र २०४१ मा सर्वौच्चबाट मुद्धा जितेर **युगान्तर साप्ताहिकको** पनि सम्पादन गरेको पाइन्छ । त्यस्तै **अखवार**को सम्पादन र २०५४ बाट लगातार **मालिका साप्ताहिक**को पनि सम्पादन गरेका छन् । यसरी पत्रकारिताको क्षेत्रमा खारिएका, माझिएका तथा विशिष्ट पत्रकारको रूपमा प्रेम कैदीलाई लिन सकिन्छ ।

### ३.२.४.२ राजनीतिक व्यक्तित्व

प्रेम कैदी कम्युनिस्ट पार्टी (मसाल) साग सम्बद्ध व्यक्ति हुन । मार्क्सवाद-लेलिनवाद- माओत्सेतुङ विचारधारा माओवाद तथा सर्वहारावर्गको सांस्कृतिक क्रान्ति र नौलो जनवादी क्रान्तिका माध्यमबाट समाजवादी समाजको स्थापना गर्दै उच्च वैज्ञानिक, सर्वहारावर्गको नेतृत्वमा चल्ने साम्यवादी, समाजसम्म पुग्ने लक्ष्य राखी देशी विदेशी शोषक वर्गका विरुद्ध त्यसबेला लडिरहेको कम्युनिष्ट पार्टी मसालको सक्रिय कार्यकर्ता हुन् प्रेम कैदी ।[17]

विद्यार्थी जीवनदेखि नै कम्युनिष्ट सिद्धान्तद्वारा प्रभावित प्रेम कैदीले आफ्नो जीवनदर्शन नै मार्क्सवाद लेलिन्वाद-माओ विचारधारालाई बनाए । स्कूले जीवनवाट सुरु भएको उनको यो जीवनदर्शन आजसम्म पनि विचलित छैन । अपरिपक्व अवस्थामा उब्जने लहड, पत्रकारिता र साहित्य जस्तो व्यापक क्षेत्र ओगट्ने पेसासाग सम्बन्धित हाुदा र जागिरे छाादाका सिद्धान्तहीन वा विरोधी खेमाको व्यक्तिहरूसागको दिनरातको उठबस आदिका कारण कहिले काही 'स्वतन्त्र' जस्तो भएर देखापरे पनि उनी आफ्नो अडानबाट कहिले पनि विचलित हाुदैनन् । शोषणविरोधी समानताको पक्षपाती स्वर बोकेर जन्मेको उनको सर्जक प्रतिभा क्रान्तिकारी विचारधाराबाट ओतप्रोत सङ्गठनसागको प्रतिबद्धताले झन खारिादै र शसक्त प्रखर हाुदै गएको छ ।

सं २०२२ सालमा पढ्नका निम्ति काठमाडौा आएका कैदी सुरु सुरुमा राजनीति मन नपराउने व्यक्ति भएपनि हाल उनी राजनीति विना वााच्न सक्दैनन् । विद्यार्थी नेताको रूपमा युगान्तकारी आन्दोलनहरू गरेका प्रेम कैदी कर्णालीबाट चम्किलो नक्षत्रका रूपमा उदाएका राजनीतिक विश्लेषक हुन् । सं २०३२ सालको ऐतिहासिक आन्दोलन र सिक्किमको नेतृत्व

---

[16] ऐजन ।

[17] लेखराज भट्ट, "मेरा सहकर्मी तथा राजनीति गुरु प्रेम कैदी हुन", **हाम्रो अधिकार**, (वर्ष, १ अंक ३, २०६०, भदौं/असोज), पृ. ३ ।

कैदी ले नै गरेका थिए । उनले बेला बेलामा सीमा अतिक्रमण, सार्वभौसत्ताको रक्षा, जातीय समस्या भाषिक सवाल लगायतका थुप्रै विषयहरूमा कलम चलाउादै आइरहेका छन् । उनलाई पञ्चायत कालमा राजा वीरेन्द्रबाट ३ पटक मन्त्री पदको अफर आउादा पनि उनले त्यो आग्रहलाई स्वीकारेनन् । पछि सं २०४६ सालमा पनि राजनैतिक दलबाट आएको आग्रहलाई पनि उनले नकारे ।[१८]

राजनीतिक घटनाक्रमको सिलसिलामा सधैं कैदखानामा पर्नु र जुनसुकै सत्तासाग पनि विद्रोह गरिरहनु उनको नियति बनेको छ । राजनीतिक व्यक्तित्वलाई धेरै माथि पुऱ्याएका कैदी अवका दिनहरूमा एउटा ठूलै राजनीतिज्ञका रूपमा प्रस्तुत हुनेछन् भन्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

यसरी साहित्यकार, पत्रकार, नेता प्राथमिक व्यक्तित्व र अन्य गौण व्यक्तित्व भएका प्रेम कैदीलाई निरन्तर अघि बढाउने उनको सचेत मस्तिष्क ज्यानको बाजी थापेर सङ्घर्ष गरी अगाडि बढेको पाइन्छ । हाल नेपालमा समावेशी, जातीय, क्षेत्रीय, राजनीतिक कुराहरू पनि केन्द्र भन्दा टाढा रहेको र राष्ट्रको मूल प्रवाहसागै उपेक्षा गरिएका अञ्चल वा क्षेत्रहरूलाई समेट्ने सवालहरूसाग आवाज उठाउने पहिलो व्यक्ति पनि कैदी नै हुन् । स्थानीय जाली फटाहासाग निरन्तर लडिरहने र जीवनलाई सङ्घर्षको पर्याय बनाएर कहिल्यै बिचलित नहुने कैदी आफ्नो समग्र जीवन क्रान्तिकारी बाटोलाई नछोडी अघि बडिरहेकाले उनले रोजेको राजनीति वा सिद्धान्त नै उनको समग्र व्यक्तित्व निर्माणको आधारस्तम्भ हो । उनले जहिले, जहाा कलम चोबे, बोले वा सङ्गठन गरे त्यसका पछाडी उनले रोजेको राजनीतिले काम गरिरहेको, उर्जा थपिरहेकाले नेकपा (मसाल) को राजनीति मार्क्सवाद-लेलिनवादमाओ विचारधारा नै कैदीको व्यक्तित्वको कारक हो ।[१९]

### ३.२.४.३ समाजसेवी/प्रेरक व्यक्तित्व

प्रेम कैदीको समाजसेवी व्यक्तित्व मूलत, वर्गीय चेतनाबाट ओतप्रोत भएर विकसित भएको पाइन्छ । समाजमा विद्यमान शोषण, अन्याय, जातिगत तथा वर्गगत विभेदको अन्त्यका लागि सामाजिक चेतनाको खााचो पर्छ । जनचेतना वा जनजागरणको प्रमुख माध्यम भनेको शिक्षा र प्रविधि, विविध सामाजिक गतिविधी तथा उन्नत व्यवहार नै हो । शिक्षा आर्जनका लागि किताबी वा विद्यालयीय ज्ञानले त एउटा माध्यमको मात्र काम गर्छ । त्यसैले न्यायमूलक वैज्ञानिक समाजव्यवस्थाका पक्षधर चिन्तन वा व्यवसायले व्यवहारपयोगी शिक्षामा जोड दिएर हरेक व्यक्तिलाई श्रममा आस्था जगाउने र व्यवहारिक सीपका माध्यमले हरेक व्यक्तिलाई श्रममूलक ज्ञान दिने गर्छन् । औपचारिक, विद्यालयीय शिक्षाका साथसाथै कैदीको सामाजिक जीवनको पनि सुरुवात हुन्छ ।[२०]

---

[१८] सुमन सापकोटा, कर्णालीको राजकुमारको समाचारले प्रधामन्त्रीले राजीनामा दिए, **भावी नेपाल साप्ताहिक,** (अंक ५ २०६५ पौष ८) पृ. ९ ।

[१९] प्रेम कैदीका साथी राजाराम पाण्डेको मौखिक जानकारी अनुसार ।

[२०] कैदीका रचनाहरूको अध्ययनबाट ।

प्रेम कैदीले अनेक प्रकारका सामाजिक, सांस्कृतिक लेखन र क्षेत्रका संस्थाहरूको स्थापना गरी  समाजमा विद्यमान शोषण अन्याय, अत्याचार विसङ्गति कुरीति निर्मूल गर्न अग्रसर रहेको र त्यसैको लागि रचनाहरूको सिर्जनालाई मूल माध्यम बनाएको पाइन्छ ।[२१]

### ३.२.४.४ भाषा/संस्कृतिसेवी व्यक्तित्व

साहित्यकार प्रेम कैदीको विभिन्न व्यक्तित्वहरूमध्ये भाषा संस्कृतसेवी व्यक्तित्व पनि एक हो । भाषाका वारेमा कैदीले धेरै अध्ययन अनुसन्धान गरी विभिन्न पत्रिकामा लेखहरू प्रकाशित गरेका छन् । उनले खस भाषा, खस संस्कृति, खस जाति र समग्र खस साम्रज्यको इतिहासको व्याख्या गरेको पाइन्छ ।[२२] त्यस्तै भाषाको सन्दर्भमा खसान अर्थात कर्णालीको अलग राज्य वा सोशासनको माग गरी उनले 'कर्णालीमा स्वायत्त शासन' भन्ने पुस्तक सं २०४९ मा प्रकाशित गरेको पाइन्छ ।

कैदीको भाषा संस्कृति सम्बन्धि उक्त पुस्तक सं २०४९ मा प्रकाशित गरेपनि सं २०५१ बाट कर्णाली विद्यार्थी समितिको मुखपत्र 'बेन्नु' साहित्यिक संगालो सम्पादन गरेदेखि भने कर्णालीको भाषिक सांस्कृतिक आन्दोलनसाग जोडिएको पाइन्छ ।[२३]

यसरी भाषा तथा आफ्नो संस्कृतिको रक्षको लागि आवाज उठाउने कैदीले सं २०२६ सालमा रासकोट क्षेत्रमा जनवादी सांस्कृतिक आन्दोलनका साथै शैक्षिक आन्दोलन अन्तर्गत रासकोटमा जनमुक्ति पुस्तकालय हाल (किसान पुस्तकालय) को स्थापनाद गरेका छन् । सं २०३८ मा जेठ असारमा नेपालगञ्जबाट प्रकाशित **संकल्प साप्ताहिक** मार्फत राज्यले कणालीप्रति गरेको उत्पीडन र अन्याय विरुद्ध धारवाहिक लेखहरू पनि प्रकाशित गरेको पाइन्छ ।

प्रेम कैदीले रूढिगत तथा आयातीत पाश्चात्य नग्न अपसंस्कृतिको वारम्वार विरोध गरेको पाइन्छ । उनका विचारमा संस्कृतिको सेवा गर्नु भनेको पुर्खाले मान्दै आएको पूरातन संस्कृतिलाई जोगाउनु नभई नवीन र  शिष्ट संस्कृतिको विकास गरी खराब संस्कृतिलाई नष्ट गर्नु हो ।

### ३.२.४.५ बहुभाषी/कुशल वक्ता व्यक्तित्व

प्रेम कैदी नेपाली, हिन्दी, जापानी र अङ्ग्रेजी भाषा बोल्न र लेख्न सक्ने व्यक्ति हुन् । उनमा स्थानीय भाषिकाको पनि अनुभव भएको पाइन्छ । नेपाली बाहेक उनले अङग्रेजी साहित्य/साहित्यकार, हिन्दी साहित्य/साहित्यकारहरूका बारेमा अध्ययन गरेको, हिन्दी कथा/कविताहरू नेपालीमा उल्था गरेको पाइन्छ । आफूले लेखेका चिठी तथा लेख, कविताहरूमा विदेशी साहित्य, साहित्यकार, पात्र र घटनाहरूको उल्लेख गरेबाट उनी अन्य भाषाहरू पनि जान्दथे भन्ने थाहा हुन्छ । अङ्ग्रजी  भाषामा नोटबुकमा लेखेका र अङ्ग्रजी भाषाका पत्रिका पठनबाट पनि उनमा अङ्ग्रजी भाषाको राम्रो ज्ञान भएको थाहा हुन्छ । यसका साथै अङ्ग्रेजी, हिन्दी, तथा अन्य साहित्यको अध्ययनबाट प्रभावित भएर लेखेका उनका रचना बाट पनि उनमा अन्य भाषाको राम्रो ज्ञान भएको प्रष्ट हुन्छ ।[२४]

---

[२१] ऐजन ।

[२२] ऐजन. ।

[२३] प्रेमकैदी, "खससाम्राज्य र खसजाति", **नेवाः**, (२०६५), पृ. १७ ।

[२४] प्रेम कैदी, "जगत जेष्ठ सिन्धु सभ्यता र सिन्तो धर्मसँग त्यसको सम्बन्ध", **लाली गुराँस साहित्यिक पत्रिका**, (वर्ष ९/अंक ४, २०६१) पृ.४३ ।

प्रेम कैदी कुशल वक्ता पनि थिए । उनका विभिन्न एफ.एम रेडियोमा लिइएका अन्तर्वाता तथा उनले विभिन्न विषयमा राखेका धारणाबाट पनि उनमा रहको भाषिक क्षमताको बारेमा थाहा हुन्छ । स्पष्ट, प्रभावकारी, मधुर स्वर, उचित शब्द भण्डार तथा शब्दचयन गरी प्रयोग गर्ने कैदीको स्वर क्याम्पसका राजनीतिक गतिविधिका कार्यक्रमहरूमा मात्र होइन टेलिभिजन र रेडियोमा पनि प्रशंसनीय भयो । भाषिक क्षमता तथा अभिव्यक्ति कुशलताका कारण पनि उनी धेरै व्यक्तिका माझ लोकप्रिय छन् ।

### ३.२.४.६ शिक्षक व्यक्तित्व

प्रेम कैदी साहित्यकार, पत्रकार तथा राजनीतिक व्यक्ति मात्र नभई एक कुशल शिक्षक पनि हुन् । उनले एस.एल.सी. पास गरेपछि श्री सम्भुनाथ नि.मा.वि. कालिकोटको प्रधानाध्यापक तथा वैधानिक संस्थापक भएर एक वर्ष काम गरेका थिए ।[२५]

यसरी अध्यापन गराउने क्रममा उनले सं २०३४ मा श्री मान्म नि.मा.वि. कालिकोटमा पनि पढाएको पाइन्छ । त्यस्तै सं २०३५/३६ मा श्री वडिमालिका मा.वि. कालिकोटमा पनि उनले पढाएका थिए । यसरी वीचको समयमा शिक्षण पेशामा क्रियाशील नभएका कैदी सं २०६४/६५ मा एडभान्स एकेडेमी कलेज कुपन्डोलमा पत्रकारिता विषयको अध्यापन गराएको पाइन्छ ।[२६]

नेपालमा मात्र नभई विदेशमा पनि उनले शिक्षण गरेका थिए । यसरी शिक्षण गर्ने क्रममा उनले लण्डन कलेज अफ मास कम्युनिकेशन वेलायता भिजिटिङ्ग प्रोफेसर भएर सं २०६२ मा काम गरेका थिए । त्यस्तै चुकुवा युनिभर्सिटी जापानमा पनि वायोएथिक्स विषयमा आगन्तुक प्राध्यपकको रूपमा ६ महिना अध्यापन गराएका थिए ।[२७]

## ३.३ निष्कर्ष

साहित्यका विभिन्न विधामा कलम चलाएका कैदीले निर्माण गरेका व्यक्तित्वका विभिन्न पाटाहरुलाई साहित्यिक र साहित्येत्तर गरी दुई भागमा विभाजन गरिएको छ । साहित्यिक व्यक्तित्वमध्ये कथाकार व्यक्तित्वका रूपमा बढी परिचित कैदीलाई विशेषत: आञ्चलिक कथाकारको रूपमा चिनिन्छ । त्यस्तै साहित्येत्तर व्यक्तित्वमध्ये पत्रकार र राजनीति व्यक्तित्वलाई माथि पुऱ्याएका कैदीलाई कुशल पत्रकार तथा राजनीतिक विश्लेषकका रूपमा पनि चिन्न सकिन्छ ।

[२५] प्रेम कैदीको मौखिक जानकारी अनुसार ।

[२६] ऐजन ।

[२७] ऐजन ।

## परिच्छेद चार

# प्रेम कैदीको साहित्य यात्रा

### ४.१ विषय प्रवेश

सं २००८ मा रासकोटको स्युना गा.वि.स. को विजयपुर गाउँमा जन्मिएका कैदीले नेपाली साहित्यको विभिन्न विधामा कलम चलाएका छन् । सं २०१८ बाट लेखनकार्य प्रारम्भ गरेका कैदीले आरम्भमा फिल्मीकथा, गीत, लोकगीत रचना गरेपनि ती रचनाहरू प्रकाशित नभई त्यसै लोप भएकाले ती विधालाई एउटा साहित्ययात्राको जीव मात्र मानिन्छ । उनले फिल्मीकथा, गीत लोकगीतबाट साहित्ययात्रा प्रारम्भ गरेपनि प्रकाशित भई चर्चामा आएको पहिलो साहित्यिक विधा चाहि कथा नै हो । त्यस बेलाको समयमा नेपाली पाठकहरू माझ अति लोप्रिय साप्ताहिक **मातृभूमिमा** प्रेम कैदीले **नलेखिएको कथा** (**मातृभूमी साप्ताहिक**) मा शीर्षकका कथा छापियो र त्यसपछि उनका कथाहरू विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रूपमा यदाकदा छापिएपछि उनका कथाहरूले निकै चर्चा पाउने गरेको र कथा विधाबाट नै उनले ख्याती कमाएकाले उनलाई धेरैले कथाकारकै रूपमा चिन्ने गर्दछन् ।

विशेषतः उनका कथामा कर्णालीको इतिहास, त्यहाँको मानिसहरूको जनजीवन, पीडा एवं त्यहाँको सास्कृति समावेश भएको पाइन्छ । यसरी लेखेका उनका आरम्भका कथाहरू आञ्चलिक हुनुको साथै सामाजिक यथार्थवादी प्रवृतिको भएको पाइन्छ । नेपाली साहित्यको क्षेत्रमा लगभग चार दशक लामो अवधिको साधनामा उनले कथा, उपन्यास, कविता तथा लेखहरू लेखिसकेका छन् भने तीनवटा पुस्तककार कृतिका अतिरिक्त फुटकर रचनाहरू पनि बिभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । विद्यार्थी जीवनदेखि नै पाठ्यपुस्तकका अतिरिक्त विभिन्न पत्रपत्रिका तथा विभिन्न साहित्यकारहरूका रचना र कृतिहरूको अध्ययन मनन गर्ने कैदी कथाकारमा म्याक्सिम गोर्की, ल्युसुन, प्रेमचन्द आदिबाट प्रभावित छन् भने उपन्यासकारमा अमेरिकी उपन्यासकार अर्नेष्ट हेमिङ्वेलाई मनपराउँछन् ।

कथा विधाद्वारा साहित्यमा औपचारिक रूपले प्रकट भए पश्चात कथा, उपन्यास, कविता र विभिन्न लेखरचना हुँदै अगाडि बढेका छन् । यसका अतिरिक्त यिनले विभिन्न पत्रपत्रिकाहरूको सम्पादन पनि गरेका छन् । लेखन विकासका क्रममा मौलिक कृतिका साथसाथै विभिन्न लेखरचनाहरू प्रकाशन गरी उनले साहित्यिक लेखनलाई परिष्कृत र परिमार्जित गर्दै लगेका छन् । अत्यन्त सहज, सरल तथा सुवोध भाषाशैलीमा रचित उनका रचनाहरू यथार्थवादी प्रगतिवादी चिन्तनशील शैलीबाट अनुप्रेरित छन् ।

## ४.२ प्रकाशित कृति र रचनाहरूको सूची

### ४.२.१ फुटकर कविता

| क्र.सं. | शीर्षक | पत्रिका | वर्ष अङ्क | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १ | पााच टुक्रा | जयन्ती | ३:४ | सं. २०३५ |
| २ | ईशान अलहौललाई चिठ्ठी | -- | -- | सं. २०३६ |
| ३ | मन्नु तिमि अवश्य पढ्नु काञ्जिरोवा | गरिमा | १०:१ | २०४८ |
| ४ | त्रास | गरिमा | ११:४ | सं. २०४९ |
| ५ | सहर | अनुराग | -- | सं. २०४९ |
| ६ | मेकी बजैको सेतो छ्याङ्ग | तन्नेरी वार्षिक | -- | सं. २०५४ |
| ७ | मसानघाटमा रुमलिएको जिन्दगी | विश्वदीप | ४:१२ | सं. २०५५ |
| ८ | सहिद | -- | -- | सं. २०५६ |

### ४.२.२ विभिन्न पत्र-पत्रिकामा प्रकाशित फुटकर कथाहरूको सूची

| क्र.सं. | शीर्षक | पत्रिका | वर्ष अङ्क | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १ | नलेखिएको कथा | मातृभूमी | | सं. २०२६ |
| २ | खिर खाने विहान | बेन्नु | | सं. २०२७ |
| ३ | एक जोर जुत्ता | बेन्नु | | सं. २०२७ |
| ४ | नेताजीको गिरफ्तारी | संचय | | सं. २०२८ |
| ५ | प्रेमपत्र | संरक्षक | | सं. २०३२ |
| ६ | गल्ली नं. ५ | संरक्षक | | सं. २०३३ |
| ७ | कालादह | सिर्जना | | सं. २०३३ |
| ८ | वार्तालाप | प्राङ्गण | | सं. २०३५ |
| ९ | सियो धागो | मदानी | | सं. २०३६ |
| १० | व्यापार | महेन्द्र सौरभ | | सं. २०३७ |

| | | | | |
|---|---|---|---|---|
| ११ | कुर्कुच्चाको घाउ | पर्म | | सं. २०४४ |
| १२ | पानी | गरिमा | | सं. २०४४ |
| १३ | धरातल | पर्म | | सं. २०४४ |
| १४ | जालीदार ढोका | मधुपर्क | | सं. २०४९ |
| १५ | हाडखोर | अनुराग | | सं. २०५० |
| १६ | कुनिकी | समकालीन साहित्य | | सं. २०५१ |
| १७ | वावाको सपना | समकालीन साहित्य | | सं.२०५४ |
| १८ | थप्पड | दायित्व | | सं. २०५५ |
| १९ | खोचरको इष्ट | खससाम्राज्य र खसजाति | | सं. २०५९ |

४.२.३ उपन्यास

| क्र.सं. | शीर्षक | प्रकाशक | प्रकाशन मिति |
|---|---|---|---|
| १ | षडयन्त्रको जालो | यती जेबी पुस्तक (प्रा.) लि., डिल्लीबजार | सं. २०२७ |
| २ | नरायणगढ हत्याकाण्ड | चन्द्रप्रसाद एण्ड ब्रदर्स, भोटाहिटी | सं. २०३० |
| ३ | यतिको आक्रमण | चन्द्रप्रसाद एण्ड ब्रदर्स, भोटाहिटी | सं. २०३३ |

४.२.४ विभिन्न पत्र-पत्रिकामा प्रकाशित लेखहरू

| क्र. सं. | शीर्षक | पत्रिका | वर्ष अङ्क | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १ | योगीजीको व्यक्तिगत होइन योद्धाको लडाईको वर्णन गर्न खोजको छु। | योगी नरहरिनाथ जीवन एवं कर्म | | सं. २०५२ |
| २ | जुम्लाको स्थापना र यसको इतिहासमा विद्यमान भ्रमहरू | उत्सुक पाइला | | सं. २०५६ |
| ३ | इतिहासका निर्माताः रघुनाथ | मधुरस | | सं. २०५८ |

| | | | | |
|---|---|---|---|---|
| | **प्रसाद रौनियार** | | | |
| ४ | **लेखकप्रति सुभेच्छा** | **देउडा** | | सं. २०६० |
| ५ | **कर्णालीमाथिको पछिल्लो हमला लुम्बिनीको मायादेवी मन्दिर** | **हाम्रो अधिकार** | | सं. २०६० |
| ६ | **जगतजेष्ठ सिन्धु सभ्यता त्यसको विश्वव्यापी विस्तार सिन्तोधर्मसाग त्यसको सम्बन्ध** | **लाली गुरास** | ९:४ | सं. २०६१ |
| ७ | **देशभक्तिपूर्ण चेतनालाई जगााउन सफल कवि हरिसिंह थापा** | **कविता संग्रह** | | सं. २०६२ |
| ८ | **खससाम्राज्य र खसजाति** | **नेवा** | | सं. २०६५ |

### ४.२.५ यात्रा संस्मरण

**कालीकोट प्रवेश गर्दा** (पाठक विचार सं. २०३४)

### ४.३ चरण विभाजन

कुनै पनि साहित्यकारको साहित्यिक यात्राका क्रममा विभिन्न घुम्ती र मोडहरू अवश्य आउाछन् र त्यस साहित्यिक यात्रालाई विभिन्न चरणमा विभाजन गर्ने केही न केही आधारहरू पनि हुन्छन् । साहित्यकारको साहित्यका इतिहासमा देखापरेका विभिन्न रचनाको प्रवृत्ति, रचनाहरूको परिणाम, साहित्यिक रचना वा कृति प्रकाशन जस्ता आधारहरू लिएर साहित्यिक यात्राको चरण, मोड वा कालको विभाजन गर्न सकिन्छ । त्यसैले साहित्यकार प्रेम कैदीको साहित्यिक यात्रालाई ३ चरणमा विभाजन गर्न सकिन्छ ।

(क) प्रथम चरण (सं. २०१८ - २०२५)

(ख) दोस्रो चरण (सं. २०२६ - २०४९)

(ग) तेस्रो चरण (सं. २०५० - हालसम्म)

### ४.३.१ प्रथम चरण (सं. २०१८ - २०२५)

प्रेम कैदीको साहित्ययात्राको सं. (२०१८ - २०२५) सम्मको समय लेखन आरम्भ र अभ्यासकालको रूपमा रहेको पाइन्छ । उनका यस अवधिमा लेखिएका साहित्यिक रचनाहरू तथा फिल्मी कथाहरू पाण्डुलिपिको रूपमा सिमित भएकाले यस चरणलाई खासै उपलब्धीपूर्ण चरण मान्न सकिन्न । उनको यस चरणमा रचनात्मक क्रियाकलाप धेरै भएपनि रचनाहरू भने प्रकाशित नभएकाले आभ्यासिक चरणका रूपमा लिन सकिन्छ ।

### ४.३.२ दोस्रो चरण (सं. २०२६ - २०४९)

प्रेम कैदीको साहित्यिक यात्राको दोस्रो चरण सं. (२०२६ - २०४९) सम्मको समयावधिलाई मान्न सकिन्छ । यस चरणमा कैदी पहिलो चरणभन्दा भिन्न रूपमा प्रस्तुत भएका छन् । यस चरणमा उनको पहिलो प्रकाशित कथा **नलेखिएको कथा** सं. २०२६ सालमा **मातृभूमि** साप्ताहिकमा छापियो । त्यसैले यस चरणलाई उनको औपचारिक साहित्यिक यात्राको प्रारम्भिक उडान भनिन्छ । यस चरणमा उनका तीन वटा पुस्तकाकार कृतिहरू देखापरेका छन् । यसका साथै उनका यस चरणमा १५ वटा फुटकर कथा, ५ वटा फुटकर कविता र एउटा यात्रा संस्मरण प्रकाशित भएका छन् । यस चरणमा उनका प्रकाशित कृतिहरू निम्न छन् ।

<u>उपन्यास</u>

(क) **षडयन्त्रको जालो** (२०२७)
(ख) **नारायणगढ हत्याकाण्ड** (२०३०)
(ग) **यतिको आक्रमण** (२०३३)

फुटकर कथाहरू

(क) **नलेखिएको कथा** (२०२६)
(ख) **खिर खाने बिहान** (२०२७)
(ग) **एक जोर जुत्ता** (२०२७)
(घ) **नेताजीको गिरफ्तारी** (२०२८)
(ङ) **प्रेमपत्र** (२०३२)
(च) **गल्ली नं. ५** (२०३३)
(छ) **कालादह** (२०३३)
(ज) **वार्तालाप** (२०३५)
(झ) **सियो धागो** (२०३६)
(ञ) **व्यापार** (२०३७)
(ट) **कुर्कुच्चाको घाउ** (२०४४)
(ठ) **पानी** (२०४४)
(ड) **धरातल** (२०४४)
(ढ) **जालीदार ढोका** (२०४९)

फुटकर कविताहरू

(क) **सहिद** (२०३४)
(ख) **पाँच टुक्रा** (२०३५)
(ग) **मन्नु तिमी अवश्य चढ्नु काञ्जिरोवा** (२०४८)
(घ) **त्रास** (२०४९)
(ङ) **सहर** (२०४९)
**कालीकोट प्रवेश गर्दा (२०३४)**

**षडयन्त्रको जालो, नारायणगढ हत्याकाण्ड, यतिको आक्रमण** उपन्यास प्रेम कैदीको पहिलो पुस्तककार कृतिहरू हुन् । यी ३ वटै कृतिहरू कैदीका जासूसी उपन्यासहरू हुन् । सरल र सरस भाषाशैलीमा लेखिएका उनका उपन्यासहरू रोमाञ्चकारी, सनसनीपूर्ण, साहसपूर्ण हुनुको साथै समकालीन जासुसी उपन्यासकारका परिवेश भन्दा धेरै नै विस्तृत क्षेत्र ओगटेका छन् । **षड्यन्त्रको जालो** उपन्यास काठमाडौा देखि देहरादुनसम्मको परिवेशमा लेखिएको छ भने **नारायागढ हत्याकाण्ड**को मूल परिवेश नारायणी र लुम्बिनी अञ्चलको सीमा क्षेत्र समेटिएको छ । **यतिको आक्रमण** उपन्यासमा काठमाडौादेखि सगरमाथा सम्मको हिमालयक्षेत्र समेटिएको छ । सबै उपन्यासमा समकालीन हिन्दी नेपाली सिनेमाको जस्तो नायक, नायीका, खलनायक, खलनायीका र अपराधीहरूको डरलाग्दो उपस्थिती अनि त्यसको अन्त्य अत्यन्त साहसपूर्ण हुन्छ ।

कैदीका दोस्रो चरणका कथाहरू आञ्चलिकताको साथै सामाजिक यथार्थवादी धरातलमा लेखिएका छन् । यी कथाहरूमा समकालीन यथार्थ महिला र उपेक्षित दुर्गम क्षेत्रका समसामयिक परिवेश एवं मानवीय संवेदनाका वेजोड अभिव्यक्ति रहेको पाइन्छ । यसका साथ साथै उनका यस चरणका कथाहरूमा सामाजिक व्यंग्य, तानाशाही, अत्याचारी शासनको विरोध तथा कर्णालीको समाज, त्यसका भित्री अभाव र सामाजिक क्रुरतालाई पनि समेटेको पाइन्छ । कैदीका यस चरणका कथाहरूले पहाडी परिवेशको साथ साथै तराईको सुकुम्बासीहरूमाथि भएका नोकरशाही दमन र त्यस विरुद्ध उत्पन्न विद्रोहले किसान आन्दोलन र राजनैतिक परिवर्तनका लागि हुने विद्रोहको चित्रण पनि गरेको छ ।

साहित्ययात्राको दोस्रो चरणमा कैदीले उपन्यास र कथा विधाका अतिरिक्त केही फुटकर कविताहरू पनि प्रकाशित गरेका छन् । यो चरणलाई कविता विधाको पहिलो चरण तथा समग्र साहित्ययात्राको दोस्रो चरणको रूपमा लिन सकिन्छ । उनका यस चरणका कविताहरू प्रगतिवादी उन्मुख, सामाजिक यथार्थवादी तथा राष्ट्रियताप्रति सचेत भएर लेखिएका छन् । यसका साथै यस चरणका उनका कविताहरूले सङ्घर्ष र परिवर्तनको पक्षलाई समेटेका छन् ।

कविता, कथा, उपन्यास विधाको साथ साथै कैदीले यस चरणमा एउटा यात्रा संस्मरण सम्बन्धी लेख पनि प्रकाशित गरेका छन् । उनको यस चरणको यात्रा संस्मरण कालीकोट प्रवेश गर्दा लेखमा लेखकले कालीकोट जाादा बीच बीचमा आइपरेका कठिनाई, त्यहााको परिवेश, त्यहााको मानिसहरूले भोग्नुपरेका कठिनाइ एवम् लेखक स्वयम्ले पाएको शास्तीबारे वर्णन गरिएको छ ।

साहित्यकार प्रेम कैदी पहिलो चरणमा भन्दा पनि अझै परिष्कृत र परिमार्जित रूपमा खारिएका छन् । पुस्तककार कृति प्रकाशनका दृष्टिले पनि यो चरण महत्वपूर्ण सावित भएको छ । समग्रमा भन्नुपर्दा साहित्यकार प्रेम कैदी ३ वटा पुस्तकाकार कृतिका रूपमा प्रकट भएका छन् भने फुटकर कथा र कविताको साथ साथै यात्रा संस्मरणमा पनि परिचित भएका छन् ।

### ४.३.३ तेस्रो चरण (सं. २०५०-हालसम्म)

प्रेम कैदीको साहित्ययात्राको तेस्रो चरण सं. २०५० - हालसम्मको समयावधिलाई मान्न सकिन्छ । यस चरणमा कैदीले कथा कविता विधाको साथ साथै विभिन्न विषयका लेखहरू प्रकाशित गरेको पाइन्छ । यस चरणमा कैदी पहिलो र दोस्रो चरणभन्दा अलि परिवर्तित भएर देखापरेका छन् । यस चरणमा उनका पााचवटा फुटकर कथा, ३ वटा फुटकर कविता र ८ वटा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका लेखहरू रहेका छन् ।

प्रेम कैदीको साहित्यिक यात्राको दोस्रो चरणमा प्रकाशित कृतिहरू निम्न छन् ।

<u>कथा</u>

(क) **हाडखोर** (२०५०)

(ख) **कुनिकी** (२०५१)

(ग) **थप्पड** (२०५४)

(घ) **बाबाको सपना** (२०५५)

(ङ) **खोचरको इष्ट** (२०५९)

<u>कविता</u>

(क) **इशान अलहौललाई चिठी** (२०५०)

(ख) **मेकी वजैको सेतो छ्याङ** (२०५४)

(ग) **मसानघाटमा रुमलिएको जिन्दगी** (२०५५)

<u>लेखहरू</u>

(क) **खससाम्राज्य र खसजाति** (२०६५)

(ख) **जगतजेष्ठ सिन्धु सभ्यता, त्यसको विश्वव्यापी विस्तार र सिन्तो धर्मसाग त्यसको सम्बन्ध** (२०६१)

(ग) **योगीजीको व्यक्तिगत होइन योद्धाको लडाईको वर्णन गर्न खोजेको छु** (२०५२)

(घ) **लेखकप्रति सुभेच्छा** (२०६०)

(ङ) **जुम्लाको स्थापना र यसको इतिहासमा विद्यमान भ्रमहरू** (२०५६)

(च) **कर्णालीमाथिको पछिल्लो हमला लुम्बिनीको मायादेवी मन्दिर** (२०६०)

(छ) **इतिहासका निर्माता : रघुनाथ प्रसाद रौनियार** (२०५८)

(ज) **देशभक्तिपूर्ण चेतनालाई जगाउन सफल कवि हरिसिंह थापा** (२०६२)

प्रेम कैदीका तेस्रो चरणका कथाहरूले विशेष रूपमा प्रशिद्धि कमाएका छन् । कैदीका यस चरणका कथामध्ये **कुनिकी** र **बाबाको सपना** कथालाई सं. २०५२ सालमा **वगर** साहित्यिक पत्रिकाले त्यस वर्षको उत्कृष्ट कथाको रूपमा पुरस्कार प्रदान गरेको थियो । साहित्यकार प्रेम कैदीका यस चरणका कथाहरू परिवर्तनको पक्षमा उभिएका छन् । यस चरणका उनका कथाहरू परिवर्तनको पक्षमा हुनुको साथै समकालिन निम्नमध्यम वर्गीय पीडा र सामाजिक नैतिकतामा आएको विघटनलाई उजागर गर्ने खालका छन् ।

प्रेम कैदीका तेस्रो चरणका कविताहरू दोस्रो चरणको भन्दा केही भिन्न प्रवृतिका छन् । उनका यस चरणका कविताहरू निराशाजनक प्रयोगवादी कवितातिर उन्मुख मुनुका साथै केही कविताहरू चाहि क्रान्ति उन्मुख भएको पाइन्छ । यस चरणका कवितामध्ये **मेकी बजैको सेतो छ्याङ** भिन्नै प्रवृत्तिको कविता हो । यो कविता कर्णालीमाथिको आन्तरिक उपनिवेशको विरोध तथा समावेशी वैचारिकधरातल निर्माण गर्ने कविताको रूपमा रहेको छ ।

प्रेम कैदीको यस चरणमा कविता र कथा विधाको साथ साथै अन्य विभिन्न विषयका लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । उनका यस चरणका लेखहरूले इतिहास र संस्कृति झल्काउनुको साथै विभिन्न महान व्यक्तिहरूको जीवनी लेखेका छन् । उनका यस चरणका लेखहरू विशेषत कर्णाली सभ्यताको इतिहास झल्काउने त्यहााको परिवेश रहनसहन आदि माथि केन्द्रित छन् । उनका यस चरणका लेखहरूले नेपालका खस जाती, खस संस्कृति आदिको पनि वर्णन गरेका छन् ।

**४.४ निष्कर्ष**

साहित्यकार प्रेमकैदी पहिलो चरणमा भन्दा दोस्रो चरणमा र दोस्रो चरणमा भन्दा अझै तेस्रो चरणमा परिष्कृत र परिमार्जित रूपमा खारिएका छन् । समग्रमा भन्दा कैदी ३ वटा पुस्तकाकार कृतिका रूपमा प्रकट भएका छन् भने फुटकर कथा, कविता, लेख समीक्षा तथा यात्रा स्मरण जस्ता विधामा पनि परिचित भएका छन् । उनको उपन्यासमा जासुसी प्रवृत्ति देखिन्छ भने फुटकर कथा, कविता, लेख समीक्षा तथा यात्रा संस्मरण जस्ता विधामा पनि परिचित भएका छन् । उनका उपन्यासमा जासुसी प्रवृत्ति देखिन्छ भने कथाहरू आञ्चलिक, सामाजिक यथार्थवादी तथा सङ्घर्ष र परिवर्तनको पक्षधर रहेका छन् । उनका कवितामा क्रान्तिकारी हुनुको साथै राष्ट्रिय भावना मुखरित भएको छ । उनका कवितामा सामाजिक आर्थिक असमान्ता र विकृतिको विरोध, सामाजिक जागरणको स्वर पनि तीव्र पाइन्छ । उनका लेख समीक्षाहरूले पनि कर्णालीको इतिहास, त्यहााको जनजीवन दुःख कष्टलाई उजागर गरेका छन् । साथै नेपाली संस्कृतिलाई पनि उनका लेखहरूले प्रस्तुत गरेका छन् । सरल र सहज भाषाका माध्यमबाट लेखिएका उनका रचनाहरू पठनपाठनको लागि सम्प्रेष्य छन् । हालको समयमा साहित्यक रचनामा भन्दा पनि अन्य लेखनमा ( ऐतिहासिक, सांस्कृतिक र राजनीतिक) कैदीले कलम चलाएका छन् । अवको समयमा भने थोरै रचना लेख्ने तथा गुणात्मक लेख लेखेर प्रशिद्धी कमाउने विचार कैदीले व्यक्त गरेका छन् ।

# परिच्छेद पााच
# प्रेम कैदीको कृतित्वको अध्ययन

## ५.१ विषय परिचय

नेपाली साहित्यको कविता, कथा, उपन्यास यात्रा संस्मरण तथा विभिन्न विषयका लेखहरू प्रकाशित गरेका कैदीका उपन्यास बाहेक सबै रचनाहरू फुटकर रहेका छन् । यस परिच्छेदमा उनका रचनाहरूको विधागत तत्वको आधारमा अध्ययन गरिएको छ । विशेषतः आख्यानकारका रूपमा प्रसिद्धि कमाएका कैदीका कथाहरू प्रगतिवादी उन्मुख हुनुका साथै मूल रूपमा सामाजिक यथार्थवादी धरातलमा आधारित छन् । उनका कथाहरूमा मानवीय संवेदना, भाषिक भिन्नता, लैङ्गिक विभेदता जस्ता पक्षको पनि वर्णन गरिएको छ । यसका साथै उनका कथाहरूमा समकालीन यथार्थ, महिला र उपेक्षित, दुर्गम क्षेत्रका समसामयिक परिवेशलाई पनि अभिव्यक्त गरिएको छ ।

पुस्तकाकार कृतिका रूपमा तीन ओटा जासुसी उपन्यास प्रकाशित गरेका कैदीका उपन्यासहरूमा रोमाञ्चकारी तथा सनसनीपूर्ण विषयवस्तु साहसपूर्ण चरित्र र विस्तृत परिवेश समेटिएका छन् । मार्क्सवादी विचारधाराबाट प्रभावित कैदीका कविताहरू पनि सङ्घर्ष र परिवर्तनको पक्षमा रचिएका छन् । उनका कविताहरू सन्देशपूर्ण र क्रान्तिकारी छन् । ऐतिहासिक, धार्मिक, सामाजिक तथा विभिन्न विषयलाई आधार बनाएर लेखिएका उनका लेखहरू सिन्धु सभ्यत,ा हिन्दु धर्म, खस साम्राज्य आदिसाग सम्बन्धित छन् । राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका लेखहरू प्रकाशित गरेका कैदीले हालसम्म पनि फाटफुट रूपमा लेख रचनाहरू प्रकाशित गरेका छन् । यस परिच्छेदमा उनका ३ वटा उपन्यास, १९ वटा फुटकर कथा, ८ वटा फुटकर कविता, र ९ वटा विभिन्न विषयका लेखहरूको अध्ययन विश्लेषण गरिएको छ ।

## ५.२ कैदीका उपन्यासहरुको अध्यय्न

### ५.२.१ षडयन्त्रको जालो उपन्यासको अध्ययन

#### (क) संरचना

प्रेम कैदीले २०२७ सालमा उपन्यास नामाकरण गरी **षडयन्त्रको जालो** शीर्षकमा डायरी आकारको उपन्यास लेखेका छन् । छोटा छोटा वाईस परिच्छेद भएको यस उपन्यासमा  जम्मा ९९ पेज छन् । उपन्यासमा अपराधिक पक्षभन्दा पुलिस पक्षको विजय भएको छ । यस उपन्यासको कथावस्तु मध्यभागबाट सुरु भएकाले रहस्य पछि मात्र थाहा भएको छ । पहिला घटना घटेर पछि मात्र घटनाको रहस्य (षडयन्त्रको कारण) थाहा भएकोले उपन्यास रोचक छ ।

#### (ख) कथावस्तु

**षडयन्त्रको जालो** उपन्यासको कथावस्तु क्रमिक रूपमा अगाडि बढेको छ । उपन्यासको नाम नै षडयन्त्रको जालो भएकाले उपन्यासमा सम्पत्तिको लागि एउटा नोकर कुख्यात डााका भएको छ । त्यस्तै बनावटी पत्नी भएर सम्पत्ति हत्याउने योजनामा आफ्नै पतिको हत्या भएको छ । यसरी षडयन्त्रै षडयन्त्र भएको यस उपन्यासमा पात्रहरूले अकालमा नै आफ्नो जीवन गुमएका छन् । यस उपन्यासको सुरु नै शकुन्तला आज निराश

छिन भन्ने वाक्यबाट भएको छ । शकुन्तला यस उपन्यासको पुरुष पात्र किरणको आमा हुन् । बाबु नभएको टुहुरो किरण आमाको आशाको केन्द्र तथा कोलम्बो योजना अन्तर्गत नेपाल सरकारको तर्फबाट भारतमा इन्जिनियरिङ्ग पढ्न गएको एउटा जेहन्दार, मेहनती तथा जुभ्फारु छात्र हो । छोरालाई एयरपोर्टमा विदाई गरेर आएपछिको परिवेशलाई आधार बनाएर यस उपन्यासको सुरु भएको यस उपन्यासमा अर्को मुख्य पुरुषपात्र शिवराजको पनि आफ्नै कथा छ ।

शिवराज किरणको मिल्ने साथी तथा सम्पन्न राणा परिवारमा जन्मेको केटा हो । एकपटक ऊ आमाबाबुका साथ बद्री केदार तीर्थयात्रामा जाादा उनीहरूको सम्पत्ति सबै डााकाले लुट्छन् । त्यस यात्रामा एउटा केटीसाग उसको परिचय हुन्छ । त्यो केटी नै डााका समूहको हुन्छे तर त्यो कुरा शिवराजलाई थाहा हुादैन । आमा बाबुको मृत्युपछि त्यो केटी शिवराजको पत्नी भएर उसको घरमा आउाछे । बाहिर हेर्दा पत्नी भएपनि ऊ भित्रभित्रै शिवराजको सम्पत्तिमा राल काढ्ने एउटा नराम्रो चरित्र भएकी आइमाई हो ।

उसलाई रनवहादुर भन्ने कुख्यात डााकाले आफ्नी बहिनी तथा शिवराजकी पत्नी बनाएर सम्पत्ति हात पार्नको लागि त्यस घरमा भित्राएको कुरा शिवराजलाई थाहा हुादैन । शिवराजले आफ्नो पत्नीको रूपमा राजकुमारीलाई माया दिएको छ । किरण विदेश पढ्न जाने कुरा थाहा पाएपछि राजकुमारी र रनबहादुरले शिवराजको हत्या गर्ने योजना बनाई रनबहादुर पाहुनाको रूपमा उसको घरमा आएको छ । किरण विदेश जाने अघिल्लो रात शिवराजको घरमा पाटी हुन्छ । किरण र उसलाई कर गरेर लागुपदार्थ खुवाउाछन् । केही समयको बसाइपश्चात किरण आफ्नै घर फर्कन्छन् र भोलि बिहान सात बजेको विमानसागै उनी भारत जानछन् । त्यस यात्रालाई केन्द्र बनाएर त्यसै रात शिवराजको हत्या हुन्छ । हत्याराले मृतकको खल्तिमा किरणले पेस्तोल ताकेर शिवराजलाई मार्न लागेको फोटो खिचेर राखेको हुन्छ । त्यही फोटोका आधारमा पुलिसले किरणलाई नै शतप्रतिशत हत्यारा बनाई उसको खोजतलास गर्छन् ।

किरण जस्तो जेहन्दार छात्र हत्यारा नहुने भनि पुलिस जासुस प्रदीपले बताएपछि शिवराजको घर खोजतलास हुन्छ । भर्खर पति मरेको पत्नीको कामुक प्रवृत्त, उसको चन्चलपन र उसले प्रदीपमाथि गरेको नकारात्मक व्यवहारले प्रदीपले भित्रभित्रै राजकुमारी माथि शङका गरी केही दिन बिराएर उसको घर जाने र उसका घरमा कस्ता मान्छेको प्रवेश हुन्छ त्यो थाहा पाउने गर्दछन् ।

शिवराजको हत्या गरी फरार भएको रनबहादुर केही दिनपछि राजकुमारीको घरमा आउाछ । उसले आफ्नो दाजु आउने कुरा पुलिस जासुस प्रदीपलाई बताएपछि प्रदीप पनि शिवराजको घरमा जान्छन् । केही समयको कुराकानी पश्चात उसले रनबहादुरको आनिबानी थाहा पाइ उसमाथि पनि शङ्का गर्छ । यसरी प्रदीप बेलाबेलामा उनीहरूको घरमा गएर थाहा नपाइकन उनीहरूको कुरा सुन्छ । उनीहरूको कुराकानी शिवराजको सम्पत्तिको बारेमा मात्र हुन्छ । सम्पत्तिमा हिसावकिताव राखी बााडफााडमा चित्त नमिलेकाले रनबहादरले राजकुमारीको पनि हत्या गर्छ । यसरी एउटै घरमा लगातार हत्या भएको खबर पुलिसले थाहा पाएपछि जासुसले रनबहादुरसाग सोधपुछ गर्दा उसले थाहा नपाएको कुरा गर्छ ।

रनबहादुरले शिवराजको घरलाई आफ्नो घर बनाउाछ । आफ्नो डााका गर्ने समूहलाई पनि त्यही राख्छ । यो कुरा प्रदीप जासुसले थाहा पाएपछि उनीहरू पनि गुण्डाको भेषमा घरभित्र पस्छन् । हातमिलाई साथी बनेपछि गुण्डाहरूले सबै कुरा भन्छन् । त्यसपछि गिरफतार गर्नको लागि जासुस सुमनलाई खबर गर्छन् । त्यहाा उनीहरूको घमासान लडााई

हुन्छ । अन्त्यमा उनीहरूले यो सबै हत्याको प्रमुख पात्र रनबहादुर भएको कुरा थाहा पाउाछन् र रनबहादुरलाई गिरफ्तार गर्छन् । किरा पनि भारतबाट इन्जिनियर भएर फर्कन्छ । उसले प्रदीपबाट सबै कुरा थाहा पाएपछि आफ्नो साथीको हत्या भएकोमा दुःख व्यक्त गर्छ ।

उपन्यासमा एउटा घरमा काम गर्ने नोकर रनबहादुर गुण्डाहरूको संगतमा लागि कुख्यात डााका बनी अरूको घरवार बिगार्ने तथा एउटा निर्दोष व्यक्तिको हत्या गर्ने हत्यारा बन्छ । खराब संगतमा लाग्यो भने असल मानिस पनि खराब हुन्छ । मानिसको सबैभन्दा ठूलो कुरा स्वाबलम्बीपन हो । सम्पत्ति नै सर्बेसर्भा मान्ने र अर्काको सम्पत्तिमा राल काढ्ने व्यक्तिहरूको रनबहादुर र राजकुमारीको जस्तै दुर्दशा हुन्छ भन्ने कुरा उपन्यासले प्रष्ट पारेको छ । उपन्यासको अन्त्य दुःखान्त भएको छ ।

### (ग) पात्र वा चरित्र

पात्र वा चरित्रलाई उपन्यासको प्रमुख तत्व मानिन्छ । उपन्यास भित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । उपन्यासमा घटित घटनाहरू  चरित्रसाग सम्बन्धित हुन्छन् । उपन्यासमा मुख्य, सहायक र गौण पात्रको उपस्थिति हुन्छ । यस उपन्यासमा प्रदीप र किरण उपन्यासका मुख्य पात्र हुन भने अन्य पात्रहरू  सहायक पात्रहरू हुन् ।

### उपन्यासका मुख्य पात्रहरू

### प्रदीप जासुस

प्रदीप यस उपन्यासको नायक वा प्रमुख पुरुष पात्र हो । अपराधीहरूको खोजी गर्ने काममा खटिएको प्रदीप चलाख जासुस हो । कसैले पत्ता लगाउन नसकेको वास्तविक हत्यारालाई उसले पत्ता लगाएको छ । उ समय अनुसार चल्न सक्ने व्यक्ति हो । जस्तोसुकै समस्यासाग पनि लड्न सक्ने शाहसी मेहनती व्यक्ति हो । देशको लागि आफ्नो शरीर नै सुम्पन सक्ने प्रदीप सोझा साझा जनताको पक्षमा आवाज उठाउाछ । यस उपन्यासको नायक प्रदीप हरेक दृष्टिले परिपूर्ण छ ।

अपराधी पत्ता लगाउनको लागि दिन रात नभनी हिड्ने प्रदीप कठीन समस्या पनि पत्ता लगाउन सफल भएको छ । प्रदीपले असल प्रशासकमा हुनुपर्ने व्यक्तित्वलाई चिनाएको छ । उ नेपाल आमाको सुपूत्र हो । इमान्दारी मानिस र बदमासी मानिसलाई उसले दुई चार कुरा गर्दैमा छुट्याउन सक्ने बुद्धिवान चरित्र हो । रूप, सौन्दर्य वा चतुरताले युक्त प्रदीपमा सच्चा जासुसमा हुनुपर्ने विशेषता छ । यस उपन्यासमा भएको षडयन्त्रलाई पत्ता लगाइ अपराधीलाइ सजााय दिलाउने काम उसले गरेको छ । प्रदीपले गर्दा नै किरण षड्यन्त्रबाट बचेको छ । यदी प्रदीप नभएको भए किरण जस्तो सोझो व्यक्ति हत्यारा साबित हुने थियो । यस उपन्यासमा सत्यको जित र असत्यको हार भएको छ । यो प्रदीपको चलाखीपनमा निर्भर छ । समग्रमा भन्दा यस उपन्यासको नायक प्रदीप चलाख, बुद्धिवान, चतुरो तथा सौन्दर्यले युक्त पुरुष पात्र हो । अन्यायमा परेका मानिसलाई न्याय दिलाउनको लागि जस्तोसुकै कठीन समस्या पनि पत्ता लगाउने प्रदीप देशभक्त, साहसी पुरुषको पात्र हो । अपराधीहरूको चलाखीपनलाई पनि निर्मुलपारेर आफ्नो कार्यक्षेत्रमा सफल प्रदीप नेपाली आमाको एक असल सुपुत्र हो ।

### किरण

किरण यस उपन्यासको मुख्य पुरुष पात्र हो । एउटा असल आमाको असल छोराको रूपमा किरणलाई यस उपन्यासमा चिनिन्छ । यसका साथै शिवराजको असलसाथी र साथीको लागि आफ्नो शरीर समेत दिनपनि पछि नपर्ने एक असल मित्रको रूपमा किरणलाई लिन सकिन्छ । नेपाल सरकारको एउटा जेहन्दार छात्रको रूपमा साथै देशको भविष्यको एउटा कर्णधारको रूपमा लिन सकिन्छ । किरण मेहनती, इमान्दार, असल छोरा, छात्र तथा सरकारी खर्च अन्तर्गत विदेशमा पढ्न गएको छात्र हो । किरणलाई उसको आमाको जीवन जिउने आधार, आडभरोसा तथा नेपालको एउटा असल इन्जिनियर शिवराजको एउटा असल मित्रको रूपमा लिन सकिन्छ ।

साथीको वचन नाघ्न नसक्ने, कर्तव्यनिष्ठ पुरुष पात्र हो । उपन्यासमा सुरुका दिनमा कथावस्तुलाई अगाडि बढाई बीचमा विदेशमा पढ्न गएकाले बीचमा खासै भूमिका नभएपनि उपन्यासको अन्त्य किरणको प्रवेशसागै भएकाले उ उपन्यासको प्रमुख पुरुषपात्र हो । सानो उमेरमा नै बाबुको मायाबाट बञ्चित किरण निम्न मध्यम परिवारमा जन्मिएकाले सुख, दु:खलाई आत्मसाथ गरी आमो सपना पूरा गर्नको लागि तत्पर छोराको रूपमा लिन सकिन्छ । उपन्यासमा किरणको भूमिका सुरुदेखि अन्त्यसम्म नै राम्रो भएकाले उसलाई चरित्रवान पात्रको रूपमा लिन सकिन्छ । षड्यन्त्रकारीहरूको षडयन्त्रमा परेर पनि उम्कन सफल मात्र हो । मानिसको साथ नपाएपनि भाग्यले साथ दिएको भाग्यमानी चरित्रको रूपमा किरणलाई यस उपन्यासमा लिन सकिन्छ ।

### उपन्यासका अन्य पात्रहरू

### शिवराज

शिवराज यस उपन्यासको सहायक पुरुष पात्र हो । ऊ षड्यन्त्रकारीहरूको षडयन्त्रमा परी अकालमै ज्यान गुमाउने तथा आफ्नो सर्वश्व गुमाउने पात्र हो । सम्पन्न परिवारमा जन्मेको शिवराज बाबुआमालाई सानै उमेरमा गुमाएको एउटा टुहुरो केटा हो । किरणको मिल्ने साथी भएकाले जस्तोसुकै काममा पनि उसलाई सहयोग गर्ने सहयोगी एवम् मिलनसार व्यक्ति हो ।

धार्मिक कार्यमा पनि रुचि राख्ने शिवराजले विभिन्न ठाउाको यात्रा गर्दा डााकाहरूबाट लुटिएर आफ्नो सम्पत्ति पनि गुमाएको छ । असल र सोझो पुरुष पात्र भएपनि राम्रो स्त्री छान्न नसक्दा आफ्नो पत्नी राजकुमारीको षडयन्त्रमा परी कलिलै उमेरमा ज्यान गुमाएको छ । उसले विश्वासमा धोका पाएको छ । आफ्नो सबैभन्दा नजिकको मानिसबाट नै मारिनुपरेको छ । उपन्यासमा शिवराजको मृत्युले दु:खान्त पक्षको सुरुवात भएको छ ।

### राजकुमारी

राजकुमारी यस उपन्यासको सहायक स्त्री पात्र हो । राजकुमारी हिन्दु नारी हो । ऊ रनवीरको कुचालमा परेकी महिला हो । यस उपन्यासको सहायक पुरुषपात्र शिवराजको पत्नी हो । अप्रत्यक्ष रूपमा शिवराजको सम्पत्ति हात पार्नको लागि त्यस घरमा आएपनि प्रत्यक्ष रूपमा ऊ शिवराजको पत्नी हो । राजकुमारी एउटी आधुनिक केटीको प्रतिनिधित्व गर्ने नारी हो । ऊ चंचल, उत्ताउली र कामुक प्रवृत्तिकी छे । उसलाई यौनसन्तुष्टी नपाएकी स्त्रीको रूपमा लिन सकिन्छ । शिवराजलाई आफ्नो पति बनाएर षडयन्त्रमा पारी हत्या समेत गर्न सफल एउटा दुष्ट नारीपात्रको रूपमा लिन सकिन्छ ।

राजकुमारीले रनवहादुरलाई दाइ बनाएर उसाग मिलि शिवराजको हत्या गरी सम्पत्ति हात पार्ने योजना बनाएकी छ । आफूले खनेको खाडलमा आफै परेर्भै ऊ रनबहादुरको हातबाट नै मृत्युवरण गर्न पुगेकी छ । राजकुमारी नारीको नाममा कलङ्क हो । सम्पत्तिको लागि आफ्नो पतिको हत्या समेत गर्नसक्ने नरभक्षी हो । उसको चरित्र नराम्रो छ । दुरुषविना बााच्न नसक्ने कामुक स्त्री हो । आफ्नो पतिको हत्या भएको एक दुई दिनमा नै पुलिस जासुसलाई हात पार्न खोज्ने उत्ताउली तथा वेश्या हो । राजकुमारीलाई चरित्रभ्रष्ट तथा आधुनिक युगका वेश्याहरूको प्रतिनिधि मान्न सकिन्छ । उसको प्रवेशले शिवराजको भविष्य बरवाद भएको छ भने समाज नै तहस नहस भएको छ । उसले सम्पत्तिको लोभमा आफूलाई पनि मृत्युको मुखमा पुरयाएकी छ । राजकुमारीको प्रवेशले नै एउटा इमान्दार केटाको भविष्य खतम भई उपन्यास नै दुःखान्त बनेको छ ।

**शकुन्तला**

शकुन्तला यस उपन्यासको सहायक स्त्री पात्र हो । यस उपन्यासमा शकुन्तलालाई किरणकी आमा, कलिलो उमेरमा नै वैधव्य जीवन विताएकी आफ्नो कर्तव्यलाई पालन गर्ने पात्रको रूपमा लिएको छ । इमान्दारी सोझी सरल नारीपात्र तथा छोरा किरणको लागि जस्तो सुकै कदम चाल्न पनि समर्थ नारीपात्र हो । यस उपन्यासमा शकुन्तलालाई एक असल आमाको प्रतीक, असल छिमेकी र असल पत्नीको प्रतीकको रूपमा लिन सकिन्छ ।

रूपवान शकुन्तला सयौजनाका आसाको केन्द्र भएपनि छोरा किरणको लागि आफ्नो जवानीको वास्ता नगरी पतिको नाममा नै जीवन विताउने चरित्रवान नारी हो । आफ्नो गहना, गुरिया बेचेर भएपनि छोरालाई राम्रो शिक्षा दीक्षा दिई विदेश पढ्न पठाउन समेत सफल एउटा कर्तव्यनिष्ठ नरीपात्रको रूपमा शकुन्तलालाई चिन्न सकिन्छ ।

**रनबहादुर**

रनबहादुर यस उपन्यासको सहायक पुरुषपात्र हो । पैसाको लागि आफ्नो इज्जत तथा स्वाभिमानलाई बिर्सेको मूर्ख पात्र हो । अरूको घरमा नोकर भई काम गरेको व्यक्ति पैसाको लोभमा डााकाहरूको संगतमा परी कुख्यात डााका भएको छ । उसले पैसाको लागि सबैकुरा त्यागेको छ । राजकुमारीलाई बहिनी बनाएर शिवराजको सम्पत्ति हात पार्ने योजनामा दुई जनाको हत्या गर्दा पनि सफल नभएको तथा आफू पनि पुलिसको खोरमा थुनिन बाध्य पात्रको रूपमा रनबहादुरलाई लिन सकिन्छ ।

षड्यन्त्रै षड्यन्त्र भएको यस उपन्यासमा षडयन्त्रको योजना बनाउने व्यक्ति नै मानिसको हत्या गर्ने तथा सम्पत्ति एकलौटी बनाउने उद्देश्यले आफ्नो बहिनी बनाएकी राजकुमारीलाई पनि हत्या गर्नसक्ने कुख्यात अपराधी हो । उ राक्षसी प्रवृत्तिको मान्छे हो । उसले पैसाको लागि आफ्नो औकात बिर्सेको छ । अरूको सम्पत्तिमा आाखा गाड्दा आफ्नै सर्वश्व भएको छ । चााडै नै धनी हुने सपना बोकेको रनबहादुर जीवनभर पुलिसको खोरमा बााधिन पुगेको छ । पैसा लेउसको जीवन पनि बरबाद भएको छ भने शिवराज र राजकुमारीलाई पनि बरवाद बनाएको छ । रनबहादुरको प्रवेशले उपन्यासमा समस्या नै समस्या आएको छ । सबैलाई दुःख दिएको छ र उपन्यास पनि दुःखान्त भएको छ । प्रमुख पात्रहरूको नै बीचमा अन्त्य भएको छ । यो सबैको कारण रनबहादुर नै हो । यसका साथै गैडाको खाग, बाघको छाला र केटी बेच्ने काम पनि गर्ने देशद्रोही व्यक्ति हो ।

(घ) **परिवेश**

यस उपन्यासमा वर्तमान नेपाली समाजमा भएको अपराधको चित्रण भएको छ । यो उपन्यास काठमाण्डुदेखि देहरादुनसम्मको परिवेशमा लेखिएको छ । यस उपन्यासमा विस्तृत क्षेत्र ओगटिएको छ । यस उपन्यासको कथावस्तु अपराधिक घटनामा आधारित भएकाले यसको वातावरण भयानक, अत्यास लाग्दो तथा आश्चर्यजनक घटनाहरूले भरिएको छ । जस्तै "मृत व्यक्ति बीस एक्काईस बर्षे ठिटो थियो । उसले सुत्ने बेलामा लगाउने लुगा खुला कमीज र पाइजामा लगाएको थियो । व्यक्तिको छातीमा गोली लागको थियो । उसको शरीरबाट बगेके रगतले उसको छाती, पेट, घाटी, बाहुला र मुखतिरको भाग ढाकिसकेको थियो ।"[१] आदि माथिका वाक्यहरूबाट पनि उपन्यासको परिवेश भयानक छ भन्ने अड्कल काट्न सकिन्छ । यस उपन्यासमा सहरी क्षेत्रको परिवेशलाई आधार बनाइएको छ । यस उपन्यासमा दि कैलाश, चारतले दरबार, बालुवाटार, धुलिखेल, देहरादुन, बद्रीनाथ, मुक्तिनाथ, दार्जिलिङ्ग सम्मको परिवेश देखिएपछि उपन्यासको मुख्य घटना घटित भएको परिवेश चाहि राजधानी काठमाडौं नै हो । पुलिस प्रशासन भद्रकाली दखि लिएर होटल बिरान सम्मका समस्त ठाउ परिवेशका रूपमा आएका छन् ।

उपन्यासमा पुलिस स्टेशन, मोटरगाडी, होटल पाटी, स्नानघर, एयरपोर्ट, नोकरचाकर आदि स्थान र वस्तुहरूको प्रयोगले सहरी परिवेशको चित्रण भएको छ । उपन्यासमा नेपाली सिनेमाको जस्तो नायक, नायीका खलनायक खलनायीका र अपराधीहरूको डरलाग्दो उपस्थिति छ । उपन्यासको बीचमा नै प्रमुख पात्र वा नायकको हत्या भएको छ ।यसरी एक हत्यापछि लगातार अर्को हत्या भएको कठिन वातावरणको प्रस्फुटन भएकोले समग्रमा भन्दा यस उपन्यासको परिवेश जटिल एवं दुःखपूर्ण छ ।

**उद्देश्य**

**षडयन्त्रको जालो** उपन्यास जासुसी भएकाले यसमा रोमान्सका विषयहरू बढी मात्रामा आउाछन् । यसको रुचिकर पक्षले नेपाली पाठक बढाउने काम गरेका छन् । यस उपन्यासमा सामाजिक यथार्थभन्दा बाहिर काल्पनिक कुरा धेरै भएकोले युवा मस्तिष्कमा असर पारको छ । यस उपन्यासको प्रमुख उद्देश्य अपराधको निर्मूल गर्नु, अपराधीहरूलाई हतोत्साहित गर्नु र अपराधीको चलाखीपनलाई पनि जित्ने पुलिसको सफलता देखाउनु हो । त्यस्तै सम्पत्तिको अभाव भयो भने मानिस मूर्ख हुन्छ र जस्तोसुकै कार्य पनि गर्नसक्छ । जहाा कंगाल त्याा चंडाल भनेझैं जब मानिसमा पैसा हुादैन तब उसले पैसा कमाउने माध्यम खोज्छ र जस्तोसुकै कार्य पनि गर्नसक्छ भनि यस उपन्यासले हत्या गर्नुको कारण गरिबीपन पनि हो भनी निम्नवर्गीय परिवारमा जन्मेका व्यक्तिको वास्तविक चित्र उतारेको छ । तत्कालीन नेपाली समाज, स्थान र भाषाका माध्यमद्वारा राजधानीको यथार्थ चित्रण गर्नु पनि उपन्यासको उद्देश्य हो ।

राम्ररी नचिनेका र नदेखेका मानिससाग कहिल्यै पनि नजिकको सम्बन्ध राख्नु हुादैन । नचिनेको मान्छेलाई आफ्नो बनाउादा शिवराजको जस्तै हालत हुन्छ । भन्दै पाठकहरूलाई सर्तक गराउनु पनि उपन्यासको उद्देश्य हो । राजधानीमा बढ्दै गइरहेको विकृति बिसंगति, हत्या, हिंसा, चोरी, डकैति, बेरोजगारी आदिबाट बच्न मानिस कर्तव्यपरायण, मेहनती,

[१] प्रेम कैदी, **षड्यन्त्रको जालो**, (काठमाण्डौंः चन्द्र प्याकेज, २०२७), पृ. ३९ ।

जुभ्कारु हुनुपर्छ भन्दै सबै युवा तथा युवतीहरूलाई नराम्रा काममा नलाग्न र कर्तव्यपथमा हिड्न आग्रह गर्नु पनि यस उपन्यासको उद्देश्य हो ।

**(च) भाषाशैली**

**षड्यन्त्रको जालो** उपन्यासमा विभिन्न खालका पात्रहरूको प्रयोग भएकाले यहाा पात्र अनुसारको भाषा प्रयोग पाइन्छ । अपराधीक घटनामा आधारित कथावस्तु भएकाले कतै अपराधीहरूको संवाद छ भने कतै पुलिसहरूले बोल्ने भाषाको प्रयोग पाइन्छ । उपन्यासमा काठमाडौादेखि बोल्ने भाषाको प्रयोग पाइन्छ । उपन्यासमा काठमाडौा देखि देहरादुन सम्मको परिवेश भएपनि नेपाली भाषाको नै प्रयोग भएको पाइन्छ । उपन्यासका पात्रहरू भिन्दा भिन्दै चरित्रका भएपनि यिनीहरूले शिष्ट भाषाको प्रयोग गरेका छन् । अपराधिक घटनामा उपन्यास आधारित भएकाले केही ठाउामा प्राविधिक शब्दाबलीको पनि प्रयोग भएको छ । जस्तै इन्सपेक्टर, जासुस डाक्टर, गोली, पेस्तोल, आदी । त्यस्तै उपन्यासमा केही ठाउामा संवादको पनि प्रयोग भएको छ । जस्तै :

शिवबहादुर (प्रहरी इन्स्पेक्टर) - “घटनाको स्थिति हेर्दा शिवराजको त्या किरणले गरेको हुनुपर्छ ।”

प्रदीप जासुस - “किरण जस्तो सोभ्को इमान्दार व्यक्ति उसको मिल्ने साथीको हत्यारा कसरी बन्न सक्छ? यो त एउटा षडयन्त्रकारीले किरणलाई षडयन्त्रमा पार्न खोजको खेल हो ।”[द]

आपराधिक घटना बढी भएकाले अपराधी तथा पुलिस दुवै पक्षबीच कोड नामको प्रयोग बढी भएको छ । जस्तैः मि याक्स, मि. मिलर, मि. बाास, म. सि. आदि ।

यस उपन्यासमा ठूला पदका मान्छेले साना पदका मान्छेलाई बोल्ने आदेशात्मक भाषाको पनि प्रयोग भएको छ । जस्तै : “अ.स.ई. तुरुन्त किरणको खोज गरी खबर गर्नु । “यो कोट पेन्ट लिएर सर्जनकहाा जाउः ।”[घ] आदि

सरल पद पदावलीको प्रयोग गरी सरल वाक्य गठन भएको कारण उपन्यास बोद्यगम्य बन्न पुगेको छ । सामान्यतया उपन्यासको आरम्भ, उत्कर्ष र अन्त्य समान रूपले अघि बढेको छ ।

समग्रमा भन्नुपर्दा षडयन्त्रको जालो उपन्यासको भाषाशैली कतै संवादात्मक छ भने कतै वर्णनात्मक शैलीको प्रयोग भएको छ । सरल, सहज र सुबोध भाषा-शैलीले उपन्यास सुबोध्य बनेको छ ।

**(घ) दृष्टिविन्दु**

**षडयन्त्रको जालो** उपन्यासका प्रमुख तथा केन्द्रीय पात्र प्रदीप हो । उपन्यासको सम्पूर्ण कथावस्तु प्रदीपको केन्द्रीयतामा भएकाले यहाा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग छ भन्न सकिन्छ । जसलाई बाह्य दृष्टिविन्दु पनि भनिन्छ । प्रदीपको माध्यमबाट नै घटनाको टुङ्गो लागको हुनाले उपन्यासको दृष्टिविन्दु बाह्य र सीमित छ भन्ने कुरा स्पष्ट देखिन्छ । उपन्यासको आदि, मध्य र अन्त्यको संयोजन स्पष्ट, खुलस्त सरल रैखिक ढाााचामा देखापर्दछ । शिवराजको हत्या हुनु त्यसैवेला रनबहादुर पाहुनाको रूपमा घर आउनु किरण विदेश जानु, शिवराजको सम्पत्तिको बाडफाडमा राजकुमारी र रनबहादुरको बीचमा

---

[२] ऐजन पृ ४० ।

[३] ऐजन पृ ५० ।

मनमुटाव भएकाले रनबहादुरले राजकुमारीको हत्या गर्नु तथा अन्त्यमा प्रदीपको माध्यमबाट नै वास्तविक हत्यारा पत्ता लगाउनु र समस्याको समाधान हुनु जस्ता प्रारम्भ, विकास र अन्त्य तथा समस्याको समाधान सरल ढङ्गले देखापर्नु यस उपन्यासको आफ्नै ढाचा हो ।

### ५.२.२ नारायणगढ हत्याकाण्ड उपन्यासको अध्ययन

**(क) संरचना**

**नारायणगढ हत्याकाण्ड** उपन्यास पनि कैदीको जासुसी उपन्यास हो जुन सं. २०३० आश्विन महिनामा (चन्द्रप्रसाद एण्ड ब्रदर्स भोटाहिटी काठमाडौा) प्रकाशित भएका हो । यस उपन्यासमा मूल शीर्षकभित्र परिच्छेद अनुसारको विभिन्न उपशीर्षकहरू रहेका छन् । यस उपन्यासमा छोटा छोटा २८ परिच्छेद छन् । जसमा जालभित्र लाश, लाश गायब, मुर्दा फिर्ता, डरलाग्दो अभियान, जासुसको आगमन, नयाा सूत्र, जवानीको जोश, लाशको सनाखत आदि रहेका छन् । डायरी आकारको यस उपन्यासमा जम्मा ११९ पेज रहेको छ ।

**(ख) कथावस्तु**

**नारायणगढ हत्याकाण्ड**को विषयवस्तु रहस्यमय छ । यस उपन्यासमा पहिला घटना घटाएर पछि त्यसको रहस्य बताइएको छ । उपन्यासमा एउटा नारीको हत्याको शिलशिलामा आएका विविध समस्यालाई विषयवस्तु बनाइएको छ । आफ्नै पतिको अवहेलनाबाट पीडित मञ्जुको हत्यालाई यस उपन्यासको विषयवस्तु बनाइएको छ । आफ्नै पतिको घरमा नोकरको काम गरेर बसेकी मञ्जुलाई पतिको साथीले प्रेमको नाटक गरेर हत्या गरेको छ । मञ्जुले विश्वास गर्दा पति प्रेमी दुवैबाट धोका पाएकी छ । यस हत्याको विषयमा उपन्यासका पात्रहरू नरबहादुर, वीरबहादुर, डा. नीलमणी शर्मा लगायतका मानिसहरूलाई आरोप लगाएपनि वास्तविक हत्यारा आफ्नै पतिको साथ डा. पोपलाल भएको प्रष्ट भएको छ । खासगरी नेपालको सीमा क्षेत्रमा हुने गरेका हत्याहिसा, चोरी, शिकारी, डकैति जस्ता विषयलाई पनि यस उपन्यासको कथावस्तु मानिएको छ । सानै उमेरमा आफ्नो बाबु आमा गुमाएकी मञ्जुको आफन्तको नाउामा एउटा दाजुमात्र हुन्छन् । शिक्षाबाट बञ्चित भएकी मञ्जुको सानै उमेरमा एउटा धीनको छोरासाग विवाह हुन्छ । विवाह भएको लगतै उसको पति काठमाडौा आएर अध्ययन गर्न थाल्छ । मेहनत गरेर उसले विदेशमा गई डाक्टरी पढ्न पाएको छ । ऊ पछि डाक्टर बनेर आएपछि मञ्जुको वास्ता नगरी सहरको धनीको छोरीलाई आफ्नो पत्नीको रूपमा प्रेमविवाह गर्छ, मञ्जुको दाइको औलौज्वरोले मृत्यु मएपछि उसको वारेमा वोलिदिने कोही हाुदैन । मञ्जु एक पतिब्रता नारी भएकीले अन्त विवाह नगरी वेसहा भए बसेकी र दिनरात रुने, कराउने गरेकाले डा. निलमणी शर्माले सहरमा ल्याई आफ्नै घरमा नोकरको रूपमा राख्न थाल्छ । घरमा काम गर्ने नोकर आफ्नै सौता हो भन्ने कुरा निलमणिको दोस्रो श्रीमतीलाई थाहा हाुदैन । डा. निलमणि अस्पतालमा काम गरिरहेको बेलामा एउटा गुण्डालाई सिकिस्त भएर ल्याएको थियो । जुन केटा बाासको चेला थियो । उसको हातमा एउटा रातो जिल्द भएको किताब थियो । जुन किताबमा चोरी, शिकारीका माइक्रोफिल्मका रीलहरू राखिएाके थियो । त्यो किताव, बिरामीले डा. निलमणि शर्मालाई राख्नको लागि आग्रह गर्‍यो र उसले घरमा लगेर जतनसाथ राख्यो । यो सबै दृश्य देखिरहेके उपन्यासम बाास भनेर चिनिने डा. पोपलालले त्यो किताब प्राप्त गर्नको लागि मञ्जुसाग परिचय गरी प्रेमको नाटक रच्न थाल्यो । अनपढ मञ्जुलाई उसको प्रेम वास्तविक जस्तो लागि पोपलालले भनेका कुराहरू मान्दै गई । पोपलालले मञ्जुलाई विवाह गर्ने आश्वासन दिएको थियो । केही समयको अन्तरालपछि मञ्जु गर्भवती भई । मौका हरेर बसेको बाासले समयको फाइदा उठाएर मञ्जुलाई तिम्रो घरमा भएको किताब ल्याए विवाह

गर्ने र नल्याए एक महिनाको बच्चाको भागिदार हुनुपर्ने बताएपछि मञ्जुले त्यो किताब ल्याएर बाासको चेलो अर्थात मञ्जुको गाउाको दाइपर्ने व्यक्ति बीरबहादुरको घरमा ल्याएर दिन्छे ।

किताब प्राप्त गरेपछि बाासले मञ्जुलाई घुमाउन लाने निहुमा नारयणीमा डुंगा तर्दा तर्दैको स्थितिमा डुंगांबाट घकेलिदिन्छ र बाास फरार हुन्छ । नरबादुर माछा मार्न गएको बेलामा जालभित्र परेको मञ्जुको लाशलाई नरबहादुरले अस्पताल लैजान्छन् । मञ्जुको लाशको पोष्मार्टम गरी त्यस हत्याको जिम्मा लिएको इन्सपेक्टर नवीनले हत्या आफै नभई कसैले गराएको प्रमाणि हुन्छ । यस उपन्यासको नायक अर्थात इन्सपेक्टर नवीनद्वारा नै यो सबै घटनाको रहस्य खुल्छ र एक वर्षको मेहनतपूर्ण, चलाखीपूर्ण र साहसीपूर्ण खोजतलासीपछि चलाख नवीनले बाास लगायत हत्यामा संलग्न भएका उसका समूहलाई गिरफतारी गर्न सफल हुन्छ ।

उपन्यासमा एउटा सोझी, निर्दोष महिलामाथि भएको अपराधको चलखेल र हत्यालाई पत्ता लगाइृ अपराधीहरूको अपराधलाई निर्मूल पार्न नवीन सफल भएको छ । यस उपन्यासमा चलाख अपराधी भन्दा पनि नवीनले चलखीपूर्ण खेल खेलेर नेपालको सीमानाक्षेत्रमा हुने अपराधहरूको जानकारी दिएको छ भने अर्कोतिर पुलिसमा हुने कर्तव्यपरायणतालाई पनि देखाइएको छ ।

### (ग) पात्र वा चरित्र

उपन्यासमा घटित घटना वा कथानकलाई अगाडि बढाउादै लैजाने काम चरित्रबाट भएको हुन्छ । **नारायणगढ हत्याकाण्ड** उपन्यासमा इन्सपेक्टर नवीन मुख्य पात्र हो भने अन्य पात्रहरू सहायक पात्रहरू हुन् ।

### मुख्य पात्रहरू

### इन्सपेक्टर नवीन

इन्सपेक्टर नवीन यस उपन्यासको नायक अथवा मुख्य पुरुष पात्र हो । नवीन अपराधको लागि लड्ने लडाकु हो । ऊ बहादुर छ तथा बुद्धिवान् छ । नवीन यस उपन्यासमा वास्तविक अपराधी अथवा मञ्जुको हत्यारा पत्ता लगाउन सफल पात्र हो । नवीन सुन्दर, चतुर अथवा इमान्दार छ । उसले नेपालको बोर्डर क्षेत्रमा हुने गरेका अपराधहरूको निर्मूल पारेको छ । आफ्नो देश र जनताको लागि जस्तोसुकै कठीन समस्यासाग पनि जुध्न सक्ने नवीन नेपाल आमाको एक सच्चा सुपुत्र हो ।

आफूले जिम्मा लिएको कामलाई हरतरहले पूरा गर्न सफल नवीन आफ्नो कार्यमा सफल पात्र हो । उसले नेपालबाट निर्यात हुने चोरी शिकारीका वस्तुहरू पनि पत्ता लगाई अपराधीलाइ सजाय दिलाएको छ । नारायणगढ हत्याकाण्डको मुख्य कारण पत्ता लगाई वास्तविक हत्यारा पत्ता लगाउने सफल नवीन एक सुन्दर युवक हो । आफ्नो शरीर भन्दा पनि आफ्नो कार्यलाई महत्वपूर्ण सम्झने नवीनको सुन्दरताले ऊ सयौं युवतीहरूको आशाको केन्द्रविन्दु भएको छ । यस हत्याकाण्डसम्मको यात्रा गरेको छ । हत्याकाण्डको हत्यारा पत्ता लगाउने क्रममा नवीनले दिन, रात, हिउाद पानी, केही नभनी आफ्नो कार्यमा लागेको छ । नवीनले आफ्नो प्रशासनको परिचय दिएको छ तथा पुलिसमा हुने इमान्दारी, कर्तव्य, तथा दृढ विचारलाई चिनाएको छ । त्यसैले यस उपन्यासको नायक नवीनलाई शाहसी, बुद्धिवान, सहयोगी तथा कर्तव्यपरायण व्यक्तिको रूपमा चिनिन्छ ।

## मञ्जु

मञ्जु **नारायणगढ हत्याकाण्ड** उपन्यासको मुख्य स्त्री पात्र हो । यस उपन्यासको कथावस्तु नै मञ्जुको जीवनसाग सम्बन्धित भएकोले मञ्जुलाई उपन्यासको मुख्य पात्र मान्न सकिन्छ । उपन्यासमा मञ्जुलाई आफ्नै पतिद्धारा हेपिएकी नारी तथा आफन्त सबैजना गुमाइसकेकी नारीको रूपमा चिन्न सकिन्छ । मञ्जु एउटा असल तथा पतिव्रता नारी भएपनि समय र परिबन्धले उसलाई परिवर्तित बनाएको छ । अशिक्षाका कारण आफ्नै पति निलमणि शर्माद्धारा हेपिएकी मञ्जु आफ्नै घरमा पनि काम गर्ने नाकर भएर बसेकी छ । मञ्जु आफ्नो हक र अधिकारबाट वञ्चित छ । उसलाई आफ्नै पतिले अधिकार हनन् गरेको छ । मञ्जुको सोझो पनको फइदा उठाएर निलमणि शर्माले अर्को विवाह गरेको छ । मञ्जुको बारेमा बोलिदिने कोही नहादा उसलाई आफ्नै पतिको साथीले चरित्र बिगारी अन्तमा हत्यासमेत गरेको छ । यस उपन्यासमा मञ्जुले अल्पआयुमा नै जीवन गुमाउनु परेको छ । मञ्जु पतिद्धारा हेपिएकी तथा त्यागिएकी स्त्रीपात्र हो । उसले आफ्नो पतिको वेवास्ताका कारण अरू कसैको हातबाट मर्नुपरेको छ । मञ्जुले विश्वास गर्दा प्रेममा धोका पाएकी छ । जीवनमा एक पछि अर्को गर्दै धेरै धोका पाएकी मञ्जु  अभागी नारी हो । उपन्यासमा मञ्जु बाास जस्ता डनहरूको शिकार भएकी छ । उसले धेरै विश्वास गर्दा दुःख पाएकी छ । समग्रमा उसलाई असल सोझी, पतिव्रता तथा अर्कालाई धेरै विश्वास गर्ने र अल्पायुमै आफ्नो अमूल्य जीवन गुमाउने नारीको रूपमा चिनिन्छ । उपन्यासमा मञ्जुको केन्द्रीय भूमिका रहेको छ ।

## उपन्यासका सहायक पात्रहरू

### प्रहरी निरीक्षक प्रताप

प्रताप पनि यस उपन्यासको सहायक पुरुष पात्र हो । नेपाल सरकारद्धारा भरतपुर थानामा खटिएको प्रताप यस उपन्यासमा मुख्य पात्र नवीनलाई सहयोग गर्ने पात्र हो उ टाउकोमा टोपी लगाएर जााड पिएर हिड्छ । हेर्दा जड्याहा जस्तो देखिने प्रताप धुम्रपान, मध्यपान जस्ता कुलतमा लागेपनि आफ्नो काम भने समयमा गर्ने र आफुभन्दा ठुला व्यक्तिको आदेश मान्ने कर्तव्यनिष्ठ व्यक्ति हो । देश र जनताको लागी जस्तोसुकै काम गर्नपनि तत्पर प्रताप दिन रात नभनी आफ्नो काममा लाग्ने व्यक्ति हो । प्रतापले यस उपन्यासमा मञ्जुको हत्यारा पत्ता लगाउनको लागी नवीनलाई हरतरहले सहयोग गरेको छ । मञ्जुको हत्याको विषयमा नीरबहादुर जस्ता व्यक्तिलाई वीच वीचमा ठानामा उभ्याउन लैजाने प्रताप एउटा चतुर बलवान र साहसी जासुस हो । जााड खाएर आखाा राता राता बनाई हिडे पनि उसले आफ्नो कार्यलाई छाडेको छैन । प्रतापको निरन्तर खोजी र नवीनको चातुर्यले नै अत्याराको पत्ता लागेको छ । यस उपन्यासमा प्रताप, नवीनलाई सहयोग गर्ने सहयोगी, मेहनती, जुझारु तथा कर्तव्यनिष्ठ व्यक्तिको रूपमा चिनिन्छ ।

### नरवीर

नरवीर यस उपन्यासको सहायक पुरुष पात्र हो । अरूको काम गरेर खाने नरवीर माझीको छोरा हो । माछा मार्ने शिलशिलामा जाल हान्दा मञ्जुको लाश फेला पारेको नरवीर सोझो तथा असल पात्र हो । धुकधुकी मात्र रहेको मञ्जुको शरीरलाई अस्पतालमा पुऱ्याएर अर्काको ज्यान बचाउने हेतुले सहयोग गरेको नरवीर पुलिस जासुसको पनि शंकाको व्यक्ति भएको थियो । मञ्जुको हत्याको सम्बन्धमा केही थाहा नपाएको नरवीर एउटा सोझो कामदार हो । महिनाभरि काम गरेर जम्मा तीस रूपैया हात पार्ने नरवीरलाई खान पनि

मुश्किल पर्छ । मञ्जुको शवलाई पत्ता लगाई प्रशासकलाई सहयोग पुऱ्याउने नरवीर एउटा परिश्रमी, मेहनती तथा इमान्दार कामदार हो ।

उपन्यासमा सुरुको भागमा देखापरी पछि देखा नपरेको नरवीरले उपन्यासमा सहयोगीको भूमिका खेलेकाले उसलाई सहायक पात्रको रूपमा लिइएको छ । नरवीरलाई माझीको संस्कृतिको संरक्षण गर्ने व्यक्तिको रूपमा पनि लिन सकिन्छ ।

### वीरबहादुर

वीरबहादुर यस उपन्यासको सहायक पुरुष पात्र हो । यस उपन्यासमा रारा होटल एण्ड बारको काउन्टर क्लर्क भनेर चिनिने वीरबहादुर मञ्जुको दाइको साथी हो । मञ्जुको हत्याको सम्बन्धमा सबै कुरा थाहा पाएको वीरबहादुर वौसको चेला हो । मञ्जुको हत्या वाासले नै गरेको हो  भन्ने कुरा थाहा पाएर पनि वाासको डरले नभनेको वीरबहादुर पनि यस उपन्यासमा नराम्रा काममा हात हाल्ने व्यक्ति हो । नेपालको बोर्डर क्षेत्रबाट भारततर्फ निर्यात हुने चोरी शिकारीका वस्तुहरू निर्यात गर्ने काममा लागेको वीरबहादुर पहिला अरूको घरमा काम गर्ने व्यक्ति हो । वाासको संगतले नोकरबाट मालिक बनेको वीरबहादुर विश्वासमा घात गर्ने व्यक्ति हो । अपराधीहरूलाई साथ दिने वीरबहादुरलाई उपन्यासमा चितौनको बाघ भनेर चिनिन्छ । मञ्जुले विश्वास गरी दिएको किताबलाई पुलिस प्रशासककहाा नबुझाईकन अपराधीलाई दिएर उसले अपराधीको साथ दिएको छ । बाहिर आफ्नो बहिनीजस्तो व्यवहार गरी अन्तमा मञ्जुलाई साथ नदिई वाासलाई साथ लिएको वीरबहादुर विश्वासघाती पात्र हो । पैसाको लागी जस्तोसुकै काम गर्न पनि तत्पर व्यक्ति हो । उसले पैसाको लागि मञ्जुलाई साथ नदिई अपराधी वाासलाई साथ दिएको छ । समग्रमा वीरबहादुरलाई उपन्यासमा अपराधी, विश्वासघाती र नराम्रा काममा हात हाल्ने व्यक्तिको रूपमा चिनिन्छ ।

### डा. निलमणि शर्मा

उपन्यासको सहायक पुरुष पात्रमध्ये डा. निलमणि शर्मा पनि एक हो । उपन्यासमा मञ्जुको पति नभई डा. निलमणिको नामले प्रशिद्ध भएको निलमणि वास्तवमा मञ्जुको पति हो । मञ्जुलाई सानै उमेरमा विवाह गरी पछि पढेर डाक्टर भएको निलमणि विश्वासघाती तथा धोकेवाज पात्र हो । आफ्नै पत्नीलाई घरमा नोकर बनाएर राखेको डाक्टरले अर्को स्वास्नी विवाह गरेर मञ्जुको पतिभक्ति त्याग गरेको छ । निलमणिको नराम्रो कामको फाइदा उठाएको डा. पोपलाल तथा वाासले आफ्नै साथीको पत्नीको हत्या गरेको छ । यस उपन्यासमा निलमणिलाई विश्वासघाती, धोकेवाज अरूको अधिकार हनन् गर्ने तथा समाजमा विकृति फैलाउने व्यक्तिको रूपमा चिनिन्छ । उपन्यासमा सहयोगी भूमिका खेलेको शर्मा उपन्यासको सहायक पात्र हो ।

### उपन्यासका गौण पात्रहरू

उपन्यासमा प्रसङ्ग आएको तर खासै भूमिका नभएको पात्रहरूलाई उपन्यासको गौण पात्र भनिन्छ । यस उपन्यासमा आएका वाास, (उपन्यासको अन्त्यमा मात्र हत्यारा हो भनी थाहा भएको व्यक्ति) डा. निलमणिको श्रीमती, नरवीरको श्रीमती, नीना, स्कुले केटाहरू, अस्पतालका धाइ आदिलाई यस उपन्यासमा गौण पात्रको रूपमा लिइएको छ ।

## घ)  परिवेश

**नारायणगढ हत्याकाण्ड** उपन्यास नारायणी अञ्चल र लुम्बिनी अञ्चलको सेरोफेरोमा रचिएको छ । उपन्यासमा वर्तमान नेपाली समाजमा भएको अपराधको चित्रण भएको छ । यसको परिवेश व्यापक छ । उपन्यासमा घटेको घटनाहरूलाई हेर्दा करिब तीन, चार वर्ष भित्र नै अपराधको घटना घटेको छ । यस उपन्यासमा समकालीन, हिन्दी र नेपाली सिनेमाको जस्तो अपराधीहरूको डरलाग्दो उपस्थिति अनि त्यसको अन्त्य अति साहसपूर्ण भएको छ । यस उपन्यासमा सहरी परिवेशको चित्रण भएको छ । यसको परिवेश भयानक छ । उपन्यासमा भरतपुर, नारायणगढ, विराटनगर, नेपालगञ्ज तथा सीमाक्षेत्रमा पर्ने सबै ठाउाहरू परिवेशका रूपमा आएका छन् । आपराधिक विषयवस्तुसाग सम्बन्धित घटना भएकाले यस उपन्यासमा प्रयोग भएका वाक्यहरूबाट जस्तै: यसको परिवेश भयानक भएको जानकारी हुन्छ । भयंकर चिच्याहट र कोलाहल मच्चियो । त्यहाा मृत्युका बाजका स्वरहरू गुञ्जिए त्यस भयंकर जंगलको वातावरणमा पछीहरू उडे पर ---- पर । जनावरहरूले तर्सिदै कान उठाए ।[४]

उपन्यासमा आएका होटल एण्ड बार होटल रोमान्स, विमानघाट, अस्पताल, नारायणगढ आदि ठााउहरूको प्रयोगले उपन्यासमा सहरी परिवेशको चित्रण गरेको छ । नेपालको बोर्डर क्षेत्रमा हुने हत्या, हिंसाको घटना, प्रेमको नाउामा आएको विकृति, जिउधनको असुरक्षा तथा आफ्नै मानिसबाट भएको विश्वासघातको वातावरण पनि यस उपन्यासको परिवेशको रूपमा आएको छ । उपन्यासको बीच भागमा नै प्रमुख पात्र वा नायिकाको हत्या, भएको छ । यसरी अपराधीहरूको उपस्थितिले उपन्यासमा कठीन वातावरणको सिर्जना भएको छ ।

## ङ उद्देश्य

**नारायणगढ हत्याकाण्ड** उपन्यासको मुख्य उद्देश्य नेपालमा विध्यमान अपराधहरूको निमूर्ल पार्नु, अपररधीहरूलाई हतोत्साहित गर्नु र पुलिसको सफलता देखाउनु हो । त्यस्तै उपन्यासको माध्यमबाट विभिन्न व्यक्तिहरूको चरित्र देखाउनु तथा नेपालको बोर्डर क्षेत्रमा हुने अपराधको भण्डाफोर गर्नु पनि यस उपन्यासको उद्देश्य हो । वर्तमान नेपाली समाज, स्थान र भाषाका माध्यमद्वारा नेपालको सीमाक्षेत्रमा हुने अपराधहरूको यथार्थ चित्रण गर्नु पनि यस उपन्यासको उद्देश्य हो । आफ्ना मान्छेबाट अपहेलित भएपछि सबैको तर्फबाट हेला भइन्छ भन्दै मञ्जुले पाएको सास्तीलाई देखाउनु पनि यस उपन्यासको उद्देश्य हो ।

यस्तै अपराधीले खेलेको खेल भन्दा पुलिसले खेलेको खेल सावधानीपूर्वक हुन्छ । भनी पुलिसले खेलेको चलाखीपूर्ण खेललाई देखाउनु पनि उपन्यासको उद्देश्य हो । अपराधको विरुद्ध पुलिसले खेलेको खेल, अपराधीको खेल र पुलिसको खेलमा पुलिसको सफलता देखाइ पुलिसमा हुने इमान्दारीताको परिचय दिनु पनि यस उपन्यासको उद्देश्य हो । अपराध विषयक घटना भएपनि यस उपन्यासका माध्यमबाट पाठकहरूलाई मनोाञ्जन दिनुका साथै रोचकता प्रदान गर्नु पनि उपन्यासको उद्देश्य हो । यसबाट के थाहा हुन्छ भने यस उपन्यास रुचिकर हुनाले नेपाली पाठक बढाउने काम गरेको छ । यसलाई उपन्यासको सकारात्मक पक्षको रूपमा लिन सकिन्छ । त्यस्तै सामाजिक यथार्थभन्दा बाहिर काल्पनिक कुरा धेरै भएकोले पाठकवर्गमा नचाहिदो भ्रम पर्नु यसको नकारात्मक पक्ष हो ।

## च) भाषाशैली

[४] प्रेम कैदी, **नारायणगढ हत्याकाण्ड**, (काठमाण्डौं : यत्ति जेबी पुस्तक भण्डार, २०३०), पृ ३० ।

**नारायणगढ हत्याकाण्ड** उपन्यास सरल भाषाको प्रयोगद्धारा लेखिएको छ । अधिकांश ठाउमा वर्णनात्मक शैली र केही ठाउमा संवादात्मक शैलीको प्रयोग गरिएको यो उपन्यासमा नरवीर र नरवीरको पत्नीको बीचको संवाद, अपराधी र अस्पतालका धाइवीचको संवाद प्रस्तुत भएको छ, जस्तैः

नरवीरकी पत्नी - ओइ बाबा रक्सी त ल्याा र आ छौ मासु पनि ल्या र आउनुपर्दैन ?

नरवीर - रात पर्न लाग्दा पनि मासु कताबाट पाउनु नि ?[५]

अस्पतालको धाई - यहााहरूके कामले आउनुभयो ?

बाबाजी - एक शब्द पनि मुखबाट निकाल्यौ भने तिमीहरू दुइटै नरकको ढोकामा उभिन पुग्नेछौ ।[६]

त्यस्तै यस उपन्यासमा आदेशात्मक भाषाको पनि प्रयोग भएको छ, जस्तै :

नवीन - श्रीमान मृत्युका मुखमा पनि पछि हट्ने छैन, यदि नेपाल र नेपालीको हित हुन्छ भने ।[७]

त्यस्तै यस उपन्यासमा ठाउ र प्रसङ्ग अनुसार ठाउ ठाउमा आफ्नो देशको काग प्यारो, पगडी पाउने रामे चोट पाउने च्यामे, भारी बोक्ने गधा पैसा खाने धोबी जस्ता उखानको पनि प्रयोग भएको छ ।[८]

यस उपन्यासमा आपराधिक कियाकलाप धेरै भएकाले यसमा अपराधीहरूको कोड नामको प्रयोग गरिएको छ । जस्तै मि. याक्स, मेजर, बाास, गौरी आदी उपन्यासमा अपराधिक कियाकलापको सूचना दिने शब्दावलीको पनि प्रयोग भएको छ । जस्तै प्रहरी, सर्जन, हत्या, जासुस, गिरफ्तारी सायरन, फोटोग्राफर आदि । नारायणगढ हत्याकाण्ड उपन्यासको भाषाशैली कतै संवादात्मक छ भने कतै वर्णनात्मक छ । सरल र सहज भाषा शैलीको प्रयोगले उपन्यास सुबोध्य छ ।

## ५.३ कैदीका फुटकर कथाहरूको अध्ययन

नेपाली साहित्यको क्षेत्रमा विशेषतः आख्यानकारका रूपमा चिनिएका प्रेम कैदीका कथाहरू विभिन्न विषयलाई आधार बनाएर रचिएका छन् । उनले लामा र छोटा गरी दुवै थरीको कथाहरूरचना गरेका छन् । उनका केही कथाहरू सामाजिक यथार्थवादी छन् भने केही कथाहरू प्रगतिवादी उन्मुख तथा आञ्चलिक र क्रान्तिकारी छन् । उनका अधिकाश कथाहरूमा निम्नमध्यमवर्गीय तथा निम्नवर्गीय मानिसका पीडाहरूर उनीहरूले जीवनयापनका सन्दर्भमा गर्नुपरेका सङ्घर्षहरूलाई आधार मानिएको छ । उनका केही कथाहरूमा स्थानीय भाषाको प्रयोग भएकाले भाषिक भिन्नता पनि पाइन्छ । समाजमा महिला र पुरुष बीचको भेद तथा जातजाती बीचको अन्तर र वर्गगत भेदलाई पनि उनका कथामा अभिव्यक्त गरिएको छ । उनका कथाहरूले निम्न मध्यम वर्गीय परिवारका विभिन्न पक्षहरूलाई उजागर गरेको छ । पात्रहरूस माजमा विद्यमान, अन्याय, अत्याचार, शोषण

[५] ऐजन पृ ५० ।

[६] ऐजन पृ ६० ।

[७] ऐजन पृ ६२ ।

[८] ऐजन पृ ६२ ।

दमनबाट मुक्ति खोजिरहेका छन् । अधिकांश कथामा ग्रामीण परिवेशलाई आधार बनाइएको छ भने थोरै कथामा राजधानी काठमाडौंको परिवेश आएको छ । उनका कथाहरूविशेषत पञ्चायतकालीन राज्यव्यवस्थामा जनताहरूले भोग्नुपरेको राजनैतिक, सामाजिक तथा प्रशासनिक समस्यालाई आधार मानेर लेखिएका छन् ।

### ५.३.१ नलेखिएको कथाको अध्ययन

#### (क) शीर्षक विधान

यस कथामा कथाकारले समाजमा विद्यमान बालशोषण, धनी र गरीब बीचको भएको भिन्नता, नेपालमा भित्रिएको पाश्चात्य संस्कृतिको विरोध गरेका छन् । सहिदहरूले देशको लागि बगाएको रगतको मूल्य नभएको तथा सहिदहरूको सपना पूरा नभएको जस्ता विविध पक्षको बारेमा कथा लेख्ने कल्पना गर्दा गर्दै दिनहरू बितेको प्रसङ्ग कथामा आएकाले कथाको शीर्षक नलेखिएको कथा सान्दर्भिक बनेको छ ।

#### (ख) कथावस्तु

प्रेम कैदीको पहिलो कथा **नलेखिएको कथा**को कथावस्तुलाई हेर्दा 'म' पात्रको जीवनमा घटित घटनासागै कथानक अगाडि बढेको छ । 'म' पात्र एउटा विद्यार्थीको रूपमा राजधानीमा पढ्न बसेको छ । काठमाडौको महङ्गी, यहााका स्थानीय नेवार जातिहरूले भाडामा बस्ने पहाडियाहरूलाई गर्ने व्यवहार, उनीहरूको कठोरपनको वर्णन एकातिर छ भने अर्कोतिर भविष्यका कर्णधार मानिएका बालबालिकाहरूलाई होटलमालिकहरूले गरेको श्रमशोषण पनि यस कथामा व्यक्त गरिएको छ । यो कथाको शीर्षक नै **नलेखिएको कथा** भएको हुनाले कथाकारले मानिस मानिस बीचको भेदभाव, धनी र गरीब बीच भएको अन्तर तथा काठमाडौमा भित्रिएको पाश्चात्य अपसंस्कृतिको विरोध तथा साना साना बालबालिका माथि मालिकहरूले गर्ने दुर्व्यवहारलाई सहन नसकेर 'म' पात्रले कथा लेख्न अगाडी बढ्दा बढ्दै बिहान बितेको प्रसङ्ग यस कथामा व्यक्त भएको छ । त्यस्तै यस कथामा देशको लागि ज्यानको बाजी थापेर आफ्नो जीवन अर्पण गरेका सहिदहरूको सपना पूरा नभएको तथा उनीहरूलाई केवल तस्वीरमा मात्र सीमित राखेर कुरा पनि यस कथामा व्यक्त भएको छ । सहिदहरूले देशको लागि गरेको कामलाई आजका देश चलाउने व्यक्तिहरूले बिर्सेकोले भित्तामा टाासेका तस्वीरहरूले पनि केही भन्न खोजेजस्तो आभास 'म' पात्रमा भएको कुरालाई यस कथामा व्यक्त गरिएको छ । यस कथामा एकातिर राजधानीका होटल मालिकहरूको शोषकीय प्रवृत्तिको चित्रण गरिएको छ भने अर्कोतिर गरिब वर्गको विवशता देखाइएको छ ।

#### (ग) पात्र वा चरित्रचित्रण

यस कथामा मूल पात्र एकजना मात्र छ भने सहायक पात्रको रूपमा ठूले ज्यापु, होटल मालिक, रामे र शंकर, बाबुसाहेब, मैयासाहेब आदि रहेका छन् । गौण पात्रको रूपमा साहुकी कान्छी छोरी र अर्धनङ्गा गोराहरू छन् । यस कथाको कथानक 'म' पात्रको केन्द्रीयतामा अगाडि बढेकोले कथामा 'म' मात्रलाई मुख्य पात्र मानिएको छ । ठूले ज्यापु, होटल मालिक, रामे र शंकर आदि पात्रले कथालाई अगाडी बढाउनको लागि सहयोग गरेकाले यिनीहरूलाई सहायक पात्र मानिएको छ । साहुकी कान्छी छोरी र विदेशीहरूको यस कथामा खासै भूमिका नभएकाले यिनीहरूलाई गौण पात्रको रूपमा लिइन्छ ।

कथामा 'म' पात्रलाई एउटा असल, देशभक्त नागरिकको प्रतीक, ठूले ज्यापुलाई घर भाडामा दिने मालिक वा कठोर मन भएको मानिसको प्रतीकको रूपमा वर्णन गरिएको छ ।

होटल मालिकलाई श्रमशोषण गर्ने व्यक्तिको प्रतिक रामे र शंकरलाई साहुको लागि आफ्नो शरीर नै अर्पण गर्ने नोकरको प्रतीकका रूपमा वर्णन गरिएको छ । साहुकी कान्छी छोरी र बिदेशी जोडीलाई पाश्चात्य संस्कृति भित्रायाउने व्यक्तिका रूपमा वर्णन गरिएको छ । यस कथाका पात्रहरू वर्गीय छन् ।

## (घ) परिवेश

कथामा 'म' पात्रले जीवन जिउने क्रममा आएका बिभिन्न घटनाको समय हेर्दा सं. २०२७ सालतिरको जाडो मौसमको पुष, माघ महिनामा घटेका देखिन्छन् । यस कथामा 'म' पात्रले निम्नवर्गीय जीवनका कठिनाइहरूलाई अभिव्यक्त गरेका छन् । खाल्डो, डालो तरकारी, पाइखाना, भगवतीथान आदिको परिवेश देखिए पनि यस कथाको मुख्य घटना घटित भएको परिवेश चााहि काठमाडौाको राजधानी नै हो । दैनिक कार्यमा प्रयोग हुने सामग्री आदिदेखि लिएर समस्त ठाउा नै कथाको परिवेशको रूपमा आएका छन् । दैनिक स्नान, चिया खाने, टेबुल, कापी, कलम कुर्सी, पत्रिका पढ्ने आदि प्रसङ्गले एउटा विद्यार्थी जीवनको झल्को दिएको छ । कथामा होटल, मन्दिर, सडक, मोटरसाइकल, गाडी, पर्यटक, मालिक ज्यापु, डेरा भाडा, नारानथान, वालुवाटार आदि वस्तु तथा ठाउाहरूको प्रयोगले सहरी परिवेशको चित्रण भएको छ । यस कथाको परिवेश नेपालको राजधानी काठमाडौामा केन्द्रित भएकाले यो कथा आञ्चलिक कथा हो । यस कथामा राजधानीको महङ्गी, यहााको वातावरणीय प्रदुषण, रामे र शंकर जस्ता बालबालिका माथि होटल मालिकले गर्ने दुर्व्यवहार, गालीगलौज, राजधानीको खेती गर्ने प्रथा आदि पनि कथाको परिवेशका रूपमा आएका छन् ।

## (ङ) भाषाशैली

प्रस्तुत कथा 'म' पात्रको वर्णनमा आधारित छ । यहाा प्रयोग भएको भाषा सहरी जनजीवनमा बोलिने भाषा हो भने ठाउा-ठाउामा मालिकले नोकरलाई गर्ने गालीगलौज तथा भाषाको पनि प्रयोग भएको पाइन्छ । जस्तैः "ता मोरो चोर ! हरामीलाई हामी कहाा जान्छन् । जुन चोर उसैको ठूलो स्वर । छिटो गर फेरि घाम लाग्यो भने विरुवा लगाएको ठीक हुादैन" ।[९] कथामा राजधानीमा घर भाषामा लगाउने घरमालिकहरूले बोल्ने भाषाको पनि प्रयोग भएको छ । जस्तै : "क्या हो काजी आज २ गते भइसक्यो । डेरा भाडा चाहियो । बत्तिको पैसा पनि तिर्नु छ भन्यो भने साहु कन्जुस छ भन्छ । दुई दुई दिन त म चुप लागे अब" … ।[१०] सरल पद पदावलीको प्रयोग गरी सरल वाक्य गठन भएको कारण कथा बोधगम्य बन्न पुगेको छ । सामान्यतया कथाको आरम्भ, उत्कर्ष र अन्त्य समान रूपले अघि बढेको छ । वर्णनात्मक शैलीको प्रयोग भएकाले कथनपद्धति र शिल्पगत आधारमा कथाको आयाम निर्धारित भएको देखिन्छ ।

राजधानीमा बोलिने भाषामा लेखिएको प्रस्तुत कथामा तत्‌मव शब्दको प्रशस्त मात्रामा प्रयोग भएको छ । जस्तै : भाडा, चित्र, सागपात, डेरा, झ्याल, भोटो, लागाटी, सिरक, कुर्सी, टेबुल, कापी आदि । समग्रमा भन्नुपर्दा नलेखिएको कथाको भाषाशैली वर्णनात्मक किसिमको छ । सरल सहज र सुबोध किसिमको भाषा शैलीले कथा सुबोध्य बनेको छ ।

## (च) दृष्टिविन्दु

---

[९] प्रेम कैदी, "नलेखिएको कथा", **मातृभूमि साप्ताहिक**, (वर्ष ६, अङक ८, २०२६), पृ. ९ ।

[१०] ऐजन पृ. १० ।

यस कथामा ‘म’ पात्रको केन्द्रीयतामा कथा अगाडि बढेकाले प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । जस्तै : “म त्यहाा टिक्नै नसकेर दौडिहाल्छु । कोठातिर कथा लेख्न । कोठामा आएर कथा लेख्छु भनी कलम मात्र च्याप्छु तर त्यस्तो कथा लेख्न ममा सामर्थ आउदैन जुन कथा मैले पढेको पत्रिकामा छ आदि” ।[११] यदि यस कथामा ‘म’ पात्रबाट कथा सुरु भएर ‘म’ पात्रको कथनमा नै अन्त्य भएकाले कथा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भइ रेखीय ढााचामा अगाडि बढेको छ ।

### (छ) उद्देश्य

यस कथा लेखनको उद्देश्य मूलतः राजधानीमा अध्ययन गर्नको लागि बसेका विद्यार्थीहरूले भोग्नुपरेका समस्याको चित्रण गर्नु हो । त्यस्तै राजधानीका होटलहरूमा काम गर्ने शोषित पीडित बालबालिकाहरूको चित्रण गर्नुका साथै ठूलाले सानालाई गर्ने व्यवहार र पाश्चात्य अपसंस्कृतिको बिरोध गर्नु हो ।

### (ज) निष्कर्ष

विशेषतः राजधानीको परिवेशलाई आधार बनाएर लेखिएको यो कथा कैदीको आञ्चलिक कथा हो । यो कथा सरल भाषाशैलीमा लेखिएको हुनाले सामान्य पाठकले पनि बुझ्न सक्छन् । यस कथामा सूक्ष्म रूपमा क्रान्तिकारी पक्षलाई पनि समावेश गरिएको छ ।

## ५.३.२ खिर खाने बिहान कथाको अध्ययन

### (क) कथावस्तु

**खिर खाने बिहान** कथा कैदीको आञ्चलिक कथा हो । यस कथामा कर्णालीको समाज, त्यसका भित्री अभाव त्यहााको बालबालिकाको मीठो खाने र राम्रो लाउने रहरमा दिनहरू बितेको प्रसङ्गलाई व्यक्त गरिएको छ । यस कथामा कथाकारले कर्णालीको एउटा सभ्य परिवार मानिने अथवा धनी परिवार मानिएपनि त्यस परिवारका केटाकेटीले सिस्नो खाएर जीवन जिउनुपरेको तथा खिर खाने सपना देखेको दुःखदायी स्थितिको वर्णन गरिएको छ ।

यस कथामा ‘म’ पात्रले खिर खान चाहेको तर हजुरआमाले सिस्नो पकाएर दिएको र ‘म’ पात्रले सिस्नो नखाई थाल नै फ्याकिदिएको कुरालाई यस कथामा व्यक्त गरिएको छ । ‘म’ पात्र जस्तै त्यस घरका केटाकेटी सबैले सिस्नो खाएका तर ‘म’ पात्रले चाहि नखाएको र उल्टै फ्याकिदिएकाले उसको बाबुले गोठमा परालले रातभरी बाधेर राखिदिएको प्रसङ्ग पनि यस कथामा खाएको छ । ‘म’ पात्रले रातभरी त्यस गोठमा बिताउनुपरेको र निदाएको अवस्थामा उसले कान्छी आमाले खिर ल्याएर दिएको र आफूले पेटभरी खिर खाएको सपना देखेका छन् । कथामा एउटा बालकले खिर खाने कुरालाई विपनामा नभई सपनामा पूरा गरेको दुःखदायी स्थितिको वर्णन गरिएको छ । परिवारले पनि एउटा बालकको स्वादिष्ट भोजन खाने आकाङ्क्षालाई हटाइदिएका छन् । यस कथाको माध्यमबाट कथाकारले कर्णालीको दुःखपूर्ण, सङ्घर्षपूर्ण समाज त्यहााका बालबालिकाको स्थिति र मानिसहरूको जीवनस्तरलाई देखाउन खोजेका छन् । जसमा बालकको मीठो स्वादिष्ट भोजन खाने चाहनाका आधारमा बालअधिकार तथा मानवीय पीडालाई उजागार गरिएको छ ।

### (ख) पात्र वा चरित्रचित्रण

---

[११] ऐजन पृ. १२ ।

यस कथामा पुरुष र स्त्री दुवै थरी पात्रको प्रयोग भएको छ । यस कथामा मुख्य पात्रभन्दा सहायक पात्रहरू धेरै छन् । मुख्य पात्रको रूपमा 'म' पात्र र जेठी जिया (आमा) रहेका छन् भने सहायक पात्रको रूपमा लता, सत्या, कान्छी जिया, बविता, जेठा बाबु, कान्छा बाबु आदि रहेका छन् । यसमा 'म' पात्रलाई मीठो भोजन खाने रहरमा दिन बिताएको बालकका प्रतीकको रूपमा र जेठी आमालाई ठूलो परिवारलाई पकाएर खुवाउने घरबुढी वा घरमालिकको रूपमा उपस्थित गराइएको छ । सायक पात्रहरूले कथामा सौन्दर्य थपेका छन् ।

### (ग) परिवेश

**खिर खाने बिहान** कथाको स्थानगत परिवेश राजधानीबाट टाढा मानिने तथा दुर्गम ठाउा भनेर चिनिने कर्णाली अञ्चलको बिजयपुर गाउाको सेरोफेरो हो । यस कथामा कर्णालीको समाज, त्यहााका भोका नाङ्गा व्यक्तिहरूको चित्कार, त्यहााका बालबालिकाहरूको स्वादिष्ट भोजन चाहने आकाङ्क्षा आदिलाई यस कथाको परिवेशका रूपमा लिइएको छ । कणार्लीका गाउावेसी, भीरपाखा, गाईगोठ, भेडागोठ, घोडाबगर कर्णाली किनारको गाउा आदि पनि यस कथाको परिवेश बनेको छ ।

### (घ) भाषाशैली

यस कथामा स्थानीय भाषको बाहुल्य छ । यसमा कर्णालीका मानिसहरूले बोल्ने भाषाको प्रयोग भएको छ । स्थानीय भाषाको प्रयोग भएकोले हुनाले अरू क्षेत्रका मानिसहरूले यो कथा बुझ्न गाह्रो पर्छ, जस्तै : "अझ पिरिम्याकन नखान्या खडी भयो छ । सपै टवाटकी सप्सप खाादा कस्तो छ क्या हो गोठजान्या बाकिनी जोओ खाादै नै खलखल ? मान्छे राब्लो खाएर सानो हुन्छन् ?[१२] स्थानीय जनजिब्रोको भाषाको माध्यमबाट कथा लेखिएको हुादा कथा कठिन भएको छ । यो कथा कथाकारको अतीतको संस्मरणमा सिर्जना भएको छ । यसको कथावस्तु 'म' को केन्द्रीयतामा अगाडि बढेको छ । कथामा आत्मपरक शैलीको प्रयोग भएको छ ।

### (ङ) दृष्टिविन्दु

प्रस्तुत कथा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरेर लेखिएको छ । 'म' पात्रको संस्मरणलाई समग्र कथानक बनाएर अगाडि बढेको यस कथामा 'म' को संस्मरणसागै अनेक चरित्रहरू देखा परेकाले प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग छ भन्न सकिन्छ । जस्तै "म दिन भरि काइलो दाइसाग भेडाका गल्जा चराउन गएको पनि थिए । म वाक्क भएको छु । रिस देखाउन खुट्टाले थाल चुलातिर रडाइदिन्छु । म भात खेलाउादै थाल बाहिर पनि केही भात छरिदिन्छु" ।[१३]

### (च) उद्देश्य

**खिर खाने बिहान** कथा लेखनको उद्देश्य कर्णालीको समाज, त्यसका भित्री अभाव, त्यस क्षेत्रप्रति प्रशासकले गरेको सामन्ती क्रुरता देखाउनुको साथै त्यहााका बालबालिकाहरूको मीठो स्वादिष्ट भोजन चाहने आकाङ्क्षाहरूकेवल सपनामा मात्र पूरा भएको भनि त्यसैको आधारमा बालअधिकार तथा मानवीय पीडालाई उजागर गर्नु हो ।

---

[१२] प्रेम कैदी, "खिर खाने बिहान", **बेन्नु आठौं टुसा**, (२०३६), पृ. २ ।

[१३] प्रेम कैदी, "खिर खाने बिहान", **बेन्नु आठौं टुसा**, (२०३६), पृ. ३ ।

(ज) **निष्कर्ष**

कर्णालीको परिवेशलाई आधार बनाएर लेखिएको यस कथामा स्थानीय भाषाको प्रयोग भएको छ । संस्मरणात्मक शैलीमा निर्मित यस कथामा एउटा बालकका माध्यमबाट कर्णालीको समाज र त्यहााका बालबालिकाहरूको स्थिति देखाइएको छ । एउटा बालकले खिर खाने रहरमा रातभरि आफूलाई भोकै राखेको प्रसङ्ग पनि यस कथामा आएको छ ।

### ५.३.३ कुनिकी कथाको अध्ययन

(क) **शीर्षक**

प्रस्तुत कथाको शीर्षक नै कर्णालीतिर बोलिने स्थानीय शब्दबाट निर्मित भएको छ । **कुनिकी** भन्नाले कर्णालीतिर आफ्नी भन्ने बुझिन्छ । कथामा कथाकारले आफ्नी आमालाई भन्दा पनि बढी माया कान्छी आमालाई गर्छन् । कान्छी आमाको सन्तान नभएकोले आफ्नो जीवन जीउने सहारा नै 'म' पात्र वा कथाकार हुन्छ । कथामा कथाकारको आफ्नो मान्छे वा कुनिकी कान्छी आमा हुन्छिन् भने कान्छी आमाको पनि कुनिकीको रूपमा 'म' पात्र वा कथाकार भएकाले शीर्षकको सार्थकता छ ।

(ख) **कथावस्तु**

प्रेम कैदीका कथाहरूमध्ये **कुनिकी** उत्कृष्ट कथा हो । यस कथालाई २०५२ सालमा **बगर** साहित्यिक पत्रिकाले उत्कृष्ट कथाको रूपमा सम्मान गरेको थियो । आञ्चलिक पीडालाई उजागार गर्ने कथामध्ये **कुनिकी** पनि कैदीको ख्यातीप्राप्त कथा हो । यस कथाको शीर्षक नै स्थानीय शब्दबाट बनेको छ । कर्णालीमा **कुनिकी** भन्नाले आफ्नी वा नजिकको व्यक्ति भन्ने बुझिन्छ । यस कथामा कथाकारले आफ्नी मानिने कान्छी आमाको माध्यमबाट नारीहरूले भोग्नुपरेका समस्या, जीवनका कठिनाईहरू, जीवनमा उनीहरूले गर्नुपरेका सङ्घर्षहरूलाई देखाउन खोजेका छन् ।

कथामा 'म' पात्रले आफ्नी आमालाई भन्दा कान्छी आमालाई साथ दिएको छ । ठूलो परिवारमा जन्मेको 'म' मात्र सबैभन्दा बढी माया कान्छी आमालाई गर्छन् । कान्छी आमाले पनि 'म' पात्रलाई नै आफ्नो जीवनको सहारा सम्झन्छे । 'म' पात्रकी कान्छी आमा कान्छी बुहारीको रूपमा एउटा ठूलो साझा परिवारको रातभरी जुठा भााडा, लिपपोत, आध्यारैमा पानी, उज्यालो हुनासाथ मेलापात, असार र कार्तिकमा खेतमा हिाउद औल, वर्खा, लेक, मेलापात गर्दै गोठाल्नी भएर जोतिएकी र आफ्नै पतिद्वारा हेपिएकी नारी हो । आफ्नी आमाको सन्तान धरै भएकाले आमाबाट खासै स्याहार सुसार नपाएपनि उसले कान्छी आमाबाट पाएको छ । एउटा बालकले आमा र कान्छी आमालाई समान व्यवहार गरेको, आफ्नी आमालाई भन्दा कान्छी आमालाई हरकार्यमा सहयोग गरी जीवन जिउने सहारा दिएको प्रसङ्गलाई पनि कथामा व्यक्त गरिएको छ । 'म' पात्रले कुनिकीको रूपमा कान्छी आमालाई मानेको छ ।

(ग) **पात्र वा चरित्र**

यस कथामा मानवीय पात्रका साथै मानवेतर पात्रको पनि प्रयोग भएको छ । कथामा मानवीय पात्रको रूपमा 'म' पात्र, कान्छी आमा र जिया रहेका छन् । मानवेतर पात्रको रूपमा दाडिम्या, बहड, बााक्या रहेका छन् । 'म' पात्रको भूमिका कथामा बढी छ । उसकै केन्द्रीयतामा कथा अगाडि बढेको छ । 'म' पात्र यस कथाको मुख्य पात्र हो । मुख्य पात्रको

सहारामा कान्छी आमा र जिया रहेकाले यिनीहरू सहायक पात्र हुन् । कथामा घटना भन्दा पनि मानिसको चरित्रलाई देखाइएकाले यो कथा चरित्र प्रधान कथा हो ।

### (घ) परिवेश

यस कथाको परिवेश कर्णाली अञ्चल हो । यस कथामा कर्णालीको परिवेश देखिए पनि त्यहााको मुख्य घटना घटित भएको परिवेश चााहि कर्णालीको एउटा गााउको एउटा साझा परिवार हो । दैनिक कार्यमा प्रयोग हुने सामाग्री आदि देखि लिएर समस्त परिवार नै कथाको परिवेशका रूपमा आएका छन् । बर्खा, लेक, मेलापात, गोठालो गर्ने कान्छी आमाको प्रसङ्गले एउटा नारीले गर्नुपरेका सङ्घर्षको झल्को दिएको छ । कथामा तल्लो गाउा, पारि गाउा, खर्क, बढीमालिका, खडाराती, साढे, राागा, भैसी, आदि स्थान र बस्तुहरूको प्रयोगले ग्रामीण परिवेश चित्र भएको छ ।

### (ङ) भाषाशैली

यस कथाको भाषा स्थानीय भएकाले सामान्य पाठकले बुझ्न गाऱ्हो पर्छ । स्थानीय भाषाको माध्यमबाट लेखिएको यस कथामा कर्णालीमा प्रचलित शब्दहरूको प्रयोग भएको छ। जस्तै : हहल्या, डाङ्लो, आडर, सामल सान्ज्या, ताप्न्ना, रीटि आदि । कथा 'म' पात्रको वर्णनबाट सुरु गरेर 'म' पात्रमा नै अन्त्य भएकाले आत्मपरक शैलीमा लेखिएको छ । कथामा स्थानीय शब्दका साथ साथै तत्भव शब्दको पनि प्रयोग भएको छ । तत्भव शब्दको भन्दा स्थानीय भाषाको बाहुल्यता भएकाले सामान्य पाठकको लागि जटिल भएको छ ।

### (च) दृष्टिविन्दु

यस कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ, जस्तै : "म पनि घर जान्या हौ । म जस्ता हजारौ, लाखौा, दुःखी दरिद्रहरूबााचेकै छन्" ।[१४] कथा रेखीय ढााचामा अगाडि बढेको छ । आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको यस कथामा 'म' पात्रको सेरोफेरोमा कथा केन्द्रित छ । यस कथाको आदि, मध्य र अन्त्यको संयोजन अलि कठिन छ ।

### (छ) उद्देश्य

यस कथाको उद्देश्य नारीपात्रमा भएको करुणा, माया, उनीहरूले भोग्नुपरेको जीवनका कठिनाइहरू र उनीहरूले गर्नुपरेको सङ्घर्षको चित्रण गर्नु हो ।

---

[१४] प्रेम कैदी, "कुनिकी" **समकालीन साहित्य**, (वर्ष ४ अङक ४ २०५१), पृ. ७६ ।

### (ज) निष्कर्ष

यस कथाले नारीहरूको समस्यालाई देखाएको छ । तत्कालीन समयका ग्रामीण क्षेत्रमा बसोबास गर्ने नारीका अर्न्तवेदना र पुरुषहरूले नारीमाथि गरेको विश्वासघातको पनि यस कथामा वर्णन गरिएको छ । यस कथाले शिक्षित एवम् अशिक्षित बीचको अन्तरलाई पनि सुक्ष्म रूपमा देखाउने प्रयास गरेको छ ।

## ५.३.४ बाबाको सपना कथाको अध्ययन

### (क) शीर्षक

यस कथामा १०४ वर्षीय राणा शासनबाट देश र जनतालाई मुक्ति गराउनको लागि हिडेको व्यक्ति प्रचण्डलाई राणाविरोधी भनि क्रुर यातना दिई मारेपछि उसकी २५ वर्षीय पत्नी विधवा भएकी छ । आफ्नो पतिको मृत्युपछी छोरा अर्जुनलाई पतिको इच्छा बमोजिम समाज परिवर्तनको साथ साथै समाजमा चेतना जगाउनको लागि एउटा जेहन्दार शिक्षक बनाउने सपना बोकेर छोरालाई पढाएकी छ । त्यसैले पतिको सपना पूरा गर्नको लागि छोरा अर्जुनलाई बारम्बार राम्रो बाटोमा हिड्न आग्रह गरेकोले यसको शीर्षक बाबाको सपना सार्थक भएको छ ।

### (ख) कथावस्तु

कैदीका कथाहरूमध्ये **बाबाको सपना** पनि उत्कृष्ट कथा हो । यस कथाले पनि २०५२ सालमा **बगर** साहित्यिक मासिकले गरेको सम्मान प्राप्त गरेको पाइन्छ । यस कथाको विषयवस्तु उनका अरू कथाभन्दा भिन्न खालको छ । यसको विषयवस्तु राणाकालीन समयलाई आधार बनाएर लेखिएको छ । राणाहरूले सामान्य जनतामाथि गर्ने अन्याय, अत्याचार, सामन्ती शासन र जनतामाथि शोषण गर्ने प्रवृत्तिको विरोध कथामा गरिएको छ । नेपालको दुर्गम पहाडी जिल्लामा जन्मेर केही शिक्षा हाासिल गरी आफ्नो देश र जनताको लागि हिंडेको व्यक्ति प्रचण्डलाई राणाविरोधी भनी क्रुर यातना दिई मारेको एउटा दुःखदायी घटनालाई यस कथाको विषयवस्तु बनाइएको छ ।

यस कथामा परिवर्तनका लागि होमिने परिवारको स्थिति देखाइएको छ । १०४ वर्षीय जरा गाडेर बसेको राणाशासनको पन्जाबाट मुक्ति गराउने उद्देश्यले हिडेको प्रचण्डको निर्ममतापूर्वक हत्या गरिएको छ । ठूला ठूला व्यक्तिको सम्मानमा सांस्कृतिक कार्यक्रम गराउनको लागि भनेर भाग लिन गएका कलिला बालिकाको बलात्कार भएको छ । सत्य कुराको पक्षमा आवाज उठाउने व्यक्तिलाई गोलि हानि बालकहरू टुहुरा भएका छन् भने लाउखाउाको उमेरका युवतीहरूविधवा भएका छन् । छोराको सुनौलो भविष्य चाहेका आमाबाबुहरू नैराश्यमा परी आासु झारेर दिन बिताइरहेका छन् । शिक्षकजस्तो मर्यादित पेसामा रहेर काम गरेको व्यक्ति प्रचण्डलाई गोली हानि हत्या गरेको छ । प्रचण्डको एउटा छोरा छ । उ ६/७ वर्षको उमेरमा प्रवेश गरेको छ । उसकी आमा उमेरमानै विधवा भएकी छ भने बैदार बुढा र बैदारनी आमा छोराको मृत्युपछि भाव विह्वल भएर दिन बिताएका छन् । छोराको मृत्युपछि नाती अर्जुनलाई शिक्षक बनाउने सपना बैदार बुढाले देखेका छन् भने बुहारी पनि अर्जुनलाई आफ्नो पतिको इच्छा बमोजिम शिक्षक नै बनाउने सपना बोकेर घरमा राखेको शिक्षकलाई पठाइदिन अनुरोध गरेको प्रसङ्ग पनि यस कथामा आएको छ ।

देश र समाज परिवर्तनका लागि हिडेको आफ्नो पतिको सपना पूरा गर्नका लागि अर्जुनकी आमा लागि परेको प्रसङ्ग एकातिर छ भने अर्कोतिर जनमेजय शिक्षक लगायत

अरू शिक्षकहरू प्रचण्डले हिडेको बाटोमा हिंडन तयार भएको प्रसङ्ग पनि यस कथामा प्रस्तुत भएको छ ।

### (ग) पात्र वा चरित्र

यस कथामा पुरुष पात्र र स्त्री पात्र दुवै थरी पात्रको प्रयोग भएको छ । यस कथामा मुख्य र सहायक दुवै थरी पात्रको उपस्थिती छ । मुख्य पात्रको रूपमा 'म' पात्र र प्रचण्ड रहेका छन् भने सहायक पात्रको रूपमा शिक्षक, जनमेजय, विधवा, बैदार बुढा र अर्जुन रहेका छन् । गौण पात्रको रूपमा बैदारनी बुढी रहेकी छन् । यस कथामा निहित पात्रहरूले विशुद्ध ग्रामीण नेपालीहरूको चित्र प्रस्तुत गरेका छन् । यस कथाका पात्रहरू क्रान्तिकारी, जुझारु र समग्रमा भन्दा जनवादी प्रवृत्ति भएका छन् । देश र जनताको मुक्तिको लागि आफ्नो जीउ ज्यानै दिने खालका पात्रहरूको यस कथामा उपस्थित भएको छ । सबै पात्रहरू स्वावलम्बी, मेहनती र कर्तव्यपरायण देखिन्छन् ।

### (घ) परिवेश

यस कथाको परिवेश तत्कालीन राणाकालीन समय हो । राणाशासनबाट पीडित भएर, राणाहरूको शोषण र दमनबाट थिचिएर आफ्नो ज्यान नै गुमाउनुपरेको र बाध्यतावस देश अनि परिवारको मायाबाट वञ्चित हुनुपरेको ग्रामीण युवाको चित्रण यस कथामा भएको छ । सेती किनारमा व्याप्त नेपाली संस्कारको अनि पुरुषप्रधान समाजको पनि कथामा चित्रण भएको छ । दुर्गम पहाडी जिल्ला भएपनि त्यहााको वातावरण सौहार्द छ । त्यहााका मानिसहरूमा शिक्षाविना नेपाली समाजको उन्नति हुादैन, सबै तन्नेरीहरू शिक्षक हुनुपर्छ भन्ने धारणा विकसित भएको छ । यस कथाले ग्रामीण क्षेत्रलाई आफ्नो परिवेश बनाएको छ ।

### (ङ) भाषाशैली

**बाबाको सपना** कथा सामाजिक यथार्थवादी भएको कारण अनेक व्यक्तिहरूको व्यक्तिगत बोलिको समायोजन भएको छ । यस कथामा स्थानीय भाषाको प्रयोग नभई नेपाली भाषाको नै प्रयोग भएको छ । नेपाली तत्भव शब्दहरूको प्रयोग भएकाले कथा सरल र बोधगभ्य भएको छ । जस्तै शिक्षक, बिधवा, संस्कार, नोकरी आदि । बालसुलभ भाषाको पनि ठाउा ठाउामा प्रयोग भएको छ । जस्तै "सर ज्युनार तयार भयो" ।[१५] कथामा 'म' पात्रको केन्द्रीयतामा कथा अगाडि बढेकाले आत्मपरक शैलीको प्रयोग भएको छ ।

### (च) दृष्टिविन्दु

यस कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग हुनाका साथै कथा रेखीय ढााचामा अगाडि बढेको छ । जस्तै, "मलाई त जापान वा कोरिया जान पाएको भए पनि राम्रो हुन्थ्यो । तर आमा संधै पढ्न दबाब दिन्थिन् । त्यसैले मैले जेनतेन बी.ए. उत्तीर्ण गरेर अगाडि पढ्न आर्थिक कमजोरीले पटक्कै नसक्ने भएपछि शिक्षकको जागिर खोज्दै हिाड्नुपर्‍यो" ।[१६] आदि

---

[१५] प्रेम कैदी, "बाबाको सपना", **समकालीन साहित्य**, (वर्ष ८ अङक २ २०५५), पृ. ४५ ।

[१६] ऐजन पृ. ४२ ।

(छ) **उद्देश्य**

राणाकालीन समयमा जनताहरूले पाएको शास्ती, त्यस बेलाको प्रशासनले गरेको अन्याय अत्याचार, गरिब, निमुखा जनताहरूले जिउादै मरेको लासजस्तो बिताउनुपरेको जीवनलाई प्रस्तुत गर्नु यस कथाको उद्देश्य हो ।

(ज) **निष्कर्ष**

परिवर्तनका लागि होमिने परिवारले तत्कालीन समयका राणा प्रशासकहरूका तर्फबाट पाएको सास्तीलाई आत्मपरक शैलीमा व्यक्त गरिएको यो कथा सरल भाषाशैलीमा लेखिएको छ । यसमा एउटा बालकलाई आफ्नो बाबाको सपना पूरा गराउनको लागि परिवारका सबै सदस्यहरूबाट प्रयास गरिएको छ । यस कथामा सबै पात्रहरूमुक्तिको बाटो खोजिरहेका छन् ।

### ५.३.५ गल्ली नं. ५ कथाको अध्ययन

(क) **शीर्षक**

यस कथाका पात्रहरूले निम्नवर्गीय समस्याका कारण समयमा साहुको पैसा तिर्न नसकेको तथा सीमित आयका कारण पसलमा सबै पैसा तिर्न नसकेकोले दिनेपिच्छे गल्ली बदलेर हिड्नुपर्ने बाध्यता छ । काठमाडौको महङ्गी तथा सीमित आम्दानीले गाास, बास र कपासको समस्या पनि जेनतेन पूरा गर्नुपरेकोले साहुको डरले गल्ली नं. ४ बाट नहिडेर गल्ली नं. ५ बाट हिंडेको प्रसङ्गलाई कथामा अभिव्यक्त गरिएकाले कथाको शीर्षक सार्थक छ भन्न सकिन्छ ।

(ख) **कथावस्तु**

यो कथा कैदीको प्रयोगशील कथा हो । यसमा समकालिन निम्नवर्गीय पीडा र सामाजिक नैतिकतामा आएको बिघटनलाई उजागार गरिएको छ । यस कथामा गरिबीको कारणले गर्दा 'म' पात्रले सधैंभरि गल्ली बदलेर हिडेको प्रसङ्ग अभिव्यक्त भएको छ । कथामा 'म' मात्र सामान्य कारखानामा काम गर्ने कामदार हो । काठमाडौाको महङ्गी अनि परिवार पाल्नुपर्ने बाध्यतालाई उसको तलबले थेग्न गाऱ्हो पर्छ । समयमा पसलमा रकम तिर्न नसक्दा गल्ली नं. ४ बाट नहिडेर **गल्ली नं. ५** बाट हिडेको र महिना पिच्छे पसलको साहु फेर्ने गरेको समस्यालाई यस कथामा व्यक्त गरिएको छ । गरिबीको कारणले तरकारी किन्दा पनि सस्तो छान्नुपर्ने र आफ्नी श्रीमतीले भनेजस्तो तरकारी किन्न नसकेकोले श्रीमतीको चित्त दुःखेको कुरा पनि यस कथामा आएको छ । इमान्दारी र नैतिकवान मानिस पनि सम्पत्ति नहुादा बेमानी बन्छ भन्ने तीतो यथार्थ पनि यस कथामा व्यक्त भएको छ ।

(ग) **पात्र वा चरित्र**

यस कथामा 'म', 'उ' अनि माइला साहु आदिपात्र देखिए पनि संवाद 'म' र 'उ' पात्रको बीचमा भएको छ । यसमा 'म' पात्र मुख्य पात्र हो । किनभने उसकै केन्द्रियतामा कथाको वर्णन गरिएको छ । सहायक पात्रको रूपमा 'म' पात्रको स्वास्नी तथा ऊ पात्र आएकी छ । माइला साहु यस कथाको गौण पात्र हो । थोरै पात्र प्रयोग भएको यस कथामा मुख्य र सहायक पात्रहरूले निम्नवर्गीय परिवारको प्रतिनिधित्व गरेका छन् । यिनीहरूलाई वर्गीय चरित्रको रूपमा प्रस्तुत गरिएको छ ।

(घ) **परिवेश**

यस कथामा सहरी परिवेश अथवा काठमाडौंको परिवेश पाइन्छ । २०४६ पछि देशमा भएको वेरोजगारी समस्याले गर्दा रोजगारी पाउनेले पनि सीमित तलब पाएको तथा बढ्दो महङ्गी भ्रष्टाचार आदि कारणले गर्दा गाास बास कपासको समस्या पनि विकराल बन्दै गएकाले गल्ली बदलेर हिंडेको समस्यायुक्त बातावरण वा बाध्यतालाई यस कथाको परिवेश मान्न सकिन्छ ।

(ङ) **भाषाशैली**

यस कथाको भाषा सरल हुनाका साथै सामान्य पाठकको लागि पनि बुझिने खालको छ । यस कथामा तत्भव शब्दको प्रयोग भएको छ । यस कथाको भाषा अत्यन्त खारिएको र माझिएको पाइन्छ । कथामा पात्रहरूले भनेका कुराहरूवर्णनात्मक र संवादात्मक रूपले उपस्थित भएको पाइन्छ । कथामा संवादात्मक शैलीको प्रयोग भएको छ । जस्तै : …… "यो गल्लीबाट जाउन ? उसले ४ नम्बर गल्लीतर औंल्याई किन? मैले असजिलो मान्दै झर्केको स्वरमा भने "।[१७]

(च) **दृष्टिविन्दु**

यस कथामा कथाकारले म र उ पात्रको प्रयोग गरेपनि कथा 'म' पात्रमा बढी केन्द्रित भएकाले प्रथम पुरुष दृष्टि विन्दुको प्रयोग गरेका छन् । जसलाई आन्तरिक दृष्टिविन्दु पनि भनिन्छ । 'म' पात्रकै सेरोफेरोमा कथा केन्द्रित भएकाले यसको दृष्टिविन्दु भनन्छ । 'म' पात्रकै सेरोफेरोमा कथा केन्द्रित भएकाले यसको दृष्टिविन्दु आन्तरिक र सीमित छ भन्ने कुरा स्पष्ट देखिन्छ । यस कथाको आदि, मध्य, र अन्त्यको संयोजन स्पष्ट र खुलस्ता सरल रैखिक ढााचामा देखापर्दछ । तलब हात पार्नु र सामान किन्न जानु, पैसा थोरै भएकाले माहिला साहुको पैसा नतिर्नु, मीठो तरकारी पनि किन्न नसक्नु र माहिला साहुको पसलको बाटो नहिडि गल्ली नं. ५ बाट हिड्न थाल्नु र अर्के पसलबाट सामान किनेर फर्कनु पनि यस कथाको तत्कालको समस्याको समाधान गर्नु हो र यो कथाको आफ्नै ढााचा पनि हो ।

(छ) **उद्देश्य**

आर्थिक विपन्नताका कारण जोइपोइमा हुने सामान्य कचकच, सामाजिक जीवनमा साहु र अरू मानिस बीच पाइने अन्तरका साथै रातदिन कारखानामा काम गर्दा पनि दैनिक प्रयोगका सामाग्री पन पुरयाउन नसक्ने निम्नवर्गीय मानिसले भोगेको कटु यथार्थको चित्रण गर्नु यस कथाको उद्देश्य हो ।

(ज) **निष्कर्ष**

आर्थिक समस्याका कारण गल्ती नगरिकन पनि बदमासी भइने र डराउनुपर्ने बाध्यता हुन्छ । मुख्य रूपमा शीर्षक अनुरूप **गल्ली नं. ५** भन्ने कथासाग मेल गराउन खोज्नु अर्थात गल्ली नं. ४ मा माहिला साहुको पसल भएकोले गल्ली नं. ५ बाट हिडेको प्रसङ्गदेखाउनु यसको लक्ष्य देखिन्छ । प्रथम पुरुष दृष्टिविन्दुको प्रसङ्ग देखाउनु यसको लक्ष्य देखिन्छ । प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको यस कथामा एउटा परिवारको माध्यमबाट समग्र निम्नवर्गीयपरिवारको पीडा एवम् मर्मलाई व्यक्त गरिएको छ ।

## ५.३.६ जालीदार ढोका कथाको अध्ययन

---

[१७] प्रेम कैदी, "गल्ली नं. ५", **संरक्षक साप्ताहिक**, ( २०३३), पृ. ४ ।

(क) **शीर्षक**

यस कथामा जालीदार ढोकालाई पञ्चायती व्यवस्थाको प्रशासकका रूपमा चिनिएको छ । यस कथामा अवस्थित जालीदार ढोका अत्यन्त ठूलो आवजले कराउाछ । जव जालीदार ढोका कराउछ तब यस कथामा अवस्थित 'म' मात्र डराउन थाल्छ । यस कथामा अवस्थित पात्र एउटा स्वतन्त्र पत्रकार हो । एकदिन जालीदार ढोका जोडदारले कराएको बेला पुलिस जासुसको आगमन भएको थियो र 'म' पात्रलाई गिरफतार गरिएको थियो । अहिले पनि जब जालिदार ढोका कराउन थाल्छ तब एउटा एउटा घटना भइहाल्छ भनी ढोकालाई एउटा अशुभको संकेत मानिएकोले शीर्षकको सार्थकता छ भन्न सकिन्छ ।

(ख) **कथावस्तु**

यो कथा प्रमुख 'म' पात्रको केन्द्रीयतामा अगाडि बढेको छ । यस कथामा 'म' पात्रले भोगेको जीवनका विविध घटनाहरूको वर्णन संस्मरणात्मक शैलीमा गरिएको छ । यसको कथावस्तु संवेदनशील छ । यसमा पञ्चायतकालीन परिवेशमा सोझासाझा जनताले आत्मनिर्भर भएर बााच्न नपाउने, स्वतन्त्र रूपमा बोल्न पनि नपाउने र जाहेज कुरा गर्ने व्यक्तिले पुलिस खोरमा बिताउनुपर्ने अवस्थाको वर्णन गरिएको छ । यसमा 'म' मात्र एउटा स्वतन्त्र पत्रकार हो । चैत महिनाको कुनै दिन सहरमा विद्यार्थी आन्दोलन भएको थियो त्यसवारेमा समाचार लेखेको हुनाले 'म' पात्रले पुलिसखोरमा जानुपरेको एउटा दुःखदायी घटना यस कथामा प्रस्तुत भएको छ । पत्रकारलाई राज्यको एउटा अङ्ग मानिए पनि पञ्चायतकालमा त्यस्तो नभई तानाशाही शासन थियो । मानिसहरूको स्वतन्त्र रूपमा बााच्न पाउने अधिकार लुटिएको थियो । 'म' पात्रले आफ्नो कोठामा भएको खोल्दा बन्दा गर्दा ठुलो स्वरले कराउने जालीदार ढोकालाई पञ्चायत कालको संज्ञा दिएका छन् । जालीदार ढोका कराउने बितिकै 'म' पात्रको मन डराउाछ किन भने उसलाई पुलिसले गिरफ्तार गरेको बेलापनि ढोका जोडले कराएको थियो । त्यसैले अहिले पनि ढोका कराउने बित्तिकै 'म' मात्रको मन ढुकढुक गर्छ भन्दै कथाको अन्त्य भएको छ ।

(ग) **पात्र वा चरित्र**

यस कथामा कम पात्रको प्रयोग भएको छ । 'म' पात्रको केन्द्रीयतामा कथा अगाडि बढेकाले 'म' पात्रलाई यस कथाको मुख्य पात्र मानिन्छ । उ पुरुष पात्र हो । 'म' पात्रलाई श्रमजीवि पत्रकारको रूपमा चिनिन्छ । 'म' पात्र पञ्चायती प्रशासकबाट पीडित पात्र हो । उसले विनागल्ती पुलिसको यातना सहनुपरेको छ । त्यस्तै यस कथामा सहायक पात्रको रूपमा पुलिस जासुसलाई लिन सकिन्छ । उसले तत्कालीन समयको पुलिस प्रशासकलाई सहयोग गरेको हुनाले कथामा उसलाई सहायक पूरुष पात्रको रूपमा लिन सकिन्छ । यस कथामा विद्यार्थीहरूको प्रसङ्गमात्र आएकाले विद्यार्थी जुलुसलाई गौण पात्र मानिएको छ । यस कथामा अवस्थित पात्रलाई प्रतिनिधि पात्रको संज्ञा दिएको छ ।

(घ) **परिवेश**

यस कथामा पञ्चायतकालीन शासन व्यवस्थालाई मुख्य परिवेश मानिएको छ । यस कथाको परिवेश डरलाग्दो छ । पञ्चायतकालीन समयमा निर्दोष जनताहरूले सहनुपरेको अन्याय अत्याचार तथा पत्रकारहरूको स्थिति, विद्यार्थीमाथि पुलिस प्रशासनले गरेको दमन आदिलाई कथाको परिवेश मान्न सकिन्छ । यस कथामा विशेषत राजधानी काठमाडौमा तत्कालीन समयमा भएको द्वन्द्वलाई समावेश गरएकाले कथा घटना घटित भएको ठाउ काठमाडौ समावेश गरिएकाले कथाको घटना घटित भएको ठाउा काठमाडौ नै हो । यहाा

प्रयोग भएका शब्दहरूजस्तै बाथरुम, पत्रिका, विद्यार्थी जुलुस, वासबेसिन, सहर, अश्रुग्यास आदिको प्रयोगले सहरी परिवेशको चित्रण गरेको छ ।

(ङ) **भाषाशैली**

यस कथाको भाषा सरल तथा सहज छ । सामान्य मानिसले पनि बोल्नसक्ने भाषाको प्रयोग भएकाले कथा बोधगम्य भएको छ । नेपाली तत्भव शब्दहरूको प्रयोगले कथा सरल भएको छ । यस कथाको भाषा खारिएको र माझिएको पाइन्छ । यस कथामा शिष्ट भाषाको प्रयोग भएको छ । कथामा 'म' पात्रले जीवनमा भोगेका तथा गरेका कुराहरूलाई संस्मरण गरिएको हुनाले आत्मपरक शैलीको प्रयोग भएको छ ।

(च) **दृष्टिविन्दु**

यस कथामा 'म' पात्रको संस्मरणमा कथा रचना भएकाले 'म' पात्रलाई कथाकारले प्रथम पुरुष प्रधान पात्रका रूपमा प्रस्तुत गरेका छन् । जसलाई आन्तरिक दृष्टि विन्दु मान्न सकिन्छ । 'म' पात्रकै सेरोफेरोमा कथा केन्द्रित  हुन पुगेको हुनाले यस कथाको दृष्टिविन्दु आन्तरिक र सीमित छ । यस कथाको आदि मध्य र अन्त्यको संयोजन स्पष्ट र खुलस्त सरल रैखिक ढाचामा देखापर्दछ । 'म' पात्र राजधानीमा जुलुसको बारेमा समाचार लेखेको हुनाले पंचायती व्यवस्थाले उनीहरूको विरोधी भनि गिरफ्तार गर्नु र पछि निर्दोष भनी मुक्त गर्नु जस्ता प्रारम्भ, विकास र अन्त्य तथा समस्याको समाधान सरल ढङ्गले देखापर्नु यस कथाको आफ्नै ढाचा पनि हो ।

(छ) **उद्देश्य**

तानाशाही, अत्याचारी शासन वा हुकुमी शासनको बिरोध गरी पञ्चायतकालीन परिवेशलाई अभिव्यक्त गर्नु यस कथाको मुख्य उद्देश्य हो ।

(ज) **निष्कर्ष**

खराब शासनव्यवस्थाका कारण निर्दोष मानिस पनि दोषी भइ यातना खानुपर्ने र मानिसहरूले स्वतन्त्र रूपमा बाच्न तथा बोल्न पनि नपाउने अवस्थाको चित्रण भएको यस कथामा 'म' पात्र मुख्य पात्र हो । सहरी परिवेशको चित्रण भएको यस कथाको भाषा सरल छ भने पंचायतकालीन शासन व्यवस्थालाई नै कथाको विषयवस्तु बनाइएको छ यो कथा प्रगतिवादतिर उन्मुख कथा भएकाले पात्रहरूले समस्याबाट मुक्त हुनको लागि आवाज उठाएका छन् ।

### ५.३.७ धरातल कथाको अध्ययन

(क) **शीर्षक**

यस कथामा विशेषतः काठमाडौको भौतिक धरातल यहाको सडक समस्या, ट्राफिक जाम तथा यहाको आकाशे पुलमाथि आएको समस्याको वर्णन गरिएको छ । राजधानीजस्तो ठाउको जीर्ण अवस्थाको वर्णन गरी नेपालको कानून तथा या आएको पाश्चात्य संस्कृतिमाथि व्यंग्य गरिएको ले यसको शीर्षक सार्थक छ ।

## (ख) कथावस्तु

प्रस्तुत कथा सामाजिक व्यंग्य कथा हो । यसमा नेपाली समाज, यहााको पुलिस प्रशासक र नेपालको कानुनमाथि व्यंग्य गरिएको छ । विशेषतः राजधानी काठमाडौंमा हुने ट्राफिक जाम यहााको भौतिक अवस्था र युवा, युवतीहरूमाथि आएको विकृतिमाथि व्यंग्य गरेर या कथा लेखिएको छ । नेपालको कानुन गरीब तथा सोझा व्यक्तिहरूलाई मात्र हो । ठुला ठुला ओहृदामा बसेका व्यक्तिहरूबाट नै कानुनको उल्लघंन हुन्छ । गरिबलाई २० वर्षसम्म लाग्ने कानुन धनि मनिसलाई १ घण्टा पनि लाग्दैन । यो देशमा धनले कानुन किनेको छ । राजधानीका सडकहरूमा ल्याटेस्ट मोडलको संख्या दिनप्रतिदिन बढदो छ । यहाा नबधनाढ्य बाबुका छोरीहरू अर्धनाङ्ग भएर चिल्ला कारमा हिड्ने र युवाहरू पुलमा बसेर जिस्काउने प्रवृति छ । यस्ता क्यासिनो, रेष्टुरा देखि लिएर सडकमा पनि यस्तै सुन्दरीहरूको चाप बढ्दो छ भनि 'म' पात्रले नवधनाढ्य व्यक्तिको अनैतिक गैरकानुनी धन्दामाथि व्यंग्य गरेका छन् ।

चिल्ला कारमा बसेर स्वयम् पुलिस अधिकृत चढेको मोटरसाइकललाई ठक्कर दिंदा पनि सोझा जनताको आाखामा छारो हाल्ने कानुनले १८ मिनेटमा नै ससम्मान सुन्दरीलाई मुक्त गरेको छ भनि पुलिस प्रशासनको विरोध यस कथामा गरिएको छ । मोटरबाटो, पुलहरूबनाउन नपाई भत्केका छन् । मानिस पेटीमा हिाड्दा पनि सुरक्षित छैन भनि यहााका ठेकेदारहरूको भ्रष्टाचारी पन माथि पनि व्यंग्य गरिएको छ ।

## (ग) पात्र वा चरित्र

यस कथामा मुख्य, सहायक तथा गौण पात्रको प्रयोग भएको छ । यो कथामा 'म' पात्रको सेरोफेरो घुमेको तथा 'म' पात्रले अनुभव गरेका कुराहरूव्यक्त भएकाले 'म' पात्रलाई मुख्य पात्र मानिएको छ । 'म' पात्र यस कथाको मुख्य पुरुष पात्र हो । त्यस्तै यस कथामा सहायक पात्रको रूपमा सुन्दरीहरूर प्रहरी रहेका छन् । यस कथामा 'म' पात्रलाई देशभक्त युवकको रूपमा सुन्दरीलाई विकृति विसंगति भित्रायाउने वेश्या आइमाइको रूपमा र प्रहरीलाई देशको नियम कानून उल्लघन गर्ने व्यक्तिको रूपमा चिनिन्छ । यी सबै पात्रहरूकथामा प्रतिनिधि पात्रको रूपमा रहेका छन् ।

## (घ) परिवेश

नेपालमा बहुदलीय प्रजातन्त्र आएपश्चात देशमा आएको विकृति विसङ्गति तथा स्वतन्त्रताको नाममा भएका विभिन्न घटनारुलाई यस कथाको परिवेश मानिएको छ । विशेषतः राजधानी काठमाडौलाई आधार बनाएर लेखिएको यस कथामा यहााको भौतिक पक्ष, प्रशासनिक पक्ष, यहााको ट्राफिक जाम, सडक समस्या तथा यहााको भौगोलिक धरातल आदिलाई यस कथाको परिवेश मानिएको छ ।

## (ङ) भाषाशैली

प्रस्तुत कथा व्यंग्यात्मक शैलीमा लेखिएकोले यसको भाषा जटिल तथा घुमाउरो छ । सामाजिक व्यंग्यात्मक कथा भएकाले सामान्य पाठकको लागि बुझ्न गाऱ्हो पर्छ । अधिकांश तत्भव शब्दहरूको प्रयोग भएपनि शैली धुमाउरो र केही अङ्ग्रजी शब्दहरूको प्रयोगले कथाको भाषा जटिल बनेको छ । जस्तै ल्याटेस्ट मोडल, ओभरटेक, सिग्रेट, हिलस्टेशन, आदि । 'म' पात्रको केन्द्रीयतामा रचिएको यस कथाको शैली व्यंग्यात्मक छ । जस्तै "पेटीमा

हिाडदा पनि त्यहाा अरूले नभएर एम्बुलेन्सले आएर मान्छेको प्राण लिइदिन सक्छ । समाजसेवाको गाडीमा सुन तस्करी हुने यस देशमा के हुन सक्दैन र?”[१८] आदि ।

### (च) दृष्टिविन्दु

यस कथामा कथाकारले 'म' पात्रलाई प्रथम पुरुष प्रधान पात्रका रूपमा प्रस्तुत गरेका छन् । जसलाई आन्तरिक दृष्टिविन्दु मान्न सकिन्छ । कथामा विभिन्न पक्षहरूसामाजिक, न्यायिक, प्रशासनिक, शैक्षिक तथा भौतिक पक्षलाई समेटिएकाले यस कथाको दृष्टिविन्दु आन्तरिक र व्यापक छ । यस कथाको आदि, मध्य र अन्त्यको संयोजन व्यंग्यात्मक र वृतकारीय ढाचाको देखापर्दछ । जस्तै : “म हिंडिरहेको बीच सडकको पीच कुनै राष्ट्र प्रमुखका स्वागतमा बिछाइएको कालो गलैचा जस्तो छ । हाम्रा टोलमा थुप्रै नेता, सचिव, जर्साव, दरवार नजिकका मान्छेहरूको कहाा कति पेटी मिचेर व्यापार चलाएका छन् त्यो सबै थाहा छ ।”[१९] आदि

### (छ) उद्देश्य

राजधानी काठमाडौ वा नेपालमा आएको विकृति विसङ्गति, भ्रष्टाचार, नेताहरूको अनैतिक कार्य, बढ्दो महङ्गी बेरोजगारी आदि समस्यालाई देखाउनु यसकथाको उद्देश्यहो । त्यस्तै नवधनाढ्य व्यक्तिको अनैतिक गैरकानुनी धन्दामाथि व्यंग्य गरी त्यस्ता कार्यको चिरफार गरी कथामार्फत सामान्य जनतासमक्ष पुऱ्याउनु यस कथाको उद्देश्य हो ।

### (ज) निष्कर्ष

देशमा विध्यमान बिभिन्न समस्याहरूलाई व्यंग्यपरक ढंगले प्रस्तुत गरिएको यो कथा सामाजिक व्यंग्य कथा हो । यसको भाषा जटिल हुनुको साथै सामान्य पाठकका लागि अबोध्य बन्न पुगेको छ । प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको यस कथामा सहरी परिवेशको चित्रण भएको छ ।

## ५.३.८ कालादह कथाको अध्ययन

### (क) शीर्षक

प्रस्तुत कथा सामाजिक यथार्थवादी कथा हो । यस कथामा तराईको समस्याहरूको बारेमा वर्णन गरिएको छ । यसमा तराईमा व्याप्त सुकुम्बासी समस्या तथा त्यहााका सुकुम्बासीहरूले जमिन्दारहरूबाट सहनुपरेको दमनको विरोध गरिएको छ । यसमा कालादहलाई कहिले पनि पानी नसुक्ने तथा तिर्खाएका व्यक्तिको तृप्ती गर्ने माध्यमको रूपमा चिनिएको छ । जसरी कालादहमा पानि कहिले पनि सुक्दैन त्यसरी नै तराईमा जमिन्दारी प्रथाको अन्त्य कहिले पनि हुादैन यस प्रथालाई अन्त्य गर्नको लागि सबै जनताहरूएक हुनुपर्छ भन्दै चेतनामूलक सन्देश दिएकाले कथाको शीर्षक उपयुक्त छै ।

### (ख) कथावस्तु

प्रस्तुत कथा तराईको सुकुम्बासी समस्या र उनीहरूमाथि भएका नोकरशाही दमनको विरुद्धमा लेखिएको कथा हो । यस कथामा अवस्थित पात्रहरूमध्ये सेतु पनि एउटा पात्र हो । सेतु र जितु सुकुम्बासीका छोराछोरी हुनभने सुमन त्यहााको जमिन्दारको छोरा हो । उ जमिन्दारको छोरा भए पनि सेतु र जितुसाग खेल्न हिड्न मनपराउाछ तर सुमनका

[१८] प्रेम कैदी, “धरातल”, **पर्म**, (२०४४), पृ. २२ ।

[१९] ऐजन पृ. २५ ।

बाबुले त्यस कुरालाई मन पराउादैन । सेतुकी आमा सुमनको घरमा काम गर्न जान्छिन् । एकदिन उनलाई पाहुनाको अगाडि सुमनका बाबुले गाली र अपमान गरेछन् । त्यस अपमानलाई सेतुकी आमाले सहन नसकी रिसाएको झोकमा आमालाई पिट्छिन् । सेतु यस कुराप्रति वा आमा किन रिसाउनु भयो भनी कुरा बुझ्छे । ठूला बडा मानिसको यस्ता अपमानजनक व्यवहार सधौ सहेर बस्नुहुादैन । यस्ता दमनका विरुद्ध अवाज उठाउनुपर्छ भन्छे । सबै सुकुम्बासीहरू एकजुट होऔं र किसान आन्दोलन गरौ भन्ने सल्लाह हुन्छ ।

प्रदीप पनि यस कथाको जमिनदारको छोरा हो । जमिन्दारको छोरा भएपनि जमिनदारी प्रथाको विरोध गरी उसले सेतुलाई उक्साउाछ र सेतुलाई विद्यालय भर्ना पनि गराउाछ । सेतु उमेरमा सानी भए पनि सबै कुरा बुझ्छे । उसको विचारमा ठूला मान्छेको यस्ता दमन विरुद्ध आवाज नउठाउने हो भने हामी सधैं पछि परिरहन्छौ । यो देशमा शान्ति कहिले पनि हुादैन त्यसैले शान्तिको लागि क्रान्ति नै चाहिन्छ । क्रान्तिद्वारा नै राजनीतिक परिवर्तन हुन्छ । आज यो देशमा राजनीतिक परिवर्तनको खााचो छ भनी सेतुले आफ्नो आवाज समाजमा बुलन्द पार्छे त्यसपछि  सबै जनाले उसको कुरामा सही थाप्छन । यत्तिकैमा कथाको अन्त्य हुन्छ ।

### (ग) पात्र वा चरित्र

यस कथामा पुरुष र स्त्री गरी दुवै थरी पात्रको प्रयोग भएको छ । त्यस्तै सहायक पात्रका रूपमा प्रदीप, सेतुकी आमा, जितुका बा छन् भने प्रदीपका बा र पाहुनाहरूगौण पात्रका रूपमा कथामा आएका छन् । यस कथाका मुख्य र सहायक पात्रहरूराजनीतिक परिवर्तनको पक्षमा छन् । सबै पात्रहरूक्रान्तिकारी, जुझारु र समाज परिवर्तनका लागि जे जस्तो समस्या पनि सहनका लागि तत्पर छन् । यस कथाका पात्रहरूलाई वर्गीय पात्रको रूपमा चिनिन्छ । यिनीहरूको भेषभुषा, रहनसहन बोलिचालिको आधारमा कथामा अवस्थित पात्रहरू ग्रामीण परिवेशमा हुर्केका जस्ता देखिन्छन् ।

### (घ) परिवेश

नेपालको तराई क्षेत्र यस कथाको परिवेश बनेको छ । तराईमा विध्यमान सुकुम्बासी समस्या, त्यहााका जमिन्दारहरूले सुकुम्बासी माथि गर्ने नोकरशाही दमन र त्यहााका बालबालिका माथि भएको श्रमशोषणलाई सहन नसकेर सबै जनताहरूत्यस्ता कार्यको विद्रोह गरी किसान आन्दोलन गर्न समेत तयार भएको अवस्था यस कथाको परिवेश बनेको छ । तराइको ग्रामीण क्षेत्रलाई आधार बनाएर रचिएको यस कथामा कुवा, इनार, दह, खोला, नाला, बनपाखा, खेतीपाती आदि पनि परिवेशका रूपमा आएका छन् ।

### (ङ) भाषाशैली

संवादात्मक शैली अपनाइएको यस कथाको भाषा सरल हुनुका साथै सामान्य पाठकको लागि पनि पठनीय बन्न पुगेको छ । नेपाली तत्भव शब्दहरूको प्रयोग भएको यस कथामा ग्रामीण जनजीवनमा बोलिने भाषाको प्रयोग भएको छ । कथाका पात्रहरूले भनेका र गरेका कुराहरू दृश्यात्मक र वर्णनात्मक रूपले उपस्थित भएको पाइन्छ । जेहोस् यस कथाको भाषा शैली सरल, सुबोध र सरल भएर अगाडि बढेको छ ।

(च) **दृष्टिविन्दु**

यस कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । सेतु, सुमन र जितुको सेरोफेरोमा कथा केन्द्रित हुन पुगेकाले यस कथाको दृष्टिविन्दु बाह्य र सीमित छ भन्ने कुरा स्पष्ट देखिन्छ । यस कथाको आदि, मध्य र अन्त्यको संयोजन स्पष्ट र खुलस्त सरल रैखिक ढाचामा देखापर्दछ ।

(छ) **उद्देश्य**

यस कथाको मुख्य उद्देश्य तराईको सुकुम्बासीहरू माथि भएका नोकरशाही दमन, त्यसविरुद्ध उत्पन्न विद्रोहले किसान आन्दोलन र राजनैतिक परिवर्तनका लागि हुने विद्रोहको चित्रण गर्नु हो ।

(ज) **निष्कर्ष**

तराइमा विध्यमान समस्याहरूलाई संबादात्मक शैलीमा सरल र सहज ढंगले प्रस्तुत गरिएको यो कथा प्रगतिवादी उन्मुख कथा हो । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको यस कथामा तराइको परिवेशलाई नै मुख्य परिवेश मानिएको छ ।

**५.३.९ व्यापार कथाको अध्ययन**

(क) **शीर्षक**

यस कथामा व्यापारको बिभिन्न स्वरूपको वर्णन गरिएको छ । मानिसको पैसा कमाउने माध्यम नै **व्यापार** हो । **व्यापार** सामान्य देखि बिशिष्टसम्म हुन्छ । व्यापार कथा आञ्चलिक भएकाले यसले एउटा निश्चित ठाउाको आञ्चलिक यथार्थलाई समेटेको छ । व्यापारमा चाप्लुसी हुन्छ त्यहाा राजनीति पनि हुन्छ भन्दै व्यापारको विभिन्न रूपको वर्णन गरिएकाले यसको शीर्षक **व्यापार** सार्थक बनेको छ ।

(ख) **कथावस्तु**

**व्यापार** कथाले नेपालको एउटा निश्चित क्षेत्रको आञ्चलिक यथार्थलाई समेटेको छ । यो कथामा क्रेता र बिक्रेता बीचको संवाद छ । यस कथामा व्यापारमा हुने फाइदा, व्यापारीमा हुने चलाखीपन, चाप्लुसी गर्ने तरिका आदिको वर्णन गरिएको छ । यस कथामा नेपालगञ्ज र सुर्खेत बजारमा हुने बिभिन्न किसिमको व्यापारको वर्णन गरेको छ । यस ठाउामा हाट लागेको बेला जुम्लीहरू आउाछन् र सामानहरू लाने गर्छन् । इस्माइल मिया एउटा इज्जतदार व्यापारी हो । उसले भट्टीको ठेक्का, घिउको व्यापार, कपडाको पसल मात्र नभई राजनीतितिर पनि भ्याएको छ ।

इस्माइल मिया ईश्वर र अल्लाह दुबैको भक्त हो । उ जनसेवक र राजनीतिज्ञ दुवै हो । यस कथामा मान बहादुर प्रधान र इस्माइल मियाको संवाद छ । उनीहरू दुवैजना व्यापारी तथा राजनीतिज्ञ दुवै हुन् । इस्माइल मिया दैनिक उपभोगका सामाग्रीको व्यापार गर्छ भने मानबहादुर प्रधान जडीबुटीको व्यापार गर्छ । मान बहादुर प्रधान पनि जुम्लाकै मान्छे हो । यस कथामा व्यापारका साथ साथै जुम्लीहरूको विशेषता पनि प्रस्तुत गरिएको छ । जुम्लीहरूले लगाउने कपडा र उनीहरूको फोहोरीपनले गर्दा उनीहरूबाट गन्ध आउने हुन्छ भन्दै जुम्लीहरूको वर्णन गरिएको छ ।

व्यापारले एउटा निश्चित क्षेत्र ओगटेको हुन्छ । व्यापारको पनि तरिका हुन्छ । व्यापारीले सबैसाग मिल्नसक्नुपर्छ । व्यापारबाट नै धेरै फाइदा हुन्छ । पैसा कमाउने माध्यम नै व्यापार हो भनी व्यापारको वर्णन गरिएको छ ।

यस कथाको माध्यमबाट नेपालगञ्ज र सुर्खेततिरका मानिसको रहनसहन, आनिबानी र त्यस क्षेत्रमा पाइने चिजबिजको वर्णन गरिएको छ ।

**(ग) पात्र वा चरित्र**

यस कथामा मान बहादुर प्रधान र इस्माइल मिया गरी दुईजना मुख्य पात्रको समावेश गरिएको छ । सहायक पात्रको रूपमा भरियाहरू, जुम्लीहरू आदि रहेका छन् । मान बहादुर प्रधान र इस्माइल मिया दुवै पुरुष पात्र हुन् । मान बहादुर प्रधान प्रधानपञ्चको साथै जडिबुटीको व्यापार गर्ने राजनीतिज्ञ तथा व्यापारी दुवै हो । इस्माइल मिया धर्ममा अति विश्वास गर्ने भक्त हो । उसले पनि व्यापार र राजनीति दुवैतिर हात हालेको छ । यी दुवै पात्रहरू व्यापारीको प्रतिनिधित्व गर्ने पात्र हुन् । यिनीहरू चलाख र चाप्लुसी जानेका पात्रहरूहुन् । भरियाहरूर जुम्लीहरू यस कथाका सहायक पात्रहरू हुन् । यिनीहरू कथामा सामान ओसारपसार गर्ने तथा सामान किन्ने क्रेताको रूपमा कथामा आएका छन् ।

**(घ) परिवेश**

यस कथाले नेपालगञ्ज, सुर्खेत, जुम्ला तथा धम्बोजीको निश्चित ठाउालाई आफ्नो परिवेश बनाएको छ । यस कथाले तत्कालीन समय तथा वर्तमान समयमा पनि त्यस क्षेत्रमा हुने व्यापार त्यहााको रहनसहन र त्यहााको मानिसहरूको आनीबानी, लगाई आदिलाई कथाको परिवेश बनाएको छ । यसको साथै मियाहरूको धर्मसंस्कृति, चााडपर्व र मस्जिदलाई पनि परिवेश मानिएको छ ।

**(ङ) भाषाशैली**

यो कथा आञ्चलिक भएकाले स्थानीय भाषाको प्रयोग बढी मात्रामा पाइन्छ । यस कथामा क्रेता र बिक्रेता बीचको संवाद पाइन्छ । जस्तै - “हो गााअम्मी चाहिन् क्या छ र चाहिन, मेघ नआएर बर्खा धान स्वाहा भए चाहिन हिउादमा चाहिन् असिनाले गााका बाला सोपी हाल्यो ।”[२०]

स्थानीय भाषाको प्रयोगले यस कथाको भाषा जटिल भएको छ । भाषा जटिल भएको कारणले सामान्य पाठकको लागि कथा अवोधगम्य बनेको छ । कथामा संवादात्मक शैली अपनाइएको छ ।

**(च) दृष्टिविन्दु**

यस कथामा कथाकारले मानबहादुर प्रधान र इस्माइल मियालाई तृतीय पुरुष प्रधान पात्रका रूपमा प्रस्तुत गरेका छन् । जसलाई बाह्य दृष्टिविन्दु मान्न सकिन्छ । प्रधान र मियाकै सेरोफेरोमा कथा केन्द्रित हुन पुगेको हुनाले यस कथाको दृष्टिविन्दु बाह्य र सीमित छ भन्ने कुरा स्पष्ट देखिन्छ । यस कथाको आदि, मध्य र अन्त्यको संयोजन जटिल र वृतकारीय ढााचामा देखापर्दछ ।

[२०] प्रेम कैदी, “व्यापार”, **महेन्द्र सौरभ**, (वर्ष १, अङ्क १, २०३७ पौष), पृ. ४८ ।

### (छ) उद्देश्य

यस कथाको उद्देश्य व्यापारमा हुने चाप्लुसी, भ्रष्टाचार, चलाखीपन र फाइदा देखाउनुको साथै खासगरी नेपालगञ्ज तथा सुर्खेतमा हुने व्यापारको आञ्चलिक यथार्थलाई देखाउनु हो ।

### (ज) निष्कर्ष

नेपालगंज र सुर्खेततिर हुने व्यापारको वर्णन गरिएको यो कथा आञ्चलिक कथा हो । निश्चित परिवेशलाई समेटिएको यस कथाको भाषा जटिल हुनाका साथै शैली संवादात्मक छ भने तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

## ५.३.१० हाडखोर कथाको अध्ययन

### (क) शीर्षक

यो कथा कैदीको अरू कथाभन्दा भिन्न परिवेशलाई आधार बनाएर लेखिएको छ । कथामा रूपाको परिवार धुम्रपान तथा मध्यपानले गर्दा सखाप भएको तथा परदेशगएको मनवीरे घर फर्कदा घरमा केही नभएको, सम्पत्तिको नाममा भएको एक हल गोरु पनि भीरबाट लडेर हाडखोर मात्र बााकी रहेको र घरमा बुढी आमा मात्र भएको प्रसङ्ग ल्याई कथाको शीर्षक हाडखोर सार्थक बनाएका छन् ।

### (ख) कथावस्तु

यो कथा भिन्न परिवेशमा रचित कथा हो । यस कथामा धुम्रपान, मध्यपान र जुवातासले गर्दा साना साना बालबालिकाको भविष्य बिग्रेको तथा परिवार नै सखाप भएको प्रसङगको वर्णन गरेका छन् । जुवातासले गर्दा रूपाको परिवार बिचल्लीमा परेको दुःखदायी घटनालाई यस कथामा अभिव्यक्त गरिएको छ । यस कथामा रूपाका दुईभाइ छोरा र लोग्ने भएको, लोग्ने सधैं जााडरक्सी खाने, जुवातास खेल्ने र घरमा आएर झगडाको निउ खोज्थ्यो । यसरी दिनरातको झगडाकै कारण रूपा कान्छो छोरा लिएर माइत जान्छे र माइतमा नै काम गर्छे । घरमा जेठो छोरा र बाबु मात्र हुन्छन् । एकदिन बाबुले मनबिरेलाई बेसरी कुटी आफु भाग्छ । पछि मनबीरे परदेश जान्छ र परदेशबाट फर्किदा पहिलाका गोरु कोही साहुले हडपिसकेको हुन्छ । कोही गोरु, भीरबाट लडेर मर्छ । भाइपनि बिदेसिसकेको हुन्छ । घरमा मुखभरि चाहुरी परेकी आमा मात्र हुन्छिन । आमा र छोराको छिट्टै परिचय पनि हादैन । उनीहरूएक अर्कालाई हेरिरहन्छन् यस्तैमा कथा टुङ्गिन्छ ।

### (ग) पात्र वा चरित्र

यस कथाको मुख्य पात्र मनवीरे हो । उ यस कथाको पुरुषपात्र हो । कथाको सुरु मनवीरेबाट माया नपाएको र आमाको सहानुभूति पनि नपाई विदेशिन बाध्य भएको पुरुष मात्र हो । यस कथाको सहायक पात्रको रूपमा डल्ली, रूपा, धना, मना छन् । यस कथामा पुरुषपात्र भन्दा स्त्रीपात्रको बाहुल्यता छ । गौण पात्रको रूपमा मुखिया, मनवीरेको भाइ र बाबु रहेका छन् ।

### (घ) परिवेश

यस कथामा ग्रामीण परिवेशलाई आधार बनाइएको छ । यस कथामा १०-२० वर्षको समयमा घटनाहरूघटित भएको पाइन्छ । यसमा नेपालको कर्णालीअञ्चलको कान्छाबाडा भन्ने गाउालाई कथाको मुख्य परिवेश मानिएको छ भने परदेशको प्रसङ्गआएपनि ठाउा

नआएकाले घटना घटेको ठाउा नेपाल नै हो भन्ने कुरा कथाबाट स्पष्ट हुन्छ । गाउामा नै हुर्केबडेका पात्रहरूको प्रयोग भएको तथा कान्छाबाडा, बेसी रुखको चौतारो आदिको प्रसङ्ग कथामा आएकाले ग्रामीण परिवेशको झल्को पाइन्छ । पधेर्नीहरूको पधेरामा जम्मा भई कुरा काट्ने प्रवृति र एकले अर्कालाई होच्च्यायाउने प्रवृत्ति पनि यस कथाको परिवेश बनेको छ ।

### (ङ) भाषाशैली

ग्रामीण क्षेत्रमा बोलिने स्थानीय शब्दहरूको बढी प्रयोग भएकोले यस कथाको भाषा जटिल भएको छ भने शैली वर्णनात्मक छ । स्थानीय भाषाको प्रयोग भएकाले कथा सामान्य पाठकका लागि बुझ्न अप्ठायारो खालको छ । जस्तै : "क्या राइदो हो? डल्लीले भनी?" हाड त जाउा म अघिने भरी गाग्री लाइदिन्छु ।" तेरो भाई बेली बाहा (हिजो राती) देश भाग्यो अरे ।"[२१] आदि

### (च) दृष्टिविन्दु

यस कथामा मनवीरलाई तृतीय पुरुष प्रधान पात्रका रूपमा प्रस्तुत गरिएको छ । जसलाई बाह्य दृष्टिविन्दु मान्न सकिन्छ । मानवीरेको सेरोफेरोमा कथा केन्द्रित  भएकाले यसको दृष्टिविन्दु बाह्य र सीमित छ भन्ने कुरा स्पष्ट छ । यस कथाको आदि, मध्य र अन्त्यको संयोजन स्पष्ट र खुलस्त सरल रैखिक ढााचामा छ ।

### (छ) उद्देश्य

धुम्रपान, मध्यपान तथा जुवातासले मानिसको घरबार नै जानसक्छ त्यसैले यस्ता कुराबाट टाढा भई समाज परिवर्तनको लागि आवाज उठाउनुपर्छ भन्ने सन्देश दिनु यस कथाको उद्देश्य हो ।

### (ज) निष्कर्ष

सामाजिक विषयवस्तुमा आधारित भएको यस कथामा कूलतमा लाग्दा मनवीरेको भविष्य एवम् परिवार पनि अस्तव्यस्त भएको छ । तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको यस कथामा ग्रामीण परिवेशलाई आधार बनाइएको छ । स्थानीय भाषाको प्रयोगले कथा जटिल बनेको छ ।

## ५.३.११ सियो धागो कथाको अध्ययन

### (क) शीर्षक

पञ्चायतकालीन समयलाई आधार बनाइएको यस कथामा बुधे दमाइले विधवा लल्तीलाई विवाह गरेपछि पञ्चायतमा लल्तीको ससुराले मुद्धा हाल्छ । मुद्धा सज्जनेको पक्षमा हुन्छ र बुधेले सज्जनेलाई केही रकम तिर्नुपर्ने हुन्छ तर उसाग पैसा हुादैन । उसले प्रहरी, गाउाले र प्रधानपञ्च सामु दमैको गरीखाने भाडो यही सियो धागो हो भनि टक्रायााउछ तर त्यस प्रस्तावलाई स्वीकार नगरी विनाकारण उसको गिरफ्तारी हुन्छ । यसरी दमाई र सियो धागोको सम्बन्ध देखाएर कथाकारले यस कथाको शीर्षक सियो धागो सार्थक बनाएका छन् ।

---

[२१] प्रेम कैदी, "हाडखोर", **अनुराग साहित्यिक त्रैमासिक**, (पूर्णाङ्क ५, २०४९ पौष), पृ. ४९ ।

## (ख) कथावस्तु

यस कथामा पञ्चायतकालीन शासनपद्धति त्यस बेलाको पुलिस प्रशासक, गाउाका राजा मानिने प्रधानपञ्चहरूले निमुखा जनतालाई गरेको अन्याय अत्याचार आदिको बारेमा वर्णन गरिएको छ । यसको साथै ठुला जात र साना जात बीचको अन्तर त्यसबेलाको समाजमा बिधवा महिलालाई हेर्ने दृष्टिकोण, मानिसले स्वतन्त्र रूपमा हिड्न बोल्न पनि नपाउने अवस्थाको चित्रण पनि यस कथामा गरिएको छ । कथामा बुधे र लल्तीको काममा जाादा आउादा चिनजान हुन्छ । केही दिनको चिनजानपछि उनीहरूले विवाह पनि गर्छन् । बुधे लुगा सिउने दमाई हो भने लल्ती उमेरमा नै लोग्नेलाई गुमाएकी विधवा हो । पति मरेको केही वर्षपछि लल्तीले बुधेसाग विवाह गर्छे तर त्यो विवाह समाजलाई स्वीकार हुादैन । लल्तीको पहिलाको ससुराले झुटो आरोप लगाएर पञ्चायतमा मुद्धा हाल्छ । प्रधानपञ्च पनि सज्जनेको पक्षमा हुन्छन् । जित सज्जनेको हुन्छ । लल्ती र बुधेलाई नभएको आरोप लागेको हुादा उनीहरूले प्रहरी इन्चार्ज र प्रधान समक्ष आफ्नो कुरा राख्छन् । निहु खोज्दो आाखा घोज्दो भनेझै उनीहरूले बुधे र लल्तीको कुरालाई नकारात्मक सोची व्यवस्था विरोधीको आरोप लगाई बुधेलाई जेल चलानी गर्छन । निर्दोषी, इमान्दार र मेहनती बुधेले आफ्नो गरिखाने भाडो सियो धागो हो भनि प्रधान सामु टक्रयाउादा पनि उनीहरूले वास्ता नगरी जेलमा राख्छन् । एउटी महिलामाथि फेरी अन्याय भएको दुःखदायी घटना यस कथामा व्यक्त भएको छ ।

## (ग) पात्र वा चरित्र

यस कथामा बुधे र लल्ती मुख्य पात्र हुनभने सज्जने प्रधानपञ्च, प्रहरी इन्चार्ज र गाउालेहरूसहायक पात्र हुन् । यस कथाको बुधे पुरुष पात्र हो भने लल्ती स्त्री पात्र हो । यस कथाको मुख्य पात्र इमान्दारी, मेहनती छन् भने सहायक पात्रहरू शोषकीय प्रबृत्तिका छन् । पञ्चायतकालीन शासनव्यवस्थाबाट निर्दोष बुधे पनि यस कथामा दोषी भएको छ । यस कथाका बुधे र लल्तीले त्यसबेलाको शासन चलाउने व्यक्तिहरूबाट न्याय पाएका छैनन् । उनीहरूको पक्षमा बोल्ने कोही नभएकाले उनीहरूले जेलको चिसो छिडीमा जीवन विताउनु परेको छ ।

## (घ) परिवेश

यस कथाले पञ्चायतकालीन समयलाई आफ्नो परिवेश बनाएको छ । ग्रामीण परिवेशलाई आधार बनाएको यस कथाका पात्रहरूपनि ग्रामीण परिवेशमा नै हुर्केका पात्र हुन । यस कथाका पात्रहरूले बोल्ने भाषाको स्वरूप हेर्दा पनि ग्रामीण परिवेशको नै झल्को पाइन्छ । तत्कालीन समयमा जनताहरूले आफ्नो स्वतन्त्रता नपाएको, सोझा साझा जनतालाई पुलिस प्रशासनले गरेको दमन तथा नारीमाथि गरिने व्यवहारको पनि यस कथामा वर्णन गरिएकाले जानजाति बीच भएको अन्तर जस्ता प्रवृत्तिहरूपनि यस कथाको परिवेशका रूपमा आएका छन् ।

## (ङ) भाषाशैली

यस कथाको भाषा सरल तथा सहज छ । नेपाली तत्भव शब्दहरूको प्रयोग भएको यस कथाको शैली वर्णनात्मक छ । यस कथामा अधिकांश ग्रामीण जनजीवनमा बोलिने भाषाको प्रयोग भएको छ भने केही ठाउामा पुलिसले जनतालाई बोल्ने भाषाको पनि प्रयोग भएको छ । जस्तै : “ए टाम्के गाउामा ता जस्ता मती बिग्रेका र अटेर गर्नेलाई बस्न

पाइनन बुझिस ?"  भाषा सरल भएका कारण यो कथा सामान्य पाठकको लागि पनि बोध गम्य भएको छ ।[२२]

(च) **दृष्टिविन्दु**

यस कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । जसलाई बाह्य दृष्टि मान्न सकिन्छ । बुधे र लल्तीको सेरोफेरोमा कथा केन्द्रित भएकाले यस कथाको दृष्टिविन्दु बाह्य र सीमित छ । यस कथाको आदि, मध्य र अन्त्यको संयोजन स्पष्ट र खुलस्त सरल रैखिक ढाचामा देखापर्दछ ।

(छ) **उद्देश्य**

पञ्चायतकालीन शासनव्यवस्थामा सोझा साझा जनताले पाएका दुःख एवम् पीडा तथा त्यसबेलाको समाज र पुलिस प्रशासनले गरेको अन्यायको चित्रण गरी समस्याबाट मुक्ति चाहनु यस कथाको उद्देश्य हो ।

(ज) **निष्कर्ष**

खराब शासनपद्धतिका कारण निर्दोष व्यक्तिले पाउनु परेको सजायलाई यस कथामा व्यक्त गरिएको छ । सरल भाषा शैलीका कारण कथा बोधगभ्य भएको छ । ग्रामीण परिवेशलाई आधार मानिएको यस कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ५.३.१२ कुर्कुच्चाको घाउ कथाको अध्ययन

(क) **शीर्षक**

यस कथामा 'म' पात्रले आफ्नो जीवनमा भोग्नुपरेका अतीतका कुराहरूलाई संस्मरण गरेर लेखिएको छ । यसमा 'म' पात्रले कलिलो उमेरमा नै राणाशासनको क्रुर यातना सहनुपरेको तथा तत्कालीन प्रशासकबाट लात्ती, मुक्का, बुटको पीडा सहनुपरेको छ । त्यस्तै कहिले कुर्कुच्चामा मोटरको फाइन बेल्टले हानेका छन् । शरीरको अरू भागको पीडा भन्दा कुर्कुच्चाको पीडा बढी हुने भएकाले यस कथाको शीर्षक कुर्कुच्चाको घाउ कथावस्तु अनुसार सार्थक भएको छ ।

(ख) **कथावस्तु**

संस्मरणात्मक शैलीमा लेखिएको यस कथामा राजु भन्ने 'म' प्रमुख चरित्रका माध्यमबाट कथा अगाडि बढेको छ । यसमा 'म' पात्रले कलिलो उमेरमा नै सरकारी प्रशासनको पीडा, यातना खानुपरेको घटनाको वर्णन गरिएको छ । यो कथामा राजनैतिक प्रभाव भेटिन्छ । १५ वर्षको अबोध बालकले पञ्चायतकालीन जासुसबाट खाएको लाती, मुक्का, बुटको पीडाको एवम् कहिले डोरीले बाधेर उल्टो झुण्ड्याएको र कुर्कुच्चामा मोटरको फाइन बेल्टले पिटेको अतीतको संस्मरण यस कथामा गरिएको छ ।

यस कथामा प्रदीप र लक्ष्मण दुई व्यक्तिको प्रसङ्ग आएको छ । यी दुवै व्यक्ति पञ्चायतकालीन शासनव्यवस्थाको विरोधमा वा जनताको पक्षमा उभिएका व्यक्ति हुन् । उनीहरूलाई तात्कालीन प्रशासकले व्यवस्था बिरोधीको संज्ञा दिई कारागारमा कैद गरिएको छ । प्रदीप केही दिन अघिमात्र कारागारबाट मुक्त भएपछि ऊ बिरामी परेको छ । उसको मिल्ने साथी लक्ष्मण अझै कारागारको चिसो छिडीमा कैदीको रूपमा बसेको छ ।

---

[२२] प्रेम कैदी, "सियोधागो", **मदानी**, (वर्ष १, अङ्क १, २०५६ असोज), पृ. १४ ।

एकदिन प्रदीपले लक्ष्मणलाई हरिपुरमा प्रधानपञ्च गणेश कुमार र सचिव मोहम्मद सरिफले जग्गा दर्ता गराउने भनेर प्रति बिगाहा डेढ सय उठाएको कुराले ज्यादै दुःख लागेको छ । भनि चिट्ठी पठाएको थियो । त्यो चिठ्ठी राजु वा 'म' पात्रले लक्ष्मणलाई पुऱ्याउन जाँदा बीचैमा प्रहरी जासुसको हातमा पर्छ र उनीहरूले चिट्ठी पढ्छन् र राजलाई पनि त्यही कारागारमा राख्छन् । निर्दोष राजुलाई उनीहरूले नछोडेपछि उ रुने कराउने गर्छ तर कठोर मन भएका तिनीहरूले उल्टो 'म' पात्रलाई क्रुर यातना दिई बेहोस बनाउछन् । बिउझँदा भोकले सताएको तथा शरीर भरि निलडाम हुन्छन् । भोकले आत्तिएको उसले खाना माग्दा दिसा र पानि माग्दा पिसाब दिन्छन् । शरीरको अरू भागमा भन्दा कुर्कुच्चाको घाउ बढी दुःखछ । असैह्य पीडा हुन्छ र शरीरको रक्तसञ्चार प्रणाली नै घोच्न थाल्छ भनि आफ्नो अतीतको घटनाको संस्मरण यस कथामा गरेका छन् ।

## (ग) पात्र वा चरित्र

यस कथामा 'म' पात्र मुख्य पात्रको रूपमा उभिएको छ । भने प्रदीप, लक्ष्मण, पुलिस जासुस सहायक पात्र हुन् । त्यस्तै प्रधानपञ्च गणेश कुमार र सचिव मोहम्मद यस कथाका गौण पात्र हुन् । यस कथाको 'म' पात्र तत्कालीन प्रशासनको पन्जामा परेको एउटा बाल पात्र हो । उसले बिनागल्ती सजाय पाएको छ । 'म' पात्रले अरूको लागि आफ्नो शरीरलाई जेलमा सडाएको छ । उ देशभक्त नागरिक हो । त्यस्तै यस कथाका सहायक पुरुष पात्र प्रदीप र लक्ष्मण पनि देशको लागि आफ्नो शरीर नै सुम्पने नेपाल आमाका सुपुत्र हुन् । जनतालाई शोषकहरूको पन्जाबाट मुक्त गराउनको लागि जस्तोसुकै कदम चाल्न पनि यी पात्रहरूतयार छन् । त्यस्तै यस कथाको अर्को पुरुष पात्र पुलिस जासुस हो । उसले सरकारको नुन पानि खाएकाले प्रशासनको निर्णय अनुसार निर्दोष व्यक्तिलाई पनि दोषी ठहऱ्याएको छ । प्रधानपञ्च र सचिव यस कथाका गौण पात्रका साथै शोषकीय प्रवृत्तिका पात्र हुन् ।

## (घ) परिवेश

पञ्चायतकालीन शासन व्यवस्थाको समयलाई आधार मानिएको यस कथाको मूल परिवेश नेपालको तराई क्षेत्र हो । तत्कालीन समयमा राजुजस्ता हजारौ बालबालिकाहरूले पुलिसको यातना सहनुपरेको थियो भने प्रदीप र लक्ष्मण जस्ता देशभक्त नागरीकले बिनागल्ती जेलको चिसो छिडीमा जीवन बिताउनु परेको घटना पनि यस कथाको परिवेशका रूपमा आएका छन् । यस कथामा आएका हरिपुर, मानपुर, जस्ता ठाउँ र माटोले लिपेको फुसको छाना भएको घरले ग्रामीण परिवेशको झल्को दिएको छ ।

## (ङ) भाषाशैली

नेपाली तत्भव शब्दहरूको प्रयोग भएको यस कथाको भाषा सरल छ भने शैली संस्मरणात्मक छ । ग्रामीण जनजीवनमा बोलिने भाषाको प्रयोगले गर्दा कथा सामान्य पाठकको लागि पनि बोधगम्य बनेको छ । यस कथामा केही ठाउँमा संवादात्मक भाषाको पनि प्रयोग भएको छ । जस्तै : "लक्ष्मण दाइ हुनुहुन्छ ? ती अपरिचितहरूलाई मैले सोधे । किन भाइ ? एक जना खस्रो जुँगा चुच्चे नाक र दाहिने गालामा घाउ भएको डरलाग्दो मान्छे उभिएर ढोका सम्म आयो" ।[२३]

## (च) दृष्टिविन्दु

[२३] प्रेम कैदी, "कुर्कुच्चाको घाउ", **पर्म**, (वर्ष ९, अङ्क ६ २०४४ असार - असोज), पृ. ३ ।

यस कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ जसलाई आन्तरिक दृष्टिविन्दु पनि भनिन्छ । यस कथामा 'म' मात्रको संस्मरणका आधारमा अरू पात्रहरूको वर्णन गरिएकाले यो कथा परिधिय पनि बनेको छ । कथामा आन्तरिक एकल दृष्टिविन्दु देखापर्दछ ।

**(छ) उद्देश्य**

यस कथाको उद्देश्य तत्कालीन समयमा राजु जस्ता हजारौं बालकले निर्दोष रूपमा पुलिसको कठोर र यातना सहनुपरेको थियो भनी पञ्चायतकालीन शासनव्यवस्थाको विरोध गर्नु हो ।

**(ज) निष्कर्ष**

तराईको ग्रामीण क्षेत्रलाई मूल परिवेश मानिएको यस कथामा पञ्चायतकालीन शासन व्यवस्थामा सोझा साझा जनताले पाएको दुःख तथा राजु जस्ता बालकले पुलिस प्रशासनको कठोर यातना पाएको घटनालाई व्यक्त गरिएको छ । सरल भाषामा लेखिएको यसको शैली संस्मरणात्मक छ भने प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ५.३.१३ नेताजीको गिरफ्तारी कथाको अध्ययन

**(क) शीर्षक**

यो कथा कैदीको लघुकथा हो । यसमा एउटा नेताले आफ्नो दैनिक उपभोगको सामाग्री पनि पूरा गर्न नसकेर नेता चोरको समूहमा मिसिन्छन् । नेता चलाख भएकाले चाँडै नै टोलीको सरदार बन्छन् र आफ्नो समूहलाई चोर्ने ठाउँ तथा योजनाको बारेमा बताउँदा पुलिस जासुसले सुनी नेताजीको गिरफ्तारी हुन्छ । एउटा नेताले बोल्न नजान्दा अथाव चोर्न नजान्दा गिरफ्तारी हुनुपर्छ । भनी कथाकारले कथाअनुसारको शीर्षकको सार्थकता बनाएका छन् ।

**(ख) कथावस्तु**

प्रेम कैदीका कथाहरूमध्ये नेताजीको गिरफ्तारी पनि एक हो । अरू कथाहरूभन्दा यसको विषयवस्तु अलि रोचक एवं अनौठो छ । यो उनको लघुकथा हो । यसको शीर्षकबाट नै थाहा हुन्छ की एउटा देशको सेवा गर्ने नेता कसरी गिरफ्तार हुन्छ । कुनै समय एक जना नेता खान नपाएर चोरको टोलीमा मिसिन पुगेका थिए । नेता चलाख हुनुको साथै बोल्न पनि सिपालु भएकाले चाँडै नै टोलीको सरदार बनेछन् । नेता चोर भएपछि प्रहरीको पनि उनीमाथि शङ्का नहुने र चोरहरूमाथि आफ्नो भावनात्मक बिकास पनि हुने देखेर उनी दिनदिनै जोडदार भाषण चुट्दा रहेछन् । एक दिन कुनै ठाउँमा चोर्ने योजना बनाएर साथीहरूलाई चार्न जाने ठाउँ बताउँदा उनले जोडदार रूपमा भाषण गरेछन् । त्यसैको पल्लो कोठामा प्रहरी अधिकृत बस्दा रहेछन् । त्यसबेला उसले नेताजीको भाषण सुन्ने मौका पाएछ र चोरहरूको टोलीसहित नेताजी पनि गिरफ्तार भए । काग बाठो भएपछि आँची खान्छ भनेझैं यहाँ नेताले बोल्ने तरीका नजान्दा र आफ्नो कार्यक्षेत्र छान्न नसक्दा कारागारमा थुनिनु परेको छ ।

यस कथामा एकातिर नेताजीको गरिबीपनको चित्रण गरिएको छ भने अर्कोतिर नेताहरूको आचरण कस्तो हुन्छ । उनीहरू पैसाको लागि आफू पनि बेचिन तयार हुन्छन् भन्ने केरा देखाइएको छ ।

### ५.३.१४ पानी कथाको अध्ययन

(क) **शीर्षक**

यस कथामा पानी गरीबपनको संकेत भएर आएको छ । कथामा 'म' पात्रले आफ्नो जीवनमा भोगेका कुराहरूलाई अभिव्यक्त गरिएको छ । यस कथामा धनी र गरीब बीचको अन्तर देखाइएको छ । बेरोजगारीले ग्रस्त नेपालमा कोही मानिसहरू चिल्ला कारमा दौडेका छन् भने कोही मानिस पानी पर्दा ओढ्ने छाता नपाएर पेटीमा बस्नुपरेको घटनालाई कथामा व्यक्त गरिएको छ । यस कथामा कथाकारले पानीलाई निम्नवर्गीय जीवनसाग सम्बन्ध गराएर शीर्षक सार्थक बनाएका छन् ।

(ख) **कथावस्तु**

पानी कथाले निम्न वर्गीय जीवनका पीडाहरूलाई अभिव्यक्त गरेको छ । 'म' पात्रले आफ्नो जीवनमा पाएको दु:ख, राम्रो लाउने र मीठो खाने रहर भएको कुरालाई यस कथामा व्यक्त गरिएको छ । नेपालमा बढ्दो बेरोजगारीले गर्दा मानिसहरूका पाइलाहरू निरुद्देश्य अगाडि बढिरहेका छन् । कोही भने चिल्ला कारमा दौडेका छन् । कोही पानी पर्दा पनि एउटा छाताको अभावले गर्दा सडकको पेटीमा घण्टौ बस्नुपर्ने बाध्यताको चित्रण यस कथामा भएको छ । 'म' पात्र निम्नवर्गीय पात्र हो । उसले पानी पर्दा एउटा छाता नपाएर सडकको पेटीमा ओत लागेर बस्नुपरेको र तातो चिया खाने मीठो खाजा खाने रहर पूरा नभएको दु:खलाग्दो क्षणको प्रस्तुति यस कथामा भएको छ ।

पैसा हुनेहरूपानी पर्दापनि डबल भाडा तिरेर भएपनि ट्याक्सीमा ओहोरदोहोर गरेका छन् भने निम्न आय भएका मानिसहरूकोही बच्चा र आमा दुवै हिडेका छन् कोही आफ्नो लगाउने लुगाले टाउको ढाक्दै दौडेका छन् भन्दै निम्नवर्गीय मानिसको पीडा प्रस्तुत गरिएको छ । पानी कथाले एकातिर निम्नवर्गीय जीवनका सङ्घर्षहरू, पीडाहरूझल्काएको छ भने अर्कोतिर मौसम परिवर्तन, वातावरणीय प्रदुषण र बन फडानी, खेतीयोग्य जमिनलाई मरुभूमी बनाउादा समयमा पानी नपरी बेसमयमा पानी परि अन्नपात बिनास भएको यथार्थलाई पनि झल्काएको छ ।

(ग) **पात्र वा चरित्र**

'म' पात्रको केन्द्रीयतामा रचित यस कथामा 'म' पात्र मुख्य पात्र हो । त्यस्तै कथाका सहायक पात्रहरूमा बुढो, युवाहरू रहेका छन् भने गौण पात्रमा सबिना र आ.के. रहेका छन् । यस कथाको 'म' पात्र मुख्य पुरुष पात्र हो । उ निम्नवर्गीय परिवारको प्रतिनिधित्व गर्ने व्यक्ति हो । त्यस्तै यस कथाका सहायक पात्र बुढो र युवाहरूपनि 'म' पात्र जस्तै निम्न वर्गीयताको चित्रण गर्ने पात्रहरू हुन् । यस कथाका आर.के. र सबिना उच्च वर्गीयताको चित्रण गर्ने पात्रहरू हुन् । समग्रमा यस कथाका पात्रहरूवर्गीय छन् ।

(घ) **परिवेश**

विशेषत: काठमाडौा राजधानीको परिवेशलाई आधार मानिएको यस कथामा सं. २०३६ को समयलाई कथाको रचनाकाल मान्न सकिन्छ । सहरी परिवेशको चित्रण भएको यस कथामा नयाा सडकलाई मुख्य घटना घटित भएको ठाउाको रूपमा लिएको पाइन्छ । काठमाडौ बढ्दो महङ्गी, भ्रष्टाचार, सडकको स्थिति ज्यादै खराब भएको प्रसङ्ग पनि कथाको परिवेशका रूपमा आएका छन् । यसका साथै बेरोजगारी समस्याले गर्दा निम्नवर्गीय परिवारले पाउनुपरेको दु:ख पनि कथाको परिवेशका रूपमा आएको छ ।

(ङ) **भाषाशैली**

यस कथाको भाषा सरल छ । मानिसका सामान्य जनजीवनमा बोलिने भाषाको प्रयोग भएकाले कथा बोधगम्य हुन पुगेको छ । नेपाली तत्भव शब्दहरूको प्रयोग भएको यस कथामा शभ्य समाजमा बोलिने शिष्ट भाषाको प्रयोग पाउन सकिन्छ । यस कथामा 'म' पात्रले आफ्नो जीवनमा अनुभव गरेका कुराहरूलाई आत्मपरक शैलीमा व्यक्त गरेका छन् ।

(च) **दृष्टिविन्दु**

यस कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । जसलाई आन्तरिक दृष्टिविन्दुमान्न सकिन्छ । 'म' पात्रको सेरोफेरोमा कथा केन्द्रित  भएकाले यस कथाको दृष्टिविन्दु आन्तरिक र सीमित छ । यस कथाको आदि, मध्य र अन्त्यको संयोजन स्पष्ट र खुलस्त सरल रैखिक ढाचामा अगाडि बढेको छ ।

(छ) **उद्देश्य**

यस कथाको उद्देश्य विशेषतः निम्नवर्गीय जीवनका पीडाहरू, उनीहरूका सङ्घर्षहरू र समकालीन परिवेशको यथार्थ धरातललाई अभिव्यक्त गर्नु हो ।

(ज) **निष्कर्ष**

काठमाडौंको परिवेशलाई आधार मानिएको यस कथामा निम्नवर्गीय मानिसको पीडालाई व्यक्त गरिएको छ । सरल भाषामा लेखिएको यस कथाको शैली आत्मपरक छ भने प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग कथामा पाउन सकिन्छ ।

### ५.३.१५ एक जोर जुत्ता कथाको अध्ययन

(क) **शीर्षक**

यस कथामा नेपाली नारीको तथा कर्णालीका उत्पीडित महिलाको जीवनमा आएका बिभिन्न समस्याहरूलाई अभिव्यक्त गरिएको छ । यस कथामा आएको **एक जोर जुत्ता** मायाको प्रतीक हो । यस कथाकी मुख्य पात्र लालु परिवारबाट हेपिएकी तथा आफ्नै पतिको पनि माया नपाएकी नारी हो । उसको परिवारमा उसलाई माया गर्ने 'म' पात्र मात्र भएको तथा उसले कान्छी आमा (लालु) लाई सहरबाट जुत्ता नपाएर आफ्नी आमाको बहिनी काहिली आमालाई जुत्ता पठाएर घात गरेको प्रसङ्ग ल्याई कथाको शीर्षक सार्थक बनाएका छन् ।

(ख) **कथावस्तु**

**एक जोर जुत्ता** कथाको कथानक सत्य घटनामा आधारित छ । यस कथामा नेपाली नारीको र कर्णालीका उत्पीडित महिलाको अनि त्यहााको भयावह परिवेशको सजिव चित्रण गरिएको छ । कथ्यका दृष्टिले सामान्य घटनाबाट सुरु गरेर गम्भीर त्राशादीमा कथा टुङ्गायाएको छ । कथाकारकी कान्छी आमा घाास काट्दा काट्दै भिरबाट लडेर परलोक जान्छिन् । उनको बच्चा स्याहार नपाइ पहिले नै मरिसकेको हुन्छ । ठुलो घरको दासि जस्ती लालुको बिजोग एकातिर छ भने उनका पति सहरमा उच्च शिक्षा हाासिल गरेर विदेशमा पढ्न गएका छन् । उनले पतिको माया पाएकी छैनन् र उनलाई माया गर्ने त्यस घरमा 'म' पात्र मात्र हुन्छ । यस कथामा 'म' पात्रले, आफ्नी कान्छी आमालाई जुत्ता नपठाएर आफ्नी आमाकी बहिनी काहिली आमालाई एक जोर जुत्ता पठाएर घात गरेको पश्चाताप पनि यस कथामा व्यक्त भएको छ ।

**एक जोर जुत्ता**लाई यस कथामा मायाको प्रतीक मानिएको छ । यसमा एउटी नारीले मायाको अभावमा आफ्नो शरीर गुमाएकी छिन् । यस कथा मार्फत कर्णालीका सबै नाङ्गा खुट्टा भएका र कोही आफन्तले एक जोर जुत्ता पठाए लाउने रहर पूरा गर्न नपाई अकालमा नै भिरमा मर्नु परिरहेको पीडा पनि अभिव्यक्त भएको छ ।

### (ग) पात्र वा चरित्र

यस कथाको मुख्य पात्र लालु हो । लालु परिवारद्वारा हेपिएकी तथा आफ्नो पतिको माया गुमाउने र आफ्नो प्राण भन्दा प्यारो बच्चा गुमाएकी नारी हो । यो कथाको कथानक लालुको केन्द्रियतामा अगाडि बढेको छ । कथाको सहायक पात्रको रूपमा 'म' पात्र र आमा रहेका छन् । यसमा 'म' पात्रको भूमिका एउटा माया गर्ने छोराको रूपमा रहेको छ भने सबै छोराहरूलाई समान व्यवहार गर्ने एउटा असल आमाको रूपमा यस कथाको आमालाई मान्न सकिन्छ ।

### (घ) परिवेश

यस कथाको परिवेश नेपालको कर्णाली क्षेत्रमा केन्द्रित  रहेको छ । यस कथामा कर्णालीका भीरपाखा, त्यहााका महिलाको नाङ्गो गोडा लिएर काम गर्नुपर्ने बाध्यता र लालुजस्ता नारीको बिजोग अवस्थालाई यस कथाको परिवेश मानिएको छ । यस कथाको परिवेश स्थानीय घतनामा आधारित हुनुको साथै त्यहााको वातावरणलाई नै केन्द्रविन्दु मानिएको छ ।

### (ङ) भाषाशैली

कर्णालीको ग्रामीण क्षेत्रमा बोलिने स्थानीय भाषाको प्रयोग बढी भएकाले यस कथाको भाषा जटिल छ । स्थानीय भाषाको प्रयोग भएकाले त्यस क्षेत्र बाहेक अरू पाठकका लागि कथा अवोध गम्य भएको छ । स्थानीय जनजिब्रोको भाषामा कथा लेखिएको छ । कथामा लालुको केन्द्रीयता भएपनि 'म' पात्रले वर्णन गरेकाले कथामा वर्णनात्मक शैलीको प्रयोग भएको छ ।

### (च) दृष्टिविन्दु

यस कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग पाइन्छ । जसलाई बाह्य दृष्टिविन्दुपनि भनिन्छ । लालुको सेरोफेरोमा कथा केन्द्रित भएकाले यस कथाको दृष्टिविन्दु बाह्य र सीमित छ । यस कथाको आदि मध्य र अन्त्यको संयोजन जटिल तर रैखिक ढााचामा देखापर्दछ ।

### छ) उद्देश्य

यस कथा लेखनको उद्देश्य मूलतः कर्णालीका उत्पीडित महिला अनि त्यहााको भयावह परिवेशको चित्रण गर्नु हो । यसका साथै समग्र नेपाली नारीको र लालु जस्ता टुहुरा केटाकेटीको मानसिक तथा समग्र मानव जातिको चित्रण गर्नु हो ।

### (ज) निष्कर्ष

कर्णालीको आञ्चलिक परिवेशलाई समेटिएको यस कथामा कर्णालीका नारीहरूको दुःखदायी जीवनको प्रस्तुती गरिएको छ । लालुलाई मुख्य पात्र मानिएको यस कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ भने स्थानीय भाषाको प्रयोगले कथाको भाषा जटिल भएको छ ।

## ५.३.१६ प्रेमपत्र कथाको अध्ययन

### (क) शीर्षक

यस कथामा प्रेमको विविध रूपको वर्णन गरिएको छ । कथामा 'म' पात्रले आजको महङ्गी, काठमाडौको बसााईले गर्दा प्रेम गर्न हिच्किचाएको तथा प्रेमपत्रलाई स्वीकार्न नसकेको कुरा व्यक्त गरेका छन् । यसका साथै 'म' पात्रको प्रेमपत्रलाई स्वीकार्न नसकेको कुरा व्यक्त गरेका छन् । यसका साथै 'म' पात्रको प्रेमपत्रमा आफूलाई साहित्यिक संरचनाको अन्वेषकको रूपमा रहने अन्तिम चाहना पनि प्रकट गरेका छन् । सीमित आयको कारणले प्रेम गर्ने इच्छा हादा हादै पनि प्रेम गर्न नसकेको तथा अन्तमा प्रेम नै मानवको धर्म हो भन्ने भनाईलाई चरितार्थ गर्नको लागि प्रेम गरेको बताउादै कथाको शीर्षक प्रेमपत्र सार्थक बनाएका छन् ।

### ख) कथावस्तु

'म' पात्रको केन्द्रीयतामा रचिएको यस कथामा कथाकारले आधुनिक युगको समसामयिक परिवेशलाई अभिव्यक्त गरेका छन् । प्रेमपत्र शीर्षक दिएको यस कथामा एकातिर प्रेमको विविध रूपको वर्णन गरिएको छ भने अर्कोतिर आफुलाई साहित्य संरचनाको अनवेषकको रूपमा रहने अन्तिम चाहना पनि प्रकट गरेका छन् । यसका साथै आजको महङ्गी, काठमाडौाको बसाइले गर्दा आफूले प्रेम गर्न नसकेको कुरा पनि कथामा व्यक्त गरिएको छ ।

यस कथामा 'म' पात्रको एकचोटिको भेटघाट र केही समयको देखादेखमा नै उसले प्रेमपत्र पठाएकी छ । प्रेमपत्र हेर्दाखेरी कुनै साहित्यकारको जस्तो छ । त्यसका शब्द ज्यादै ओजिला तथा मीठा छन् । त्यो प्रेमपत्र देखेर 'म' पात्रलाई प्रेम गर्न मनलाग्छ तर काठमाडौाको महङ्गी भाइलाई पढाउने जिम्मा र आफ्नो सीमित तलबले गर्दा प्रेम गर्न नसकेको तीतो यथार्थ पनि कथामा व्यक्त भएको छ ।

आधुनिक युगमा प्रेम नगर्ने मानिस पाउन दुर्लभ छ । मागी बिबाह भन्दा प्रेम विवाह बढी भएको छ । प्रेम गर्नु नै मानवको धर्म हो भन्ने भनाईलाई चरितार्थ गर्न भएपनि प्रेम गर्नपर्ने धारणा 'म' पात्रमा पछि व्यक्त भएको छ । 'उ' पात्रलाई एउटा राम्रो र सफल कवयित्री तथा आफुलाई मीठा मीठा कविता र कलात्मकताले परिपूर्ण साहित्यिक संरचनाको अन्वेषक बन्ने चाहना व्यक्त गर्दै प्रेमको जवाफ दिएका छन् ।

### (ग) पात्र वा चरित्र

यस कथामा 'म' र 'ऊ' पात्रको केन्द्रीयता भएकाले यी दुवैजना कथाका मुख्यपात्र हुन् । यस कथाको 'म' पात्र निम्नमध्यम वर्गीय परिवारको पुरुषपात्र हो भने 'उ' पात्र उच्चवर्गीय परिवारकी स्त्रीपात्र हो । 'म' पात्र प्रेम गर्ने व्यक्तित्वको रूपमा यस कथामा चिनिएको छ भने ऊ मात्र सामान्य चिनजानको आधारमा प्रेमपत्र पठाउने नारीपात्रको रूपमा चिनिएकी छ ।

(घ) **परिवेश**

वर्तमान समयलाई आधार बनाएर लेखिएको यस कथाको मुख्य परिवेश राजधानी काठमाडौा हो । आधुनिक युगका केटाकेटीले गर्ने प्रेमको विविध तरीका तथा प्रेमको नाममा फैलिएको विकृति र बढ्दो बेरोजगारीले गर्दा निम्त्याएको विविध समस्या पनि यस कथाको परिवेश बनेर आएका छन् ।

(च) **दृष्टिविन्दु**

यस कथामा 'म' पात्रको माध्यमबाट ऊ पात्र आएकाले 'म' पात्र नै मुख्य पात्र हो । त्यसैले कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । जसलाई आन्तरिक दृष्टिविन्दु पनि भन्न सकिन्छ । 'म' पात्रमा नै कथा केन्द्रित भएकाले यस कथाको दृष्टिविन्दु आन्तरिक र सीमित छ । यस कथाको आदि मध्य र अन्त्यको संयोजन स्पष्ट र सरल रैखिक ढााचामा अगाडि बढेको छ ।

(छ) **उद्देश्य**

यस कथाको मुख्य उद्देश्य आधुनिक युगको प्रेम गर्ने तरिका तथा सीमित आय भएका मानिसहरूको स्थितिलाई देखाउनु हो ।

(ज) **निष्कर्ष**

राजधानीलाई मुख्य परिवेश मानिएको यस कथामा प्रेमलाई मानव जीवनको आधार तथा मानवको धर्मको रूपमा लिइएको छ । मध्यमस्तरीय भाषाको प्रयोग गरिएको यस कथामा पत्रात्मक शैली अपनाइएको छ भने प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

**५.३.१७ थप्पड कथाको अध्ययन**

(क) **शीर्षक**

यस कथामा 'म' पात्रले आफ्नो जीवनमा खाएको विभिन्न थरि **थप्पड**को वर्णन गरिएको
छ । कथामा 'म' पात्रको छोरी पनि बालपात्रको रूपमा आएकी छ । एकदिन 'म' पत्र पत्रिका पढिरहेको बेलामा २ वर्षकी सानी छोरी आएर गालामा **थप्पड** हान्छे । मान्छे सानो भएपनि त्यो थप्पडले उसको गाला रातो हुन्छ । छोरीले हानेको थप्पडबाट उसले अतीतको पारिवारिक थप्पड राजनीतिका थप्पड तथा सामाजिक थप्पडको संस्मरण गरेका छन् यसैको आधारमा कथाको शीर्षक **थप्पड** सार्थक बनेको छ ।

(ख) **कथावस्तु**

प्रस्तुत कथा 'म' पात्रको केन्द्रीयतामा अगाडि बढेको छ । कथामा 'म' पात्रले जीवनमा आफुले खाएको विभिन्न किसिमका थप्पडको वर्णन संस्मरणात्मक शैलीमा गरिएको छ । शीर्षक नै **थप्पड** भएको यस कथामा 'म' पात्रले आफ्नै जीवनमा खाएको पारिवारिक **थप्पड**, सामाजिक **थप्पड**, साथीहरूबाट पाएको **थप्पड** तथा राजनीतिक थप्पडको वर्णन गरेका छन् । कथाकारले यस कथामा थप्पडलाई जीवनमा पाएको धोका वा सजायको रूपमा लिएका छन् ।

'म' पात्रको जीवनमा जसलाई माया गऱ्यो उसैले थप्पड हानेको छ । परिवार जनहरू, इष्टमित्रहरूर साथीभाइहरूको भलो चााहदा उल्टै उनीहरूले थप्पड हानेका छन् । जसलाई मित्र् ठान्यो उ नै शत्रु भएको छ । उसले जीवनमा धेरै **थप्पड** खाएको छ । अशक्त,

गरिब र बोल्न नसक्ने माथि आज पनि गाउामा हातपात हुन्छ । अशक्त, गरिब र बोल्न नसक्नेमाथि आज पनि गाउामा हातपात हुन्छ । केटाकेटी, आइमाई बुढापाका र गरिब कमजोरहरूलाई लाठीमुंग्रीले तह लगाउने ठूला ठालुहरूको व्यवहार अहिले पनि चलिरहेकै छ । शासनमा होस् अथवा घरपरिवारमा जहाा पनि गुण्डागर्दी चलिरहेछ भन्दै आफु अर्काका लागि बढ्ता संवेदनशील भएर आजको समाजमा बेबकुफ बनेको अनुभव गरेका छन् ।

मानिस समय अनुसार चल्न सक्नुपर्दछ । आजको युगमा सोझो भएर प्रगति हाुदैन । आफु समय अनुसार चल्न नसकी परम्परागत भएकाले आज सबैको **थप्पड** खाएको अनुभव गर्दै आफ्नो सानी छोरीलाई **थप्पड** हान्न सिकाएका छन् । छोरीले 'म' पात्रको गालामा थप्पड हान्दा 'म' पात्र खुसी हुन्छ । आफू संवेदनशील भएकै कारण आज सबैको हेला भएको भन्दै **थप्पड** हान्ने छोरी मुक्का हान्ने होस् र हिंसत्वले भरिएको समाजमा मेरी छोरी पूर्णरूपमा बााच्न सक्षम होस् भनि कामना गरेका छन् ।

### (ग) पात्र वा चरित्र

यस कथामा 'म' पात्र मुख्य तथा पुरुष पात्र हो भने छोरी सहायक तथा स्त्रीपात्र हो । कथाको 'म' पात्र सङ्घर्षशील, मेहनती तथा स्वावलम्वी पात्र हो । उसले अरूको भलो चाहदा उल्टै थप्पड खाएको छ । उ इमान्दार पुरुषपात्र हो । यस कथाको छोरी बालपात्र हो । उ अबोध छे तर उसले बाबुलाई थप्पड हान्दा बाबु खुसी हुन्छ । छोरीको प्रसङ्गपनि कथामा आएकाले छोरी सहायक पात्रको रूपमा कथामा आएकी छ ।

### (घ) परिवेश

नेपालको राजधानी काठमाडौंलाई नै मुख्य परिवेश मानिएको यस कथामा ठाउा ठाउामा गाउाको प्रसङ्गपनि आएको छ । पञ्चायतकालीन शासनव्यवस्थामा आफुले विभिन्न तहका व्यक्तिहरूबाट खाएको थप्पड पनि यस कथाको परिवेशका रूपमा आएका छन् ।

### (ङ) भाषाशैली

यस कथामा नेपाली तत्भव शब्दहरूको प्रयोग भएपनि केही ठाउामा साहित्यिक शब्दावलीको प्रयोग भएकाले भाषा अलि घुमाउरो भएको छ । 'म' पात्रले संस्मरण गरी कथाको वर्णन गरिएकाले वर्णनात्मक शैलीको प्रयोग पाउन सकिन्छ । यस कथामा ठाउामा बालसुलभ भाषाको पनि प्रयोग भएको छ । जस्तै "बाबा चङ्गा बनाइदिनु न । बाबा भाइ बनाइदिनु न"[२४] आदि ।

### (च) दृष्टिविन्दु

यस कथामा 'म' पात्रको केन्द्रीयता भएकाले प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग पाउन सकिन्छ । जसलाई आन्तरिक दृष्टिविन्दुपनि भनिन्छ । 'म' पात्रकै सेरोफेरोमा कथा केन्द्रित भएपनि धेरै क्षेत्रलाई समेटेको हुनाले यसको दृष्टिविन्दु आन्तरिक र व्यापक छ । यस कथाको आदि मध्य र अन्त्यको संयोजन सरल तथा बृतकारीय ढाचामा देखापर्दछ ।

---

[२४] प्रेम कैदी, "थप्पड", **दायित्व साहित्यिक मासिक**, (वर्ष ११, अंक २९, २०५४), पृ. २८ ।

(छ) **उद्देश्य**

यस कथाको उद्देश्य नेपालको कानून, यहााको शासनव्यवस्थाको विरोध, यहााको समाज तथा प्रशासनको खिल्ली उडाउनु हो । अवका भावी सन्ततीहरूलाई निडर, स्वावलम्बी र मेहनती बन्न आग्रह गर्नु पनि यस कथाको उद्देश्य हो ।

(ज) **निष्कर्ष**

राजधानी काठमाडौलाई परिवेश मानिएको यस कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । साहित्यिक शब्दावलीहरूको प्रयोगले भाषा अलि घुमाउरो भएको यस कथामा विशेषतः भावी पिंढीहरूलाई स्वावलम्बी भई कर्तव्यपथमा हिड्न तथा समय अनुसार चल्न आग्रह गरिएको छ ।

**५.३.१८ वार्तालाप कथाको अध्ययन**

(क) **शीर्षक**

यस कथामा आधुनिक युगको बेरोजगारीको समस्याले गर्दा आएको विकृतिलाई प्रस्तुत गरिएको छ । राजनीतिक खिचातानीले गर्दा देशको विकास अधोगति तिर गएको तथा युवाहरूकाम नहुादा नराम्रो कुलततिर लागेको प्रसङ्गलाई यस कथामा व्यक्त गरिएको छ । यिनै विविध पक्षको बारेमा कथामा 'म' पात्र र उ पात्र बीच संवाद भएकोले कथाको शीर्षक **वार्तालाप** सान्दर्भिक भएको छ ।

(ख) **कथावस्तु**

यस कथामा बढ्दो बेरोजागारीको समस्याले तथा राजनैतिक परिवर्तनका क्रममा 'म' पात्रले गरेको व्यवहार र उसले पाएको सजायलाई प्रस्तुत गरिएको छ । यस कथाको 'म' पात्र एउटा बुद्धिवान् तथा पढेलेखेको व्यक्ति हो । योग्यता अनुसारको काम नपाएको 'म' पात्रले विनाकारणमा नै जेलको चिसो छिडीमा बस्नुपरेको छ । जेलबाट छुटेपछि राजनीतिक परिवर्तन तथा वेरोजगारीका कारण उ भौतारिन पुगी जााड खाने, तास खेल्ने तथा रण्डीबाजी गर्ने काममा लाग्छ । त्यस्तै 'उ' पात्र 'म' पात्रको साथी हो । 'उ' पनि बेरोजगारीको समस्याले आक्रान्त पात्र हो । यी दुवै व्यक्तिले रोजगारी तथा निम्नवर्गीय समस्याका कारण आफ्नो भविष्य नै बरवाद पारेका छन् । दैनिक उपभोगका सामाग्री पूर्ति गर्न पनि गाऱ्हो पर्ने यी पात्रहरूले यस कथामा आफ्नो समस्याका साथै राजनीतिक समस्याको बारेमा पनि **वार्तालाप** गरेका छन् ।

पढेर पनि काम नपाइने यो देशमा योग्यताको कदर छैन । पैसा हुनेले सवैथोक किनेको छ । सम्पत्ति भएमा ऐनकानूनले पनि छुदैन भन्दै यिनीहरूले धनी र गरिब बीचको अन्तरलाई पनि प्रष्ट पारेका छन् ।

(ग) **पात्र वा चरित्र**

यस कथामा 'म' र 'उ' गरी दुई जना पुरुष पात्रको प्रयोग भएको छ । यस कथामा 'म' पात्र मुख्य पात्र हो । भने 'उ' पात्र सहायक पात्र हो । यी दुवै पात्रहरूनिम्नमध्यम वर्गीय परिवारका सदस्य हुन् । यस कथाको 'म' पात्र सुरुमा इमान्दारी, नैतिकवान तथा मेहनती पात्र भएपनि पछिल्लो समयमा बेरोजगारीको चपेटामा परी नराम्रो बाटोमा लागेको पात्र हो । यी दुवै पात्रले समयका कारण आफूलाई बरबाद बनाएका छन् । देशको राजनीतिक खिचातानी तथा बढ्दो महङगीले मीठो खाना पनि नपाएका पात्रका रूपमा यिनीहरूलाई लिन सकिन्छ ।

(घ) **परिवेश**

यस कथामा आधुनिक युगको विविध समस्यालाई कथाको परिवेश मानिएको छ । विशेषत काठमाडौंको वातावरणलाई केन्द्र मानिएको यस कथामा सहरी परिवेशको चित्रण भएको छ । यस कथामा आएका सडक, होटल, सिनेमा, हस्पिटल आदि शब्दले सहरी परिवेशको झल्को पाउन सकिन्छ । विशेषत बढ्दो बेरोजगारीको समस्याले गर्दा देशमा आएको विकृति, चोरी, डकैती तथा युवाहरूमा आएको कूलत जस्ता प्रवृतिलाई पनि यस कथाको परिवेश मानिएको छ ।

(ङ) **भाषाशैली**

यस कथाको भाषा सरल हुनाका साथै अत्यन्त खारिएको र माझिएको पाइन्छ । नेपाली तत्भव शब्दहरूको प्रयोग भएको यो कथा सामान्य पाठकका लागि पनि बोधगम्य भएको छ । 'म' पात्र र 'उ' पात्रको बीचमा कथामा संवाद भएकाले कथाको शैली संवादात्मक छ भन्न सकिन्छ । यस कथामा कथाकारले पात्रअनुकूलको भाषाको प्रयोग गरेका छन् । समग्रमा भन्दा यस कथाको भाषा शैली सरल सुवोध र सरस भएर अगाडि बढेका छ ।

(च) **दृष्टिविन्दु**

यस कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । जसलाई आन्तरिक दृष्टिविन्दु पनि भनिन्छ । 'म' पात्रको सेरोफेरोमा कथा केन्द्रित भएकाले यस कथाको दृष्टिविन्दु आन्तरिक र सीमित छ । कथाको आदि, मध्य र अन्त्यको संयोजन स्पष्ट र खुलस्त सरल रैखिक ढाचामा देखापर्दछ ।

(छ) **उद्देश्य**

यस कथामा आधुनिक युगको समकालीन यथार्थलाई देखाउनु हो । व्यक्तिगत कारण नभई देशको कारण वा राष्ट्रिय समस्याका कारण पनि व्यक्तिको भविष्य बरबाद हुनसक्छ भनी देशमा बिध्यमान बेरोजगारी समस्या, राजनीतिक समस्या तथा आर्थिक समस्यालाई देखाउनु पनि यस कथाको उद्देश्य हो ।

(ज) **निष्कर्ष**

समकालीन परिवेशलाई आधार मानिएको यस कथामा बेरोजगारीको समस्याले गर्दा इमान्दारी मानिस पनि खराब भएको छ । प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको यस कथामा सरल भाषाको प्रयोग भएको छ ।

### ५.३.१९ खोचरको इष्ट कथाको अध्ययन

(क) **शीर्षक**

यो कथा कैदीको आञ्चलिक कथा हो । यसमा नेपालको उत्तरी सीमामा पर्ने खोचर भन्ने ठाउामा बस्ने बैवाहिक सम्बन्ध हुननसक्ने, अलगै धर्म संस्कृतिको भएपनि अति निकट मित्रले आफ्नो यात्राका लागि गरेको सहयोग तथा कथाकारको टोलीलाई गरेको सम्मानको चर्चा गरिएको छ । यसको शीर्षकबाट नै थाहा हुन्छ कि खोचर भन्नाले ठाउा विशेष हो भने इष्ट भन्नाले नातेदार वा सो सरहको मित्र हो । त्यसैले यसको शीर्षक नै खोचरको इष्ट भएको पाइन्छ ।

(क) **कथावस्तु**

यस कथामा जयसिंहको माध्यमबाट तीनवटा राजनीतिक व्यवस्थालाई देखाइएको छ । जसमा नेपालको पञ्चायती व्यवस्था, भारतको उदार पूाजीवादी व्यवस्था र चीनको साम्यवादी व्यवस्था पर्दछन् । यस कथाको जयसिंह यी तीनवटै व्यवस्थालाई भोगेको पात्र हो । ऊ माग्नेबाट मालिक बनेको पुरुष पात्र हो । अर्काको घरमा काम गरेर बसेको जयसिंहलाई च्याङ्ग्रा हराएको निउामा साहुले पिटी घरबाट निकाली दिन्छ । उसको आमाबाहेक कोही आफ्नो मान्छे हाुदैन । गाउामा साहुले बस्न फटाहा तथा गुण्डाको फन्दामा परेको जयबहादुरले भारतमा गएर कुल्ली काम गर्छ तर भनेको बेलामा पैसा पाउादैन । अर्काको श्रमशोषण गर्न पल्केका मालिकहरूले उसको पसिनाको भारलाई चिन्दैनन् । केही साथीहरूको सहयोगबाट आफ्नो पैसा पाएपछि उ खोचर जाने तरखरमा हुन्छ र खोचर जानको लागि अलिकति पैसा तथा आमाको लागि केही सामान लिएर आउाछ । उ आउादा गाउामा सबै चालचलन रीतिरिवाज फेरिसकेको हुन्छ । सामन्ती व्यवस्थालाई आत्मसाथ गरेर बसेका गाउाका जाली फटाहाहरूसबै भागेका हुन्छन् । चोर डाकु, कमरा प्रथा सबै हटिसकेको हुन्छ । चीनबाट आएका लालसेनाले आमाजस्ता बुढापाका, अशक्तहरूलाई अलग आश्रममा मीठो मसिनो खान र नयाा सफा लुगा दिएर राखेको हुन्छ । यसरी आफ्नो जीवनमा सहयोग गरी स्वतन्त्र रूपमा खान, लाउन, तथा बााच्नको लागि अधिकार दिलाइदिने चीनिया लालसेनाप्रति जयवहादुरले आभार व्यक्त गरेको प्रसङ्गपनि यसमा आएको छ ।

दुःख पछि सुखलाई आत्मसाथ गरेको जयबहादुरले यस कथाको कथाकार अथवा म पात्रलाई खोचरको त्यो कठीन यात्रामा खान दिएर तथा सम्मानपूर्वक बस्न दिएर उसले आफ्नो नजिकको मित्र बनाएको छ भने ‘म’ पात्रले पनि आफ्नो सबैभन्दा नजिकको मित्र जयवहादुरलाई मानेका छन् । यसैले यस कथाको नाम नै खोचरको इष्ट रहेको छ ।

### (ग) पात्र वा चरित्र

यस कथामा मुख्य र सहायक गरी दुवै थरी पात्रको प्रयोग भएको छ । यस कथामा जयसिंहलाई केन्द्रविन्दु मानेर कथाको विषयवस्तु बनाइएकाले जयसिंहलाई मुख्य पुरुष पात्रको रूपमा मानिन्छ । यस्तै कथाको सहायक पात्रको रूपमा ‘म’ पात्र, साहु, जयसिंहकी आमा, चीनिया लालसेना रहेका छन् भने गौण पात्रको रूपमा गुम्बाको लामा र जयसिंह दुःख पछि सुख पाएको व्यक्ति हो । उ धर्मभीरु, परलोकमाथि विश्वास गर्ने जनसाधारण व्यक्ति हो । यस्तै यस कथाको ‘म’ पात्र जस्तोसुकै परिस्थितिसाग पनि मिल्न सक्ने सहनशील तथा मेहनतीपात्र हो । यस कथाको साहु भनेर चिनिने पात्र सामन्ती व्यवस्थामा रमाएको तथा शोषकको प्रतिनिधित्व गर्ने पात्र हो भने जयसंहकी आमा अर्काको घरमा काम गरेर जेनतेन गाास, बास र कपासको समस्या टार्ने नेपालीहरूको प्रतिनिधि पात्र हो । त्यस्तै चीनिया लालसेनाहरूजनताको पक्षमा लड्ने तथा दुःखी जनताहरूलाई साथ दिई सामन्ती व्यवस्थाबाट छुटकारा दिलाउने पात्रहरूहुन । गुम्बाको लामा र जयसिंहका छोरा छोरीको कथामा प्रसङ्गमात्र आएकाले यिनीहरूलाई गौण पात्रको रूपमा लिइन्छ ।

### (घ) परिवेश

यस कथाको परिवेश व्यापक क्षेत्रमा फैलिएको छ । यस कथाले नेपालदेखि भारत र चीनसम्मको परिवेश समेटेको छ । नेपालको पञ्चायती व्यवस्थामा जयसिंह जस्ता व्यक्तिले पाएको दुःखलाई पनि यस कथामा परिवेशको रूपमा लिइएको छ । त्यस्तै भारतको उदार

पूजीवादी व्यवस्था र चीनको साम्यवादी व्यवस्थालाई पनि यस कथाको परिवेश मानिएको छ । विशेषतः खोचरको रहनसहन त्यहाको धर्मसंस्कृति तथा परम्परालाई यस कथाले आफ्नो मुख्य परिवेश बनाएको छ । खोचरमा रहेको संकृतिलाई यस कथाले आफ्नो मुख्य परिवेश बनाएको छ । खोचरमा रहेको खोचरनाथको गुम्बा, घ्यायत्रो, सिम्नाथ, शेर, झुमा, चौरी खच्चर, च्याङ्ग्रा र भेडाका वथानहरूपनि त्यहाको संस्कृति तथा रहनसहन झल्काउने शब्दहरूहुन् । खोचरको सामन्ती प्रथा, कुमारी प्रथा तथा गुम्बामा बस्ने प्रथालाई पनि यस कथाको परिवेश मानिएको छ ।

**(ङ) भाषाशैली**

यस कथामा मध्यम खालको भाषाको प्रयोग गरिएको छ । यस कथामा प्रयोग भएका शब्दहरूअधिकांश तत्भव शब्द छन् भने केही शब्दहरूस्थानीय छ । यस कथामा ठाउ ठाउमा स्थानीय भाषाका संवादहरूपनि छन् । जस्तै :

कसका घरका हौ?

हामी डिट्ठाका घरका हौं ।

यो निको घरको हो ।

यैखा घरको हामुकन खलो जोखो छ ।[२५]

केही स्थानीय शब्द र अधिकांश तत्भव शब्दहरूको प्रयोग भएको यस कथाको भाषा मध्यम छ भने शैली बर्णनात्मक छ ।

**(च) दृष्टिविन्दु**

यस कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । जसलाई बाह्य दृष्टिविन्दु पनि भनिन्छ । जयसिंहको सेरोफेरोमा कथा केन्द्रित भएकाले यस कथाको दृष्टिविन्दु बाह्य र सीमित छ । कथाको आदि, मध्य र अन्त्यको संयोजन स्पष्ट र खुलस्त सरल रैखिक ढाचामा देखापर्दछ ।

**(छ) उद्देश्य**

जयबहादुर भन्ने पात्रको भोगाईको आधारमा सामन्ती र पूजीवादी व्यवस्थाको विरोधमा साम्यवादी क्रान्तिले ल्याएको मानव जीवनको परिर्वनलाई देखाउनु यस कथाको मूल उद्देश्य हो । यस कथाले चीन, नेपाल र भारतको राजनीतिक इतिहासलाई जनस्तरमा समेट्ने काम गरेको छ ।

**(ज) निष्कर्ष**

नेपालको उत्तरी सीमामा पर्ने खोचरको राजनीति त्यहाको संस्कृति, रीतिरीवाज तथा धार्मिक कार्यको वर्णन गरिएको यस कथामा नेपाल, चीन र भारतको राजनीतिलाई पनि समावेश गरिएको छ । मध्यम खालको भाषा अपनाइएको यस कथामा शैली वर्णनात्मक छ भने तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

## ५.४ कविताको अध्ययन

### ५.४.१ मे की बजैको सेतो छयाङ् कविताको अध्ययन

---

[२५] प्रेम कैदी, “खोचरको इष्ट”, **खसानी**, (वर्ष १, अंक १, २०५६ असोज), पृ. १५ ।

(क) **शीर्षक र संरचना**

यस कवितामा थाइल्याण्डमा बस्ने नेपालीहरूले आफ्नो धर्म, संस्कृति र भेषभुषा त्यागेका छैनन् भन्ने कुरालाई देखाउन खोजिएको छ । यस कवितामा पश्चिम नेपालबाट ( पाल्पा) गएकी एक जना मगरनी बुढी छिन् र उसको एउटा मे भन्ने नाति पनि उनीसागै थाइल्याण्डमा बस्छन् । उनको नाती (मे) भन्ने केटाका नामबाट सबैले उनलाई मे की बज्यै भनि बोलाउाछन् । त्यहाा मे की बजैले जााड बेच्ने काम गरेको हुनाले यस कविताको शीर्षक नै मे की बजैको सेतो छयाङ् राखिएको छ । जम्मा दुईवटा अनुच्छेदमा लेखिएको यो कविता सं. २०५४ मा **तन्नेरी द्वैमासिक** मा प्रकाशित भएको हो ।

(ख) **विषयवस्तु**

यस कवितामा कविले थाइल्याण्डको पश्चिम म्यानमारको सीमाक्षेत्रमा बसोबास गरेका नेपालीहरूले त्यहाा गएर पनि आफ्नो धर्मसंस्कृति बिर्सेका छैनन् भन्ने कुरालाई कविताको माध्यमबाट प्रष्ट पारेका छन् । कवितामा नेपालीहरूले त्यस क्षेत्रमा गएर खानी खनेर जीवनोपार्जन गरेको प्रसङ्ग, पनि आएको छ । नेपालीहरूले थाइल्याण्डमा गएर पनि यहााको धर्म संस्कृति, रीतिरिवाज तथा परम्परा बिर्सेका छैनन् भन्ने कुरालाई यस कवितामा व्यक्त गरिएको छ । यसरी प्रवासिएका नेपाली मध्ये इतोङ भन्ने गाउामा पश्चिम पाल्पाबाट गएकी एकजना मगर्नी बुढी बस्छिन् । उनको एउटा मे नामको नाति छ । त्यही मे को नामबाट उनलाई सबैले मे की बजै भनेर बोलाउाछन् ।

थाइल्याण्डमा गएपनि मेकी बजै लगायत अन्य नेपालीहरूले आफ्नो भाषा, धर्म, संस्कृति र भेषभूषा त्यागेका छैनन् । त्यस्तै छयाङ भन्नाले पाल्पाका मगर बस्तीहरूमा पाइने जााड हो । यसको शीर्षकबाट नै सार बुझिने यस कवितामा कविले नेपालबाट विदेश गएका नेपालीहरूले विताएका सङ्घर्षपूर्ण जीवन, त्यहाा पनि झल्किएको नेपालीपन र विदेशीहरूले नेपालीहरूलाई गर्ने व्यवहार तथा नेपाली संस्कृति र थाइल्याण्डको संस्कृतिलाई पनि तुलनात्मक वर्णन गरेका छन् । यसरी नेपालदेखि थाइल्याण्डसम्मको परिवेश झल्काइएको यस कवितामा विदेशमा नेपालीहरूले गरेको दुःख, तिनीहरूले देश प्रति गरेको माया ममता तथा तिनीहरूको कष्टमय जीवनलाई यस कविताको विषयवस्तु बनाइएको छ ।

(ग) **भावविधान**

यस कवितामा थाइल्याण्डमा बसोवास गर्ने नेपालीहरूको बारेमा वर्णन गरिएको छ । खासगरी मे भन्ने केटा र उसको बजैलाई केन्द्रबिन्दु मानिएको यस कवितामा नेपालीहरूले बिताएको सङ्घर्षपूर्ण जीवन तथा त्यहाा नेपालीहरूले खानी खनेर जीवीकोपार्जन गरेको दुःखदायी घटनालाई यस कवितामा देखाइएको छ । इतोङ् गाउामा कटुच फुल्दा आफ्नै गाउाको सम्झना गर्ने मे की बजैका लागि त्यहााको हात्ती पहाडभन्दा पनि आफ्नै नेपालको सेता अन्नपुर्ण प्यारो लाग्छ । त्यहााका पाखाहरूमा आगो लाग्दा आफ्नै माइतीका पाखा पखरासाहरूमा आगो लागेको सम्झने बजैले इतोङ्मा पनि आफ्नो संस्कृतिको रक्षा गरी आाप, केरा र पानको बारी बनाएकी छिन् । इतोङ्मा पनि बाख्रा चराउदै दिन बिताएका माइला राई पनि आफ्नो देश सम्झेर संवेदनशील छन् भनि यस कवितामा शरीर इतोङमा भएपनि मनचााहि आफ्नै देशप्रति भएको भाव व्यक्त गरिएको छ । दिभरीको थकानले व्यग्र भएका माइला राई जब मेकी बजैले बनाएको सेतो छयाङ् लठ्ठ हुने गरी खा्नछन तव उनी आफ्नै घनकुटाको गाउा सम्झिन्छन् । बयष्क भएपछि दार्जिलिङ्गका सुन्दरीहरूसाग बितेका क्षणहरूत्यहाबाट कचिना हादै इतोङ आएको र साथीहरूसाग मिलि खानीमा नङ्ग्रा

खियाएको सम्झने माइला राई आफ्ना हातमा लागेका घाउहरूपखाल्दै उज्जवल भविष्यको सपनामा भोकै नाङ्गै जवानी वितेको कथा सुनाउाछन् ।

इतोङमा विजयादशमीमा पडकिएको बन्दुक र दुःख बिर्सने गरी दशैमा हानिएको खसी मार देखि आफ्नै देश सम्झन्छन् । प्रेमी बजै आफ्नै लामडााडामा उफ्रेको सम्झेर आासु बगाउाछिन । यसरी व्यग्र भएका माइला दाइ लगायतका नेपालीहरूदिनभरिको थकान पश्चात मेकी बजैका जान्छन् । सुख दुःख साटासाट गर्छन् र मेकी बजैको सेतो छयाङले उनीहरूले जीवनलाई उत्तेजना दिने र दुःखहरूबिर्सेको अनुभूति हुनाले आफ्ना दिनहरूबिताउाछन् भन्दै त्यहाा गएपनि नेपालीहरूले आफ्नो देश, धर्म तथा संस्कृति विर्सेका छैनन् । आपसी मेलमिलाप तथा भाइचाराको सम्बन्धलाई कायम गराएका छन् भन्ने भाव यस कवितामा व्यक्त भएको छ ।

**(घ) लयविधान**

यस कविताा मुक्त लयको प्रयोग पाइन्छ । मुक्त किसिमको गद्यकवितात्मक लयप्रयोगको मुख्यता नै यसको विशिष्टता हो । शीर्षक र भावमा समानता भएको यस कवितामा तृतीय पुरुष शैलीको प्रयोग भएको छ । जस्तैः

मे की बजैको सेतो निर्मल छयाङ

जब माइला राइ लठ्ठ हुने गरी खान्छन्

धनकुटाबाट मुखिया पोखरी गएको

आफ्नो कलिलो बच्पन सम्झिन्छन् ।

दार्जिलिङ्गका सुनदरीहरूसाग बितेका क्षणहरू

त्यहााबाट कचिना हाुदै इतोङ आएको

दौतरीहरूसागै खानीमा नङ्ग्रा खियाएको संझिन्छन् ।[२८]

लामा लामा दुई अनुच्छेदमा संरचित यस कवितामा छोटोमा पााच शब्दको पंक्ति र लामोमा सात शब्दको पंक्तियोजन भेट्न सकिन्छ । प्रस्तुत कविताको यो गद्यलय ढााचा अन्तः सङ्गीतमय, भावविचारवाही र अनुप्रासीय छ ।

**(ङ) बिम्ब र प्रतीक**

बिम्ब प्रतीकका दृष्टिले हेर्दा मे की बजैको सेतो छयाङ कवितामा विभिन्न बिम्ब सन्दर्भहरूको प्रयोग पाइन्छ । यस कवितामा थाइल्याण्डमा गएपनि मेकी बजै लगायत अन्य नेपालीहरूले आफ्नो भाषा, धर्म, सास्कृति र भेषभुषा त्यागेका छैनन् भन्ने देखाइएको छ । त्यस्तै मे की बजैको सेतो छयाङ भनिएको पाल्पाका मगर बस्तीहरूमा पाइने जााड हो । यहाा शीर्षकले नै नेपाली पनलाई झल्काएको छ । यस कवितामा छयाङलाई नेपाली संस्कृतिको प्रतीक मानिएको छ । त्यसैले विम्ब र प्रतीकका दृष्टिले पनि यस कवितालाई उपयुक्त मानिएको छ ।

---

[२८] प्रेम कैदी, “मेकी बजैको सेतो छयाङ” **तन्नेरी द्वैमासिक,** (वर्ष १९, अंक १, २०५४) पृ. ३ ।

(च) **भाषाशैली**

**मे की बजैको सेतो छयाङ** कविता सरल तथा सहज भाषामा लेखिएको पाइन्छ । नेपाल र थाइल्याण्डको संस्कृतिलाई देखाइएको यस कवितामा नेपाली तत्भव शब्दहरूको प्रयोग भएको छ । यसका भाषिक वर्णयोजनामा भेटिने अनुप्रासीय माधुर्य, शैलीगत छरितोपना, समासरहित छोटा शब्दहरूको प्रयोगले यसको भाषाशैली सहज तथा सरल छ ।

## ५.४.२ मन्नु तिमीले अवश्य चढ्नु कान्जिरोवा कविताको अध्ययन

(क) **शीर्षक र संरचना**

**मन्नु तिमीले अवश्य चढ्नु कान्जिरोवा** कवितामा कविले आफ्नी छोरी मन्नुलाई जवानीको पहिलो प्रहरमा नै कान्जिरोवा हिमाल चढ्नको लागि आग्रह गरेका छन् । यस कवितामा कर्णालीको कष्टमय जीवनलाई देखाइएको छ । सहरमा जन्मेकी कविकी छोरी मन्नुलाई कविले कर्णालीका जनताको दुःखलाई आत्मसाथ गरी त्यहााको जनजीवनसाग जोडिनु भनी सङ्घर्ष गर्नको लागि अनुरोध गरेका छन् । जसरी कान्जिरोवा हिमाल चढनको लागि ज्यादै कठीन छ त्यसरी नै कर्णालीमा बााच्नको लागि त्यति नै गाऱ्हो छ भनी शीर्षक र कविताको भावबीच तालमेल गराएका छन् । जम्मा छोटा छोटा तीन अनुच्छेदमा संरचित यस कवितामा जम्मा चालिस हरफहरू छन् । सं. २०४८ पुष महिनामाको गरिमामा प्रकाशित यो कविता गद्य ढााचामा संरचित छ ।

(ख) **विषयवस्तु**

प्रस्तुत कविता कैदीको प्रगतिवादी मान्यतामा आधारित कविता हो । यस कवितामा कविले आफ्नो छोरी मन्नुलाई शाहसी, निडर स्वाबलम्वी तथा सङ्घर्षशील बन्नको लागि आग्रह गरेका छन् । नेपालका सुन्दर हिमालहरूमध्ये कान्जिरोवा पनि एक हो । जुन हिमाल कर्णालीमा पर्छ । संसारको अग्लो हिमाल भनेर जसरी सगरमाथा चिनिन्छ त्यसरी नै सबैभन्दा चढ्नलाई कठीन हिमालको रूपमा कान्जिवरोवालाई चिनिन्छ । जसरी कर्णालीका जनताले भोकै नाङ्गो शरीर लिएर वााचनको लागि सङ्घर्ष गरेका छन् । कान्जिरोवाको चिसो पानी, हावा तथा त्यहााका कठिन परिस्थितमा बााचेका त्यहााका मानिसहरूको पक्षमा बोलिदिने कोही छैनन् । त्यहााका जनताको आवाज सुनिदिने कोही छैनन् । अरूले नसुनेपनि छोरी तिमीले त्यहााका जनताको दुःख बुझ्नुपर्छ त्यहााको वातावरणमा रमाउनसक्नुपर्छ अनि त्यहााका जनतासाग घुलमिल हुनसक्नुपर्छ र उनीहरूको पक्षमा आवाज उठाउनु पर्छ भन्दै क्रान्ति गर्नको लागि आग्रह गरेका छन् । सङ्घर्ष नै मानव जीवनको सार हो त्यसैले तिमी सहरमा बसेर होइन गाउामा बसेर जीवन विताउनुपर्छ भनेका छन् ।

यस कवितामा विशेषतः कविले कर्णालीको कष्टमय जीवन त्यहााको भोका नाङ्गा बालवालिकाको चित्कार तथा त्यहााको विविध समस्यासाग जुध्नको लागि कान्जिरोवालाई प्रतीक बनाएर छोरी मन्नुको तर्फबाट समग्र भावी पिंढीहरूलाई सङ्घर्ष गर्न तथा क्रान्ति गर्नको लागि सन्देश दिइएको छ । कर्णालीको कष्टमय जीवनलाई नै मुख्य विषयवस्तु बनाइएको यो कविता कविको क्रान्तिकारी कविता हो ।

(ग) **भावविधान**

कर्णालीको भयावह स्थितिमा बााचेका त्यहााका जनताको कष्टमय जीवनलाई देखाइएको यस कवितामा कविले आफ्नो छोरी मन्नुलाई आफूले त्यहााका जनतालाई साथ दिन नसकेपनि तिमीले दिनुपर्छ अथवा जावनीको पहिलो प्रहरमा नै कान्जिरोवा हिमाल

चढ्नुपर्छ भनेका छन् । यस कवितामा कविले काञ्जिरोवालाई आफ्नो आंकाक्षा जस्तै उच्च तथा भावनाजस्तै सुन्दर मानेका छन् । मलाई काञ्जिरोवा चढ्नको लागि समय तथा स्थिति दुवैले साथ नदिएपनि तिमीले अवश्य चढ्नुपर्छ भनेका छन् । मेरो आसा छ, मेरी छोरी मन्नुले ती डरलाग्दा हिमपैराहरूछिचोली, डरलाग्दा भीरहरूमा पनि निडर भएर मनलाई फलाम जस्तै कठोर बनाएर तथा आफूलाई दृढ बनाएर अवश्य पनि काञ्जिरोवा चढ्नेछिन भन्दै छोरीमाथि आसा गरेका छन् ।

जसरी त्यहााका मयावह स्थितिमा बााचेका जङ्गलको बाटो, लेक, बेसी गरेका गोठालाहरूकति दिन भोकै रहेका छन् । ती भोकको पीडा कस्तो हुन्छ, ती पीडालाई आत्मसाथ गरेर तथा मान्छे मान्छे बीचको अन्तर र मान्छेले मान्छेलाई गर्ने अपमानबाट मुक्ति खोज्नको लागि पनि तिमीले काञ्जिरोवा चढ्नेपर्छ भनेका छन् । त्यहााका भरियाको कुर्कुच्चाबाट बगेको रगतको मूल्य तथा त्यहााका मानिसको कष्टकर जीवनलाई मुक्त गराउनको लागि पनि तिमीले क्रान्ति गर्नुपर्छ भन्ने भाव कवितामा व्यक्त गरिएको छ । छोरी तिमीले हिमनदीको पानीभन्दा पनि चिसो काञ्जिरोवाको हावामा जीवन बााचेर देखाउनुपर्छ भनेर आफ्नो छोरी तथा समग्र भावी पिढीलाई कविताको माध्यमबाट क्रान्ति गर्नुपर्छ भन्ने भाव व्यक्त गरेका छन् ।

(घ) **लयविधान**

**मन्नु तिमीले अवश्य चढ्नु काञ्जिरोवा** कविता गद्यात्मक ढााचामा रचित कविता हो । मुक्त किसिमको गद्याकवितात्मक लयप्रयोगको मुख्यता नै यस कविताको विशिष्टता हो । शीर्षक र भावमा समानता भएको यस कवितामा तृतीय पुरुष शैलीको प्रयोग भएको छ । जस्तै:

मन्नु तिमीले
अवश्य चढ्नु काञ्जिकोवा
डरलाग्दा हिमपैराहरूछिचोल्नु
सातो जाने भीरहरूमा
जीउ नकापाउनु
मन कठोर र दृढ बनाउनु
काञ्जिरोवाका कठिनाई
अवश्य पनि त्यति क्रुर छैनन् ।[२७]

छोटा छोटा दुई अनुच्छेदमा संरचित यस कवितामा छोटोमा दुई शब्दको पंक्ति र लामोमा पााच शब्दको सम्मको पंक्तियोजना भेट्न सकिन्छ । प्रस्तुत कविताको यो गद्यलय ढााचा अन्त संगीतमय, भावमय र अनुप्राशयुक्त छ ।

(ङ) **विम्व र प्रतीक**

बिम्ब प्रतीकका दृष्टिले हेर्दा यस कवितामा विभिन्न बिम्ब तथा प्रतीकहरूको प्रयोग पाइन्छ । यस कवितामा निहीत काञ्जिरोवा कर्णालीका जनताको कष्टमय जीवनको प्रतीक हो भनी छोरी मन्नु क्रान्ति गर्न अथवा देशमा परिवर्तन ल्याउने व्यक्तिको प्रतीक हो ।

---

[२७] प्रेम कैदी, "मन्नु तिमीले अवश्य चढ्नु काञ्जिरोवा", **गरिमा** (वर्ष १०,अंक १, २०४८, पौष), पृ. ३४ ।

समग्रमा बिम्ब र प्रतीक भएको यस कवितामा कर्णालीको जनताको कष्टमय जीवनलाई देखाउनु तथा सहरमा जन्मेकी कविकी छोरी मन्नुलाई कर्णालीको जीवनसाग र त्यहााका जनतासाग घुलमिल हुनु भनिएको छ । बिम्बात्मक रूपमा हेर्दा अवश्य चढ्नु काञ्जिरोवाले सङ्घर्ष गर्नु, परिवर्तन ल्याउनु तथा क्रान्ति गर्नु भन्ने अर्थ लाग्छ । बिम्ब र प्रतीकका दृष्टिले पनि यो कविता उच्चकोटीको मानिन्छ ।

### (च) भाषाशैली

**मन्नु तिमीले अवश्य चढ्नु काञ्जिरोवा** कविता सहज तथा सरल भाषामा लेखिएको छ । तृतीय पुरुष शैली अपनाइएको यस कवितामा नेपाली तत्भव शब्दहरूको प्रयोग भएको छ । कर्णालीको कष्टकर जीवनलाई काञ्जिरोवासाग जोडिएको यस कविता भाषिक वर्णयोजनामा भेटिने अनुप्रासीय माधुर्य, शैलीगत छरितोपना छोटा छोटा पंक्तिहरूको प्रयोगले यसको भाषाशैली सरल भएको छ ।

## ५.४.३ मसानघाटमा रुमलिएको जिन्दगी कविताको अध्ययन

### (क) शीर्षक र संरचना

यस कवितामा कविले आजको युगको मान्छेको जीवन उद्देश्यहीन तथा अस्तित्वहीन भएको निराशाजनक अवस्थाको वर्णन गरेका छन् । देशको राजनीतिक विचलन तथा बढदो वेरोजगारीको समस्याले मानिसको जीवन मसानघाट जस्तो शुन्य भएको र हामीले त्यही सुन्यतामा रुमलिनु बाहेक अरू कुनै उपलब्धी नभएको कुरालाई कविले यस कविताको माध्यमबाट व्यक्त गरेका छन् । जम्मा लामो एक अनुच्छेदमा लेखिएको यस कवितामा लामा छोटा गरी जम्मा पैतीस हरफहरूछन् । सं. २०३९ मा विश्वदीप (साहित्यिक मासिक, वर्ष ४, क्रमाङ्क १२) मा प्रकाशित भएको यो कविता गद्यभाषाा लेखिएको छ ।

### (ख) विषयवस्तु

यो कविता कविको निराशाजनक प्रयोगवादी कविता हो । यस कवितामा आजका मानिसको उद्देश्यहीन वा अस्तित्वविहीन यात्राको प्रस्तुती भएको छ । देशमा बढ्दो महङ्गी भ्रष्टाचार तथा बेरोजगारीको समस्याले आक्रान्त मानिसहरूको निराशाजनक स्थितिले निम्त्याएको विविध समस्यालाई यस कविताका मुख्य विषयवस्तु बनाइएको छ । यस कवितामा कविले भूत काललाई समस्यामुक्त युग वर्तमान काललाई मसानघाट जस्तो शुन्य युग र भबिष्यत काललाई अन्धकारको युग मानेका छन् ।

विदेशी ऋण र सहयोगले चलेको यो देशमा व्यक्तिवादी प्रवृत्ति हावी भएको कुरालाई पनि कविताको आफ्नो व्यक्तिगत स्वार्थलाई आत्मसाथ गर्ने नेताहरूले गर्दा देश बिग्रको तथा देश गरीब र व्यक्ती धनि भएको प्रसङ्ग पनि यस कवितामा आएको छ । यसमा कविले ‘म’ को माध्यमबाट समग्र नेपाली जनताको समस्यालाई उजागार गरेका छन् । देशको राजनीतिक अस्थीरता, बढ्दो महङ्गी तथा अनेक समस्याले जकडिएको जिन्दगीलाई उनले मसानघाटसाग तुलना गरेका छन् । देशको समसामहिक समस्यालाई बिषयवस्तु बनाइएको यस कवितामा कविले आफ्नो अमूल्य जीवनलाई त्यसै फ्यााकेको तथा मसानघाटमा रुमलिनु बाहेक अरू केही नभएको कुरा पनि यसमा व्यक्त भएको छ ।

### (ग) भावविधान

गद्यभाषामा संरचित स कवितामा कविले आजको युगलाई अत्यासलाग्दो तथा आतंक र त्रासले भरिपूर्ण भएको युगको रूपमा लिएका छन् । देशको अवस्थासागै आफ्नो व्यक्तित्व पनि विनास भएको सम्झने कविलाई परिवर्तन नै नभए पनि भएजस्तो लाग्छ । उनले यस

कवितामा आफूलाई भुलक्कड अथवा सधैं हिड्ने बाटो पनि भुलेको जस्तो आभास हुन्छ भनेका छन् । जिउादै पनि मरेको जस्तो लाग्ने कविलाई आफूलाई मान्छे हो भन्न पनि लाज लाग्छ भनी आफ्नो जीवनलाई नै व्यर्थ सम्झन थाल्छन् । आफ्ना हरेक पाइलाहरूदिशाहीन जस्तो लाग्ने कविले पुर्खाका स्वाभिमान विर्सेका आजका देश निर्माताहरूलाई पशुको दर्जामा राखेका छन् ।

विगतका कुरालाई आजका मानिसले बिर्सेको तथा भविष्यलाई सोच्न नसकेको कुरालाई पनि यस कवितामा व्यक्त गरिएको छ । भ्रष्टाचारी र महङ्गीको समयमा पूर्खाको स्वाभिमान, आफ्नो विवेक तथा सन्ततीको आकाङ्क्षालाई आफूले खाडलमा पुरेको आभास पनि यस कवितामा कविले व्यक्त गरेका छन् । समस्या समस्याले ग्रस्त आजका मानिसहरूहिड्ने बाटोमा असल बाटोमा हिंड्दा नराम्रो मात्र भेटिएको तथा आफ्नो जीवन मसानघाटमा रुमलिनु वाहेक अरू केही नभएको कुरा पनि यस कवितामा व्यक्त भएको छ । कविले आफ्नो देशलाई मसानघाट भनेका छन् । जसरी मसानघाटमा गएपछि मानिस अस्तित्वहीन हुन्छ त्यसरी नै यो देशमा बसेका नेपालीहरूको जीवन पनि शुन्य र निराशाजनक हुन्छ भनेका छन् ।

(घ) **लयविधान**

मसानघाटमा रुमलिएको जिन्दगी कविता कविको गद्यढााचामा संरचित अनुप्रासयुक्त कविता हो । मुक्त किसिमको गद्यकवितात्मक लयप्रयोगको मुख्यता नै यस कविताको विशिष्टता हो । लामो एक अनुच्छेदमा संरचित यस कवितामा छोटोमा तीन शब्द र लामोमा पााच शब्दको पंक्तियोजना भेट्न सकिन्छ । जस्तैः

सधैं हिंड्ने बाटो पनि
फेरी फर्कीदा भुले जस्तो लाग्छ
त्यही बाटोमा भोगेका
अत्यास, आतंक र त्राशहरू
कुनै परिवर्तन विना नै
विर्सी दिए जस्तो लाग्छ
म बााचेको छु
म जिउादो मान्छे हु
यो भन्न पनि

मुस्किल जस्तो लाग्छ ।[२८]

शीर्षक र भावमा समानता भएको यस कवितामा प्रथम पुरुष शैलीको प्रयोग भएको छ । प्रस्तुत कविताको यो गद्यलय ढााचा अन्तसंगीतमय, भावमय साथै श्रुतीमधुर छ ।

### (ङ) बिम्व र प्रतीक

विभिन्न बिम्व र प्रतीक भएको यस कवितामा कविले हाम्रो देशलाई मसानघाटको संज्ञा दिएका छन् । मसानघाटलाई शुन्यता तथा निरासले भरिपूर्ण मानेका छन् । वेरोजगारीको समस्याबाट मुक्त हुन खोजेका मानिसहरूले मुक्ति नपाएको र मसान घाटामा नै रुमलिनु परेको निराशालाई पनि यसमा समावेश गरिएको छ । समग्रमा कविले नेपाललाई मसानघाट र यहााका जनतालाई त्यही मसानघाटमा रुमलिने मान्छेका रूपमा लिएका छन् ।

### (च) भाषाशैली

यो कवितामा कविले सरल तथा सहज भाषाशैलीको प्रयोग गरेका छन् । नेपाली तत्भव शब्दहरूकेही प्रतीकात्मक शब्दको प्रयोग भएको यो कवितामा प्रथम पुरुष शैली अपनाइएको छ । नेपालीको समस्या तथा नेपाललाई मसानघाटसाग तुलना गरिएको यस कवितामा भेटिने भाषिक वर्णयोजना, शैलीगत छरितोपना छोटा छोटा पंक्तिहरूको प्रयोगले यस कविताको भाषा शैली सरल भएको छ ।

## ५.४.४ त्रास कविताको अध्ययन

### (क) शीर्षक र संरचना

यस कवितामा कविले मान्छेको स्वार्थ प्रबृत्ति तथा समय र ठाउा अनुसार बदलिने मानिस देखि आफूलाई डरलाग्ने कुरा बताएका छन् । विश्वास गर्दा धोका दिने मित्र र आफ्नो स्वार्थको लागि जे जस्तो कदम चाल्न पनि सक्ने मानिसको चर्चा गरेका छन् । कवि यस कवितामा आफ्नो विगतदेखि डराएका छन् । ठाउा ठाउामा विश्मयाधिवोधक चिन्हको प्रयोग भएको यस कवितामा जम्मा एक अनुच्छेद छ । गद्य भाषामा लेखिएको यो कविता सं. २०४९ (गरिमा, वर्ष ११, अङ्क ४) मा प्रकाशित भएको हो । जम्मा छत्तीस हरफ भएको यस कवितामा कविले सबै पंक्तिहरूलाई एकै अनुच्छेद बनाएका छन् ।

### (ख) विषयवस्तु

प्रस्तुत कविता कविको प्रगतिवादी मान्यतामा आधारित कविता हो । वर्तमान समयको समसामहिक स्थितिलाई मुख्य विषयवस्तु बनाइएको यस कवितामा कविले स्वार्थी मानिसको स्वार्थी व्यावहारको वर्णन गरेका छन् । शीर्षक नै त्रास भएको यस कवितामा कविले समय र ठाउा अनुसार बदलिन सक्ने तथा आफ्नो लागि जस्तोसुकै कठिन समस्या पनि समाधान गर्न सक्ने र अर्काको लागि केहि पनि नगर्ने मानिसको वर्णन गरेका छन् । त्यस्ता स्वार्थी मानिसदेखि आफू डराएको कुरा पनि यसमा व्यक्त भएको छ । यस कवितामा कविले परिवर्तनकारी बन्नको लागि सबैलाई आग्रह गरेका छन् । समयलाई नचिन्ने मान्छेको कहिले पनि प्रगति हुदैन । उसले जहिले पनि समस्या मात्र भ्mेल्नुपर्छ, त्यसैले अतीतमा

---

[२८] प्रेम कैदी, “मसानघाटमा रुमलिएको जिन्दगी”,**विश्वदिप साहित्यिक मासिक,** (वर्ष ४, अंक १२, २०३९), पृ. १७ ।

भएका कुराहरूभुल्न सक्नुपर्छ भन्दै मान्छेको स्वार्थी प्रवृत्ति, समय र ठाउा अनुसार बदलिन सक्ने मान्छेको वर्णन गर्दै आफूलाई त्यस्ता कार्यप्रति डराउने व्यक्तिको रूपमा चिनाएका छन् ।

(ग) **भावविधान**

कैदीको यस कविता परिवर्तनको पक्षमा लेखिएको छ । यसमा कविले आफ्ना अतीतका दिनहरूभुल्न नसकेको र आजपनि ती दिनहरूसम्भदा कहाली लाग्ने हुन्छ भन्दै आफूलाई विगतदेखि डराउने व्यक्तिको रूपमा चिनाएका छन् । विगतले वर्तमानमा पनि असर पार्छ भनेझैं 'म' पात्रलाई नयाा वर्षको आगमनमा पनि खुसी नलागेको अरू मान्छेहरूरमाएको देख्दा पनि आफुलाई आश्चर्य लागको कुरा पनि यस कवितामा आएको छ । वर्तमानको मान्छेको छिनमा नै खुसी हुने र छिनमा नै रिसाउने प्रबृत्तिको तथा समय र ठाउा अनुसार खुसी हुने, दुःखी हुने मानिस प्रति पनि आश्चर्य मानेका छन् । वर्तमानको मान्छे स्वार्थी छ । हिजो गाली गरेका मानिसहरूआज प्रशंसा गर्न थालेका छन् । त्यही प्रशंसा गर्ने मानिसहरूफेरि धारिला चक्कु चम्काउन पनि तयार छन् ।

मान्छेका यस्ता स्वार्थी प्रवृत्तिले गर्दा देशमा सही मूल्याङ्कन हुन सकेको छैन् । आजका मानिसहरूसमय अनुसार आफूलाई भुल्न पनि तयार छन् । कविले कहिले पनि विगतलाई भुल्न सक्दैनन् । उनलाई कहिल्यै पनि महशुस भएन परिवर्तनको लागि हिडेर लागेको घाउ निको भएको उनले आफ्नो अतीतको दिन भुल्ने मान्छेलाई महान सम्भेका छन् । आफू भने आफ्नै मनको आतंकबाट उम्किन नसकेको धमिराको गोलो लागेको बुढो करङ्ग जस्तै भएको छु भन्दै आफ्नै मनप्रति शङ्का गरेका छन् । उनलाई आफ्नै मनप्रति डरलागेको छ र आफू त्यस डरबाट मुक्त नभएकोमा पश्चाताप पनि व्यक्त गरेका छन् ।

यस कवितामा कविले क्रान्तिकारी बन्न आग्रह गरेका छन् । देशमा विध्यमान राजनीति तथा यहााको समाजको परिवर्तन आवश्यक छ भन्दै मानिस परिवर्तनशील हुनुपर्छ भन्ने सन्देश दिएका छन् ।

(घ) **लयविधान**

त्रास कविता कविको गद्यढााचामा संरचित अन्त्यानुप्राशयुक्त कविता हो । मुक्त किसिमको गद्यकवितामय लयप्रयोगको मुख्यता नै यस कविताको विशिष्टता हो । लामो. एक अनुच्छेदमा संरचित यस कवितामा ठाउा ठाउामा विस्मयाधिबोधक चिन्हको पनि प्रयोग भएको छ । छोटोमा तीन अक्षरको र लामोमा पनि चारवटा नै शब्दको पंक्ति भएको यस कवितामा प्रथम पुरुष शैलीको प्रयोग भएको छ । जस्तैः

कस्तो मूल्याङ्कन होला

कस्तो स्मृति होला

मलाई कहिल्यै महसुस भएन

परिवर्तनको गहिरो रेखा

मेरो मुटुमै गाडिएको

कुनै पूरानो मेरो घाउ

शल्यक्रियाबाट निको भएका ।[२८]

शीर्षक र भावमा समानता भएको यस कविताको गद्यलय ढााचा अन्तसंगितमय, भावमय तथा श्रुतीमधुर छ ।

**(ङ) बिम्ब र प्रतीक**

यस कवितामा कविले विभिन्न बिम्ब र प्रतीकहरूको प्रयोग गरेका छन् । कवितामा कविले आफूलाई समय परिस्थीति अनुसार चल्न नसक्ने धमिराको गोलो लागेको खोक्रो रुखजस्तै मानेका छन् । त्यस्तै उनले आजको युगका स्वार्थी मान्छेको वर्णन पनि गरेका छन् । समय र परिस्थीति अनुसार चल्न सक्ने मानिसलाई कविले धारिलो चक्कुको संकेत दिएका छन् । कवितामा आएका धमिराको गोलो, खाक्रो रुख, धारिला चक्कु, शल्यक्रिया आदि कविता लेखनका सन्दर्भमा आएका बिम्ब तथा प्रतीकहरूहुन् ।

**(च) भाषाशैली**

त्रास कवितामा आजका मानिसहरूको प्रबृत्तिलाई व्यंग्य गरिएको छ । शैली व्यंग्यात्मक भएपनि यसको भाषा भने सरल तथा सहज छ । नेपाली तत्भव शब्दहरूको प्रयोग भएको यस कवितामा भाषिक वर्णयोजनामा भेटिने सरलता तथा पंक्तिगत छरितोपनाले भाषाशैली सरल तथा सहज भएको छ ।

### ५.४.५ पााच टुक्रा कविताको अध्ययन

**(क) शीर्षक र संरचना**

**पााच टुक्रा** कविता कविको अरू कविता भन्दा भिन्न ढााचामा संरचित छ । यसमा कविले पााच छोटा छोटा अनुच्छेदमा कविता रचना गरेका छन् । पााच वटा हरफको एक अनुच्छेद भएको यस कवितामा जम्मा पच्चीस हरफहरूछन् । यो कविता सं. २०३५ ( जयन्ती साहित्यिक मासिक, वर्ष ३, अङ्क ४, मंसीर/पुष) मा प्रकाशित भएको हो । यस कवितामा कविले आधुनिक समयमा भएको पूजीवादी र सामन्तवादी समाजमा भित्रिएको विकृति, विसंगति तथा सामाजिक र आर्थिक विकृतिलाई देखाएका छन् । जम्मा पााच अनुच्छेदमा कविता रचना गरेकाले कविताको शीर्षक नै पााच टुक्रा भएको छ ।

**(ख) विषयवस्तु**

यस कवितामा कविले समाजमा भएका यथार्थ घटनाहरूलाई विषयवस्तु बनाएका छन् । यस कवितामा कविले पूजीवादी र सामन्तवादी समाजमा भएको शोषण तथा दमनको विरोध गरेका छन् । यो कविता यथार्थवादी विषयलाई आत्मसाथ गरिएको कविता हो । यसमा कविले विशेषतः समाज पूजीवादी व्यवस्थातिर लागेपछि समाजमा भित्रिएको विकृति, विसंगति तथा सामाजिक, आर्थिक, राजनैतिक तथा शैक्षिक क्षेत्रमा आएको विसंगतिको भण्डाफोर गरेका छन् । यसमा कविले आधुनिक नेपालको पूजीवादी व्यवस्थामा समाजमा विध्यमान शोषण, दमन, हत्या हिंसा तथा विकृति विसंगतिको वर्णन गरेका छन् ।

देश बनाउने नाममा भित्रिएको विदेशी लगानीले देश होइन व्यक्ति धनी भएको छ भन्दै व्यक्तिवादी प्रवृत्तिको हावी भएको कुरालाई यस कवितामा देखाइएको छ । खासगरी देशको आर्थिक समस्या, यहाा विध्यमान विकृति विसंगति, सामाजिक विचलन तथा राजनैतिक क्रान्तिलाई कविले यस कविताको विषयवस्तु बनाइएको छ । सामन्तवादी र

[२९] प्रेम कैदी, “त्रास”, **गरिमा,** (वर्ष ११, अंक ४, २०४९), पृ. ६० ।

पूजीवादी व्यवस्थामा सोभा साभा जनताले पाएको दु:खलाई पनि यस कविताको विषयवस्तु बनाएको छ ।

**(ग) भावविधान**

यस कवितामा कविले आधुनिकताको नाममा फस्टाएको पूजीवादी व्यवस्था र सामन्तवादी व्यवस्थाको विरोध गरेका छन् । विकासको नाममा मित्रराष्ट्रहरूले गरेको लगानीलाई यहााका ठूला ठालु भनाउादाहरूको आफ्नो व्यक्तिगत स्वार्थको लागि प्रयोग गरेका छन् । गाउाको जनप्रतिनिधि मानिएका मानिसहरूऋणै-ऋणमा डुबेका छन् तरपनि अर्काको पैसामा चलेका त्यस्ता मनिसहरूनै सहरको विभिन्न ठाउामा संचालन भएका उद्योग धन्दा तथा विद्यालयको शेयर होल्डर छन् भन्दै नेतृत्व सम्हालेका व्यक्तिहरूको वयान गरिएको छ । जनताको नाममा आफ्नो अस्तित्व बेचेका नेताहरूजनताको लागि हिाडेको भनि विदेशी डलर खान पल्केका नेताहरूनै गाउामा ठालु भएका छन् । गाउामा त्यस्ता मानिसहरूको मात्र सम्मान छ भने सहरमा पैसावाल साहुको सम्मान छ । विकास निर्माणको जिम्मा लिएका ठेकेदारले थोरै ज्यालामा काम लगाई श्रमिकको श्रमशोषण गरेका छन् । त्यस्ता कामगर्ने ठेकेदारको जहाापनि गुणगान भएको छ ।

आजको पूजीवादी व्यवस्थामा राम्रो काम गर्ने मानिस खराब भएको छ भने अर्काको चारी गर्ने ठगी गर्ने मानिस चााहि आदर्श भएको छ । भन्दै वर्तमानको शासनव्यवस्थाको विरोध गरेका छन् । वर्तमान समयलाई मध्यनजर गरेर छोरा र छोरी दुबैलाई समान व्यवहार गरी सहरमा पढ्न पठाएको छोरी पढाइभन्दा फेशन, चक्काजाम जस्ता नराम्रा काममा लागेको कुरा पनि कवितामा व्यक्त भएको छ । खेतीपातीको लागि बनाइएका नहर, कुलो तथा बााधहरूबनाउन नपाइकन भत्किएका छन् । विकासको लागि विदेशबाट लिइएको ऋण ठेकेदार मोटाउने माध्यम भएको छ भन्दै वर्षायामको बाढी पहिरोले मलिलो माटो जति बगाएर लगेको तथा त्यसरी माटो बगाएर लगेकाले खेती कम भएको कुरा पनि यस कवितामा व्यक्त भएको छ । कविले यसमा पूजीवादी व्यवस्थाले गर्दा देशमा भित्रिएको विभिन्न समस्या आएको कुरा व्यक्त गरेका छन् । सभ्य बनाउनको लागि ऋण काढेर पढाएको छोरा असभ्य भएको तथा धुम्रपान मध्यपानमा लागेको कुरा पनि कविले यस कवितामा व्यक्त गरेका छन् । बुढेसकालमा सुख पाउाला तथा आनन्दसाथ बसौला भनेर कमाएको पैसा छोरा छोरी पढाउादैमा ठिक्क भएको तर उपलब्धी केही नभएको कुरा पनि कवितामा व्यक्त भएको छ ।

**(घ) लयविधान**

पााच टुक्रा कविता कविको गद्य लयात्मक ढााचामा संरचित अन्त्यानुप्राश युक्त कविता हो । मुक्त किसिमको गद्यकवितात्मक लयप्रयोगको मुख्यता नै यस कविताको विशिष्टता हो । छोटा छोटा पााच अनुच्छेदमा संरचित यस कवितामा तृतीय पुरुष शैलीको प्रयोग भएको छ । जस्तै :

सडक पुल र उद्योग घन्दामा
मित्रराष्ट्रहरूको लगानी छ ।
ऋणै - ऋणमा डुबे पनि
गाउाको मुख्य जन-प्रतिनिधि
सहरमा शेयरहोल्डर छ ।[३०]

---

[३०] प्रेम कैदी, “पाँच टुक्रा,” **जयन्ती**, (वर्ष ३ अंक ४, २०३५), पृ. ३२ ।

(ङ) **छन्दविधान**

यस कवितामा कविले आधुनिक कवितामा प्रयोग हुने स्वरछन्दको प्रयोग गरेका छन् । त्यस्तै यस कवितामा विभिन्न बिम्ब र प्रतीकहरूको पनि प्रयोग भएको छ । यसमा प्रयोग भएका सडक पुल, उद्योग धन्दा, शेयर होल्डर आदि पूजीवादी व्यवस्थाको प्रतीक हो भने नोकरशाही दमन, लुटपाट आदि सामन्तवादी व्यवस्थाको प्रतीक हो ।

(च) **भाषाशैली**

पााच टुक्रा कविताको भाषाशैली सरल तथा सहज भाषामा लेखिएको छ । नेपाली तत्भव शब्दहरूको प्रयोग भएको यस कविता गद्यलयात्मक ढााचाको प्रयोग छ । शीर्षक र भावमा समानता भएको यस कविताको भाषाशैली संगीतमय, भावमय र अन्त्यानुप्रासयुक्त छ ।

**५.४.६ शहर कविताको अध्ययन**

(क) **शीर्षक र संरचना**

यस कवितामा कविले सहरलाई प्रदुषण, अशान्ती तथा मानवीय असुरक्षा र व्यवस्थाहीनको संज्ञा दिएका छन् । स्वतन्त्रताको नाममा सहरमा भित्रिएको विकृति, दिनदाहाडै यहाा हुने डाका डकैतिको पनि उनले यस कवितामा वर्णन गरेका छन् । शीर्षक नै सहर भएको यस कवितामा कविले सहर शभ्यताको नाममा कलङ्क भएको छ भन्ने भाव व्यक्त गरेका छन् । लामा छोटा गरी बीस हरफको एक अनुच्छेद भएको यस कवितामा कविले गद्यभाषाको प्रयोग गरेका छन् । सं. २०४९ को (अनुराग, पूर्णाङ्क ५) पौष महिनामा प्रकाशित भएको यो कविता कविको प्रगतीवादी मान्यतामा आधारित कविता हो ।

(ख) **विषयवस्तु**

यस कवितामा कविले सहरमा हुने विभिन्न खालका घटना, सहरमा लागु भएको नियम कानून तथा स्वतन्त्रताका नाममा भित्रिएको पाश्चात्य संस्कृति र सहरको वातावरणीय प्रदुषणलाई मुख्य विषयवस्तु बनाएका छन् ।

कविको विचारमा सहर भनेको मरेको सिनो खाने हाडारहरूको बस्ती, मानिसले मानिसलाई गर्ने दुर्व्यवहारको केन्द्र तथा मानिसको बेचबिखन हुने ठाउा हो भनेका छन् । कविले यस कवितामा सहरलाई मरुभूमी मानेका छन् । विशेषतः कविले कहरमा हुने मानवीय दुर्वव्यवहार यहााको विकृति विसंगति, तथा वातावरणीय प्रदुषणलाई कविताको मुख्य विषयवस्तु बनाएका छन् ।

(ग) **भावविधान**

कविले यस कवितामा सहरप्रतिको आफ्नो दृष्टिकोण व्यक्त गरेका छन् । कविको विचारमा सहर भन्नाले अरूले मारेर छाडेको कुहेको सिनो खाने बस्ती हो भनेका छन् । यहाा कुनै नियम कानून छैन । मानवीय स्वतन्त्रताको नाममा हुने विभिन्न शोषण बढ्दो छ । सहर भनेको सत्तामा बस्ने सत्ताधारीहरूको शासन गर्ने ठाउा हो । यहाा मानछेले मान्छे मार्दा पनि कसैलाई वास्ता नहुने र सुरक्षा निकाय पनि नाम मात्रको हुने हुनाले सहर शभ्यताको नाममा कलङ्क भएको छ भन्ने भाव कवितामा व्यक्त भएको छ । यहाा कसैले आफ्नो प्यारो बाबु तथा आमा गुमाएका छन् भने कतिआमा बाबुका आशाका केन्द्रबिन्दु मानिएका छोराछोरीहरूविकृति र विसंगतिको शिकार भएका छन् भन्दै सहरमा हुने शान्तीसुरक्षा तथा सत्तामा बस्ने नेतृत्वकर्ताहरूको खिल्ली उडाएका छन् । सहरमा शत्रु खोज्न कही पनि

जानुपर्दैन एउटै घरमा बस्ने मानिस नै शत्रु हुन्छन् । यहााका मानिसहरूस्वार्थी छन् । यहाा एकातिर मानिसको उपचार गर्न जिम्मा पाएका डाक्टरहरूको लापरवाहीले गर्दा कैयौं मानिसको कालमा नै ज्यान गएको छ भने अर्कोतिर पशुपंक्षीको उपचार गर्नको लागि कसाईहरूबिहानैदेखि छुरा धासाउने काममा लागेका छन् भन्दै सहरलाई मसानघाट मानेका छन् । राजधानी जस्तो ठाउामा भएको अत्याधिक लोडसेडिङ्ग तथा यहााको मानवीय असुरक्षालाई उनले कालो चुक पोखेको शान्ति भनेका छन् ।

सहरमा राती राती एम्बुलेन्स जस्तो साइनर बजाउादै चारपाङ्ग्रे गाडीले लास छदै हिंडेको दृश्य हुन्छ भन्दै मानिसप्रति भएको दुर्व्यवहारको वर्णन गरेका छन् । कविको विचारमा सहर भनेको मुर्दाको वस्ती हो । त्यसैले यहाा न हर्ष न विष्मात नै छ जताततै कोलाहल, होहल्ला, अशान्ती तथा हत्या हिंशा तथा आतंक छ भन्दै सहरमा आफु बस्न नसकेको कुरा व्यक्त गरेका छन् । नेतृत्व सम्हालेर बसेका नेताहरूआफै नै सुरक्षित छैनन् । जसले जे बोले पनि वास्ता छैन् । नारा, जुलुस, हडतालले सडक भरिएको छ । देशको निम्ति कतिले रगत बगाए, कतिले मसिना चुहाए त्यो पनि सत्ताधारीलाई थाहा छैन भन्दै आफ्ना मनमा लागेका कुराहरूकविताको माध्यमबाट व्यक्त गरेका छन् ।

### (घ) लयविधान

सहर कविता गद्यात्मक ढााचामा रचित कविता हो । मुक्त किसिमको गद्यकवितात्मक लयप्रयोगको मुख्यता नै यस कविताको विशिष्टता हो । शीर्षक र भावमा समानता भएको यस कवितामा प्रथम पुरुष शैलीको प्रयोग भएको छ । जस्तै :

मलाई यो सहर

अरूले मारेर छाडको

कुहेको सिनो खाने

हाडारहरूको बस्ती झै लाग्छ ।

यहाा कसैका बाबु कसैको आमा

कसैका दाइ कसैका भाइ

कसैका चेली र कसैका बुहारीहरू

अर्काले शिकार गरिरहन्छन् ।[३१]

जम्मा एक अनुच्छेदमा संरचित यस कवितामा लामा छोटा गरी जम्मा बिस हरफहरूछन् । छोटोमा तीन शब्द र लामोमा ६ शब्दको पंक्ति योजना भएको यो कविता अन्तसंगीतमय, भावमय र अनुप्राशयुक्त छ ।

### (ङ) बिम्ब र प्रतीक

बिम्ब प्रतीकका दृष्टिले हेर्दा यस कवितामा विभिन्न बिम्व तथा प्रतीकहरूको प्रयोग पाइन्छ । कवितामा कविले सहरलाई सिनो खाने हाडारहरूको बस्ती मानेका छन् । यहााका मासु काटेर जीवन निर्वाह गरेका मानिसहरूलाई उनले हिंस्रक भनेका छन् । यहाा प्रयोग

---

[३१] प्रेम कैदी, “सहर”, **अनुराग,** (पूर्णाङ्क ५, २०४९, पौष), पृ. ४९ ।

भएका मुर्दाको बस्ती, कालो चुक, सिनो खाने हाडारहरूको बस्ती आदि शब्दहरूसहर कवितामा आएका बिम्ब तथा प्रतीकहरूहुन् ।

(च) **भाषाशैली**

सहर कविता सहज तथा सरल भाषामा लेखिएको छ । प्रथम पुरुष शैली अपनाइएको यस कवितामा नेपाली तत्भव शब्दहरूको प्रयोग भएको छ। सहरको विविध समस्यालाई विभिन्न बिम्व र प्रतीक दिइएको यस कविता भाषिक वर्णयोजनामा भेटिने अनुप्राशीय माधुर्य, शैलीगत छरितोपना छोटा छोटा पंक्तिहरूको प्रयोगले यसको भाषाशैली सरल भएको छ ।

## ५.५ प्रेम कैदीका फुटकर लेखहरूको अध्ययन

### ५.५.१ खस साम्राज्य र खसजातिको अध्ययन

(क) **संरचना**

प्रस्तुत लेख कैदीको ऐतिहासिक विषयवस्तुमा आधारित फुटकर लेख हो । जुन लेख सं. २०६५ पुष महिनाको १ गते नेवा नामक पत्रिकामा प्रकाशित भएको थियो । उनले यस लेखमा मूल शीर्षकभित्र विभिन्न उपशीर्षकहरूराखेका छन् । जसमा कैलास मानस खण्ड र कर्णाली नदी, सूर्यवंशी शक र खस जाति, वैदिक र पौराणिक कालका खसहरूतथा खसहरूर वर्णाश्रम व्यवस्था आदि रहेका छन् । जम्मा जम्मी चार पेजमा उनको यो लेख संरचित छ ।

(ख) **शीर्षक**

कैदीको यस लेखमा खस साम्राज्यको इतिहास, खस जातिको धर्मसंस्कृति तथा विश्वव्यापी राजनीतिक, सांस्कृतिक स्वरूप र अधिनतालाई समेत ऐतिहासिक तथ्यका आधारमा संक्षित व्याख्या गरिएकोले यसको शीर्षक नै खससाम्राज्य र खसजाति रहेको छ ।

(ग) **विचार/दृष्टिकोण**

यस लेखप्रति लेखकको विचार वा दृष्टिकोण निम्न अनुसार रहेको छ । देवराज इन्द्रको नाउा राक्रा थियो । त्यही शक्र शब्दबाट शक, कशः खस भएर उनैका सन्ततीहरूशक वा खस बोलिए । खस जातिले वर्णव्यवस्था स्वीकार गरेपछि रङ्ग वा कर्मका आधारमा वर्ण छुट्टयाइयो त्यसैले एकै बाबुका छोरा वा छोरी पनि कामका आधारमा बाहुन, क्षेत्री, वैश्य वा शुद्र भए । ज्ञान कर्म गर्ने बाहुन, रक्षा कर्म गर्ने क्षेत्री, व्यापार कर्म गर्ने वेश्य र खेतीपाती गर्ने शुद्र भए । यी मूल चार वर्ण हुन् र बााकी पेशाका आधारमा अनेकौं उपवर्ण वा उपथरहरूबनेको व्याख्या गर्दै इन्द्र, मनु जनक हुादै सिंजा, जुम्ला र पछि गोर्खा साम्राज्य बनेको थियो । नेपाल मात्र होइन पुरै हिमालयको खण्ड प्राचीनकालमा खसजातिको विशाल साम्रज्य रहेको ऐतिहासिक व्याख्या लेखमा गरिएको छ ।

यस लेखमा खस जातिको धर्मसंस्कृति, विश्वव्यापी राजनीतिक तथा साास्कृतिक स्वरूप र खससाम्राज्यको इतिहास, विस्तार तथा सम्पूर्ण लेख नै खसजाति र खससाम्राज्य माथि नै केन्द्रित रहेको छ ।

(घ) **भाषाशैली**

यस लेखमा ऐतिहासिक विषयवस्तुलाई समेटे पनि यसको भाषा सरल छ भने शैली वर्णनात्मक छ । जस्तोसुकै कठिन विषयवस्तुलाई पनि आफ्नै शैलीमा व्यक्त गर्न सिपालु कैदीको यस लेखमा अधिकांश नेपाली तत्भव शब्दहरूको प्रयोग भएको छ । यसका साथै

ठाउा ठाउामा तत्सम शब्द र केही ठाउ ठाउामा सुमेरु, नेत्र, शास्त्र, वध, शीलापत्र, सुर, असुर, नर, यक्ष, किन्नर आदि तत्सम् शब्द र गैर, मोन, कुश, कशकारा आदि आगन्तुक शब्दको पनि प्रयोग भएकोछ ।

**(ङ) उद्देश्य**

यस लेखको उद्देश्य खस साम्राज्यको इतिहास, खस साम्राज्यको मूल बिन्दु तथा समग्र खससाम्राज्य र खसजातिको वर्णव्यवस्था धर्मसास्कृति र राजनीति तथा यसको विस्तारलाई ऐतिहासिक तथ्यको आधारमा व्याख्या गर्नु हो ।

**(च) निष्कर्ष**

ऐतिहासिक विषयवस्तुमा आधारित परम्परा तथा धर्मसंस्कृतिको बारेमा उल्लेख गरिएको छ । नेपाली तत्भव शब्दको साथै तत्सम र आगन्तुक शब्दको प्रयोग भएता पनि सरल भाषामा लेख लेखिएको छ ।

### ५.५.२ जगतजेष्ठ सिन्धु ... को अध्ययन

**(क) संरचना**

इतिहास⁄संस्कृतिलाई आधार बनाएर लेखिएको यो लेख पनि कैदीको फुटकर लेख हो । सं. २०६१ मा लालीगुरास साहित्यिक पत्रिका (नेपाली साहित्य विकास परिषद यू.के. वर्ष ९ अंक ४) मा प्रकाशित भएको यस लेखमा कैदीले लगभग चार पेजमा आफ्ना विचारहरूप्रस्तुत गरेका छन् ।

**(ख) शीर्षक**

यस लेखमा जगतमा जेठो अर्थात जगतजेष्ठ सभ्यता, त्यसको विश्वव्यापी विस्तारको वर्णन गरेका छन् । उनले यस लेखमा संसारको सबैभन्दा पूरानो सभ्यता कर्णाली सभ्यता हो । ठाउा अथवा व्यक्ति अनुसार विविध नामले चिनिएको कर्णाली नदी वा क्षेत्र न खस जातिको मूल थलो हो । यही कर्णाली सभ्यताबाट नै संसारका अरू धमर्हहरूउत्पन्न भएको अथवा कर्णाली सभ्यतासाग सिन्तो धर्मको पनि सम्बन्ध रहेको छ । भनी उनले यस लेखमा कर्णाली सम्यतालाई जगतमा जेठो अर्थात जगतजेष्ठ सभ्यता, त्यसको विश्वव्यापी विस्तार र त्यसको सिन्तो धर्मसाग रहेको सम्बन्धको पुष्टि गरेका छन् ।

**(ग) विचार वा दृष्टिकोण**

कैदीका अनुसार कांग्रजी कार्चाक (कैलास पूराण) मा कर्णाली नदीलाई सिन्धु नदी र वर्तमान सिन्धु नदीलाई सिता भनिएको छ । सिन्धु शब्दको उच्चारण कर्णालीमा हिन्दु हुने भएकाले यसैबाट हिन्दु धर्मको उत्पत्ति भएको हो । सिन्धु शब्दबाट नै जापानको सिन्तो धर्म उत्पत्ति भएको व्याख्या लेखकको छ । सिन्धु शब्दबाट नै चीन राष्ट्र बनेको र हिन्दु शब्दबाट हिन्दु, हिन्दूस्थान हिन्दचीन पश्चिमाहरूले इन्दुज भन्ने हुनाले इन्डिया देखि रेड इन्डियासम्म सबै यसै शब्दबाट बनेको लेखकको दाबी छ ।

वैदिक कालपछि कर्णाली नदीलाई सरजु वा सूर्य नदी भनिएकाले सूर्यपुत्र मनु, सूर्यपुत्री आमातेरासु देखि सूर्यवंशी राम तथा सूर्यलाई निभा भनिने र त्यसैबाट नेपाल बनेको कुरा पनि यस लेखमा व्यक्त भएको छ । त्यसैले हिन्दुहरूविश्वव्यापी छन् । हिन्दुधर्म बास्तवमा मानव धर्म हो र यसले मानव मात्रको कल्याण गर्ने मानवतावादी नीति लिएको पाइन्छ । दुष्टहरूको नाश गर्ने, हिंसालाई हटाउाने र वर्णाश्रम धर्म रहित व्यवस्था नै हिन्दु

धर्म हो । त्यसैले नै कर्णाली सभ्यतालाई जगतजेष्ठ विश्व सभ्यता र हिन्दु, सिन्तो वा सूर्य पूजक अनेकौं प्राचीन धर्महरूलाई उनले कर्णालीसाग जोडेका छन् ।

### (घ) भाषाशैली

यस लेखमा ऐतिहासिक तथा सांस्कृतिक शब्दहरूको प्रयोग भएतापनि सामान्य पाठकले पढ्दा पनि त्यसको सार बुझिने खालको छ । समग्रमा भन्दा यसको भाषा सरल हुनुको साथै शैली वर्णनात्मक रहेको छ । अधिकांश नेपाली तत्भव शब्दहरूको प्रयोग भएतापनि केही ठाउामा संस्कृतका तत्सम शब्द र केही ठाउामा सिन्धु, वर्णाश्रम, दृष्टानीति, आज्टेक, इन्कास मायान आदि आगन्तुक शब्दको पनि प्रयोग भएको छ ।

### (ङ) उद्देश्य

यस लेखको मूल उद्देश्य संसारको सबैभन्दा पूरानो सभ्यता अथवा जेष्ठ सभ्यता कर्णाली सभ्यता हो । यसै सभ्यताबाट नै संसारमा जति पनि हिन्दुहरूछन् त्यसको विकास भएको हो भनि यस सभ्यताको विश्वव्यापी विस्तार यसको उत्पत्ति तथा सिन्तो धर्मसागको सम्बन्ध देखाउनु हो ।

### (च) निष्कर्ष

ऐतिहासिक तथा सांस्कृतिक विषय वस्तुमा आधारित यस लेखले सिन्धु, शब्दबाट नै चीन शब्द बनेको कुरालाई पुष्टि गरेको छ । सरल भाषा तथा वर्णात्मक शैली अपनाइएको यस लेखमा पूरानो सभ्यता कर्णाली सभ्यता हो र यसैबाट अन्य सभ्यताको विकास भएको हो भन्ने कुरा व्यक्त भएको छ ।

## ५.५.३ योगीजीको व्यक्तिगत होइन योद्धाको लडाईको वर्णन गर्न खोजेको छु को अध्ययन

### (क) संरचना

यो लेख कैदीले योगी नरहरीनाथले राष्ट्रका लागि गर्नुभएको विभिन्न कार्यको वारेमा लेखिएको छ । यो पत्रात्मक लेख हो । सं. २०५१ मा योगी नरहरिनाथः जीवन एवम् कर्म नामक पुस्तकमा कैदीको यो लेख प्रकाशित भएको पाइन्छ । योगिजीको योद्धाको लडाईको मात्र वर्णन गरिएको यस लेखमा प्रकाशक गोविन्द काफ्लेलाई कैदीले नरहरिनाथको कार्यको जानकारी दिएका छन् । यो लेख उनको तीन पेजमा वर्णित छ ।

### (ख) शीर्षक

यस लेखमा कैदीले योगी नरहरिनाथले सभ्यता, संस्कृति, परम्परा तथा खस जाति र खस भाषाको बारेमा उनले गरेको कार्यको वर्णन गरेका छन् । यसका साथै कर्णाली सभ्यताको पहिचान, साम्यवादका व्याख्या, राष्ट्रियता, स्वाधीनता, समानता र मौलिक जातीय संस्कृति निर्माणको सङ्घर्षको कहिले नथाक्ने योद्धा हुनुहुन्छ भनि योगीजीको योद्धाको लडाईको वर्णन गरेर शीर्षकसाग विषयवस्तुको मेल गराएका छन् ।

### (ग) विचार/दृष्टिकोण

यस लेखमा कैदीले योगीजीलाई आफ्नो गुरु मध्येका सभ्यता, संस्कृति, इतिहास, भुगोल र सामाजिक जीवनको व्याख्या गर्ने सबै धर्म, सबै जाति र सबै सम्प्रदायलाई समान दृष्टिकोणले हेर्न योगीजीले वर्तमानमा सिद्धिप्राप्त पुरुष हुनु समयको सिद्ध हो भनेका छन् । यदि उहाा नभएको भए नेपाललाई चार जात, छत्तीस वर्णको फूलबारी हो भन्ने कुरा पनि सिद्ध हुने थिएन । उनले नै मधेसदेखि हिमालसम्म र इरावतीदेखि सिन्धसम्मको यात्रा गरी

हिमवत खण्डका धुलोमाटो पातपतिङ्गर चालेर केही यस्ता पदचिन्हहरूबनाएका छन् जसबाट हाम्रो सातहजार वर्ष पूरानो सभ्यता र संस्कृतिको उज्यालो प्रकाश हामीले भेट्न सक्ने भएका छौं । उनले योगीजीलाई यो देशको एउटा सच्चा देशभक्त, सभ्यता र संस्कृतिको निर्माता, साम्यवादी आन्दोलनका तथा राष्ट्रिय भाषिक सांस्कृतिक समानताको लडाई तथा पूर्ण स्वाधीन प्रजातान्त्रिक नेपालको निर्माणको प्रश्न उठाउने व्यक्ति हुन भनी उहााको सङ्घर्षको वर्णन गरेका छन् । कैदीका दृष्टिकोणमा योगीजी एउटा महान व्यक्ति हुन जसले आफ्नो राष्ट्रको लागि आफ्नो सबै समय बिताएका छन् । यस्ता व्यक्ति अव भेटिन गाऱ्हो छ भनेका छन् ।

**४. भाषाशैली**

सरल भाषाको प्रयोग भएको यस लेखमा कैदीले योगीजीको वर्णन गरेकाले यहाा वर्णनात्मक शैलीको प्रयोग भएको छ भन्न सकिन्छ । नेपाली तत्भव शब्दहरूको प्रयोग भएको यस लेखलाई सामान्य पाठकले पढ्दा पनि बुझ्न सक्ने खालको छ ।

**५. उद्देश्य**

प्रेम कैदीको यस लेखको उद्देश्य योगी नरहरीनाथले राष्ट्रकै लागि विभिन्न क्षेत्रमा गर्नुभएको योगदान तथा उहााको व्यक्तिगत नभइ योद्धाको लडाईको वर्णन गर्नु हो ।

**(६) निष्कर्ष**

पत्रको रूपमा संरचित कैदीको यस लेखले योगी नरहरीनाथलाई राष्ट्रै महान व्यक्तिको रूपमा वर्णन गरेको छ । सधै आफ्नो राष्ट्र,जाति तथा धर्मको बारेमा चिन्तित योगीजी साााच्चै नै यो देशको सच्चा देशभक्त हुनुहुन्छ भनि यसमा वर्णन गरिएको छ । सरल भाषाशैलीमा लेखिएको यस लेखमा वर्णनात्मक शैली अपनाइएको छ ।

### ५.५.४ लेखकप्रति शुभेच्छाको अध्ययन

**(क) संरचना**

यो लेख कैदीको देउडा विगतदेखि वर्तमानसम्म नामक पुस्तकमा सं. २०६० भदौं महिनामा सो पुस्तकका लेखक (गोबिन्दप्रसाद पाण्डे) प्रति शुभेच्छा नामक शीर्षकमा प्रकाशित भएको पाइन्छ । जम्मा तीन पेजमा संरचित यस लेखमा लेखक प्रति शुभेच्छा राखिएको छ ।

**(ख) शीर्षक**

लेखकप्रति शुभेच्छा शीर्षकमा रहेको यस लेखमा लेखक गोविन्दप्रसाद पाण्डेलाई आफ्नो जातीय परम्परा, आफ्नो सभ्यता र संस्कृतिको सेवा गर्ने व्यक्तिका रूपमा लिएका छन् । शीर्षक लेखप्रति शुभेच्छा भएपनि यसमा लेखकलाई देउडा गीतको विकास तथा विस्तार गर्नु र आाशुकवि रहेका गोविन्द पाण्डेलाई आफ्नो काममा सफलता प्राप्त गर्नु होला भन्दै हार्दिक शुभेच्छा प्रकट गरिएकाले यसके शीर्षक नै लेखकप्रति शुभेच्छा रहेको छ ।

**(ख) विचार वा दृष्टिकोण**

प्रेम कैदीले यस लेखमा आाशुकवि गोविन्दप्रसाद पाण्डेलाई परम्परादेखि चल्दै आएको देउडा गीतको संरक्षक बन्नको लागि आग्रह गरेका छन् । उनले यस लेखमा गायत्री छन्दमा

रहेको देउडा गीतलाई मेलापात, चाडपर्व, रोपाई जौं-गहुा माड्नेदेखि लिएर दुःख विछोडका समयमा पनि आफ्ना भावना व्यक्त गर्ने माध्यम हो भनेका छन् । उनले देउडा गीत गाउने र देउडा तृत्य गर्ने व्यक्तिलाई आफ्नो सभ्यता र संस्कृतिको सेवा गर्ने व्यक्ति तथा आफ्नो समाजलाई मार्गदर्शन गर्न सफल व्यक्तिको रूप मानेका छन् । उनले यस लेखमा देउडा गीतलाई हाम्रो मौलिक श्रुति परम्परा लोकगीतमा विद्यमान छ र लोकगीत सर्वकालिक भएकाले रचनाकार हुदैन लेखेर पढ्दा स्वर र अर्थ भंग हुने डर भएकोले प्रायः कसैले लेख्दैनन् । यस आाशु रचनामा अन्तिम पदहरूको सङ्गीतमय पुनरावृत्तिका साथै आम जनसमुदायले सहजै ग्रहण गर्नसक्ने, सहज भाव र शैली यसका विशेषताहरूहुन् । सामूहिक रूपमा नााच्ने, गाउने भएपनि कतिपय बेला यसमा कोही न कोही विशिष्ट गीतकारहरूभई नै हाल्दछन् । भनी आफ्नो विचार व्यक्त गरेका छन् ।

**(घ) भाषाशैली**

सरल तथा सहज भाषामा व्यक्त गरिएको यस लेखको भाषाशैली वर्णनात्मक छ । नेपाली तत्भव शब्दहरूको प्रयोग भएको यस लेखमा देउडा गीतको अर्थ, महत्व तथा देउडा गीतको क्षेत्रको बारेमा वर्णन गर्न खोजिएको छ ।

**(ङ) उद्देश्य**

कैदीको यस लेखको उद्देश्य देउडा गायक गोबिन्द प्रसाद पाण्डेलाई आफ्नो कार्यमा सफल हुन तथा देउडा गीतको भाविष्य अझ राम्रो बनाउन आग्रह गर्नु हो ।

**(च) निष्कर्ष**

लेखकप्रति शुभेच्छा रहेको यस लेखमा प्रेम कैदीले आफ्नो तर्फबाट देउडाको अर्थ बताउनुको साथ आंशुकवि रहेका गोविन्दपाण्डेलाई सफल मार्गदर्शक बन्न आग्रह गरिएको छ । सरल भाषामा लेखिएको यस लेख विशेषतः देउडा गीतमाथि नै केन्द्रित रहेको छ ।

### ५.५.५ इतिहासका निर्माताः रघुनाथ प्रसाद रौनियारको अध्ययन

**(क) संरचना**

यो लेख कैदीको राष्ट्रका गौरव नेपालका प्रथम पत्रकार रघुनाथ प्रसाद रौनियारको व्यक्तित्वका बारेमा सं. २०५८ पूष १ गते प्रकाशित भएको उनको स्मृति ग्रन्थ हो । यस स्मृति ग्रन्थमा भएका विभिन्न शीर्षकका लेखहरूमध्ये कैदीको इतिहासका निर्माताः रघुनाथ प्रसाद रौनियार पनि एक हो । यो लेख जम्मा दुई पेजमा वर्णित छ ।

**(ख) शीर्षक**

निरंकुश तानाशाही र साम्राज्यवादी शासकहरूबाट दक्षिण एशियाका मानवताको मुक्तिका लागि साहसका साथ अग्रसर भएर आफ्नो आवाज बुलन्द पार्ने रघुनाथ प्रसाद रौनियार नेपालका प्रथम पत्रकार मात्र नभई इतिहासका निर्माता हुन भनी कैदीले शीर्षकलाई सार्थक बनाएका छन् ।

**(ग) विचार/दृष्टिकोण**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतका सम्पूर्ण ज्ञात अज्ञात अमर सहिद र क्रान्तिकारीहरूमा जसका बलिदान तथा वीरताले दक्षिण एशिया लगायत नेपाली

जनमानसमा विद्रोही चेतना र जनक्रान्तिको वीजारोपण गरेर मानव मुक्ति अभियान संचालन गर्ने कार्यमा समर्पित भई आफ्नो अमूल्य जीवन विताएका व्यक्ति हुन भनी कैदीले भनेका छन् । राष्ट्रवाणी, मानव जीवन, स्वदेश, आर्यवर्त, हिन्दुस्तान, नवभारत टाइम्स दैनिक जस्तो प्रभावशाली अखवारको समाचारदाता मात्र नभई नेपालबाट गोप्यरूपमा जहानियाा राणा शासनको विरोधमा भारतमा समाचार प्रेषित गर्ने नेपालको प्रथम क्रान्तिकारी पत्रकार हुन् भन्न सकिन्छ । तत्कालीन समयमा विदेशी पत्रपत्रिकाहरूसाग हातेमालो गरेपनि नेपालबाट आफ्नो देशका समाचारह भारतमा पठाउने पत्रकार स्वर्गीय रघुनाथ प्रसाद रौनियार नै प्रथम व्यक्ति भएको कैदीको भनाई छ ।

कैदीले यस लेखमा २००७ साल अघिको चरम दमनको स्थितिमा जनतालाई सुसूचित गर्ने र प्रजातान्त्रिक सङ्घर्ष स्वर्गीय रघुनाथ प्रसाद रौनियारले गरे त्यो नेपाली पत्रकारहरूको लागि प्रेरणाको विषय बनेको छ भनेका छन् । हाम्रो प्रजातान्त्रिक आन्दोलन र स्वतन्त्र पत्रकारिताको सिंगो इतिहासिाग स्वर्गीय रघुनाथ प्रसाद रौनियार अत्यन्त प्रभावशाली व्यक्तित्वका रूपमा जोडिनु भएको हुनाले उहााको बारेमा व्यापकरूपमा अनुसन्धान गरिनु पर्ने आवश्यकता छ भन्दै रौनियारलाई नेपाली पत्रकारिताको इतिहासका निर्माता हुन भनी कैदीले आफ्नो धारणा प्रस्तुत गरेका छन् ।

(घ) **भाषाशैली**

नेपालका प्रथम पत्रकार रघुनाथ प्रसाद गुप्ता रौनियारको बारेमा लेखिएको यस लेखको भाषा सरल छ भने शैली वर्णनात्मक छ । नेपाली तत्भवशब्दको प्रयोग भएको यो लेख सरल भाषा भएका कारण नै प्रशनीय बनेको छ ।

(ङ) **उद्देश्य**

कैदीको यस लेखको उद्देश्य राष्ट्रका गौरव नेपालका प्रथम पत्रकार रघुनाथ प्रसाद गुप्ता रौनियारले देशका लागि गरेका विभिन्न ऐतिहासिक कार्यको वर्णन गर्नुका साथै विशेषतः नेपाली पत्रकारिताके भविष्य बनाउने ऐतिहासिक व्यक्तित्वको विवेचना गर्नु तथा यस्ता होनाहार व्यक्तिको अनुसन्धान गर्नु जरुरी छ भनी सम्बन्धित निकायलाई आग्रह गर्नु हो ।

(च) **निष्कर्ष**

नेपालका प्रथम पत्रकार रघुनाथ प्रसाद रौनियारलाई कैदीले यस लेख मार्फत इतिहासका निर्माता मानेका छन् । आफ्नो देश र जनताको लागि आफ्नो शरीर नै सुम्पने रौनियारलाई नेपालका प्रथम क्रान्तिकारी पत्रकार, प्रजातन्त्रका महान सेनानी, राजनीतिज्ञ, विद्वान, लेखक, कवि, समाजसुधारक आदि विशेषताले चिन्न सकिन्छ । सरल भाषामा लेखिएको यो लेख नेपाली पाठकको लागि प्रेरणादायी बनेको छ ।

## ५.६ प्रेम कैदीको जीवनी, व्यक्तित्व र कृतित्व बीचको अन्तरसम्बन्ध

प्रेम कैदीको जीवन विभिन्न सुख एवम् दुःखका अनुभूतिहरूसाग बितेको पाइन्छ । आफ्नो बाबाको निर्देशन तथा सिङ्गो परिवारको रेखदेखमा आफ्नो प्रारम्भिक जीवन गुजारेका कैदी सानै उमेरदेखि मेहनती तथा कर्तव्यनिष्ठ व्यक्ति थिए । आफ्नो आमाको भन्दा कान्छी आमाको माया धेरैपाएका कैदी आफू शाही परिवारमा जन्मे पनि सामान्य नागरिक सरह आफूलाई ठान्थे । पिताजीको प्रभावले कम्युनिष्ट पार्टीमा संलग्न भएका कैदीले स्कूले जीवनदेखि नै धनी र गरीब, शोषक र शोषितको बीचको अन्तरको बारेमा आवाज

उठाउथे । विशाल परिवारमा जन्मिएका कैदीले आफ्नै परिवार तथा समाजमा घटेका घटनालाई आफ्नो साहित्य लेखनको विषयवस्तु बनाएका छन् । साहित्यिक व्यक्तित्व तथा साहित्येत्तर व्यक्तित्व दुवै क्षेत्रमा निपूर्ण कैदीले आफ्नो जीवनमा भोगेका सङ्घर्षशील पक्षहरूलाई पनि आफ्ना कृतिहरूमा समावेश गरेका छन् ।

प्रेम कैदीका रचनामा जीवन भोगाइका कटु यथार्थ, विभिन्न अनुभवहरू, समाजमा विद्यमान शोषण, अन्याय, अत्याचार र त्यसको जरो वा कारणको खोजी अनि निराकरणका उपायहरूअभिव्यक्त भएको पाइन्छ । आफ्नै जीवनमा भएका घटना परिघटना, समाजले सहनु परेको अत्याचार, व्यभिचार, चाप, प्रतिचाप, घात, प्रतिघात तथा अन्तः बाह्य वातावरणबाट सिर्जित निकट अनुभवलाई सामान्यीकरण व्यापकीकरण गर्दै अघि बढ्दा नै उनको साहित्यिक, पत्रकार, राजनीतिक आदि व्यक्तित्वको निर्माण भएको पाइन्छ ।

यसरी कैदीको स्रष्टा व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये कविता, कथा, उपन्यास, लेख/समीक्षा नै प्रतिनिधि विधा देखिन्छन् । विशेषतः यिनैमा उनको लामो साधना र सफलता पाइन्छ । मौलिक सिर्जनाहरूमा सरल, सहज तथा सरस अभिव्यक्ति सुकोमल भाषाशैली, जीवन भोगाइका कटु अनुभवको स्वभाविक प्रस्तुति कैदीका निजात्मक विशेषताहरूहुन् । यसका साथै उनका रचनात्मक प्रवृत्तितर्फ कथामा आञ्चलिकता तथा सामाजिक यथार्थवादिता उपत्यासमा जासुसी प्रवृत्ति र कवितामा विद्रोहात्मक स्वर हुन् ।

## ५.७ निष्कर्ष

प्रेम कैदीका कृतित्वको अध्ययन गर्ने क्रममा तीन वटा प्रकशित पुस्तककार कृति वा उपनयासमा **षडायन्त्रको जालो** र **नारायणगढ हत्याकाण्डको** औपान्यासिक तत्वको आधारमा विश्लेषण गरिएको छ भने **यत्तिको आक्रमण** प्राप्त हुन नसकेकोले सूचिमा मात्र राखिएको छ । साहित्यका विभिन्न विधामा कलम चलाएका कैदीले आफ्ना जीवन भोगाइका क्रममा आएका विविध घटना तथा नेपाली समाजका तितो यर्थातलाई आफ्ना कृति तथा लेखहरुमा व्यक्त गरेका छन् ।

# परिच्छेद छ

# उपसंहार वा निष्कर्ष

प्रेम कैदीको जीवनी, व्यक्तित्व र कृक्तित्वको अध्ययन विषयक प्रस्तुत शोधपत्रलाई जम्मा छ परिच्छेदहरूमा विभाजन गरिएको छ । यी परिच्छेहरूको निष्कर्ष यहाा प्रस्तुत गरिएको छ ।

सं. २००८ मा बुबा कालीबहादुर शाही र आमा स्व. लालपूरा शाहीको कोखबाट जन्मिएका प्रेमबहादुर शाहीको तीन वटा भाइ र दुई जना बहिनी छन् । सानै उमेरदेखि दुःख, सुख दुवै कुरालाई आत्मसाथ गरेका कैदीले कक्षा १-७ सम्मको अध्ययन गाउामा नै पूरा गरेका थिए । त्यसपछिको अध्ययनका लागि काठमाडौा आएका कैदीले माध्यमिक तहको शिक्षा लैनचौर स्थित शान्ति विद्यागृहबाट र कुमार इन्जिनियरिङ्ग कलेज (पंजाब) बाट रेडियो इञ्जिनियरिङ्गमा सं. २०२८ मा स्नातक तह उत्तीर्ण गरे । यसरी अध्ययन गर्ने क्रममा नेपाली र पत्रकारिता विषयमा सं २०३० मा आइ.ए. प्राइभेट उत्तीर्ण गरी सं. २०३३ मा चित्रन्द्र क्याम्पसबाट स्नातक तहको अध्ययन पूरा गरेको पाइन्छ । यसरी त्रि.वि.बाट नेपाली विषयमा सं. २०३८ मा एम.ए. पास गरेका कैदीले प्राकृतिक चिकित्सामा पि.एच.डी गरेका छन् ।

विविध विषयको अध्ययन गरेका कैदी राजनीतिक- सामाजिक, साहित्यिक क्षेत्र तथा पत्रकारिता आदि थुप्रै गतिविधिहरूमा सक्रिय रहेका छन् । अन्य क्षेत्रभन्दा पत्रकारिता क्षेत्रलाई आफ्नो पेसा बनाएका कैदीको व्यक्तित्व शिक्षक, राजनीतिक नेता हुादै साहित्यका विविध विधा र फाटहरूमा फैलिएको पाइन्छ । विद्यार्थी जीवनदेखि नै मार्क्सवादी विचारधाराबाट प्रेरित कैदीले लेख, समीक्षा, टिप्पणी जस्ता विषयमा पनि कलम चलाएका छन् । **मालिका साप्ताहिक, युगधारा, अनुराग** आदि पत्रिकाको सम्पादन समेत गरेका कैदीले स्कूलले जीवनबाट नै साहित्ययात्रा सुरु गरेको पाइन्छ । रामायण, महाभारत, श्रीस्वस्थानी हुादै विस्तारै साहित्यको संसारमा प्रवेश गरेका कैदीले सं. २०२२ बाट आफ्नो साहित्ययात्रा सुरु गरेको पाइन्छ । प्रारम्भमा फिल्मी पटकथाहरूलेखेका कैदीले पछि त्यसको कुनै उपलब्धी नदेखेपछि उनी विस्तारै उपन्यास र कथालेखन तिर आकर्षित भए । यसरी नेपाली साहित्यको आख्यानविधामा आकर्षित भएका कैदीको व्यक्तित्व साहित्यिक र साहित्येत्तर गरी दुई भागमा विभाजित छ । उनको साहित्यिक व्यक्तित्वमा कवि, कथाकार, उपन्यासकार, लेखक, समालोचक व्यक्तित्व पर्दछ भने साहित्येत्तरतर्फ पत्रकार, राजनीतिक, शिक्षक भाषा संस्कृतिसेवी व्यक्तित्व, बहुभाषी व्यक्तित्व, सम्पादक व्यक्तित्व लिएर उनी चिनिएका छन् । सं. २०२२-२०२६ सम्म अथवा करिब ४ वर्षको लेखनअभ्यासपछि कथा प्रकाशित गरी साहित्यमा औपचारिक रूपले चिनिएका प्रेम कैदीको पहिलो प्रकाशित कथा सं. २०२६ मा प्रकाशित **मातृभूमि साप्ताहिकमा** प्रकाशित भएको **'नलेखिएको कथा'** हो । नेपाली साहित्यका क्षेत्रमा विशेषत ! आख्यानकारका रूपमा प्रशिद्धी कमाएका कैदीका अधिकांश कथाहरूआञ्चलिक प्रवृत्तिका छन् । खासगरी कर्णालीको जनजीवनलाई समेटिएर लेखिएका उनका कथाहरूआञ्चलिकताका साथसाथै सामाजिक यथार्थवादी, प्रगतिवादी, क्रान्तिकारी विचारधाराबाट प्रभावित छन् । सं. २०२६ बाट कथा प्रकाशित गरेका कैदीका **कुनिकी, गल्ली नं. ५, बाबाको सपना, खिर खाने विहान एक जोर जुत्ता** आदि जस्ता कथाहरूसबै फुटकर रूपमा प्रकाशित भएका छन् ।

**षडयन्त्रको जालो, नारायणगढ हत्याकाण्ड, यतिको आक्रमण** उपन्यास बाहेक सबै रचनाहरूफुटकर रहेका कैदीका १९ वटा कथा, ८ वटा कविता, २९ वटा विविध विषयका लेखहरूप्रकाशित भएका छन् ।

सं. २०२६ मा औपचारिक रूपमा **'नलेखिएको कथा'** शीर्षकको कथा प्रकाशित गरी लेखन आरम्भ गरेका कैदीको साहित्यिक यात्रालाई सं.- २०१८-२०२५ सम्म पहिलो चरण, सं. २०२६-२०४९ सम्म दोस्रो चरण र सं. २०५०- हालसम्म तेस्रो चरण गरी ३ चरणमा विभाजन गरिएको छ । उनको साहित्यिक यात्राको प्रथम चरण आभ्यासिक लेखन तथा रचनात्मक क्रियाकलाप धेरै भएको चरण हो भने द्वितीय चरणभन्दा तृतीय चरणमा अफ्र खारिएका कैदीको तृतीय चरण पुस्तकाकार कृति एवम् प्रशस्त फुटकर लेख- रचनाहरूको प्रकाशन गर्ने गुणात्मक एवम् परिमाणात्मक दुवै दृष्टिले उर्वर चरण हो ।

उपन्यासको विषयवस्तुलाई वर्णनात्मक ढाचामा प्रस्तुत गर्न विशेष रुचिशील देखिने कैदीका उपन्यासमा काल्पनिक पक्षको प्रवलता पाउन सकिन्छ । उनका उपन्यासले नेपाली उपन्यासको जासुसी प्रवृत्तिलाई भित्र्याएको पाइन्छ । उनका उपन्यासमा रोमान्चको पक्षलाई जोड दिएको हुन्छ । विशेषगरी नेपालको सीमाक्षेत्रमा हुने अपराधको घटनाहरूलाई विषयवस्तु बनाइएको उनका उपन्यासका पात्रहरूपनि प्रायः कामुक प्रवृत्तिका छन् ।

अधिकांश रैखिक ढाचामा र केही वृतकारीय ढाचामा वर्णनात्मक एवम् घटनाप्रधान नेपालको सुदूरपश्चिमको पहाडी गाउाका कार्यपीठिका रहेका उनका कथाहरूको दृष्टिविन्दु आन्तरिक रहेको छ । सरल, सुबोध भाषाशैलीमा प्रस्तुत कैदीका कथाहरूको प्रस्तुतिमा कलात्मक चमत्कार नदेखिए तापनि सामाजिक यथार्थवादी धाराभित्र अटाउने उनका कथाले समाज सुधारको पक्षलाई स्पष्टसाग अगाडि राखेका छन् । उनका कथाहरूमा समाजका समसामयिक पक्षलाई आत्मसाथ गरिएको हुन्छ । समाजमा विध्यमान अन्याय, अत्याचार, लिङ्गगत भेद, जातीय भिन्नता, धनि र गरीब बीचको अन्तरलाई उनका कथाहरूमा प्रस्तुत गरिएको छ । विशेषतः ग्रामीण परिवेशलाई आधार मानिएको उनका कथाका पात्रहरूक्रान्तिकारी रहेका छन् । कैदीका कथामा सामाजिक, राजनीतिक तथा आर्थिक पक्षको वर्णन गरिएको छ । गद्य ढाचामा रचित उनका कविताले एकातिर आशा, निराशा, प्रेम, दुःख आदिलाई विषय बनाएका छन् भने अर्कातिर व्यङ्ग्य, विद्रोह, असन्तुष्टि, क्रान्ति, प्रगतिवादी उन्मुख आदिका अभिव्यक्तिलाई मुखरित गरेका छन् । प्रगतिवादी एवम् क्रान्तिकारी काव्य चेतका कवि कैदीका कवितात्मक वैशिष्ट्य कलात्मक उत्कर्षमा भन्दा पनि विषयवस्तुको सरल, सुबोध प्रस्तुतिमा चाहि झल्कन्छ । सङ्घर्ष नै जीवन हो भन्ने कविका कविताहरूमा पनि सङ्घर्ष र शाहसको पक्षलाई जोड दिइएको हुन्छ । उनका सुरुका कविताहरूजीवन जगत्को भोगाइबाट आर्जित अनुभूतिमा भावनाका कोमल अभिव्यक्ति आशा, निराशा, प्रेम, दुःख आदि क्षणहरूबाट प्राप्त अनुभव अभिव्यक्तिद्वारा सिर्जित रचना देखिन्छन् । त्यसपछि विस्तारै उनका कविताहरूमा व्यङ्ग्य, विद्रोह र प्रगतिका अभिव्यक्तिहरूपनि थपिदै गएको पाइन्छ । उनका कवितामा देशप्रतिको माया, विश्वबन्धुत्व, राष्ट्रियता र मानवतावाद जस्ता साहित्यिक प्रवृत्ति देखिन्छन् । उनका कवितामा नेपाली भाषा/जाति, हिन्दूधर्मप्रतिको अगाध माया, आध्यात्मिक चेत पाइन्छ । यिनका साथै उनका कवितामा विद्रोह पाइन्छ । विद्रोह गर्नु नै उनको कविताको वैशिष्ट्य हो । उनले कविताका माध्यमद्वारा नेपालका स्वार्थी निरङ्कुश शासक तथा अधिकारी वर्गले दुःखी जनतामाथि चलाएको निरङ्कुश शासनको विरोध गरेका छन् । विशेषतः गरिबको सङ्घर्षशील जीवनको तथा कर्णालीका जीवनको स्मृति गर्दै प्रत्येक निरङ्कुश दमनसाग शक्तिशाली क्रान्ति जन्मिने कुरा उनका कवितामा पाइन्छ ।

निरङ्कुश शासन तथा सरकारी झुटा आश्वासनले सत्यकोख खोजी गर्ने र समताको चाहना गर्ने जनताको चैतन्य माथि दमन गर्न सक्तैन भन्ने कुरा उनका कवितामा पाइन्छ। तत्कालीन राजनैतिक वातावरणको झलक पनि उनका कवितामा पाइन्छ । अन्याय, अत्याचार, शोषणको विरोध उनका कविताहरूले सशक्त रूपमा गरेको देखिन्छ । सरल र सरस पदावलीको प्रयोग भएका उनका कविता सौन्दर्य पक्षमा कमजोर देखिन्छन् । यसरी उनका कविताहरूको अध्ययन गर्दा आधुनिक गद्य कविताका प्रवर्तक मानिने यथार्थवादी कवि गोपालप्रसाद रिमाल तथा भूपी शेरचनले छोडेर गएको कोमल र लालित्यमये गद्यकविता लेखनको साहित्यिक परम्पराका साथै प्रगतिवादी मान्यतालाई पनि कैदीले आफ्नो सिर्जना धर्मिता बनाएको पाइन्छ।

वर्तमान समयमा एउटा कुशल पत्रकारको रूपमा चिनिएका प्रेम कैदीले विभिन्न पत्रपत्रिकामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका लेखहरूप्रकाशित गरेका छन् । उनका लेखहरूखस साम्राज्य र खसजाति, सिन्धु सभ्यता तथा हिन्दू धर्मको बारेमा लेखिएका छन् । उनका लेखहरूले कर्णाली सभ्यता नै संसारको सबैभन्दा जेठो सभ्यता हो । यही सभ्यताबाट नै अहिले जति पनि धर्म तथा परम्परा छन् । तिनीहरूको उत्पत्ति भएको हो भन्ने सार प्रस्तुत गर्छन् ।

समग्रमा भन्नुपर्दा प्रेम कैदी आञ्चालिकताका साथै सामाजिक यथार्थवादका पक्षपोषक साहित्यकार हुन् । उनले उपन्यासतर्फ जासुसी प्रवृत्ति भित्र्याएका छन् । त्यस्तै कथामा आञ्चालिकता, सामाजिक यथार्थवादिता तथा प्रगतिवादी उन्मुख प्रवत्तिलाई आत्मासाथ गरेका छन् भने कवितामा उनी कान्तिकारी भएर देखापरेका छन् । त्यस्तै उनका लेखहरूऐतिहासिक तथा धार्मिक विषयवस्तुलाई आधार मानिएर लेखिएका छन् ।

साहित्यकार व्यक्तित्वका साथसाथै एउटा कुशल पत्रकार, राजनीतिक नेता, शिक्षक, तथा बहुआयमिक व्यक्तित्वका धनी प्रेम कैदी नेपाली साहियका एक हस्ती हुन् ।

# सन्दर्भ सूची


कैदी, प्रेम, **षडयन्त्रको जालो**, काठमाडौँ: चन्द्र प्याकेज, २०२७ ।

))))), **नारायणगढ हत्याकाण्ड**, काठमाडौँ: यति जेबी पुस्तक भण्डार, २०३० ।

))))), **कर्णालीमा स्वायत्तशासन**, कर्णाली मुक्ति मोर्चा, २०४९ ।

))))), **योगी नरहरीनाथ: जीवन एवम् कर्म**, झापा: गोविन्द काफ्ले , २०५२ ।

))))), **राष्ट्रका गौरव नेपालका प्रथम पत्रकार रघुनाथ प्रसाद रौनियार स्मृतिग्रन्थ,** काठमाडौँ: रघुनाथ प्रसाद रौनियार अध्ययन प्रतिष्ठान, २०५८ ।

गौतम, देवी र अन्य (सम्पा.), **नेपाली कथा भाग १,** ललितपुर: साझा प्रकाशन, २०४६ ।

त्रिपाठी, बासुदेव र अन्य (सम्पा.), **नेपाली कविता भाग ४,** (दोस्रो संस्करणं), ललितपुर: साझा प्रकाशन, २०५३ ।

देवकोटा, रत्नाकर, **बृहत जुम्ला राज्यको ऐतिहासिक विवेचना,** ललितपुर: साझा प्रकाशन, २०६० ।

पाण्डे गोविन्द प्रसाद, **देउडा विगतदेखि वर्तमानसम्म**, जिल्ला विकास समिति जुम्ला, २०६०

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.), **बृहत नेपाली शब्दकोष**, काठमाडौँ: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५८ ।

बराल, ऋषिराज, **उपन्यासको सौन्दर्यशास्त्र**, ललितपुर: साझा प्रकाशन, २०५६ ।

बराल, कृष्णहरी र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, (पहिलो संस्करण), ललितपुर: साझा प्रकाशन, २०५६ ।

श्रेष्ठ, दयाराम (सम्पा.), **नेपाली कथा भाग ४,** ललितपुर: साझा प्रकाशन, २०५४ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, वाराणसी: भूमिका प्रकाशन, २०५६ ।


**पत्रपत्रिका सूची**


कैदी, प्रेम,"कालादह", **सिर्जना त्रैमासिक**, अङ्क ८, (२०३३, पौष), पृ ६९-७६ ।

))))), "हाडखोर", **अनुराग साहित्यिक त्रैमासिक**, पुर्णाङ्क ५, (२०४९, पौष), पृ ४९-५१ ।

)))))"सहर", **अनुराग साहित्यिक त्रैमासिक**, पुर्णाङ्क ६, (२०५०, पौष-फागुन), पृ ३-८ ।

)))))"मन्नु तिमी अवश्य चढ्नु काञ्जिरोवा", **गरिमा**, वर्ष १० अङ्क १, (२०४८, पौष), पृ ३३-३४ ।

)))))"त्रास", **गरिमा**, वर्ष ११ अङ्क ४, (२०३५, मंसिर-पौष), पृ ३२ ।

)))))"खिर खाने बिहान", **बेन्नु आठौं टुसा**, (२०२६), पृ ५६-६६ ।

)))))"मेकी बजैको सेतो छयाङ", **तन्नेरी द्वैमासिक**, वर्ष १९ अङ्क १, (२०५४, बैशाख-जेष्ठ-असार), पृ ३ ।

)))))"कुनिकी", **समकालीन साहित्य**, वर्ष ४ अङ्क ४, (२०५१, कात्तिक-मङ्सिर-पुष)स पृ १२४-१२९ ।

)))))"मसानघाटमा रुमलिएको जिन्दगी", **विश्वदिप साहित्यिक मासिक**, वर्ष ४ अङ्क १२, (२०३९), पृ १७ ।

)))))“थप्पड” **दायित्व साहितियक मासिक**, वर्ष ११ अङ्क २९, (२०५४, असोज), पृ २७-२८ ।

)))))“कुर्कुच्चाको घाउ” **पर्म द्वैमासिक**, वर्ष ९ अङ्क १, (२०४४, असार-असोज), पृ १-३ ।

)))))“व्यापार” **महेन्द्र सौरभ**, वर्ष १ अङ्क १, (२०३७, पौष), पृ ४७-५० ।

)))))“पानी” **गरिमा**, वर्ष ५ अङ्क ७, (२०४४, असर), पृ १९-२१ ।

)))))“सियोधागो” **मदानी द्वमासिक**, वर्ष १ अङ्क ३, (२०३६, मंसिर), पृ २१-२५ ।

)))))“खोचरको इष्ट” **खसानी**, वर्ष १ अङ्क १, (२०५६, असोज), पृ ११-१५ ।

)))))“बाबाको सपना” **समकालीन साहित्य**, वर्ष ८ अङ्क २, (२०५५), पृ ९८-१०२ ।

)))))“देशभक्तिपूर्ण चेतनालाइ जगाउन सफल कवि हरिसिंह थापा” **मधुरस, नेपाली साहित्य विकास परिषद, यू.के.**, (२००६), पृ ६९ ।

)))))“जगत जेष्ठ” **सिन्धु सभ्यता, त्यसको विश्वव्यापी विस्तार र सिन्धु धर्मसाग त्यसको सम्बन्ध**, **लालिगुारास साहियित्यक पत्रिका** नेपाली साहित्यक विकास परिषद, यू.के. वर्ष ९ अङ्क ४, (२०६१), पृ ३६-४३ ।

)))))“खस साम्राज्य र खस जाति” **नेवाः अर्धवार्षिक**, (२०६५), पृ १७-२१ ।

)))))“नेपालका श्रमजीवि पत्रकार र उनीहरुको अधिकारको प्रश्न” **युगसम्बाद साप्ताहिक**, वर्ष ४ अङ्क १८, (२०४८, मंसिर), पृ ४ ।

घिमिरे, सोमनाथ, “सार्कस्तरीय श्रमजीवि पत्रकारहरुको कोलम्बो सम्मेलन” **युगसम्बाद साप्ताहिक**, वर्ष ७ अङ्क २२, (२०५०, मंसिर), पृ ८ ।

लुइटेल, खगेन्द्र प्रसाद, “नेपाली गद्य कवितामा भाषिक लयबिधान” **प्रज्ञा**, वर्ष २२ अङ्क ७८, (२०५०), पृ १३४-१३७ ।

सापकोटा, सुमन, “कर्णालीको राजकुमारको समाजचारले प्रधानमन्त्रीले राजिनामा दिए” **भावी नेपाल साप्ताहिक**, वर्ष ३ अङ्क ५, (२०६५ पौष), पृ ५-७ ।

**अप्रकाशित शोध सामग्री**

सुवेदी, अशोक, “लोकेन्द्र शाहको जीवनी व्यक्तिव र कृतित्व”, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, २०६१ ।

पाण्डे, सीता, "तुलसीप्रसाद भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्व", अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, २०६२ ।